
H१२६

महाकाली सन्धि र राष्ट्रियहितको सवाल



केशवलाल श्रेष्ठ



महाकाली सन्धि र राष्ट्रियहितको सवाल

लेखक:

केशवलाल श्रेष्ठ

केन्द्रीय सदस्य, नेकपा (एमाले)

देशभक्त तथा राष्ट्रवादी
नेपाली जनतामा
समर्पित

प्रकाशकको भनाई

नेपाल-भारतबीच भएको महाकाली सन्धिको बारेमा यतिखेर सिंगो नेपाल नै सोंचमा डुबेको छ। विगतमा भारतसँग भएका सम्झौताहरुबाट तर्सिएका नेपाली जनताले फेरि पनि भारतले नेपाललाई फसायो भनेर डराइरहेका छन् । संसदको संयुक्त अधिवेशनबाट दुई तिहाई बहुमतद्वारा सन्धि पास भइसकेपछि पनि छाएको अन्यौल यथावत छ । यस्तो परिवेशमा महाकाली सन्धि सम्बन्धी भ्रम र त्यसको वास्तविकता के हो भन्ने सन्दर्भमा क. केशवलाल श्रेष्ठले "महाकाली सन्धि र राष्ट्रिय हितको सवाल" नामक पुस्तकको रचना गरेर मलाई प्रकाशन गर्ने सु-अवसर दिनु भएकोमा ज्यादै गौरवान्वित छु। यस पुस्तकले महाकाली सन्धिबारे राष्ट्रमा छाएको अन्यौलको स्थितिमा केही हदसम्म सहयोग गर्नेछ भन्ने मैले आशा लिएकी छु । यस पुस्तक प्रकाशन गर्न विशेष सहयोग गर्नुहुने लक्ष्मणबाबु श्रेष्ठ र अन्य सहयोगी मित्रहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

सुमित्रा श्रेष्ठ

आफ्नो भनाई

"महाकाली सन्धि"को विषयमा पार्टीको केन्द्रीय कमिटीमा वहस-छलफल चल्न थालेपछि उक्त सन्धिको विषयमा दुईवटा दृष्टिकोण देखापऱ्यो । एउटा पक्ष, सन्धिलाई जस्ताको तस्तै अनुमोदन नगर्ने र अर्को पक्ष, सन्धिलाई अनुमोदन गर्ने । यसरी विभाजित भएका दुई भिन्न मत र दृष्टिकोणका पक्षहरु आ-आफ्नो मतमा आधारित भएर वहसमा उत्रिए । यसै शीलशीलामा पार्टीभित्रको विवाद एकपछि अर्को गर्दै सार्वजनिक हुन थाल्यो । त्यस्तो स्थितिमा नेपाल-भारत बीच विगतमा गरिएका सन्धिहरुको अध्ययन, भारतेली शासकवर्गले नेपाल राष्ट्र र नेपाली जनतालाई गरेको व्यवहार तथा दृष्टिकोण र "महाकाली सन्धि"मा अघि सारिएका प्रावधानहरुको आधारमा मैले पनि आफ्नो कलम चलाउनुपर्ने र आफ्नो विचार सार्वजनिक गराउनुपर्ने आवश्यकता महसुस गरेर पत्र-पत्रिका मार्फत लेखहरु प्रकाशित गर्ने काम भयो। पार्टी कमरेडहरु र पार्टी वाहिरका विद्वान मित्रहरुले "महाकाली सन्धि"का सम्बन्धमा चलेको विवाद र देखा परेका भ्रम र अस्पष्टताहरुलाई दुर गर्नका लागि तथ्यगत ढंगले सन्धिका प्रावधानहरुमा रहेको वास्तविकता सार्वजनिक गर्नको लागि एउटा पुस्तिका लेख्न प्रेरित गर्नुभयो ।

"महाकाली सन्धि" संसदबाट अनुमोदन भैसकेको छ। र, यसवारे वहस विवाद अझ जारी छ। कोही सो सन्धिलाई आजसम्म भएका सन्धिहरुमध्ये सवैभन्दा प्रगतिशील सन्धि हो, अव नेपालमा जलस्रोतको विकास हुने भयो, सिंगो मुलुक झिलिमिली हुने भयो र वार्षिक १ खरव २० अरव मुलुकको आयस्रोत वढ्ने भयो भन्ने ढगले आफ्ना प्रतिक्रिया व्यक्त गरिरहेका छन्, मानौं उक्त सन्धिमा कुनै त्रुटी नै छैन भए पनि मामुली हो, र, त्यो पनि सच्चिने छ। अर्को पक्षले यो सन्धि विगतमा जसरी नेपाल ठगिएको थियो त्यसरी नै ठगिएको छ र जसरी विगतमा नेपालका शासकवर्गले आफ्नो शासन टिकाउन राष्ट्रिय स्वार्थलाई समर्पण गरेर असमान तथा अपमानजनक सन्धि गरे त्यसरी नै फेरि एकपटक नेपालका शासकहरुले राष्ट्रिय स्वार्थलाई समर्पण गर्ने काम गरेको छ भन्ने प्रतिक्रिया व्यक्त गरिरहेका छन्। कोही यस सन्धिमा कुनै त्रुटी नै देख्दैनन् जति हेऱ्यो त्यति राम्रो, जति हेऱ्यो त्यति फाइदाजनक छ भन्दैछन् । कोही सन्धिको अनुमोदनले मुलुक ठगिएको छ, सन्धि असमान छ र राष्ट्रिय हित विपरित छ भन्दैछन् । वास्तविकता के हो ? उक्त प्रश्न र जिज्ञासाको वारेमा तथ्यगत ढंगले बुझ्न मद्दत गर्नेछ भन्ने अपेक्षाका साथ यो पुस्तक- "महाकाली सन्धि र राष्ट्रिय हितको सवाल" प्रकाशित भएको छ। पाठकर्गले पुस्तक अध्ययन गरेपछि आफ्नो प्रतिक्रिया दिएर सहयोग गर्नु हुनेछ भन्ने आशा लिएको छु ।

पत्र-पत्रिका मार्फत सार्वजनिक भैसकेका र हुन बाँकी रहेका लेखहरुलाई व्यवस्थित श्रृंखलामा राखेर पुस्तक तयार गर्ने काममा प्रेरणा दिनुहुने श्रद्धेय कमरेड वामदेव गौतम, कमरेड त्रिलोचन ढकाल, कमरेड किरण गुरुङ्ग र यस सवाललाई व्यवस्थित गर्न आवश्यक तथ्यांक उपलब्ध गराई सहयोग गर्नुहुने कमरेड ऋषिराज लुम्साली, इन्जिनियर बलराम प्रधान र ज्योति वानियालाई हार्दिक कृतज्ञताका साथ धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै यो पुस्तक प्रकाशित गर्न दिनरात मेहनत गरेर कम्प्युटर चेक गर्ने र प्रुफ हेर्ने काममा सहयोग गर्नुहुने कमरेड गोपीकृष्ण काफ्ले, कम्प्युटर गर्ने काठमाडौं कम्प्युटरका कुमार खड्का, शिव थापा र यादव देवकोटा, कास्टप सर्भिसका बद्रीनाथ लम्साल, पुस्तक छाप्न मद्दत गर्ने भेराइटी प्रिन्टर्सका भावा राजभण्डारी, कभर डिजाइन गर्ने काममा सहयोग गर्ने आइडियल डिजाइनर्सका सुन्दर श्रेष्ठलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । यसका साथै यो पुस्तक प्रकाशन गर्न आवश्यक सहयोग र प्रेरणा दिने गगन प्रधान र देवीजंग गुरुङ्गलाई समेत धन्यवाद नदिइरहन सक्दिन ।

अन्तमा सम्पूर्ण पाठकवर्गमा २०५३ सालको विजया दशमी तथा दीपावलीको सुखद उपलक्ष्यमा सु-स्वास्थ्य, प्रगति एवं सम्वृद्धिको हार्दिक मंगलमय शुभ-कामना !

केशवलाल श्रेष्ठ
२०५३/६/१५

अहिलेको परिस्थिति र रचनाको सान्दर्भिकता बारे दुई शब्द

श्री ५ को सरकार र भारत सरकारका बीच गत साल माघमा सम्पन्न महाकाली नदीको एकिकृत विकास सम्बन्धी सन्धि अप्रत्याशित रुपमा संसद्को दुबै सदनको संयुक्त बैठकद्वारा यही अशोज ४ गते राती दुई तिहाइ भन्दा बढी मत पाएर पारित भयो। यो घटना नेपालको संसद् र नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासमा अभूतपूर्व र ऐतिहासिक महत्व राख्ने बनेको छ। महाकाली सन्धि संसद्बाट पारित गराउन साँचो हातमा लिएर बसेको हाम्रो पार्टी नेकपा (एमाले)को कारण सन्धि पारित भएको हो भन्ने कुरामा दुईमत छैन।

नेकपा (एमाले) केन्द्रीय कमिटीको २९ औं बैठकको २९ भदौको निर्णयद्वारा समितिमा लैजान सरकार तयार नभए सन्धिका विपक्षमा मत खसाल्ने निस्कर्षलाई अशोज ४ गते फेरि बैठक बसी विना उचित कारण उल्टाउने काम गर्नाले सन्धिमा रहेका त्रुटी र कमजोरी सुधार गर्ने लिखित प्रतिबद्धता बिना अनुमोदन गर्न नहुने केन्द्रीय कमिटीको २८ औं बैठकको सर्वसम्मत निर्णयलाई मखौल उडाउने काम भयो। जसले गर्दा पार्टीको नेतृत्वदेखि तल्लो तहसम्म चाहे भन्दा फरक परिणामले मर्माहत र घायल बनाउने काम गऱ्यो। कोशी गण्डकी जस्ता सन्धिमा हेपिएको र ठगिएको नेपाल नेकपा (एमाले) जस्तो स्थापित देशभक्त पार्टीको एउटा निर्णयका कारणले फेरि एक पटक महाकालीमा पुगेर ठगियो र हेपियो भन्ने कुरा सर्वत्र चर्चाको विषय बन्यो।

महाकाली सन्धिले नेपाल र भारतकाबीच सीमा बनेर बगेको महाकाली नदीको पानीमा नेपालको हकको हिसाबले १प्रतिशत पनि कायम गर्न सकेन। यसरी त्यहाँ बग्ने पानीको अधिकार गुमाएर सम्पन्न भएको महाकाली सन्धिले नेपाल राष्ट्र र नेपाली जनताको सन्तान दर सन्तानको मुटुको घाउ बनेर चस्किरहने पिडादायी रोग बनाएको छ। यो सन्धि असमान छ, नेपालको राष्ट्रियहितलाई यसले प्रर्याप्त संरक्षण गर्न सकेको छैन र प्राकृतिक श्रोतको बाडफाँट गर्ने मामलामा ठूलो छिमेकी राष्ट्रबाट फेरि एक पटक उत्पीडनमा परेको छ। सत्य सत्यनै भए पनि नेकपा (एमाले)को केन्द्रीय कमिटीको बहुमतले त्यसलाई असत्य भनेको हुनाले त्यो असत्य नै हो भन्ने भ्रम अहिले फैलाइदै छ। यसबाट तात्कालिक रुपमा कार्यकर्ता र सिंगो पार्टी पंक्तिमा महाकाली सन्धि साँच्चै नै राष्ट्रिय हितमा छ कि भन्ने भ्रम र अन्यौल सिर्जना गरेको छ। अझ त्यसमा पनि प्रतिष्ठाका निम्ति भए पनि यो सन्धिलाई नेकपा (एमाले)का सबै सदस्यहरुले समान,

प्रगतिशील, सुन्दर र नेपाल तथा भारतकाबीचमा आजसम्म भएका सन्धिहरूमध्ये सबभन्दा असल भन्नु पर्ने स्थितिको पनि सिर्जना गर्ने कोशिस गरिएको छ ।

महाकाली सन्धि नेकपा (एमाले)को आन्तरिक मामलामात्र होइन, यो सबै देशभक्त नेपालीहरूको चासोको विषय हो । यो नेपाल राष्ट्रको सार्वभौमिक हकसित सम्बन्धित सवाल पनि हो । यसबारे विचार गर्ने र आफ्नो राय व्यक्त गर्ने स्वतन्त्र अधिकार प्रत्येक नेपालीलाई छ र नेकपा (एमाले)का प्रत्येक सदस्यलाई पनि छ । तर अहिले महाकाली सन्धिको विरोध गर्नु भनेको नेकपा (एमाले) को विरोध गर्नु हो भन्ने ढंगले संचार माध्यमबाट व्यापक प्रचार प्रसार गरिराखिएको छ । यसलाई अनुशासनको सवाल बनाएर डण्डा चलाउँदै समर्थन बटुल्ने कोशिस पनि भइरहेको छ । लेनिनवादी संगठनात्मक सिद्धान्तको हवाला दिएर थर्कमान गराउने, लेनिन र माओका नामबाट पनि धम्काउने र हप्काउने अभियान पनि चलाइ राखिएको छ । अहिले पार्टी भित्र सिद्धान्त र व्यवहार का चटके कुरा गर्ने केहि कमरेडहरू तत्कालिन सोभियत रुस र जर्मनीका बीच ब्रेस्तमा भएको सन्धिको हवाला दिदै कम्युनिष्ट पार्टीले महाकाली सन्धि त के भारत सित यो भन्दा पनि अझ निकृष्ट अझ असमान र अझ ठगिएको सन्धि भए पनि समथर्न गर्ने पर्दथ्यो भन्ने कथित प्रगतिशिल, राष्ट्रवादको नाममा मनोवैज्ञानिक आधार तयार गर्ने काम गर्नु भएको छ । सन् १९१८ मार्च ३ मा सोभियत रुस र जर्मनीका बीच ब्रेस्तमा भएको सन्धि असमान, अपमान र अन्यायपूर्ण तथा घृणित पनि थियो । त्यति हुँदा हुँदै पनि सोभियत रुसले त्यो सन्धि गर्नै पर्दथ्यो, गरेर अत्यन्त सही किसिमले जनता र राष्ट्रको मागलाई पूरा गर्ने काम पनि भएको थियो । तर त्यसको तुलना नेपालको महाकाली सन्धिसित हुनै सक्दैन । त्यसबेला भर्खरै मुक्त भएको सेभियत रुस माथि चारैतिरबाट ९ वटा साम्राज्यवादी मुलुकहरूले सशस्त्र आक्रमण गरी राखेका थिए । मुलुक भित्र प्रतिक्रान्तिका शक्तिले संगठित रूपमा सशस्त्र विद्रोह संचालन गरिरहेका थिए । भित्र र बाहिरबाट साम्राज्यवादीहरूले गरेको आक्रमणले गर्दा नव जात सोभियत रुसको जीवन र मरणको सवाल त्यसबेला उत्पन्न भएको थियो । त्यस कारण जर्मनीसित सोभियत रुसले आफ्नो भूभाग छोडेर अत्यन्त अपमान जनक सन्धिमा हस्ताक्षेर गरेको थियो । साच्चिकै सोभियत रुसले त्यसबेला आफ्नोावाल्टिक क्षेत्रलाई जर्मनीका हातमा दिएर भए पनि श्रमिक वर्गको पहिलो राज्य र भूमिलाई जोगाउने ऐतिहासिक काम गरेको उदाहरण हो यो । दोस्रो विश्व युद्धमा नाजी र फाँसिष्टहरूलाई पराजित गरेपछि सोभियत संघले आफ्नो त्यसबेला गुमेको संपूर्ण भूभागलाई स्टालिनको नेतृत्वमा फर्काउने काम पनि गर्‍यो ।

ब्रेस्तको सन्धि र महाकाली सन्धिकाबीच तुलना किन हुन सक्दैन भने ब्रेस्तको सन्धि जीवन मरणसित सम्बन्धित थियो, नवजात सोभियत रुस अत्यन्त कमजोर भएको अवस्थाको थियो, साम्राज्यवादीहरुले ठाडै सशस्त्र हस्तक्षेप गरिरहेको परिस्थितिको थियो, र प्रतिक्रान्तिकारी विद्रोह उठिरहेको अवस्थाको थियो । तर असमान र राष्ट्रियहित विपरित महाकाली सन्धि ठीक उल्टो अवस्थामा भयो- नेपालमा अहिले कुनै विद्रोह थिएन, वरु राष्ट्रिय एकताको भावनाले जनतां एककृित भइरहेको अवस्था थियो । भारतले टनकपुरमा गरेको वल मिच्याईले गर्दा अन्तर्राष्ट्रमा पनि वदनाम भइरहेको अवस्था थियो । भारतमा कुनै शक्तिशाली आक्रमणकारी गुट सत्ताशीन भइरहेको पनि अवस्था थिएन । र, नेपाल माथि आक्रमण पनि गरेको थिएन । महाकाली सन्धि नेपालको जीवन मरणको पनि सवाल वनेर खडा भएको थिएन । वरु अहिले नेपालले केही समय पर्खेर मात्रै बसको भए बार्गेनिङ पावर वढ्ने थियो र धेरै उपलव्धी सहित सन्धि गरिने थियो । यस्तो यथार्थ कुरालाई वंग्याएर नेपाललाई कंगाल र भारतलाई मालामाल गराउने जस्तो सन्धिलाई उचित छ भन्दै ब्रेस्तको उदाहरण किन वारवार दिइराखिएको छ ? गम्भिर ता साथ विचार गर्नु जरुरी छ । अहिले बुद्धि पुऱ्याएको मात्र भए दोस्रो विश्वयुद्ध पछि ब्रेस्तमा गुमाएको भूमि फिर्ता लिए जस्तै हामीले पहिले गुमाएका हक भारतसित फिर्ता लिने अवस्था सृजना हुने थियो । मजदूर वर्ग संबृद्ध राष्ट्रवादको पक्षमा छ भन्दै गलत किसिमले "ब्रेस्त"को उदाहरण प्रस्तुत गरेर नेपाल राष्ट्रको हित विपरित भएपनि सर्वहारा अन्तर्राष्ट्रवादको पालना गर्न खोजेको त होइन ? कतै यो फेरि पनि बाँकी नदीमा आफ्नो राष्ट्रको हित छोडेर स्वप्निल रित्तो हात सम्वृद्ध राष्ट्रवाद ल्याउने कसरत त होइन ?

सन्धिको कागजलाई अनुमोदन गर्दाको मसी सुक्न नपाउँदै सन्धिका पक्षधर नेताहरू अहिले पंचेश्वर नआउन पनि सक्छ भन्ने आशंका व्यक्त गर्न थाल्नु भएको छ । कसैले पंचेश्वर नआए पनि पूर्णागिरीमा रूपालघाट त आउँछ, त्यो पनि नआए विदेशी लगानी वढ्ने विश्वसनीयता बढेको छ भन्ने गैर जिम्मेवार कुरा उठाउन पनि थाल्नु भएको छ । तर जुन गल्ती हाम्रो पार्टीवाट भएको छ, जुन कारणले भएको छ ती सवैको जवाफ दिन इतिहासका कठघरामा उभिएरजवाफ दिंदा गैर जिम्मेवारीको व्यवहारले काम चल्ने छैन ।

असमान र हाम्रो हितमा नहुँदा नहुँदै पनि महाकाली सन्धि अनुमोदन गराउन पार्टीभित्र जुन अस्वस्थ तौर तरिका अपनाइयो यसले गर्दा हामीभित्र जुन जटिल स्थिति उत्पन्न भएको छ त्यसवाट हामीले लामो समयसम्म खप्की खाइरहने छौं । तर अहिले हामी हिम्मतका साथ गलत विचारका विरुद्ध जुध्ने आँट गरेनौं भने अरु वढी नोक्सानी व्यहोर्नु

पर्नेछ । त्यसकारण वर्तमान समयमा पार्टीभित्र विद्यमान गलत प्रवृत्तिहरुलाई परास्त गर्न नितान्त जरुरी भएको छ । त्यसको निम्ति सिंगो पार्टी पंक्ति र आम जनसमुदायलाई वास्तविकताको बोध गराउन तथ्यगत अध्ययन र विश्लेषण एवं पार्टी निर्णय प्रक्रियामा रहेका त्रुटीहरुबारे यथार्थ जानकारी गराउन आवश्यक भएको छ यस्तो बेला क. केशवलालले चलाएको कलमबाट प्रतिपादित यो रचना अत्यन्त उपयोगी हुनेछ भन्ने मैले ठानेको छु। पार्टीको मान्यता र आदर्शलाई कमजोर बनाएर इज्जत प्रतिष्ठाका निम्ति अनुमोदित महाकाली सन्धिका भ्रम र वास्तविकतालाई प्रष्ट पार्न यो रचना मद्दतगार हुनेछ भन्ने मेरो विश्वास छ। साथै यो रचनामा ल्याइएका तथ्य तथ्यांक श्रोत अनुसार सही नै होलान् भन्ने मैले ठानेको छु। कमरेड केशवलाल श्रेष्ठले जुन हिम्मतका साथ पुस्तिका तयार गर्नु भएको छ त्यसको लागि वहाँ विशेष धन्यवादको पात्र हुनुहुन्छ । यही मौका छोपेर म विद्वान बुद्धिजीवीहरूसित जनतालाई महाकाली सन्धिका बारेमा यथार्थ जानकारी गराउन दृढता पूर्वक कलम चलाइ दिनुहुन अनुरोध पनि गर्दछु ।

१४/६/०५३

(वामदेव गौतम)

प्रस्तावना

सन् १९९६, फरवरी १२ मा नेपाल-भारत दुई मुलुक बीच दुई देशका प्रधानमन्त्री स्तरमा सम्पन्न भएको "शारदा बाँध, टनकपुर बाँध तथा पंचेश्वर परियोजना समेत महाकाली नदीको एकिकृत विकास सम्बन्धी सन्धि" ४ असोज, ०५३ मा वसेको संसद्को संयुक्त बैठकद्वारा अनुमोदन भएको छ। "महाकाली सन्धि" को सम्बन्धमा सन्धि अनुमोदन पूर्व चलेको बहस अध्यावधी जारी छ। तर बहसको कोण भने वदलिएको छ। सन्धि अनुमोदन पूर्व चलेको बहस सन्धि अनुमोदन गर्न हुन्छ या हुन्न भन्ने विषयमा केन्द्रीत थियो भने सन्धि अनुमोदन पश्चात् चलेको बहस सन्धि अनुमोदन गरेर ठीक गरियो कि गरिएन भन्ने विषयमा केन्द्रीत भएको छ।

यसरी "महाकाली सन्धि"को बारेमा पक्ष र विपक्षमा विभिन्न ढंगले प्रतिकृया व्यक्त भइरहेको सन्दर्भमा यथार्थ बोध गराउनको लागि मैले पनि आफ्नो कलम चलाउनु पर्ने आवश्यकता महसुस गरें। यस वीच "महाकाली सन्धि"को बारेमा उठेका विभिन्न सवालहरूको विषयमा आधा दर्जन भन्दा वढी लेखहरू विभिन्न पत्र-पत्रिकामा प्रकासित भए। विभिन्न साथीहरूले ती लेखहरूको बारेमा विभिन्न प्रतिक्रियाहरू व्यक्त गर्दै "महाकाली सन्धि"को बारेमा यथार्थ जानकारीको लागि एउटा किताब नै तयार पार्ने सुझाव दिन थाल्नु भयो। साथीहरूबाट प्राप्त सुझावलाई ग्रहण गर्दै राष्ट्रिय स्वार्थसँग सरोकार राख्ने विषय "महाकाली सन्धि"को सन्दर्भमा उठेका विभिन्न सवालहरूको बारेमा तथ्यपरक ढंगले प्रस्तुत गर्ने प्रयत्न गर्दै यो किताव "महाकाली सन्धि र राष्ट्रियहितको सवाल" प्रस्तुत गर्न पाउँदा ज्यादै गौरवान्वित छु। मलाई लाग्छ यस किताबले "महाकाली सन्धि"को सोंच कसरी आयो, किन आयो, कस्तो परिवेशमा सन्धि भयो, सन्धिका प्रावधानहरूमा के के छन्, महाकाली सन्धिको विरोध किन र के को आधारमा भइरहेको छ आदि सवालमा बुझ्नको लागि मद्दत गर्नेछ। यसको साथै के यो सन्धिबाट नेपाल कसरी ठगिएको छ, यो सन्धि कसरी असमान छ र सन्धिवाट मुलुकको सार्वभौमिकता तथा राष्ट्रियता माथि चोट पुऱ्याउने काम कसरी भएको छ भन्ने वारेमा बुझ्न यो पुस्तकवाट मद्दत पुग्नेछ भन्ने अपेक्षा राखेकोछु।

विषय - सूची

क्र.सं.	विवरण	पृष्ठ
१.	महाकाली सन्धिको पृष्ठभूमि	१
२.	महाकाली सन्धि के हो ?	३
३.	महाकाली सन्धिबाट कस्ले के पाउने ?	८
४.	सन्धिका प्रावधानमा उठेका मुख्य विवादहरू	१०
५.	महाकाली सन्धिको विरोध किन ?	२१
६.	महाकाली सन्धि र दृष्टिकोणको सवाल	२५
७.	नेपाल-भारतबीचको सम्बन्ध र महाकाली सन्धि	३०
८.	महाकाली सन्धि र जलस्रोत विकासको सम्बन्ध	३२
९.	महाकाली सन्धि र नेकपा (एमाले)	३६
	क. पोको समाधानको अवधारणा	
	ख. माघ १२ को सर्वदलीय हस्ताक्षर	
	ग. परराष्ट्रमन्त्रीस्तरीय सन्धि र २५ औं वैठकको निर्णय	
	घ. प्रधानमन्त्रीस्तरीय सन्धि र २६ औं वैठकको निर्णय	
	ङ. कार्यदलको प्रतिवेदन र २८ औं वैठकको निर्णय	
	च. २९ औं वैठकको निर्णय	
	छ. सन्धि अनुमोदन गर्ने निर्णय	
१०.	महाकाली सन्धि अनुमोदन र निर्णय प्रक्रियामा रहेका त्रुटीहरु	४४
११.	निष्कर्ष	४७
१२.	महाकाली सन्धिकावारेमा विभिन्न वामपन्थी पार्टीहरुको प्रतिक्रिया	४९
१३.	महाकाली सन्धिकावारेमा पार्टी नेता तथा प्रवुद्धहरुको भनाई	५२
१४.	परिशिष्ट	६५

परिशिष्टभित्र के के कहाँ छ ?

क्र.सं.	विवरण	पृष्ठ
१.	श्री ५ को सरकार, विद्युत विकास केन्द्रको तथ्यांक	
	परिशिष्ट १ (क)	६७
	„ १ (ख)	६८
	„ १ (ग)	६९
२.	राष्ट्रिय सहमतिका बुँदाहरू परिशिष्ट - २	७०
३.	कार्यदलको पत्राचार परिशिष्ट - ३	७२
	परिशिष्ट ३ (क)	७३
	„ ३ (ख)	७९
	„ ३ (ग)	८०
	„ ३ (घ)	८२
	„ ३ (ङ)	९०
	„ ३ (च)	९२
४.	कार्यदलको १६।५।०५३ को निर्णय परिशिष्ट - ४	९३
५.	कार्यदलको प्रतिवेदन परिशिष्ट - ५	९४
६.	केन्द्रीय कमिटीको २८ औं बैठकको निर्णय परिशिष्ट - ६	१२५
७.	प्र.म. संग भएको पत्राचार परिशिष्ट ६ (क)	१२६
	परिशिष्ट ६ (ख)	१२८
	„ ६ (ग)	१३०
८.	भारतीय राजदूतको पत्र परिशिष्ट - ६ (घ)	१३३
९.	केन्द्रीय कमिटीको २९ औं बैठकको निर्णय परिशिष्ट - ७	१३६
१०.	भारतीय राजदूतको १९ सेप्टेम्बर, १९९६ को पत्र परिशिष्ट - ८	१३७
११.	श्री ५ को सरकार नेपाल र भारत सरकारबीच सम्पन्न सन्धि	
	अंग्रेजी भाषामा	१३८
१२.	नेपाल-भारतबीच प्रधानमन्त्रीस्तरमा भएको पत्राचार	
	अंग्रेजी भाषामा	१५०
	नेपाली भाषामा अनुदित	१५६
१३.	श्री ५ को सरकार नेपाल र भारत सरकारबीच सम्पन्न सन्धि	
	नेपालीमा अनुदित	१५९
	हिन्दीमा अनुदित	१६७
१४.	सयुक्त वक्तव्य	१७५
१५.	महाकाली नदीको जलाधार नक्सा	१७७

महाकाली सन्धिको पृष्ठभूमि

नेपाल-भारतबीच सन् १९९१ दिसेम्वरमा, तत्कालीन प्र.म. गिरिजा प्रसाद कोइरालाको दिल्ली भ्रमणको क्रममा अरू विषयका संझौताहरूको साथ साथै टनकपुर बाँध परियोजना सम्वन्धी सन्धि दुई मुलुकबीच प्रधानमन्त्री स्तरीय हस्ताक्षर भै सम्पन्न भएको थियो। त्यस विषयमा तत्कालीन प्र.म. गिरिजा प्रसाद कोइरालाले सन्धि, भएको होइन केवल समझदारी मात्र भएको हो भनी नेपाली जनता र सार्वभौम सत्ता सम्पन्न ससद्लाई समेत ढाट्ने काम गरेका थिए। उक्त विषयमा सर्वोच्च अदालतमा समेत रिट निवेदन परेको थियो। सरकारी पक्षका जिकिरका विपरित यस परियोजना सम्वन्धमा सरकारले शिर पुच्छर बिनाको सूचना प्रकाशित गरी जनताको सुसूचित हुने अधिकार हनन् गरेको ठहर गर्दै टनकपुर परियोजना सम्वन्धमा भएको लिखित सामान्य समझदारी मात्र नभएर प्राकृतिक श्रोतको वाँडफाँड गर्ने सन्धि नै भएको र नेपालमा बनेको तटवन्ध उक्त परियोजनाको अभिन्न अंग हो भन्ने फैसला गर्दै यस सन्धिलाई संसद्द्वारा अनुमोदन गराउन श्री ५ को सरकारलाई आदेश दिएको थियो। यस फैसलाबाट सरकारले संविधान उलंघन गरेको, संसद्को अधिकार मिचेको, जनता र राष्ट्रलाई ढाँटेको तथा जालसाज गरेको एवं राष्ट्रियहितमा आघात पारेको र देशको सार्वभौमिकता विसर्जित गरेको कुरा स्पष्ट देखियो।

सर्वोच्च अदालतको फैसलापछि तत्कालीन प्र.म. गिरिजा प्रसाद कोइरालाले गरेको गल्ती र अपराध वापत राजीनामा गर्नु पर्ने र टनकपुर सन्धिमा राष्ट्रियहित र सार्वभौमिकताको ग्यारेण्टी हुने गरी नयाँ सन्धि गरेर संसद्को संयुक्त वैठकको दुई तिहाईवाट पारित गराउने विषयलाई लिएर हाम्रो पार्टी नेकपा (एमाले) ले प्रचार र संघर्षका विभिन्न कार्यक्रमहरू संचालन गरेको थियो। उक्त कार्यक्रममा देशभक्ति र प्रजातन्त्रको भावना राख्ने सम्पूर्ण राजनीतिक शक्तिहरू, विद्वान वुद्धिजीवीहरू र जन साधारणलाई गोलवन्द गर्ने तथा परिचालन गर्ने कार्यक्रमहरू सम्पन्न गरेको थियो। नेकपा (एमाले)को पहलमा तथा अरू वामपन्थी समुहहरूलाई समेत एकजुट गरेर त्यसको आधारमा अन्य शक्तिहरूलाई परिचालन गर्ने, प्रचार तथा संघर्षका विभिन्न कार्यक्रमहरू देशव्यापी रूपमा र प्रवासमा समेत संचालन गर्ने काम भएको थियो।

वि.सं. २०४८ को चैत्र १२ गतेदेखि करिव २ महिनासम्म खास गरी चैत्र २४ गतेदेखि काठमाडौंमा संचालित संघर्षका विशेष कार्यक्रमहरूमा सत्ता पक्षले गरेको हिसात्मक दमनवाट २४ जनाको नृशंस हत्या समेत भएको थियो। गृहमन्त्री एवं हत्याराहरू माथि कारवाहीको माग गर्दै १२ लाखको हस्ताक्षर संकलन गर्ने काम समेत भएको थियो।

यसरी टनकपुर सन्धि संविधानको प्रावधान अनुसार संसद्बाट अनुमोदन नभै सकेको र त्यसले वैधानिक मान्यता प्राप्त गरी नसकेको यस अवस्थामा समस्या समाधानको लागि टनकपुर बाँध परियोजना सम्बन्धी नयाँ सन्धि गर्नु पर्ने कुनै एउटा पोको भित्रको एउटा विषयको रूपमा समावेश गरी समस्या समाधानको दिशामा अगाडि बढाउनु पर्ने आवश्यकता थियो । यस्तो स्थितिमा अन्ततोगत्वा शारदा बाँध, टनकपुर बाँध र पञ्चेश्वर परियोजना समेत समाविष्ट भएको "महाकाली नदीको एकीकृत विकास सम्बन्धी' एउटा सोंच अगाडि आयो ।

नेपालको सन्दर्भमा शारदा र टनकपुर बाँधमा नेपाल ठगिएको र राष्ट्रहित विपरित काम भएकोले राष्ट्रियहितको संरक्षणको निम्ति, सार्वभौमिकताको रक्षाको निम्ति पञ्चेश्वर परियोजना समेत मिलाएर नेपालको हक सूनिश्चित गर्ने सोंचबाट "पोको समाधान"को सोंच एमालेको सरकारको कालमा अघि सार्ने काम भयो । त्यो सोंच कहाँवाट कसरी आयो र त्यसमा के छ भनेर बुझाउन र बुझ्न नपाउँदै एमाले सरकारबाट हट्नु पऱ्यो । त्यसपछि नै मुलुकको राजनीतिक समिकरणमा आएको परिवर्तनले ने.का.को नेतृत्वमा त्रिपक्षीय सरकार गठन भयो । यसै सन्दर्भमा ०५२।१०।१२ मा राष्ट्रिय स्तरका पार्टीबीच महाकाली नदी सम्बन्धमा सैद्धान्तिक रुपमा राष्ट्रिय सहमति कायम भयो । यही सरकारको कालमा माघ १५, ०५३ (जनवरी, २९, १९९६) मा भारतको परराष्ट्र मन्त्री प्रणव मुखर्जीको काठमाडौं भ्रमणको क्रममा दुई देशका परराष्ट्र मन्त्रीस्तरमा "महाकाली नदीको एकिकृत विकास सम्बन्धी सन्धि" भयो । त्यसपछि सन्धिको मसी सुक्न नपाउँदै प्र.म. शेर बहादुर देउवाको दिल्ली भ्रमणको क्रममा फेरि उही विषयमा दुई देशका सरकार प्रमुखवीच दिल्लीमा फागुन ३, ०५२ (१२ फरवरी, १९९६) मा सन्धि भयो । सो सन्धि बारे उल्लेखित विषय सार्वजनिक हुन नपाउँदै सदनमा छलफलको लागि भाद्र ४, ०५३ मा "महाकाली सन्धि" को प्रस्ताव दर्ता गरियो । २६ भाद्र, ०५३ देखि संसदको सयुक्त बैठकमा छलफल प्रारम्भ भयो र आश्विन ४, ०५३ मा संसद्को संयुक्त बैठकमा सो विषयमा भएको मतदानमा ३१ जनाले आफ्नो मत वहिष्कार गरे, ८ जनाले सन्धि अनुमोदनको विपक्षमा मतदान गरे र २२० जनाले सन्धि अनुमोदनको पक्षमा गरेको मतदानले "महाकाली नदीको एकीकृत विकास सम्बन्धी सन्धि" संसद्को संयुक्त बैठकवाट अनुमोदन भएको छ ।

महाकाली सन्धि के हो ?

"महाकाली सन्धि" संयुक्त सदनबाट अनुमोदन भएपछि त्यसको पक्ष र विपक्षमा वहस जारी छ। एकातिर, सन्धिका पक्षधर "महाकाली सन्धि अनुमोदन भएपछि ठूलो लाभ प्राप्त भयो, अब नेपाल-भारतबीचको मितेरी गाँठो मजबुत हुने भयो, दुई देशबीचको सम्बन्ध सुमधुर र घनिष्ट हुने भयो, अब नेपालको चौतर्फी विकास हुने भयो र मुलुकमा विकासको मुल नै फुट्ने भयो" भन्ने ढंगले यसको गुणमान गरिरहेका छन्। मानौं यो सन्धिमा कुनै कमी त्रुटी नै छैन, भए पनि त्यो मामुली हो र त्यो मामुली कमी त्रुटी पनि सच्चिएर वत्तीस लक्षणले युक्त हुन्छ भन्ने ढंगले संचारका सबै माध्यम प्रयोग गरी प्रचार अभियानमा जुटेका छन्। अर्कोतिर, महाकाली सन्धि असमान छ, नेपाल राष्ट्र ठगिएको छ र त्यो सन्धि राष्ट्रहित विपरित छ भन्ने तर्कहरू आइरहेका छन्। वास्तविकता के हो ? यसबारे केही चर्चा गर्न जरूरी छ।

महाकाली सन्धिभित्र त्यस्तो के कुरा छ जसको अनुमोदनले सिंगो राष्ट्रमा यति ठूलो बहस-विवाद सिर्जना गरेको छ। यसवारे बुझ्नको लागि हामीले सबैभन्दा पहिलो महकाली सन्धि भनेको के हो भन्ने बुझनु पर्दछ। त्यसपछि यस सन्धिमा शारदा बाँध, टनकपुर बाँध जस्ता पुराना कुरा जोडेर किन ल्याइयो ? पंचेश्वर बहुउद्देश्यीय आयोजना भनेको के हो ? उपरोक्त तीन पक्षहरू शारदा बाँध, टनकपुर बाँध र पञ्चेश्वर वहुउद्देश्यीय आयोजनाबाट नेपालले के पाउने, भारतले के पाउने र समग्रमा नेपालले कति लाभ प्राप्त गर्ने र भारतले कति लाभ गर्ने भनेर अध्ययन गर्न र बुझ्न जरूरी छ। त्यसपछि मात्र महाकाली सन्धिको वास्तविकता हाम्रो सामु आउन सक्छ।

महाकाली सन्धि भनेको सन् १९२० मा सम्पन्न शारदा बाँध परियोजना, सन् १९९१ डिसेम्वर ४-५ मा सम्पन्न टनकपुर बाँध परियोजना जस्ता २ वटा पुराना परियोजना र एउटा नयाँ पञ्चेश्वर बहुउद्देश्यीय आयोजना समेत समाविष्ट गरिएको महाकाली नदीको एकीकृत विकास सम्वन्धी सन्धि हो। यो कुनै एउटा मात्र परियोजनासँग सम्बन्धित छुट्टै एउटा मात्र विषयको सन्धि नभई ७६ वर्ष पहिले गरिएको शारदा बाँध परियोजना सम्बन्धी सन्धिलाई निरन्तरता दिन, टनकपुर बाँध परियोजनालाई वैधानिकता प्रदान गर्न र एउटा नयाँ आयोजना पञ्चेश्वर वहुउद्देश्यीय आयोजना संचालन गर्ने सोंचका साथ नेपाल-भारत दुई देशबीच महाकाली नदी र त्यसको श्रोतहरुको उपयोगिता बाँडफाँड गर्ने विषयसँग सरोकार राख्ने सन्धि हो।

महाकाली सन्धि भारतमा वृटिशले उपनिवेश जमाएको र नेपालमा राणा शासन भएको वेला आजभन्दा करिव ७६ वर्ष पूर्व गरिएको शारदा बाँध परियोजना सम्वन्धी सन्धिलाई यस सन्धिमा गाँसेर किन ल्याउनु पऱ्यो ? ०४६ को सयुक्त जनआन्दोलन संचालन भइरहेको वेलामा नेपालको भूमि मिचेर नेपालको अनुमति नै

नलिइ बनाएको टनकपुर बाँध र त्यससँग सम्बन्धित पूर्व प्र.म. गिरिजाप्रसाद कोइरालाको पालामा भएको सन्धिलाई पनि यही महाकाली सन्धिमा गाँसेर किन ल्याइयो ? यसलाई बुझ्न जरूरी छ ।

शारदा बाँध परियोजनाः

महाकाली नदीमा बाँध हालेर महाकाली नदीको पानी (२७१ क्यूमेक्स) भारतले लाने र त्यसबाट करीब ५ लाख हेक्टर जमीनमा सिचाइ गर्ने व्यवस्था गर्न बनाइएको भारत सरकारको योजना नै शारदा बाँध परियोजना हो । यसमा बुझ्नु पर्ने

पहिलो कुरा, के छ भने सो बाँध बनाउन नेपालकै भूमि (२८९८ एकड) प्रयोग गरिएको छ ।

दोस्रो कुरा, नेपालको उक्त जमीनको सट्टामा दिइने भनी तोकिएको जमीन अहिलेसम्म पनि नेपालले पाएको प्रामाणिक सत्यापन भएको छैन ।

तेस्रो कुरा, नेपालकै भूमि प्रयोग गरेर बनाइएको सीमा नदी-महाकालीको कुल पानीको परिमाणको करीब डेढ प्रतिशत मात्र (हिउँदमा ४.२५ क्यूमेक्स र वर्षाको भेलमा २८.३५ क्यूमेक्स पानी) नेपालले पाउने व्यवस्था गरिएको छ ।

चौथो कुरा, भारतले त्यहाँबाट २७१ क्यूमेक्स पानी लग्ने प्रावधान भए पनि हालको उपभोग्य उपयोगिता ३३५ क्यूमेक्स पानी रहेको छ ।

पाँचौ कुरा, नेपालले पाउने भनिएको सो पानी महाकाली नदी सीमा नदी मानेको कारण प्राप्त भएको होइन र महाकाली नदीमा नेपालको हक रहेको कारणले प्राप्त भएको पनि होइन । केवल भारतको तजबीज, निगाहा र अनुकम्पाले मात्र दिइएको छ ।

छैठो कुरा, आज भन्दा करीब ७० वर्ष पहिले बनेको सो शारदा बाँधको प्राविधिक आयु समाप्त भएकोले सो बाँध कुनै पनि वेलामा भत्कन सक्छ । त्यसरी सो बाँध भत्किंयो भने भारतले त्यसबाट सिंचाइको व्यवस्था गरेको करीब ५ लाख हेक्टर जमीन सुख्खा पर्छ । त्यसकारणले त्यसको विकल्प कै रूपमा टनकपुर बाँध परियोजना तयार गऱ्यो र शारदा बाँध भत्किएमा टनकपुरबाट नै सिचाइको व्यवस्था गर्ने र अझ थप विद्युत उर्जा समेत प्राप्त गर्ने गरी टनकपुर बाँध परियोजना तयार गरेको हो ।

टनकपुर बाँध परियोजना

महाकाली नदीमा बाँध हालेर १२० मेगावट क्षमताको विद्युत् प्राप्त गर्ने र सो बाँधको पानी फेरि शारदा क्यानल तर्फ नै लगेर शारदा बाँध भत्किएमा टनकपुर बाँधबाट नै पानी लगेर सिंचाइको व्यवस्था कायम गर्नको लागि भारतद्वारा तयार गरिएको

परियोजना नै टनकपुर बाँध परियोजना हो ।

पहिलो कुरा, महाकाली नदीको नेपाल तर्फ बहने भंगालोको पानी नेपाल तर्फ नै बहने कुरालाई रोक्न नेपालको सीमा अतिक्रमण गरेर भारतले देब्रे तटबन्ध बनायो ।

दोस्रो कुरा, नेपालको सहमति र स्वीकृति नै नलिई सिंगो मुलुकको ध्यान संयुक्त जनआन्दोलन (२०४६) मा केन्द्रीत भएको मौका छोपी भारतले टनकपुर बाँध निर्माणको अन्तिम चरण पूरा गऱ्यो ।

तेस्रो कुरा, तत्कालीन प्र.म. गिरिजाप्रसाद कोइरालाको पालामा सन् १९९१ डिसेम्बर ४ र ५ मा भएको टनकपुर सन्धि नेपाल अधिराज्यको सविधान ०४७ को धारा १२६(२) अनुसार संसद्वाट अनुमोदन भइसकेको थिएन र वैधानिक मान्यता पाइसकेको थिएन । त्यसलाई वैधानिक मान्यता दिलाउन कै निम्ति टनकपुर सन्धिको प्रावधान महाकाली सन्धिमा गाँसेर ल्याइएको हो ।

चौथो कुरा, टनकपुरमा पनि महाकाली नदीलाई आधारभूत रूपमा सीमा नदी मानिएको छैन र महाकाली नदीको पानीमा नेपालको हक स्थापित भएको छैन ।

पाँचौ कुरा, महाकाली नदीको पानीमा नेपालले आधा हक प्राप्त गरेको छैन । त्यहाँवाट केवल सुख्खा याममा ८.५० क्यूमेक्स र वर्षाको भेलमा २८.३५ क्यूमेक्स पानी पाउने प्रावधान रहेको छ ।

छैठौ, महाकाली सन्धि अनुमोदन भएपछि टनकपुरवाट उत्पादित ७ करोड युनिट प्रतिवर्ष नेपालले पाउने प्रावधान छ । जबकि त्यहाँवाट १२० मेगावट विद्युत उत्पादन हुन्छ ।

यहाँ ध्यान दिनु पर्ने कुरा के छ भने टनकपुरवाट प्राप्त हुने पानी र विद्युत टनकपुरवाँध वनाउन प्रयोग भएको नेपालको भू-भाग ५७७ मीटर लामो देब्रे तटवन्ध (२.९ हेक्टर) र डुवानमा पारेको ९ हेक्टर वापत मात्र दिइएको छ- सो कुरा सन्धिमा किटान गरिएको छ ।

पञ्चेश्वर बहुउद्देश्यीय आयोजना

पञ्चेश्वरमा ३१५ मीटरसम्म (धरहरा भन्दा छ गुणा अग्लो) अग्लोवाँध हालेर वर्षा भरिको भेल पानी संकलन गर्ने र उक्त पानीवाट वर्षैभरी सिचाइको व्यवस्था गर्ने, वर्षाको भेललाई वाँध हालेर रोक्ने कामवाट वाढी नियन्त्रण गर्ने, पञ्चेश्वर तथा रूपालगढमा विद्युत उत्पादन गर्ने र टनकपुरको विद्युत उत्पादन क्षमता वृद्धि गर्ने योजना समाविष्ट भएको आयोजना नै पञ्चेश्वर बहुउद्देश्यीय आयोजना हो । अर्थात् यस आयोजनाको कार्यान्वयनबाट विद्युत उत्पादन गर्ने, सिचाइको व्यवस्था गर्ने र वढी नियन्त्रण गर्ने, योजना भएकाले नै यसलाई वहुउद्देश्यीय आयोजना भनिएको छ ।

उपरोक्त शारदा बाँध, टनकपुर बाँध र पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाबाट नेपाल र भारतले विद्युत्, सिचाइ र बाढी नियन्त्रणबाट के कति लाभ प्राप्त गर्दछन्-यसबारे केही चर्चा गरौं ।

पञ्चेश्वरबाट प्राप्त हुने लाभः

लाभको आधारमा यस आयोजनाको कुल लाभ मध्ये विद्युतबाट ७५ प्रतिशत, सिचाइबाट २४.६ प्रतिशत र बाढी नियन्त्रणबाट ०.४ प्रतिशत वार्षिक लाभ हुने सरकारी अनुमान छ । जस अनुसार ८३ करोड , ५० लाख, ३५ हजार, अमेरिकी डलर कूल वार्षिक लाभ हुने अनुमान गरिएको छ । त्यसमध्ये नेपालले विद्युतबाट ३१ करोड, ३० लाख, ४० हजार, सिचाइबाट १० लाख, ५० हजार र बाढी नियन्त्रणबाट ७० हजार समेत जम्मा ३१ करोड ५० लाख ६० हजार अमेरिकी डलर वार्षिक लाभ प्राप्त गर्ने अनुमान गरिएको छ । भारतले विद्युतबाट ३१ करोड, ३० लाख, ४० हजार, सिंचाइबाट २० करोड, ३० लाख, ४० हजार र बाढी नियन्त्रणबाट ३० लाख समेत जम्मा ५१ करोड, ९० लाख, ८० हजार अमेरिकी डलर वार्षिक लाभ प्राप्त गर्ने अनुमान गरिएको छ । अर्थात् यस आयोजनाको कुल लाभ मध्ये विद्युत्बाट हुने लाभ ७५ प्रतिशत दुबै पक्षले बराबर (३७.५-३७.५ प्रतिशत) लाभ प्राप्त गर्ने, सिंचाइबाट हुने लाभ २४.६ प्रतिशतमध्ये नेपालले ०.२ प्रतिशत र भारतले २४.४ प्रतिशत लाभ प्राप्त गर्ने र बाढी नियन्त्रणबाट हुने लाभ ०.४ प्रतिशत मध्ये नेपालले ०.०८ प्रतिशत र भारतले ०.३६ प्रतिशत लाभ प्राप्त गर्ने अनुमान गरिएको छ । यसरी यस आयोजनाको कुल लाभ मध्ये नेपालले ३७.७७ प्रतिशत र भारतले ६२.२३ प्रतिशत अनुमानित लाभ प्राप्त गर्ने देखिन आउँछ । (हेर्नुहोस् परिशिष्ट १)

पञ्चेश्वरमा गर्नुपर्ने लगानीः

लगानीको क्षेत्रमा हेर्दा यस आयोजनाको अनुमानित कुल लगानी मध्ये ५९.५० प्रतिशत विद्युतमा र सिंचाइ तथा बाढी नियन्त्रणमा ४०.५ प्रतिशत लगानी गर्नु पर्ने देखिन आउँछ । जसमध्ये विद्युतमा नेपालले ८४ करोड, ८० लाख, ४० हजार अमेरिकी डलर र भारतले ९२ करोड, ७० हजार अमेरिकी डलर लगानी गर्नुपर्ने अनुमान गरिएको छ । अर्थात् नेपालले विद्युतमा २८.४ प्रतिशत र भारतले ३१.१० प्रतिशत लगानी गर्नुपर्ने देखिन आउँछ । सिंचाइ तथा बाढी नियन्त्रणमा नेपालले २४ करोड ६० लाख ६० हजार अमेरिकी डलर र भारतले ९६ करोड ४० हजार अमेरिकी डलर लगानी गर्नुपर्ने अनुमान गरिएको छ । अर्थात् सिंचाइ तथा बाढी

नियन्त्रणमा नेपालले ८.३० प्रतिशत र भारतले ३२.२० प्रतिशत लगानी गर्नुपर्ने देखिन आउँछ । (हेर्नुहोस परिशिष्ट १)

शारदा बाँध, टनकपुर बाँध तथा पंचेश्वर परियोजनामा देखिएका उपरोक्त पक्षहरूले के देखाउँछ भने शारदा बाँधको सन्धिको अवधि सकिएको (?) सो बाँधको प्राविधिक आयू समाप्त भएकोले कुनै पनि बेला भत्किन सक्ने देखिएको र टनकपुर बाँध सम्बन्धी सन्धि संसदबाट अनुमोदन नभएको कारणले अहिलेसम्म त्यसले वैधानिकता नपाएको अवस्थामा त्यसको वैकल्पिक समाधानको रूपमा शारदा बाँध, टनकपुर बाँध र पञ्चेश्वर बहुउद्देश्यीय आयोजना समेतको महाकली नदीको एकीकृत विकास सम्बन्धी सन्धिको प्रावधान अघि सारिएको देखिन आउँछ ।

अझ त्यसमा पनि पंचेश्वर बहुउद्देश्यीय आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR)को अन्तिम रुप तयार नभइसकेका तथा भारतको पानीमाथिको अग्राधिकार कति हो र भारतले कति पानी यथार्थमा सिंचाईको निमित्त प्रयोग गर्ने छ भन्ने तथ्य स्पट नभैसकेको अवस्थामा माथिको लगानी तथा लाभको वाँडफाँड सम्वन्धी सरकारी तथ्यांकमा विश्वास गर्ने कुनै आधार देखिदैन । फेरी, लाभको हिसाव गर्दा लागत र प्रतिफलसँग सवन्धित विविध पक्ष एवं परियोजनाको आयुभर भारतले अतिरिक्त लाभ कति पाउने भन्ने बारे अनुमान गर्दा अपनाइएका आधारहरु सार्वजनिक नगरिएसम्म त्यसमा विश्वास गर्न सकिन्न । तल प्रस्तुत तथ्यहरुले समेत यसवारे विस्तृत रुपमा पूनर्मूल्यांकन गर्नुपर्ने र त्यसपछि मात्र नेपाल कुन हदसम्म ठगिएको छ भन्ने वारे आंकलन गर्न सकिनेछ ।

"महाकाली सन्धि"बाट कसले के पाउने ?

"महाकाली सन्धि" अनुमोदन भएपछि नेपाल-भारत दुई मुलुलले सन्धिको प्राबधान अनुसार कहाँवाट के कति पाउछन् भन्ने कुरा निम्न तथ्यहरूले वताइरहेको छ ।

१. शारदा बाँधबाट सन्धिको प्रावधान अनुसार नेपालल औषत १६.२५ क्यूमेक्स र भारतले वर्तमान उपभोग्य उपयोगिताअनुसार औषत २४८ क्यूमेक्स पानी पाउने छ ।

२. टनकपुर बाँधबाट १२० मेगावाट विद्युत उत्पादन हुन्छ । टनकपुर बाँध निर्माणमा देव्रे तटवन्ध बनाउन नेपालको भूमि प्रयोग भएवापत १२० मेगावाट मध्ये ७ करोड युनिट विद्युत र सुख्खायाममा ८.५० क्यूमेक्स र वर्षामा २८.३५ क्यूमेक्स पानी नेपालले पाउने छ ।

३. पंचेश्वर बहुउद्देश्यीय आयोजनावाट उत्पादन हुने विद्युतमा नेपाल र भारत दुवै पक्षले वराबर लगानी र बराबर लाभ प्राप्त गर्ने प्रावधान छ । यसमा सन्धिको प्रावधान अनुसार नेपाललको भागको एक हिस्सा भारतलाई बेच्नुपर्ने बाध्यता रहेको छ भने विद्युतको मूल्य (Tariff) निर्धारण कसरी गर्ने भन्ने समेत स्पष्ट किटान गरिएको छैन । जसले गर्दा लगानीकर्तालाई आकर्षण गराउन सकिने देखिदैन ।

४. आयोजना पूरा भएपनि पंचेश्वरबाट ५८२ क्यूमेक्स, पंचेश्वरदेखि टनकपुरसम्म महाकाली नदीमा मिसिने खोलाहरूको पानीवाट बढ्ने पानी १४४. क्यूमेक्स समेत टनकपुरमा उपलव्ध हुने महाकाली नदीको पानीको कुल परिमाण करीब ७२६. क्यूमेक्स हुने देखिन्छ । त्यसबाट नेपालको करीब ९३ हजार हेक्टर जमीन र भारतको १६ लाख १० हजार हेक्टर जमीन सिचाइ गर्ने योजना छ ।

५. पचेश्वर आयोजना पूरा भएपछि सरदर वार्षिक पानीको उपयोग ५६७. क्यूमेक्स मध्ये नेपालले सरदर ११८. क्यूमेक्स र भारतले सरदर ४४९. क्यूमेक्स पानी वार्षिक उपभोग गर्ने देखिन्छ ।

६. पंचेश्वर आयोजनावाट सिचाइ तथा वाढी नियन्त्रणको क्षेत्रमा कुल लाभ मध्ये नेपालले जम्मा १ प्रतिशत मात्र र भारतले ९९ प्रतिशत लाभ प्राप्त गर्ने देखिन्छ ।

७. महाकाली नदीको एकीकृत विकास परियोजना कार्यान्वयन पछि महाकाली नदीको पानीको कुल परिमाण ७२६ क्यूमेक्स मध्ये नदीको प्राकृतिक वहाव कायम राख्न १० क्यूमेक्स पानी छोडिने कुरा सन्धिमा उल्लेख गरिएको छ । जस अनुसार बाँकी

रहने पानी ७१६ क्यूमेक्स मध्ये नेपाल र भारत दुवै पक्षबीच बराबरी अर्थात् दुवैपक्षले ३५८ क्यूमेक्स पानी पाउनु पर्ने हो । तर यस्तो नभै भारतले उपभोग्य उपयोग २४८.४ र नेपालको केवल ४१ क्यूमेक्स मात्र देखिन आउँछ भने कुल पानी ७२६ क्यूमेक्स मध्ये नेपालले २५४.३० क्यूमेक्स र भारतले ४६१.७ क्यूमेक्स अर्थात् नेपालले ३५.५२ प्रतिशत र भारतले ६४.४८ प्रतिशत पाउने देखन्छ । त्यसमा सिचाइको भागलाई कटाउँदा नेपालको १३५.७८ क्यूमेक्स र भारतको १२.८१ क्यूमेक्स पानी बढी हुने देखिन आउँछ ।

८. नेपाल र भारतको प्रधानमन्त्री स्तरमा भएको पत्राचार माघ २९, ०५२ को पत्र बुँदा नं. ३ (ख) अनुसार नेपालको "उपभोग नभएको महाकाली नदीको पानीको हिस्सा" नदीमा बग्न दिने र अन्ततः भारतले नै प्रयोग गर्ने प्रावधान अघि सारेको छ। यसरी अरबौं-अरब रूपैया लगानी गरेर जम्मा गरिएको पानी जसको थोपा-थोपामा नेपालको लगानी परेको हुन्छ, नेपालको उपयोग नभएको १३५.७८ क्यूमेक्स पानी सित्तैमा भारतलाई सुम्पनु पर्ने देखिन आउँछ। यसरी पानीमाथिको अग्राधिकार समेतका कारणले पंचेश्वर आयोजना पूरा भएपछि सिंगो महाकाली नदीबाट १७ प्रतिशत भन्दा बढी पानीमाथि नेपालले दावी गर्न नसक्ने देखिन्छ ।

उपरोक्त तथ्यहरूले के देखाउँछ भने ७६ वर्ष पहिले गरिएको शारदाबाँध सन्धि र ५ वर्ष अघि गरिएको टनकपुर सन्धिमा मात्र होइन भविष्यमा बन्ने भनिएको पंचेश्वर बहुउद्देश्यीय आयोजनमा समेत विगतमा जस्तै गरी नेपाल ठगिएको छ । त्यसैले उपरोक्त तीनवटै परियोजना पूर्ण रुपमा समावेश गरिएको "महाकाली नदीको एकीकृत विकास सम्बन्धी सन्धि" मा नेपाल ठगिएको छ र सो सन्धि असमान छ । सन्धिको प्रावधानले स्पष्ट रूपमा अझ पनि महाकाली नदीलाई अन्तर्राष्ट्रिय सीमा नदी मान्न अस्वीकार गरेको छ। महाकाली नदीको पानीमा अझ पनि नेपालको समान हक स्थापित भएको छैन । त्यसैले "महाकाली सन्धि" को अनुमोदन भइसक्दा पनि नेपालको सार्वभौमिकता संरक्षित भएको छैन, राष्ट्रिय हितलाई आघात पारेको छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

सन्धिका प्रावधानबारे उठेका सवालहरू

शारदा बाँध, टनकपुर बाँध र पञ्चेश्वर बहुउद्देसीय आयोजना समेत तीन वटा योजना मिलाएर अघि सारिएको "महाकाली नदीको एकिकृत विकास सम्बन्धी सन्धि" महाकाली नदी र त्यसको उपयोगिता दुई मुलुक नेपाल-भारतबीच बाँडफाँडको विषय हो । यस सम्बन्धमा महाकाली नदीको एकिकृत विकास सम्बन्धी सन्धि का प्रावधानहरूमा महाकाली नदीको हैसियत (status) निर्धारण, महाकाली नदीको पानीमा नेपालको हक स्थापना, शारदाबाँधको सकिन लागेको आयुलाई अरू ७५ वर्ष जीवन प्रदान गर्ने काम, विद्यमान उपयोग्य उपयोगिता" को सवाल, विद्युतको बजार र महशुल (Tariff) निर्धारण, दोधारा चाँदनीलाई पानी र "महाकाली नदीका दुवै किनारा छेउ बसोवास गर्ने स्थानीय समुदायले पानीको उपयोग गर्ने आदि विषयमा उठेका विवादहरू मध्ये विवादका मुख्य विषयहरू निम्न रहेका छन्:

१. महाकाली नदीको स्रोत मुहानको सम्वन्धमा ।
२. महाकाली नदीको हैसियत (status) निर्धारणको सम्बन्धमा ।
३. महाकाली नदीको पानी र त्यसको बाँड फाँडको सम्वन्धमा ।
४. विद्युतको बजार र त्यसको महशुल (Tariff) निर्धारणको सम्बन्धमा ।

१. महाकाली नदीको स्रोत-मुहानको सम्बन्धमा

सन् १८१६ को सुगौली सन्धि पछि पूर्वमा टिष्टा, पश्चिममा कांगडा र दक्षिणमा गंगाको मैदानसम्म फैलिएको नेपाल खुम्चिन गयो। त्यस सन्धि पछि नै १८१६ को सुगौली सन्धिको धारा ५ र सन् १८६० को नयाँ मुलुक सन्धिमा "महाकाली नदी सिंगै नेपाल सरहद भित्रै रहेको" स्पष्ट किटान गर्दै "काली नदी पारी नेपालको राजाले आफ्नो भूमि दावी गर्ने छैन" भन्ने उल्लेख गरिएको पाइन्छ। पश्चिमी सिमानाको रूपमा रहेको त्यही काली नदीको मुहान लिम्पीया धुरा पहाडबाट निस्किएको मान्दै एउटा नक्सा कोरिएको र त्यसलाई नै पश्चिमी सीमाना निर्धारण गरिएको पनि पाइएको छ। त्यसको धेरै पछि आएर काली नदीको मुहान लिपुलेकबाट बहने खोला हो भनेर नेपालको पश्चिमी सीमाना खुम्चाउने प्रयत्न गरिएको पनि पाउँछौं। त्यसपछि लिपुलेकबाट पनि अझ पूर्व तर्फ एउटा पोखरी खनिएको, पोखरीसँगै कालीको मन्दीर बनाइएको र सो पोखरीबाट बहने तिरतिरे धारो नै महाकाली नदीको मुहान हो भनी प्रभाणित गर्ने र नेपालको नक्सा अरू बढी खुम्च्याउन प्रयत्न गरिएको पनि छ। यसरी महाकाली नदी जसलाई नेपालको पश्चिमी सीमाना हो भनेर मानिएको छ, सोही नदीको मुहानको सम्वन्धमा यति ठूलो विवाद छ ।

यस सन्धिको एउटा महत्वपूर्ण र प्रमुख विषय भनेको महाकाली नदीसँग सरोकार राख्ने विषय नै हो। चाहे हामी शारदाबाँधको कुरा गरौं, चाहे टनकपुर बांध या पञ्चेश्वर परियोजना, यी सबै महाकाली नदी र यसको उपयोगसँग सरोकार राख्ने विषय हुन्। त्यसकारण महाकाली नदीको एकिकृत विकास सम्बन्धी विषयको टुंगो लगाउनु भन्दा पहिले यसको मुहानको सम्बन्धमा रहेको विवादलाई हल गर्न पहिलो ध्यान दिनु पर्ने हो। तर दुर्भाग्यपूर्ण कुरा के छ भने नेपाल र भारत सरकार दुवै पक्षले यस विषयको टुंगो लगाउने दिशामा अघि बढेका छैनन्। सत्तारूढ दलले पनि आवश्यक ध्यान दिएको छैन भने प्रतिपक्षीदलहरूले समेत सशक्त रूपमा यस वारे आवाज उठाएका छैनन् र उठाइएको आवाजको पनि कुनै सुनुवाई भएको छैन। जसले गर्दा अहिलेसम्म पनि महाकाली नदीको मुहान बारेमा कुनै किटान भएको छैन। यस सम्बन्धमा प्रस्तावित सन्धि मौन रहेको छ। महाकाली नदीको स्रोत मुहानको सम्वन्धमा गरिएको अध्ययनले निम्न कुरा देखिन आउँछ।

पहिलो कुरा, सन् १८१६ मा भएको सुगौली सन्धिले नेपालको नक्सा खुम्चाएको छ र सो सन्धिको दफा नं. ५ र नयाँ मुलुक सन्धि सन् १८६० ले नेपालको पश्चिमी सीमाना "महाकाली नदी सिंगै नेपालको हो" भन्ने देखिन आउँछ।

दोस्रो कुरा, एउटा पूरानो दस्तावेज र J.B. Tassin द्वारा तयार गरिएको प्राप्त नक्सा अनुसार लिम्पीया धुरा पहाडवाट निस्कने खोला कुटीयाङ्दी नै महाकाली नदीको मुहान हो र त्यो नै नेपाल-भारतको सीमाना हो भन्ने देखिन आउँछ।

तेस्रो कुरा, लिम्पीया धुरा भन्दा पूर्वपट्टि रहेको लीपु लेकवाट वहने खोला नै महाकाली नदीको मुहान हो भनेर एक अर्को नक्सा कोरेर हाम्रो मुलुकको नक्सालाई खुम्चाउने प्रयत्न गरिएको छ र त्यस नक्सालाई श्री ५ को सरकारले पनि स्विकार गरेको छ।

चौथो कुरा, लिपुलेक भन्दा पनि पूर्वपट्टि एउटा पोखरी र त्यस पोखरीसँगै कालीको मन्दीर बनाएर सो पोखरीवाट वहने तिरतीरेधारो नै महाकाली नदीको मुहान हो भनेर नेपालको नक्सा अरू वढी खुम्चाउने प्रयत्न गरिएको छ।

पाँचौ कुरा, त्यसको पनि पूर्वपट्टि कालापानी क्षेत्रमा हालसम्म पनि भारतीय सेनाको चेक पोष्ट कायम छ र भारतीय सेना तैनाथ छन्। देउवाको नेतृत्वमा रहेको वर्तमान त्रिसंकु सरकारको परराष्ट्र मन्त्री प्रकाश चन्द लोहनीले सो कुरा स्वीकार गरेर सदनलाई समेत जानकारी दिनु भएको छ।

यो अवस्थामा महाकाली नदीको मुहानको वारेमा उठिरहेको विवाद टुंगो लगाउनु जरूरी छ। अहिलेसम्म प्राप्त दस्तावेजहरूको अध्ययनवाट लिम्पिया धुराबाट वहने कुटीयाङ्दी नै महाकालीको मुहान हो भन्ने देखिन आउँछ। त्यसको टुंगो नलगाई

अहिले भारतीय सेनाको चेकपोष्ट भएको ठाउँलाई नै हाम्रो पश्चिमी सीमाना मान्न पुग्ने हो भने नेपालको करीब १९.६९ हजार हेक्टर जमिन भारतमा गाभीने कुरा स्वत: स्पष्ट छ। त्यसकारण महाकाली नदीको मुहानको टुंगो नलगाई यस सन्धिलाई संसदको संयुक्त बैठकबाट अनुमोदन गराउनु राष्ट्रियहित तथा मुलुकको सार्वभौमिकताको विरूद्ध हुन जाने देखिन्छ। यस विषयलाई सम्पूर्ण देशभक्त तथा राष्ट्रवादी नेपालीहरूले गंभीरतापूर्वक लिन जरूरी छ। तसर्थ महाकाली नदीको मुहान र त्यससँग सम्बन्धित सीमाना वारे किटानी गर्ने र नेपाली भूमिबाट भारतीय सेना फिर्ता नभै यो सन्धि अनुमोदन गर्नु बिलकुल अनुपयुक्त छ।

२. महाकाली नदीको हैसियत (Status) निर्धारणको सम्बन्धमा

टनकपुर सन्धिलाई "राष्ट्रघाती" को संज्ञा दिदै नेपालका सम्पूर्ण वामपन्थी, देशभक्त तथा राष्ट्रवादीहरू एक भएर "महाकाली बचाउ" आन्दालेनमा उत्रिएका थिए। उक्त आन्दोलमा एउटा मुख्य नारा- "महाकाली नदी साझा हो पानी आधा-आधा हो" भनेर बुलन्द गरेका थिए। त्यसकारण विवादको एउटा महत्वपूर्ण विषय महाकाली नदीको हैसियत (status) निर्धारणको विषय हो।

पहिलो कुरा, यस "महाकाली सन्धि" को प्रस्तावनामा Mahakali river is a boundry river on major stretches' भनिएको छ। यही सवालमा नेपाली भाषाको प्रतिलिपिमा उल्लेख गर्दा "महाकाली नदीको अधिकांश भागमा दुई मुलुकबीचको सीमानदी भएको" र हिन्दी भाषाको प्रतिलिपिमा "महाकाली नदी दोनों देशोके बीच बहुत दुर तक फैली हुई सीमा नदी" भनिएको छ। यसरी ३ अलग भाषामा उपलब्ध सन्धि पत्रमा महाकाली नदीको हैसियत (status) निर्धारणमा एकरूपता देखिदैन।

दोस्रो कुरा, "Boundry river on major stretches" भन्नु र Basically bo rder river भन्नु अर्थात् "अधिकांश भागमा दुई मुलुक बीच सीमा नदी" र मूलभूत रुपमा सीमा नदी भन्नु एउटै कुरा होइन। Boundry river on major stretches भन्नाले महाकाली नदीको मुहान क्षेत्र र नेपालको दक्षिणी सीमाना भन्दा तल्लो भाग (टनकपुर लगायत) दुबै क्षेत्रमा महाकाली नदी भारतको मात्र हो भन्ने अर्थ लाग्न सक्छ। र, त्यस बीचको अधिकांश भागमा मात्र सिमा नदी हो भन्ने अर्थ लगाएर भारतले मुहान क्षेत्रमा Upper Riparian Rights अर्थात नदीको माथिल्लो भागको अधिकार र नेपालदेखि दक्षिणी तल्लो भागमा पनि Lower Riparian Rights अर्थात् नदीको तल्लो भागको अधिकार कायम राख्न चाहन्छ र महाकाली नदीलाई Boundry river on major stretches भनी परिभाषित गर्न चाहन्छ। जबकी मूलभूत रूपमा सीमा नदी अर्थात्

Basically border river भन्ने हो भने महाकाली नदीको मुहान क्षेत्रदेखि नै नेपालको दक्षिणी सीमासम्म नै आधारभूत रुपमा सीमा नदी भन्ने हैसियत स्थापित हुन्छ । यसो भएको खण्डमा टनकपुर बाँधाट नेपालले प्राप्त गर्ने फाइदालाई नेपालको पानीको अधिकारसंग पनि आवद्ध गर्न सकिन्छ । तर यो हैसियत स्थापित गर्ने काम महाकाली सन्धिको अनुमोदनबाट भएको छैन ।

तेस्रो कुरा, महाकाली नदीको मुहान क्षेत्र भनेको नेपाल, भारत र चीन तीनै देशको सीमाना क्षेत्र हो । त्यसैले सो क्षेत्र सामरिक महत्वको क्षेत्र हो । त्यसकारण भारत त्यस क्षेत्रलाई आफ्नो नियन्त्रणमा राख्न चाहन्छ । नेपालको भू-भाग अतिक्रमण गरी कालापानी क्षेत्रमा रहेको भारतीय सेनाको चेकपोष्ट पनि हटाउन चाहँदैन र सिंगो महाकाली नदीलाई आफ्नो सामरिक महत्वको क्षेत्र भित्र राख्न चाहन्छ ।

चौथो कुरा, महाकाली नदीको पारीपट्टि सीमा स्तम्भ (Border Pillars) पाइएको कुराहरू पनि उठेको छ । त्यतिमात्र होइन शारदा बाँध बनाउँदा नेपालकै जमिन (२८९८ एकड) भारतले प्रयोग गरेको थियो र त्यसको सट्टामा भारतले (४००० एकड) जमिन दिने भनी तोकेको थियो । 21, Oct. 1920 मा तत्कालीन बृटिस भारत सरकारले तत्कालिन प्र.म. "महाराजा" चन्द्र शमशेरलाई लेखेको पत्रमा उल्लेख गरिएको अनुसार को तोकिएको जमिन अहिलेसम्म नेपालले प्राप्त गरेको छैन । यसरी तोकिए बमोजिमको जमिन नेपालले अहिलेसम्म नपाएकै अवस्थामा यो सन्धि गरिनु र यस अवस्थामा सो जमिनमाथि हकदावी सन्धि मौन रहनुले नेपालले छोडेको हो कि भन्ने प्रश्न उठिरहेको छ ।

पाँचौं कुरा, भारत पक्षले शारदा बाँध बनाइएको ठाउँ बनवासा क्षेत्रको जमीनको सट्टामा नेपाललाई दिने भनेर तोकिएको जमिन भारतले नदिएर उल्टै त्यो ठाउँलाई भारत आफ्नै भू-भाग ठान्दछ र त्यहाँ सीमा नदी मान्न तयार देखिदैन् ।

छैठौं कुरा, टनकपुरमा भहाकाली नदीको नेपालपट्टिको भंगालो टनकपुर बाँध बनाउँदा ५७७ मीटर लामो देब्रे तटबन्ध बनाउन नेपालको जमिन (२.५ हेक्टर) अतिक्रमण गरेपनि त्यसलाई भारत सीमा नदी मान्न तयार देखिदैन ।

सातौं कुरा, हालको अवस्थामा मात्र हेर्दा पनि दोधारा चाँदनी क्षेत्रमा महाकाली नदी करिब १८ कि.मी. नेपालमा मात्र बहन्छ तर पनि भारत महाकाली नदीलाई मूलत: सीमा नदी मान्न तयार देखिदैन । यो कुरा पनि सन्धिका प्रावधानले स्पष्ट पारेको छ ।

यसरी महाकाली नदी नेपालको मात्रै भन्ने कि सीमा नदी भन्ने सवाल एकातिर छ भने अर्कोतिर महाकाली नदिलाई अन्तर्राष्ट्रिय सीमा नदीको मान्यता प्रदान गर्दै त्यसलाई मूलत: सीमा नदी मान्ने मान्यता यस सन्धिमा स्थापित भएको छैन ।

हामीले टनकपुर सन्धिलाई राष्ट्रघाती सन्धि यस मानेमा भन्यौ कि महाकाली नदीलाई मूलत: सीमानदीको मान्यता प्रदान गरिएन, महाकाली नदीमा नेपालको समान हक स्थापित भएन र महाकाली नदीको पानीको कूल परिमाणमा नेपालको आधा हक कायम भएन । टनकपुरको सवालमा गरिएको आन्दोलनदेखि अहिलेको महाकाली सन्धिको पनि मूख्य सवाल वास्तवमा महाकाली नदीको हैसियत (status) निर्धारणको सवाल हो । त्यसकारण महाकाली नदीलाई अन्तर्राष्ट्रिय सीमा नदिको रूपमा मान्यता दिनु पर्दछ । महाकाली नदीलाई मूलत: सीमा नदी भनेर स्वीकार गरिनु पर्दछ । यसो गरेको खण्डमा (क) महाकाली नदीमा नेपाल र भारतको साझाहक स्थापित हुन्छ, (ख) नेपालले पनि महाकाली नदीमा आफ्नो अधिकार स्थापित गर्न सक्दछ र (ग) महाकाली नदीको पानीको कूल परिमाणमा आधा हक कायम गर्नसक्दछ ।

३. महाकाली नदीको पानी र त्यसको बाँडफाँडको सम्बन्धमा:

७६ वर्ष अगाडि शारदा बाँध सम्बन्धी सन्धिमा नेपाल ठगियो र ठगिएकै छ । टनकपुर बाँध सन्धि भएदेखि नै महाकाली नदीको पानी र त्यसको बाँडफाँडको सम्बन्धमा सशक्त ढंगले कुरा उठ्न थालेको हो र अहिले "महाकाली सन्धि"मा उठेको महत्वपूर्ण सवाल महाकाली नदी माथि नेपालको हक स्थापना गर्ने र महाकाली नदीको पानीको कुल परिमाणमा आधा हक प्राप्त हुनुपर्छ भन्ने नै हो ।

नेपाली जनता जति जति सचेत हुँदै आए त्यति त्यति नै अधिकार प्राप्तिको आवाज उठ्न थाल्यो र संगठित रूपमा संघर्षहरू परिचालित हुन थाले । गण्डकी र कोशी सन्धिलाई देशभक्त तथा राष्ट्रवादी नेपालीले राष्ट्रघात भने । किन ? किन भने त्यहाँ गण्डकी र कोशी नदीको पानीमा नेपालको अधिकार (Water Rights) कायम भएन । टनकपुर सन्धिलाई पनि राष्ट्रघात भनियो । किन ? किन भने महाकाली नदीको पानीमा नेपालको अधिकार प्राप्त भएन ।

अहिले "महाकाली सन्धि" को प्रावधानलाई हेर्ने हो भने हामी देख्छौं महाकाली नदीको पानी र त्यसको उपयोगीताको वारेमा समान साझेदारीको आधारमा" (Equal Partnership) भनेर उल्लेख गरिएको भए पनि त्यसलाई उपहास गरेर महाकाली नदीको पानीको हिस्सा नेपालले कहाँबाट कति पाउने भनेर किटानीका साथ उल्लेख गरिएको छ । नदीको प्राकृतिक वहाव कायम राख्न छोडिने पानीको मात्रा पनि किटान गरिएको छ । तर भारतले कति पाउने कतै उल्लेख गरिएको छैन । सन्धिका प्रावधान हेर्दा यो सन्धि असमान छ र नेपाल फेरि एकचोटी नराम्ररी ठगिएको छ भन्ने कुरा प्रष्ट बुझ्न सकिन्छ ।

पहिलो कुरा, सन् १९२० मा भएको सन्धि अनुसार शारदाबाँधबाट नेपालले सुख्खायाममा जम्मा ४.२५ क्यूमेक्स र वर्षाको भेलपानी २८.३५ क्यूमेक्ससम्म मात्र पाउने प्रावधान छ भने भारतले सन्धिको समयमा २७१ क्यूमेक्स र वर्तमान समयमा ३३५ क्यूमेक्स पानि उपयोग गरेको अनुमान गरिएको छ। अर्थात् भारतले शारदा बाँधबाट सन् १९२८ देखि नै वर्षायाममा पानीको कुल परिमाणको ९६.२० प्रतिशत र सुख्खायाममा न्यूनतम बहाव भएको पानीको औसत ९७.२० प्रतिशत उपभोग गर्दै आएको छ भने नेपालले औसत करिब ३.३० प्रतिशसम्म मात्र पाउन सक्ने प्रावधान छ। शारदा बाँध सन्धिमा यति ठूलो असमानता रहेको देख्दा देख्दै सोही प्रावधानलाई कायम राख्ने मात्र होइन महाकाली सन्धिको अनुमोदनबाट अझ त्यसको आयुलाई ७५ वर्ष लम्बाउन सही छाप लगाउने र त्यति ठूलो असमानतालाई सहर्ष स्विकार गर्ने काम भएको छ।

दोस्रो कुरा, टनकपुर सन्धि जसलाई राष्ट्रघात भनियो त्यहाँबाट नेपालले महाकाली सन्धिको अनुमोदन पछि ४.२५ बाट ८.५० क्यूमेक्स पानी सुख्खायाम पाउने र १ करोडबाट २ करोड हुँदै सन्धिको अनुमोदन पछि ७ करोड युनिट प्रतिवर्ष पाउने प्रावधान छ। सन्धिको प्रावधान धारा न. २ (१) र २ (२) (क) तथा (ख) अनुसार पाउने उक्त पानी र विजुली पनि महाकाली नदीमा नेपालको हक स्थापित भएर होइन महाकाली नदीको पानी माथिको अधिकार (Water Right) कायम भएर होइन धारा २ अनुसार "टनकपुर बाँधको पूर्वी एफलक्स वन्ड बनाउन दिएको बदला"मा मात्र दिइएको छ।

यसरी टनकपुरमा भएको राष्ट्रघातलाई केवल थप ४.२५ क्यूमेक्स पानी र थप पाँच करोड यूनिट विद्युतले मात्र राष्ट्रियताको नापो नाप्न खोजिएको छ र त्यहाँ पनि पानी माथि नेपालको अधिकार कायम नै नगरि लामो समयदेखि वैधानिकता प्राप्त गर्न नसकिरहेको राष्ट्रघाती टनकपुर बाँध सम्बन्धी सन्धिलाई अनुमोदन गर्ने र वैधानिकता प्रदान गर्ने काम भएको छ।

तेस्रो कुरा, "नेपाली इलाकाको दोधारा- चाँदनी" क्षेत्रको सिंचाइको लागि सन्धिको धारा नं ४ अनुसार उपलब्ध गराउने भनी तोकिएको १० क्यूमेक्स पानी पनि त्यहाँ महाकाली नदी माथि नेपालको हक स्थापित भएर होइन, सन्धिको धारा नं ४ मा उल्लेख गरिएको प्रावधान अनुसार "भारतले ..... उपलब्ध गराउने" भनिएको छ। यसले पनि के देखाउँदछ भने महाकाली नदी भारत कै हो, महाकाली नदीको पानीमा भारतको पूरा हक छ र भारतको तजबिजले मात्र त्यहाँबाट १० क्यूमेक्स पानी नेपाललाई उपलब्ध गराउने छ। यसरी राष्ट्रिय स्वाभिमान र राष्ट्रियता माथि आघात पूऱ्याउने

स्पष्ट किटान गरिएको सन्धिलाई अनुमोदन गराउने काम भएको छ ।

चौथो कुरा, शारदाबाँध, टनकपुरबाँध र दोधारा-चाँदनीमा मुलुकको राष्ट्रिय स्वाभिमान र राष्ट्रियता माथि पारेको चोटमा मलम पट्टि लगाउँदै धारा नं ५ मा "नेपालको पानीको आवश्यकतालाई प्राथमिकता दिइनेछ" भनेर उपहास गर्दै धारा नं. ७ मा "महाकाली नदीका दुवै किनारा छेउमा बसोवास गर्ने स्थानीय समुदायले पञ्चेश्वरमा औसत वार्षिक प्रवाहको ५ प्रतिशत..... पानीको उपयोग" गर्न दिने कुरा उल्लेख गरेता पनि" पञ्चेश्वरमा औसत वार्षिक प्रवाह करिब ५८२ 'क्यूमेक्स पानीको ५% ले हुन आउने करिब २९.१० क्यूमेक्स पानी नबढ्ने गरी प्रत्येक पक्षले उपभोग गर्न सकिने देखिए पनि "प्रतिकूल प्रभाव पर्ने गरी यसको उपभोग नगर्ने" जस्ता प्रावधान अघि सारेर नेपालले सो पानी प्रयोग गर्न ढोका थुनेर २९.१० क्यूमेक्स पानी भारत पक्षले नै बढी उपयोग गर्न सक्ने आधार खडा गरेको छ । अर्कोतिर दुवै पक्षले ५-५ प्रतिशत हो कि, दुई पक्षले पाँच प्रतिशत हो, वा भारतले बढी नेपालले घटि वा नेपालले बढी भारतले घटि वा जसले पहिले प्रयोग गर्न सक्यो उसैले हो सो समेत स्पष्ट छैन ।

पाँचौ कुरा, पञ्चेश्वरमा ३१५ मीटरसम्म अग्लो बाँध हालेर महाकालीमा वर्षाको झरिको पानी ढलो सबै जम्मा गर्ने क्षमताको ठूलो ड्याम बनाउने योजना छ । त्यसबाट विद्युत उत्पादन गर्ने, सिंचाई गर्ने र बाढी नियन्त्रण गर्ने भन्ने योजना बनाइएको छ । उक्त बाँध बनाउन नेपालले करिब २४ करोड ६० लाख ६० हजार अमेरिकी डलर अर्थात करिब १४ अरब ने.रू. लगानी गर्नु पर्ने देखिन्छ । त्यसरी लगानी गरेर वर्षाभरीको पानी संकलन गर्दा पञ्चेश्वरमा सरदर वार्षिक पानीको वहाव ५८२ क्यूमेक्स हुन आउने देखिन्छ । त्यसमध्ये नेपालले करिब ११८ क्यूमेक्स र भारतले करिब ४४९ क्यूमेक्स पानी उपयोग गर्ने देखिन आउँछ । यसरी सिंचाई तथा बाढी नियन्त्रणको क्षेत्रमा नेपालले २३ प्रतिशत लगानी गर्नुपर्ने र भारतले ७७ प्रतिशत लगानी गर्नुपर्ने देखिन्छ भने त्यसबाट नेपालले केवल १ प्रतिशत र भारतले ९९ प्रतिशत लाभ प्राप्त गर्ने देखिन आउँछ ।

छैठौं कुरा, त्यतिमात्र होइन नेपालको अरबौं रकम लगानी गरेर संकलन गरेको पानी मध्ये करिब १३५.७८ क्यूमेक्स पानी सित्तैमा नदीमा छोड्न पर्ने र सो पानी अन्ततः भारतले नै बिना लगानी सित्तैमा उपयोग गरे पनि नेपालले दावी गर्न नपाउने भएको छ । (हेर्नुहोस् परिशिष्ट -१)

उपरोक्त तथ्यहरूले के देखाउँछ भने पञ्चेश्वरबाट पाइने पानी हाम्रो अरबौं रूपियाको लगानीको कारणले पाइने हो । टनकपुरबाट पाइने पानी उक्त बाँध बनाउन नेपालको जमिन उपभोग गर्न दिएको कारणले हो भने शारदाबाट पाउने पानी पनि

शारदा बाँध बनाउन नेपालको जमिन दिइएको कारणले हो । तसर्थ ती सबै ठाउँबाट पाइने पानी महाकाली नदीमा नेपालको हक स्थापित भएको छैन । महाकाली नदीको पानीको कुल परिमाणमा नेपालको हक स्थापित भएर होइन । शारदा बाँध र टनकपुर बाँधमा नेपाल ठगिएको हुनाले पंचेश्वरबाट सोको सोधभर्ना लिउँला भनेको भएपनि यस सन्धिमा नेपाल ठगिएको छ । शारदा बाँध र टनकपुरबाट गुमाएको पानी माथिको अधिकार गुमाएकै छ । गुमेको नेपालको अधिकार पञ्चेश्वरबाट प्राप्त गर्ने भन्ने कुरा सोम शर्माको कुरा जस्तै बन्न गएको छ ।

सातौ कुरा, यो सन्धिको अनुमोदन गर्नु भनेको शारदा बाँधबाट भारतले उपभोग्य उपभोग गर्दै आएको ३३५ क्यूमेक्स पानी माथि भारतको अधिकारलाई वैधानिकता प्रदान गर्नु र अग्राधिकारको सिद्धान्तलाई समेत अनुमोदन गर्नु हो । महाकालीमात्र होइन गण्डकी र कोशीको करिब ९७ प्रतिशत पानी भारतले प्रयोग गर्दै आएकोलाई पनि भारतको अग्राधिकार प्रदान गर्ने नजीर स्थापिन गर्नु हो । अर्थात् अब गण्डकी, कोशी र महाकालीवाट भारतले लगिरहेको विद्यमान उपभोग्य उपयोगको पानी सदा-सदाको लागि भारतको अग्राधिकार कायम हुने खतरा उत्पन्न भएको छ ।

आठौं कुरा, अहिलेको सन्धिका प्रावधान अनुसार नेपालको विद्यमान उपभोग्य उपयोग सरदर ४१ क्यूमेक्स र भारतको सरदर वार्षिक २४८.३८ क्यूमेक्स (भारतले शारदावाट मात्र ३३५ क्यूमेक्स पानीको उपभोग्य उपयोग गरिरहेको छ) देखिने र सन्धिको अनुमोदनपछि नेपालले सरदर वार्षिक ४१ क्यूमेक्स र भारतले सरदर वार्षिक २४८.४ क्यूमेक्स पानीको उपभोग गर्नेदेखि आउँछ जसले "नेपालको करिव ४४ हजार हेक्टर जमिन सिंचित हुने र भारतको भने करिव ३८ लाख हेक्टर जमिन सिंचाइ हुने देखिन आउँछ ।" *(एकिकृत महाकाली विकास सन्धिमा नेपाल किन र कसरी ठगिएको छ । रामेश्वरमान अमात्य पृ. ४३)*

नवौं कुरा, एउटा सर्वेक्षण अनुसार महाकाली नदीको कुल परिमाण ७२६ क्यूमेक्स पानी देखिन आउँछ जसमध्ये जलस्रोत मन्त्रीज्यूले ६।५।०५३ मा दिनु भएको प्रश्नको लिखित जवाफ अनुसार पनि "नेपालको उपभोग्य उपयोग वार्षिक औसत ४१ क्यूमेक्स पानी" रहेको छ अर्थात् महाकाली नदीको कुल पानीको ५.१२ प्रतिशतमात्र देखिन आउँछ र बाँकी सबै भारतले नै उपभोग गर्ने देखिन आउँछ ।

महाकाली नदीको एकिकृत विकास सम्वन्धी सन्धिको धारा नं. १, २, ३ र ४ का प्रावधानहरू र माथि उल्लेख गरिएका तथ्यहरूले के साबित गर्दछ भने यो सन्धि असमान छ, नेपाल राष्ट्र ठगिएको छ र महाकाली नदीको पानी माथिको अधिकार

(Water Rights) कायम भएको छैन। त्यसकारण यो सन्धिको अनुमोदनले राष्ट्रियहितमा आघात पुऱ्याएको छ, मुलुकको सार्वभौमिकता र राष्ट्रियता माथि चोट पुऱ्याएको छ, मुलुक अपमानित भएको छ र नेपाल फेरि एकचोटी नराम्ररी ठगिएको छ ।

४. विद्युत बजार र त्यसको महसुल (Tariff) निर्धारणको सम्बन्धमा:

पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको ३ वटा उद्देश्यहरू मध्ये एउटा महत्वपूर्ण उद्देश्य भनेको पञ्चेश्वरमा ३१५ मिटरसम्म अग्लो बाँध हालेर त्यस क्षेत्रको वर्षात्को पानी ढलोको सबै भेल पानी संकलन गर्ने र पञ्चेश्वरबाट ६४८० मेघावाट, रूपालगढबाट २४० मेघावाट विद्युत् उत्पादनको साथै टनकपुरको विद्युत् उत्पादन क्षमता समेत वृद्धि गर्नु रहेको छ। त्यसरी विद्युत् उत्पादन गर्न लाग्ने खर्च दुवै पक्षले बराबर लगानी गर्ने र लाभ पनि बराबर लिने प्रावधान रहेको छ। यसरी उत्पादन भएको विद्युत् नेपालको वर्तमान विद्युत् खपत भन्दा बढी विद्युत भारतलाई बेच्ने र त्यसबाट नाफा प्राप्त गर्ने मधुर कल्पना गरिएको छ। देश नै झल्मल्ल हुने "पश्चिमबाट घाम उदाउने" र मुलुकमा विकाशको मुल नै फुट्ने परिकल्पना गरिएको छ। यसमा सन्धिको प्रावधानहरूलाई अध्ययन गरेर निम्न कुरामा ध्यान राख्न जरूरी छ ।

पहिलो कुरा, सन्धिको धारा नं. ३ को उपधारा (४) अनुसार "नेपालको भागको विद्युतको केही हिस्सा भारतलाई बिक्री गरिने छ" भनी उल्लेख गरिएको छ। अंग्रेजीमा "Shall be sold to India " अर्थात् भारतलाई नै बेच्नु पर्ने बाध्यकारी शब्द प्रयोग गरिएको छ । यस प्रावधानले नेपालले तेस्रो पक्षलाई बेच्न नसकिने गरी बाँधिदिएको छ ।

दोस्रो कुरा, सन्धिमा कतै पनि नेपालले बेच्ने विद्युत् भारतले किन्ने छ वा किन्नु पर्नेछ भन्नेसम्म पनि उल्लेख गरिएको छैन । केवल भारतले किन्ने छ भन्ने अपेक्षा गरिएको छ ।

तेस्रो कुरा, उक्त प्रावधानले विद्युत किन्ने वा नकिन्ने स्वेच्छा भारतलाई नै छोडिएको छ अर्थात् भारतले किन्न पनि सक्छ नकिन्न पनि सक्छ भन्ने स्पष्ट देखिन्छ ।

चोथौ कुरा, भारतले सो विद्युत त्यस बेला मात्र किन्छ जुन बेला भारतले भनेको मोलमा नेपालले दिन तयार हुन्छ। त्यसैले सन्धिको धारा ३ (४) मा "परस्पर मन्जुर भए बमोजिम" मूल्य निर्धारण गरिने कुरा उल्लेख छ। अर्कोतिर, २९ माघ,, ०५२ मा भएको प्रधानमन्त्री स्तरिय पत्राचारमा "लगानीमा हुने वचतका आधारमा" मूल्य निर्धारण गरिने कुरा उल्लेख गरिएको छ। जसले गर्दा मूल्य निर्धारण कुन सिद्धान्तमा आधारित भएर गरिने हो भन्ने अस्पष्टता रहेकों छ ।

पाँचौ कुरा, पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको ७५ प्रतिशत लाभ विद्युतबाट प्राप्त हुने अपेक्षा गरिएको छ र "लाभको आधारमा लगानी"को सिद्धान्त अनुसार नै लगानी निर्धारण गरिने भएको छ। जस अनुसार विद्युत उत्पादनको लागि कुल लागत मध्ये नेपालले ८४ करोड ८० लाख ४० हजार अमेरिकी डलर अर्थात् ने.रू. ४८ अरब, १२ करोड, ६२ लाख ७० हजार रकम लगनी गर्नु पर्ने अनुमान गरिएको छ। यति ठूलो रकम लगानी गर्न ऋण कहाँबाट पाउने ? के ऋण दिने व्यक्ति वा संस्थाले विद्युत खपत हुने बजार र नाफा सुनिश्चितता विना लगानी गर्ला ? प्रश्न उठ्नु अस्वभाविक हुँदैन।

छैठौ कुरा, विद्युतको मूल्य निर्धारण गर्ने मुख्य ३ वटा सिद्धान्तहरू छन् (१) Cost Plus अर्थात विद्युत प्रतियूनिट लागत कतिपर्छ सो हिसाब निकालेर त्यसमा निश्चित मुनाफाको प्रतिशत जोडेर मूल्य निर्धारण गर्ने (२) Alternative Cost अर्थात् जति विद्युत उत्पादन गर्ने हो त्यसको विकल्प थर्मल प्लान्ट, मल्टीफूयल प्लान्ट, विण्ड पावर, आणविक उर्जा वा अन्य विकल्पमा त्यति नै विद्युत उत्पादन गर्न जति खर्च लाग्छ सो वैकल्पिक खर्चको आधारमा मूल्य निर्धारण गर्ने (३) Avoided Cost अर्थात् जति विद्युत निकाल्ने हो त्यतिकै बराबरको वर्तमान अवस्थामा विद्युत खपतको सबैभन्दा माथिल्लो बिन्दुमा उत्पादन हुँदा लाग्ने खर्चको आधारमा मूल्य निर्धारण गर्ने मध्ये कुन सिद्धान्त अवलम्बन गर्ने हो सो किटान नगर्ने र विद्युत खपत हुने बजारलाई सुनिश्चितता प्रदान नगर्ने कामले मूल्य निर्धारण गर्दा नेपाल ठगिनुका साथै लगानीकर्ताहरूलाई आकर्षण गराउन सकिन्न।

सातौ कुरा, पञ्चेश्वर हाइ ड्याम संसार कै अग्लो ड्याम मध्ये पर्दछ। त्यसमा नेपालको २३८० वर्ग किलो मिटर Catchment Area र भारतको ९७२० वर्ग किलोमिटर Catchment Area को वर्षादका भेल पानी संकलन गर्दा त्यसको चापले कुनै पनि बेलामा बाँध टुट्न सक्छ। दोस्रो, पश्चिमाञ्चल क्षेत्र नेपालको धेरै भूकम्प जाने क्षेत्र हो। अत: भूकम्पबाट कुनै पनि बेला बाँध टुट्न सक्छ। तेस्रो, त्यति ठूलो हाई ड्याम बनाउँदा पर्यावरण शन्तुलन विग्रन जाने हुनाले पर्यावरण विदहरू अमेरिका र भारतकाहरूले विरोध गर्न थालिसकेको छन्। चौथो, उत्तर प्रदेश भारतका राजनीतिज्ञहरू र जनताले समेत त्यसको विरोध गर्न थालिसकेका छन्। पाँचौं सो ड्याम बनाउँदा एकातिर गाउँका गाउँ नै जलमग्न हुने हुनाले त्यसको भारमा पर्ने गाउँले जनतालाई बसोवासको व्यवस्था कसरी गर्ने भन्ने प्रश्नको साथ बाँध भत्किएमा लाखौ जनता मारिने र बेघरवार हुने एवं लाखौं हेक्टर जमिनको भू-क्षय हुन सक्ने संभावनालाई पनि ईन्कार गर्न सकिन्न।

उपरोक्त संभावनाहरूलाई हेर्दा पञ्चेश्वर आयोजना बने पछि विजुली व्यापार गरेर देश झिलिमिली पार्ने भन्ने परिकल्पना सोम शर्माको कथा बन्न सक्छ र ७६ वर्ष पहिलेदेखि शारदा बाँधमा ठगिएको नेपाल अझ ७५ वर्ष बढी ठगिनको लागि, आयु सकिएको शारदा बाँधलाई संजीवनी बुटि दिने काम र राष्ट्रघाती टनकपुर सन्धिलाई वैधानिकता प्रदान गर्ने काम मात्रै हुन जाने देखिन्छ ।

महाकाली सन्धिको विरोध किन ?

महाकाली सन्धिको विरोध किन भैरहेको छ भन्ने कुरा बुझ्न सजिलो होस भन्नाका लागि महाकाली सन्धिको प्रत्येक धाराको सुक्ष्म विश्लेषण यहाँ प्रस्तुत गरिएको छ ।

१. टनकपुर सन्धिदेखि अहिलेसम्म नेपालका देशभक्त वामपन्थी एवं राष्ट्रवादी शक्ति तथा व्यक्तिहरूले उठाएको मूलभूत सवाल भनेको महाकाली नदीलाई अन्तर्राष्ट्रिय सीमा नदी मान्नु पर्छ र सो अनुसार महाकाली नदीको पानीमा नेपालको आधा हक स्थापित हुनुपर्छ भन्ने नै हो । तर "महाकाली सन्धि" को प्रस्तावनामा महाकाली नदीलाई मुलभूत रूपमा सीमा नदी (Basically Border River) स्विकार गरेको छैन । सन्धिको प्रावधान अनुसार "नदीको अधिकांश भाग दुई मुलुकबीच सीमा नदी" भनिएको छ । यही मान्यताको आधारमा शारदा बाँध रहेको बनवासा क्षेत्र र टनकपुरबाँध रहेको ब्रम्हदेवमण्डी क्षेत्र र दोधारा-चाँदनीमा समेत सीमानदी मान्न अस्विकार गरेको छ । यसरी यो "महाकाली सन्धि"मा टनकपुर सन्धिदेखि उठाउँदै आएको सवाल महाकाली नदीलाई आधारभूत सीमा नदी मानिएको छैन तर पनि सन्धिलाई अनुमोदन गराउने काम भएको छ ।

२. सन् १९२० मा शारदा बाँध सम्वन्धी भएको संझौतामा गरिएको व्यवस्था अनुसार अहिले "महाकाली सन्धि" को धारा नं. १ मा सुख्खायाममा ४.२५ र वर्षायाममा २८.३५ क्यूमेक्स पानी नेपालले पाउने भनी तोकिएको छ । तर सोहि सझौता अनुसार भारतले पाउने २७१. क्यूमेक्स पानीको र विद्यमान उर्पभोग्य उपयोग ३३५. क्यूमेक्स पानीको वारेमा कतै कुनै उल्लेख गरिएको छैन । महाकाली नदीको पानीको बाँडफाँडमा यति ठूलो असमानता भएको र सम्झौताको अवधि समाप्त भैसकेको सन् १९२० को शारदा बाँध सम्वन्धी संझौतालाई नविकरण गर्ने, ७५ वर्ष आयु लम्बाउने र त्यति ठूलो असमानता र नेपाल ठगिएको कुरालाई प्रत्यक्ष स्विकार गरेर "महाकाली सन्धि" अनुमादेन गर्ने काम भएको छ ।

३. धारा नं. २ मा उल्लेख गरिए अनुसार टनकपुरवाट पाउने भनिएको पानी र विजुली पनि महाकाली नदीलाई सीमा नदी मानेर वा महाकाली नदीको पानीमा नेपालको हक भएको कारणले होइन, धारा २ (२) अनुसार "टनकपुर बाँधको पूर्वी एफलक्स वन्डको वदलामा" दिइएको किटान गरिएको छ । यसरी टनकपुरमा महाकाली नदी माथि नेपालको हक स्थापित नै नगरी ५७७. मिटर लामो एफलक्स वन्ड वनाउन

२.९ हेक्टर नेपालको जमिन दिए वापत (वा गुमाएर ?) मात्र गिरिजाको सरकारको पालामा भन्दा जम्मा ४.२५ क्यूमेक्स बढी पानी र भारतका प्र.म. चन्द्र शेखरको मिति १७ मई, १९९१ को पत्र अनुसार २५ मेगावाट विद्युत दिन राजी हुनुका बावजुद ५ करोड युनिट विद्युत पाउने कुरालाई स्विकार गरेर "सम्वृद्ध र ाष्ट्रवाद"को नाउमा महाकाली सन्धि अनुमोदन गराउने काम भएको छ ।

४. पंचेश्वर आयोजनाको बारेमा उल्लेखित सन्धिको धारा नं. ३ मा "महाकाली नदीको पानीको उपभोगमा पक्षहरूको समान हक रहेको" उल्लेख गरिएको भए पनि "महाकाली नदीको पानीमा आ-आफ्ना विद्यमान उपभोग्य उपयोगमा प्रतिकुल असर नपर्ने गरी" बाँकीमा समान हक भन्ने अर्थ लाग्न जान्छ । शारदा बाँधमा वग्ने कुल पानी ३३९.२५ क्यूमेक्स मध्ये भारतको ३३५. र नेपालको ४.२५ क्यूमेक्स पानी विद्यमान उपभोग्य उपयोग रहेको देखिन्छ । पंचेश्वर आयोजना पूरा हुँदा वार्षिक औसत खपत हुने पानी ५६७. क्यूमेक्स मध्ये नेपालले ११८. र भारतले ४४९. क्यूमेक्स उपभोग गर्ने देखिन आउँछ । अर्कोतिर, पंचेश्वर आयोजना पूरा भएपछि ५८२. क्यूमेक्स पानी उपलब्ध हुने र टनकपुरसम्म नेपालका ३ वटा र भारतका ३ वटा नदीहरू महाकाली नदीमा मिसीएर १४४. क्यूमेक्स पानी थपिन जाने र टनकपुरमा ७२६. क्यूमेक्स पानी उपलब्ध हुने देखिन्छ । त्यसमध्ये नदीको पर्यावरणीय पद्धति कायम राख्न १०. क्यूमेक्स पानी छोड्दा ७१६. क्यूमेक्स पानी बाँकी रहन्छ । दुई भाग बराबर वाड्दा एक पक्षको भागमा ३५८. क्यूमेकस पर्नु पर्नेमा (भारतको ३३५. र नेपालको ४.२२ क्यूमेक्स गरी जम्मा ३३९.२५ क्यूमेक्स विद्यमान उपभोग्य उपयोगीता रहेको पानी कटाउँदा) बाँकी रहने ३७६.७५ क्यूमेक्स पानीलाई मात्र दुई बराबर भाग लगाउने प्रावधान अघि सारिएको छ । अर्को एक सर्वेक्षण अनुसार कुल पानीको परिमाण ७२६. मध्ये भारतले ४६१.७० र नेपालले २५४.३० क्यूमेक्स पाउने र १०. क्यूमेक्स नदीको पर्यावरणीय पद्धति कायम राख्न छोडिने प्रावधान अघि सारिएको छ । यसरी यस सन्धिमा विद्यमान उपभोग्य उपभोगको कुरा अगाडि सार्दै भारतले उपयोग गरिरहेको पानीको मात्रालाई "प्रतिकुल असर" नपरोस् भन्ने अवधारणा सन्धिको यस प्रावधानमा अघि सारि एको छ ।

५. सन्धिको धारा ३ को उपधारा (४) मा "नेपालको भागको विद्युत..... भारतलाई बिक्री गरिनेछ" भनिएको छ । यसरी भारत बाहेक तेस्रो देशलाई बेच्न नपाउने प्रावधान अघि सारिएको छ भने सो विद्युत भारतले किन्ने छ वा किन्नु पर्नेछ भन्ने कतै उल्लेख छैन । त्यसको साथै विद्युतको मूल्य निर्धारण सम्बन्धमा "परस्पर मन्जुर

भएबमोजिम" निर्धारण गर्ने कुरा उल्लेख छ । अत: भारतले सस्तो मोलमा पाए किन्ने वा नकिन्ने स्वेच्छा भारत कै रहने यो प्रावधानले विद्युतको बजार र नाफा सूनिश्चित देखिदैन । यस्तो अवस्थामा पञ्चेश्वर आयोजनामा नेपालले लगानी गर्नु पर्ने अनुमानित १ अरब, ९ करोड, ५० लाख अमेरिकी डलर बराबरको ऋण कहाँवाट के को निम्ति खोज्ने ? त्यस्तो अवस्थामा कसले त्यत्रो रकम लगानी गर्ला ?

६. धारा नं. ४ मा दोधारा - चाँदनी क्षेत्रको सिंचाइको लागि नेपालले पाउने पानी भारतले १०. क्यूमेक्स दिने भनिएको छ । यसको अर्थ महाकाली नदी पूरा भारतकै हो र सो पानी भारतले आफ्नो तजविज र निगाहले मात्र दिएको छ । वास्तवमा यहाँ नेपालको राष्ट्रिय स्वाभिमानिता र सार्वभौमिकतामा ठूलो चोट हान्ने र आघात पार्ने काम स्पष्ट देखिन्छ र नेपाल ठगिएको मात्र होइन नराम्ररी हेपिएको पनि छ । किनकी त्यहाँ दोधारा-चाँदनीको त्यस क्षेत्रमा त करिब १८. कि.मी. सम्म महाकाली नदी नेपालमा मात्र वहन्छ ।

७. माथि उल्लेखित प्रावधानमा नेपाल त्यति सारो ठगिएको र हेपिएको अवस्थामा धारा-५ मा गोहीको आँसु चुहाउँदै "नेपालको पानीको आवश्यकतालाई प्राथमिकता दिइनेछ" भनी उल्लेख गरिएको छ । यदि महाकाली नदी साझा हो र महाकाली नदीको पानी माथिको अधिकार नेपाल र भारतको समान र बराबर छ भने "नेपालको आवश्यकतालाई प्राथमिकता" किन ? कुनै एक पक्षले अर्को पक्षलाई प्राथमिकता दिन्छ भने त्यहाँ समानताको प्रश्न नै कसरी उठ्छ र ! फेरि, महाकाली नदीको पानी नेपालले कहाँवाट कति पाउने भन्ने किटानी गरिसकेको अवस्थामा नेपालको हितलाई प्राथमिकता दिने भन्ने कुरा स्वयं हास्यास्पद छ । यो पनि नेपाललाई झुक्याउने र ठग्ने अर्को तरिका मात्र हो ।

८. सन्धिको धारा नं. ७ मा "महाकाली नदीका दुवै किनारा छेउमा वसोवास गर्ने स्थानीय समुदायले पंचेश्वरमा औसत वार्षिक प्रवाहको ५% मा नवढ्ने गरी महाकाली नदीको पानी उपभोग गर्न" सक्ने प्रावधान खडा गरेको छ । पंचेश्वर मा औसत वार्षिक वहाव ७२६. को ५% भनेको ३६.३० क्यूमेक्स हुन आउँछ त्यसमा दुवैले ५-५ प्रतिशत उपयोग गर्न सक्ने हो वा सो ५ प्रतिशतमा नेपालले कति भारतले कति उपयोग गर्ने स्पष्ट छैन । यस प्रावधानमा अघि सारिएको भ्रमको सृजनाले पनि ३६.३० क्यूमेक्स पानी भारतले वढी लान सक्ने देखिन्छ ।

९. धारा नं. ७ को प्रावधानलाई जोड्दै धारा नं. ८ मा सो ३६.३० क्यूमेक्स पानीको "आफ्नो इलाकामा एक्लै कुनै कार्ययोजना, सर्वेक्षण, विकास तथा सचालन गर्न" सक्ने प्रावधान खडा गरेको छ । नेपालले तत्काल कुनै परियोजना संचालन गर्न सक्दैन भनेर जानी बुझी यो प्रावधान खडा गरिएकोछ । भारतले त्यसवाट नेपालले

भन्दा अगाडि नै कुनै योजना संचालन गऱ्यो भने त्यसको उपभोग्य उपयोगिताको आधारमा नेपाललाई ठग्ने अर्को ठाउँ यस धाराले दिएको छ ।

उपरोक्त सन्धिका प्रावधानहरू र तथ्यहरूले के देखाउँछ भने "महाकाली सन्धि" असमान छ, यसमा नेपाल राष्ट्र ठगिएको छ, यसले मुलुकको सार्वभौमिकता र राष्ट्रिय स्वाभिमानलाई आघात पारेको छ र यो सन्धि राष्ट्रिय हित विपरित छ भन्ने कुरा पुष्टि हुन आउँछ। त्यसैकारण मुलुकका देशभक्त वामपन्थी एवं राष्ट्रवादी शक्तिहरू र व्यक्तिहरू "महाकाली सन्धि" को विरोध गरिरहेका छन् ।

"महाकाली सन्धि" र दृष्टिकोणको सवाल

"महाकाली सन्धि" नेपाल-भारत दुई मुलुकबीच सम्पन्न भएको सन्धि हो। यो सन्धिको मुल विषय भनेको प्राकृतिक श्रोत- महाकाली नदी र त्यसको उपयोगिता दुई मुलुकबीच बाँडफाँडको विषय नै हो। त्यसकारण यस सन्धिमा नेपालको हितको लागि प्राथमिकता दिने कि भारतको हितलाई प्राथमिकता दिने ? यो प्रश्न उठ्नु अस्वभाविक होइन। नेपालले नेपाल राष्ट्रको हितलाई प्राथमिकता दिन खोज्नु र भार तले पनि आफ्नो राष्ट्रिय हितलाई प्राथमिकता दिन खोज्नु स्वभाविक छ। कसैले आफ्नो राष्ट्रिय हितको पक्षलाई नजर अन्दाज गर्दछ भने त्यो राष्ट्रियहितको सवालमा देखा परेको भड्काव नै हो। जब आफ्नो राष्ट्रियहितको सवाललाई समर्पण गरेर भए पनि अर्को पक्षलाई रिझाउन खोज्दछ भने त्यो राष्ट्रियताको सवालमा देखा परेको आत्म समर्पणवादी दृष्टिकोण हो।

"महाकाली सन्धि"को विषयमा चलेको विवादको मुख्य विषय भनेको सन्धिलाई जस्ताको तस्तै अनुमोदन गर्ने कि सन्धिमा रहेका त्रुटीहरू, नकारात्मक पक्षहरू राष्ट्रियहितको पक्षमा सच्चाएर मात्र अनुमादेन गर्ने भन्ने नै हो। एउटा पक्षले महाकाली नदी माथि नेपालको हक स्थापित गर्ने, महाकाली नदीलाई अन्तर्राष्ट्रिय सीमानदी मान्दै त्यसको मान्यता मूलत: सीमा नदीको रूपमा स्विकार गर्नु पर्ने, महाकाली नदीकोपानीको कूल परिमाणको आधा भागमा नेपालको हक स्थापित गर्ने जस्ता राष्ट्रिय हितको सवाललाई प्रत्याभूत गरेर मात्र सन्धि अनुमोदन गर्नु पर्दछ अर्थात् सन्धिमा रहेका त्रुटीहरू तथा नकारात्मक पक्षहरू सच्याएर मात्र सन्धि अनुमोदन गर्नु पर्दछ भन्ने मान्यता आँध साच्यो। अर्को पक्षले यो सन्धि प्रगतिशील छ, राष्ट्रियहितको पक्षमा छ, त्यसैले यसलाई अनुमोदन गर्नु पर्छ, सन्धिमा केही कमीहरू छन् भने त्यसलाई अनुमोदन पछि पनि सच्याउन सकिन्छ भन्ने मान्यता अघि साच्यो। उपरोक्त दुई अलग मान्यता दुइ अलग दृष्टिकोणमा रहेको भिन्नताको अभिव्यक्ति नै हो।

हाम्रो पार्टी सत्तामा जाने पार्टी हो, भारतलाई खुसीपार्न सकिएन भने सरकार संचालन गर्न गाह्रो पर्छ भन्ने जस्ता अभिव्यक्ति भनेको भारतेली शासक वर्गलाई हेर्ने दृष्टिकोणमा आएको परिवर्तन हो। त्यसोभए के नेकपा (एमाले) को वर्तमान नेतृत्वमा भारतेली शासक वर्गलाई हेर्ने दृष्टिकोणमा आएको परिवर्तन हो ?

यस प्रश्नको बारेमा भने अलिक गम्भीर भएर नै उत्तर खोज्न जरूरी छ। तत्कालिन महासचिव जननेता मदन भण्डारीले नेकपा (एमाले)को पाँचौ राष्ट्रिय

महाधिवेशनमा "राजनीतिक प्रतिवेदन" प्रस्तुत गर्नु भएको थियो । यतिबेला नेकपा (एमाले)मा देखा परेको बैचारिक विचलन र भारतेली शासक वर्गलाई हेर्ने दृष्टिकोणलाई बुझ्न कमरेड मदन भण्डारीद्वारा प्रस्तुत उक्त राजनीतिक प्रतिवेदनको पेज नं. २९ मा "भारतेली शासक वर्गको सम्बन्धमा" अघि सार्नु भएको विश्लेषण र पेज नं. ४५ मा "राष्ट्रियहितको निम्ति संघर्ष" शिर्षकमा अघि सार्नु भएको विश्लेषणमा केन्द्रीत भएर अध्ययन गर्न जरूरी छ ।

कमरेड मदन भण्डारीले "नेपालको कम्युनिष्ट आन्दोलनमा भारतेली शासकवर्ग प्रतिको दृष्टिकोणमा पनि विविधता रहेको" उल्लेख गर्नु हुँदै उहाँले "नेपालको सामाजिक क्रान्तिलाई भारतीय हित अनुकूल मोड्ने" र "नेपालकै राष्ट्रिय हितहरूलाई हानी पुऱ्याएर नेपालको जलस्रोतबाट फाइदा उठाउँदै आएको छ । देशका विभिन्न भू-भागहरूमा हस्तक्षेप गर्ने काम समेत" भारतेली शासक वर्गले "गरेकोछ" भन्नु भएको छ । उहाँले भन्नु भएको छ- "भुटान बाहेक दक्षिण एसियाका अरू कुनैपनि मुलुकहरूमा भन्दा बढी नेपालमा भारतेली शासक वर्गको हैकम र नियन्त्रण रहँदै आएको छ । यस वास्तविकता माथि उभिएर नेपाल कम्युनिष्ट पार्टीले आम रूपमा राष्ट्रियता र राष्ट्रियहितहरूको आवाज उठाउँदै संघर्ष गर्दै पनि आएको छ । देशको राष्ट्रियहितलाई प्रत्यक्ष वा परोक्ष रूपमा भारतको हातमा सुम्पने नेपालका प्रतिक्रियावादी शासकहरू दोषी छन् । विदेशको हातमा जलस्रोत तथा अन्य प्राकृतिक सम्पदा सुम्पने नेपालकै प्रतिकृयावादी शासकहरूको दृष्टिकोण र व्यवहार राष्ट्रियहित र स्वतन्त्रताको निम्ति मूख्य वाधक रहेको छ" उहाँ भन्नुहुन्छ- "राष्ट्रिय हितको निमित्त संघर्ष गर्दा कहिले कही भारतेली शासक वर्गको मात्र विरोध गर्ने र घरेलु शासक वर्गको राष्ट्रिय गद्धारीलाई विर्सने खालको कमजोरी पनि देखिएको छ ।" अर्कोतिर "ठीक तिनै सवालहरूमा भारतको व्यवहारलाई स्वभाविक ठान्दै उक्त असमान सन्धिहरूकै कारण नेपालको स्वाधिनता जोगिएको छ भनेर तिनीहरूको प्रशंसा गर्ने राष्ट्रिय आत्मसमर्पणवादी चिन्तन पनि केही मात्रामा रहेको छ ।" उपरोक्त भनाइ जननेता मदन भण्डारीको हुन्, जसलाई उहाँले आफ्नो राजनीतिक प्रतिवेदनमा उल्लेख गर्दै पार्टीको पाँचा राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्नु भएको थियो । उक्त "राजनीतिक प्रतिवेदन" पार्टीको पाँचौ राष्ट्रिय महाधिवेशन-द्वारा पारित दृष्टिकोण हो । त्यसैले यो विश्लेषण नेकपा (एमाले)को विश्लेषण हो । पाँचौ राष्ट्रिय महाधिवेशनपछि छैठौ राष्ट्रिय महाधिवेशन सम्पन्न भएको पनि छैन र पाँचौ राष्ट्रिय महाधिवेशनपछि पार्टीले उक्त दृष्टिकोणलाई वदलेर अर्को दृष्टिकोण पनि अघि सारेको छैन । त्यसैले त्यो दृष्टिकोण र चिन्तनका व्याख्याताको रूपमा आफूलाई उभ्याउन चाहनेहरू नै अहिले यतिबेला आएर देशको राष्ट्रिय हितलाई प्रत्यक्ष वा परोक्ष रूपमा

भारतको हातमा सुम्पने नेपालका प्रतिकृक्रियावादी शासकहरूको स्वरमा स्वर मिलाई भारतको व्यवहारालाई स्वभाविक ठान्दै उक्त असमान महाकाली सन्धिका कारण नै- नेपालको सम्वृद्धि ! र स्वाधिनता जोगिएको !! भनेर हर्ष विभोर हुँदै राष्ट्रिय आत्मसमर्पाणवादी चिन्तनलाई मखमली च्यादर ओडाएर कथित "सम्बृद्ध राष्ट्रवाद" र "प्रगतिशील राष्ट्रवाद"को पक्षपोषण गर्दैछन् । वास्तवमा यो दृष्टिकोण नेपालको कम्युनिष्ट आन्दोलनभित्र भारतप्रतिको दृष्टिकोणमा रहेको असन्तुलनको अभिव्यक्ति नै हो । र, यो दृष्टिकोण गलत दृष्टिकोण हो । कमरेड मदन भण्डारीद्वारा अघि सारिएको दृष्टिकोणको विरोधी दृष्टिकोण हो ।

महाकाली सन्धिको वारेमा पार्टीको केन्द्रीय कमिटीको २६ औं वैठकले वनाएको कार्यदलले करिव ३ महिना लामो अध्ययन, स्थलगत निरीक्षण र छलफलको प्रक्रियाको निष्कर्षको रूपमा आफ्नो प्रतिवेदन पार्टीको केन्द्रीय कमिटीको २८ औं वैठकमा प्रस्तुत गरेको थियो । जसलाई पार्टीको केन्द्रीय कमिटीले स्वीकार गरेको पनि छ । अर्थात् कार्यदलले प्रस्तुत गरेको सन्धिका उपलव्धिहरूको १७ वुँदाहरू र सन्धिका सन्दर्भमा सुधारिनु पर्ने २६ वुँदाहरूलाई पनि स्वीकार गरेको छ । २८ औं वैठकले सर्वसम्मतिमा सन्धिमा सुधार गर्नुपर्ने विषयहरूमा नेपालको सरकार र भारतको सरकारवाट लिखित प्रतिवद्धता प्राप्तगरी अनुमोदन गर्ने निर्णय गरिएको थियो । तर सो निर्णय लागु गरिएन । कथित "सम्बृद्ध राष्ट्रवाद" र "प्रगतिशील राष्ट्रवाद"को पक्षपोषण गर्ने साथीहरूले भारतेली शासकहरूले "नेपालको जलस्रोतवाट फाइदा उठाउँदै आएको" पक्षलाई देख्न सकेनन् र नेपालका शासकहरूले आफ्नो शासनसत्ता जोगाउन र टिकाउन "देशको राष्ट्रिय हितलाई प्रत्यक्ष वा परोक्ष रूपमा भारतको हातमा सुम्पने नेपालका प्रतिकृयावादी शासकहरू"को सत्ताको मोहलाई पनि देख्न सकेनन् र भारतेली शासकहरू "महाकाली सन्धि" जुन प्रावधानका साथ महाकाली नदी र त्यसको पानी माथिको नेपालको हक खोसेर आफ्नो हितमा प्रयोग गर्ने जुन चालवाजीका साथ असमान सन्धि लाद्न खोजेका थिए, त्यसलाई देख्न सकेनन् । वर्तमान देउवाको नेतृत्वमा रहेको त्रिसंकु सरकार खुद आफूभित्रको अन्तरकलह र एक वर्षीय शासन कालभरिमा पनि राष्ट्र र जनताको हितमा कुनै खास काम गर्न नसकेर जन आक्रोसको तारो वन्दै गएको थियो । भारतेली शासक वर्गको समर्थन र टेको-पुंडोमा आफ्नो सत्ता टिकाउने जुन प्रयत्नका साथ उक्त सन्धि यसै सदनवाट पास गराएरै छोड्ने हठवादिता देखाइरहेका थिए, ती दुवै पक्ष- नेपालका प्रतिक्रियावादी शासकहरू र भारतीय हैकमवादसँग स्वरमा स्वर मिलाई महाकाली सन्धि यसै पटकको संसदको दशौं अधिवेशनमा नै अनुमोदन गराई छाड्ने राष्ट्रिय आत्मसमर्पाणवादी दृष्टिकोणलाई "सम्वृद्ध राष्ट्रवाद" र "प्रगतिशील

राष्ट्रवाद" को दोसल्ला ओडाएर महाकाली सन्धि अनुमोदन गराउन दुर्भाग्यपूर्ण भनौं या संयोगको कुरा-उपरोक्त ३ वटै पक्षको समान इच्छा र चाहना जाहेर भएको पाइयो। दृष्टिकोणमा आएको विचलन र वैचारिक भड्काव स्पष्ट रूपमा देखिन आया। क. मदन भण्डारीले आफ्नो प्रतिवेदनमा भन्नु भएको छ- "राष्ट्रिय स्वाधिनता जोगाउन र देशको आर्थिक विकास गर्नका निम्ति एकातिर भारतेली शासक वर्गको हैकमवादी नीतिको विरोध गर्नु जरूरी छ भने ठीक तिनै कुरा प्राप्त गर्नका निम्ति नेपालको प्रतिक्रियावादी शासक वर्गको घुँडा टेकुवा, समर्पणवादी र राष्ट्रिय गद्दारी गर्ने कुराको विरूद्ध दृढ संघर्ष केन्द्रीत गर्नु पनि जरूरी छ।" उहाँले जोड दिएर भन्नु भएको छ- "यस्तो नगरेर कहिले शासकद्वार । उपयोग हुने र कहिले भारतीय हैकमको समर्थक हुने जस्ता दृष्टिकोणहरू गलत छन् ।"

"जलस्रोत सम्वन्धी खासगरी टकपुरको सवालमा त मुलुकको सार्वभौमिक अधिकार प्रादेशिक अखण्डतामाथि नै गंभीर आघात पुऱ्यायो।" (राजनीतिक प्रतिवेदन, पृ ४३) भन्ने निष्कर्षका साथ क. मदन भण्डारीको अगुवाइमा संघर्षशील जनमत तयार गर्न राष्ट्रिय जनजागरण अभियान संचालन गरिएको थियो। राष्ट्रिय हितको निम्ति संघर्षको क्रममा "नेपाल र भारतबीचमा गण्डकीमा राष्ट्र ठगिएको अनुभवले वाँकी नदीहरूमा राष्ट्रियहित र सार्वभौमिकता अकुण्ठित रूपमा ग्यारेण्टी गरिनु अहिले प्रत्येक देशभक्तको निम्ति मुख्य चासोको विषय हो।" त्यसैले "नेपाल-भारतबीच सीमाको रूपमा पनि रहेको महाकाली नदी अन्तर्राष्यिट्रय एवं साझा नदी हो। यसमा नेपाल र भारतको समान अधिकार छ। यस नदीको जलस्रोतको उपयोग गर्ने कुनैपनि परियोजनाहरू दुई राष्ट्रहरूबीचको साझा सहमतिवाट समान पारस्परिक हित र लाभ लिने ढंगले निर्माण गरिनु पर्दछ।"

उक्त दस्तावेजमा टनकपुर सन्धि सम्वन्धमा निष्कर्ष निकाल्दै भनिएको छ- "नेपालको सार्वभौमिकता अपमानित भयो, राष्ट्रिय हितलाई आघात पाऱ्यो र नेपाल ठगियो।" (ऐ.ऐ. पृष्ठ ४६) भारतीय प्रधानमन्त्री रावको नेपाल भ्रमणको वेला टनकपुर सन्धिका कतिपय पक्षमा हेरफेर, थपघट वा स्पष्टिकरण गरेर टनकपुर परियोजनाभित्र प्रयोग भएको नेपाली भूभागको सार्वभौमिकता नेपालकै रहने, पञ्चेश्वर योजनालाई टनकपुर परियोजनाका लाभहरूको वाँडफाँडवाट पूर्णत: अलग गर्ने, १५० क्यूसेक पानी वाह्रै महिना दिने, अरू थप एक करोड समेत २ करोड युनिट विजुली दिने र शारदा परियोजनावाट नेपालले पाएको पानी पाइरहने व्यवस्था गर्ने जस्ता कतिपय कुराहरू रावको भ्रमणको कालमा थपघट गरिएको थियो। त्यसैले महाकाली सन्धिमा रहेका कतिपय गंभीर त्रुटी र कमजोरीहरू राष्ट्र र जनताका हितमा सच्याउन सकिन्छ भन्ने सो दृष्टान्तलाई पनि देख्न सकेनन्। टनकपुरमा पानी र विजुलीको मात्रा अलिकति

बढ्दैमा मात्र "मूल रूपमा महाकाली नदी र टनकपुर परियोजनमा नेपालको राष्ट्रियहित र सार्वभौमिकताको रक्षा गर्ने काम फेरि पनि भएन" (ऐ.ऐ. पृ. ४७) र "टनकपुर सन्धिमा राष्ट्रिय हित र सार्वभौमिकताको ग्यारेण्टी हुने गरी परिवर्तन गरी नयाँ सन्धि गरेर..... पारित गराउने" (ऐ.ऐ.) निष्कर्ष निकालिएको थियो ।

त्यसको साथै टनकपुर सन्धिको प्रसंगमा राष्ट्रियहित र प्रजातान्त्रिक अधिकारको संरक्षणको निम्ति आवश्यक पदार्थ हाम्रो पार्टीले जुनसुकै स्थितिको पनि सामना गर्नुपर्छ र कुनैपनि धम्कि वा प्रलोभनबाट तर्सनु हुँदैन । यो सवाल राष्ट्रियता र प्रजातन्त्रको निम्ति मात्र होइन, स्वयं हाम्रो पार्टीकै जीवनको निमित पनि निर्णायक प्रभाव पार्ने सवाल हो ।" पाँचौ राष्ट्रिय महाधिवेशनको उपरोक्त निष्कर्षलाई के हामी भुल्न सक्छौं ?अनि त्यसै प्रसंगमा क. मदन भण्डारीले सदनमा बोल्नु हुँदा "संसद त के जीवनकै राजीनामा लेखन तयार छु" भन्नु भएको कुरालाई के हामी भूल्न सक्छौं ? के साँच्चि नै पार्टीले महाकाली सन्धिको अनुमोदन गर्ने सम्बन्धमा गरेको निर्णय हाम्रो पार्टीकै जीवनको निम्ति निर्णायक प्रभाव पार्ने सवाल बनेको त हैन ? पाँचौ राष्ट्रिय महाधिवेशनको यस सम्बन्धी उपरोक्त दृष्टिकोण र, लाखौं-लाख राष्ट्रवादी तथा देशभक्त नेपाली जनसमुदाय, हजारौं पार्टी सदस्यहरू तथा सयौं पार्टी कार्यकर्ताहरूको भावना र चाहनाको विरूद्ध के महाकाली सन्धि अनुमोदन गर्ने निर्णय गर्नु उपयुक्त छ ? यी सबै प्रश्नहरूको जवाफ खोज्नु अघि पाँचौ राष्ट्रिय महाधिवेशनमा क. मदन भण्डारीले प्रस्तुत गर्नु भएको "राजनीतिक प्रतिवेदन"मा आधारित भएर हेर्ने हो भने भारतलाई हेर्ने दृष्टिकोणको बारेमा वर्तमान पार्टी नेतृत्वमा देखा परेको दृष्टिकोणको भिन्नतालाई बुझ्न सकिन्छ र त्यस आधारमा महाकाली सन्धिको बारेमा एमालेभित्र देखापरेको मतभिन्नता वास्तवमा भारतलाई हेर्ने दृष्टिकोणमा रहेको भिन्नता नै हो भनेर बुझ्न सकिन्छ । अतः पाँचौ राष्ट्रिय महाधिवेशनको मान्यतामा आधारित भएर पार्टीमा देखा परेको वैचारिक विचलनलाई तुरून्त सच्याउन जरूरी छ । महाकाली सन्धि अनुमोदन गर्ने २९ औं बैठकको गलत निर्णयलाई महसुस गर्दै त्यसलाई फिर्ता लिनु पर्दछ, यस सवालमा देखापरेका राष्ट्रिय आत्मसमर्पणवाद र मण्डले अन्धराष्ट्रवादको विरोध गर्दै प्रगतिशील राष्ट्रवादको झण्डालाई बुलन्दीका साथ उँचो उठाउनु पर्दछ र दह्रो वैचारिक एकताको जगमा आधारित भएर पार्टी एकतालाई अरू बढी सुदृढ र बलियो बनाउनु पर्दछ ।

नेपाल-भारतबीचको सम्बन्ध र "महाकाली सन्धि"

महाकाली सन्धि नेपाल-भारत सहयोगको प्रतिक हो र यो दुबै देशको हितमा र एक आपसी सहयोगको नमूनाको रूपमा समेत चर्चा परिचर्चा भैरहेको छ। यो सन्धि शारदा व्यारेज र टनकपुर ब्यारेजसँग पनि जोडिएको छ। शारदा व्यारेज १९२८ मा तयार भयो। यसको आयु ५० वर्ष हुने अनुमान गरिएको हुँदा अब यो क्षीण भैसकेको छ। त्यसकारणले नै त्यसको विकल्पको रूपमा टनकपुर परियोजना आएको हो। शारदा व्यारेजको निर्माणबाट महाकाली नदीको पानी प्रयोग गरेर करिब २७ लाख हेक्टर भारतीय जमिन सिंचीत गरेको छ। पंचेश्वर आयोजनाबाट करिब १५ लाख हेक्टर जमिनमा थप सिंचाइको सुविधा पुग्नेछ। तर नेपाली क्षेत्रमा भने यस आयोजनाबाट ९३ हजार हेक्टर मात्र जमिन सिंचाइ हुने अनुमान छ।

टनकपुर व्यारेजबाट १२० मेघावाट विद्युत उत्पादन गर्ने योजनाका साथ निर्माण गरियो तर त्यसबाट केलव १ करोड यूनिट नेपालको भूमि प्रयोग गरे वापत दिने भनियो। हाल आएर ७ करोड यूनिटसम्म दिने भन्ने रहेको छ। यसरी हेर्दा शारदा व्यारेज र टनकपुर व्यारेज दुबै भारतले आफ्नो हितमा संचालन गर्‍यो। ती परियोजबाट नेपाललाई केही विजुली र पानी दिने भनिए तापनि वास्तवमा त्यो नेपालकै हकको कुराहो कुनै दान दिएको वा भीख मागेको कुरा होइन। हाम्रो हक महाकाली नदीको आधा पानी हो तर त्यो हक स्थापित भएको छैन। नेकपा एमालेको नेतृत्वमा संचालित टनकपुर आन्दोलन-महाकाली वचाउँ "अभियानमा नेपाली देशभक्तहरूले गरेको माग पूरा भएको छैन। त्यस आन्दोलनको क्रममा शहिद हुनेहरूको माग पूरा भएको छैन ।

के भन्न सकिन्छ भने शारदा र टनकपुर परियोजना संचालनको लागि नेपालले भारतलाई गरेको सहयोग महत्वपूर्ण छ र नेपालको सहयोग र योगदान विना त्यो परि योजना अधुरो नै रहने थियो। तर भारतले नेपालको लागि जुनरूपमा जुन मात्रामा सहयोग गर्नु पदथ्यो त्यस्तो भैरहेको छैन। त्यसकारण नेपाल-भारतको सहयोगलाई द्वन्द्वात्मक ढंगले हेर्नुपर्छ। एक पक्षीय रूपमा नेपालले आफ्नो राष्ट्रियता र सार्वभौमिकतालाई बली चढाएर भए पनि भारतको हित र भलाई गर्ने काम गर्नु पर्दछ भन्ने अर्थमा गरिने सहयोग सहयोग नभएर दास मनोवृत्तिबाट स्वीकार गरिएको दासता मात्र हो।

निश्चय नै भारत हाम्रो छिमेकी मुलुक हो। दुई देशका जनताबीच पौराणिक कालदेखि नै मित्रतापूर्ण सम्बन्ध रहँदै आएको पनि छ। त्यसको साथै नेपालको भू-राजनीतिक स्थितिले गर्दा मुलुकको विकासको लागि छिमेकी मुलुक भारतको सहयोग र सद्भावको आवश्यकता पनि छ। तर सहयोग भनेको दुई पक्षीय हुनु पर्दछ। परस्पर

सहयोग, परस्पर लाभ र परस्पर हितमा आधारित हुनु पर्दछ । आफ्नो प्राकृतिक स्रोत सम्पदा र मातृभूमि लुटाएर भए पनि, आफ्नो सर्वाभौमिकता गुमाएर भए पनि नेपालले संधै भारतकै हित र भलाई हुने काम गर्नु पर्छ, सद्भाव देखाउनु पर्छ भन्नु वास्तवमा त्यो मित्रतापूर्ण सहयोग होइन, दासतालाई स्वीकार गर्नु नै हो । शारदा र टनकपुरबाट पाइने पानी बिजुली नेपालले आफ्नो भू-भागमा दिएर मात्र प्राप्त गरेको छ । अझ त्यसमा नेपालले आफ्नो भागमा पर्ने पानी सिंचैमा भारतलाई दिने काम भएको छ । त्यसकारण अहिले शारदा, टनकपुर र पंचेश्वर समेतको परियोजना बनाएर अघि सारिएको समस्या समाधन "महाकाली एकिकृत विकास परियोजना सम्बन्धी सन्धि" नेपालीको जलस्रोतमा भारतलाई एकाधिरकारवादी ढंगले उपयोग गर्न वैधानिकता प्रदान गर्नु मात्र हो ।

भारतमा भएको पानीको असमान वितरण र अत्याधिक पानीको आवश्यकताको कारण भारतका राज्य-राज्यबीचमा नै पनि ठूलो खिचलो छ । कावेरी नदीको पानीको उपभोग गर्ने सवालमा तमिलनाडु र कर्नाटकबीच, सतलज यमुना लिंकलाई लिएर पंजाब र हरियाणाबीच, यमुनाकै पानीको बाँडफाँड र उपभोगलाई लिएर हरियाणा र दिल्लीबीच तथा उत्तर प्रदेश र राजस्थानबीच र हिमाञ्चल प्रदेशबीच, रावी र व्यास नदिको पानीलाई लिएर पंजाव, हरियाणा र राजस्थनबीच त्रीपक्षीय विवाद, भाखडा बाँधको सवालमा हिमाञ्चल प्रदेशमा भइरहेको विवाद र माही नदिलाई लिएर राजस्थान र गुजरातबीच खिचलो भैरहेको छ ।

त्यसकारण महाकाली नदीको जुन विवाद दुई देशबीच भैरहेको छ त्यो अस्वभाविक छैन । यसमा मुख्य कुरा भारतको हितलाई प्राथमिकता दिएर सन्धि गर्ने की नेपालको हितलाई प्राथमिकता दिएर वा दुई देश र दुई देशका जनताको आपसीहित र आपसी लाभमा आधारित भएर गर्ने भन्ने सवाल नै मुख्य हो ।

दुई छिमेकी मुलुक नेपाल-भारत बीचको मित्रतापूर्ण सम्बन्ध विकास गर्न र अरू बढी घनिष्ट बनाउनको लागि एकले अर्कोको विकास र हितमा योगदान दिने ढंगले आपसी सहयोग र आपसी हितमा आधारित भएर महाकाली सन्धिबारे टुंगो लगाउनु पर्दथ्यो । अहिलेको सन्धिको जुन प्रावधान अघि सारिएको छ त्यो वास्तवमा समानतामा आधारित छैन । आपसी सहयोग र आपसी हितमा पनि छैन र महाकाली नदी र त्यसको पानीको उपयोगीतामा नेपालको हक कायम भएको छैन । त्यसकारण नेपाल-भारतबीचको मित्रतापूर्ण सम्बन्ध विकास गर्नको लागि दुई छिमेकी मुलुकले एक अर्को छिमेकी मुलुकको विकासमा आपसी सहयोग र आपसी लाभ बराबरीको सिद्धान्तमा आधारित भएर दुई छिमेकी मुलुकबीचको मित्रतापूर्ण सम्बन्ध विकास गर्नु पर्दछ ।

महाकाली सन्धि र जलस्रोतको विकास सम्बन्धमा

हाम्रो देश जलस्रोतको धनी देश हो भन्ने कुरामा कुनै विवाद छैन। हाम्रो देशमा करिव ६००० नदीनालाहरू बहन्छन्। त्यसबाट जलविद्युत शक्ति निकाल्ने हो भने करिव ८३ हजार मेघावाट विद्युत उत्पादन गर्न सकिने देखिन्छ। यसलाई हेर्दा धेरै जसले जलशक्तिलाई विद्युत उर्जामा परिणत गरेर विजुली व्यापार गर्ने दृष्टिकोण राखेको पाइन्छ। तर मुलुकको जलस्रोतको उपयोगिता यति मात्र होइन। वास्तवमा जलस्रोतको विकाश सम्बन्धी दुईवटा पक्षहरू छन्। अर्थात् जलस्रोतको विकासलाई दुई भागमा बाड्न सकिन्छ। पहिलो, पानीको उपभोग्य उपयोगिता (Consumptive Use) अर्थात् पानीको क्षय भएर जाने परि योजनाहरू उदाहरर्णाथा खाने पानी परियोजना र सिचाई परियोजना आदि। दोस्रो, पानीको अनुपभोग्य उपयोगिता (Non–Consumptive Use)अर्थात् पानीको क्षय भएर नजाने परियोजनाहरू उदाहरणार्थ विद्युत उत्पादन, मत्स्यपालन, बोटिङ र स्विमीङपुल आदि ।

जलस्रोतको विकास गर्ने उपरोक्त २ वटा पक्षहरू उपभोग्य उपयोगिता र अभोग्य उपयोगिता मध्ये अभोग्य उपयोगितालाई प्राथमिकता दिएर विद्युत् उत्पादन गरी विजुली व्यापार गरेर मुलुकको अर्थतन्त्रको विकास, राष्ट्रको तथा जनताको जन जीवनको उन्नति र सम्वृद्धि गर्ने एउटा धारणा रहेको छ। यसो गर्नको लागि विद्युत उत्पादनको लागि ठूलो रकम लगानी गर्ने तथा स्वदेशी तथा विदेशी लगानी कर्तालाई आकर्षित गरी विद्युत उत्पादन गर्ने र विजुली व्यापारवाट आयआर्जन गर्ने धारणा रहेको छ। तर यो एउटा पक्ष मात्र हो। पानीको अनुपभोग्य उपयोगिताको पक्षलाई छोडेर अर्को पक्ष पनि छ जसबाट मुलुकको अर्थतन्त्रको विकासमा महत्वपूर्ण टेवा दिन सक्छ त्यो भनेको पानीको उपभोग्य उपयोगिता हो।

जलस्रोतवीदहरूले देखाएको तथ्याङ्क अनुसार १ टन धान उत्पादन गर्न ४ हजार टन पानी खर्च गर्नुपर्दछ। त्यस्तै गरी १ टन गहुँ उत्पादन गर्न २ हजार टन पानी खर्च गर्नु पर्दछ । नेपालको कुल कृषी योग्य २५,९८,९७० हेक्टर जमिन छ । (स्रोत: Ne lin figures 1995, Central Bureau of Statistics, Kathmandu) त्यस मध्ये ०५१।५२ सम्ममा कुल सिचित जमिनको क्षेत्रफल ७,१२,७७९ हेक्टर रहेको छ। (श्रोत: पौष ०५२ सिचाइ विभाग) उक्त तथ्याङ्क हेर्दा नेपालको जमिन सिंचाई गर्न आवश्यक पानी भन्दा अरू बढी पानीलाई हामीले बजार विनीमय (Market Comodity) को रूपमा प्रयोग गर्न सक्दछौं। अर्थात् हामीले पानीको विक्री गर्न सक्दछौं। पानीको विक्रीको लागि हामीसँग राम्रो बजार पनि छ। हाम्रो छिमेकी देश

भारतको सिंचाईको लागि पानीको समस्यालाई बुझ्न सकियो भने पानीको व्यापारको लागि बजार सुनिश्चितता रहेको देख्न सक्दछौं ।

भारतको विशाल भूभाग मध्ये सन् २००५ सम्म ११३० लाख हेक्टर जमिनमा सिंचाइको व्यवस्था गर्ने लक्ष्य राखेको छ । त्यसको लागि ७० मीलियन हेक्टर पानी भारतलाई आवश्यक पर्दछ । उत्तर भारतमा पानी छ तर जमिन कम छ । उत्तर भार तमा भएको बढी पानी दक्षिण भारतमा लैजानु पर्ने आवश्यकता छ । उत्तर भारतमा खेतीयोग्य ४१ प्रतिशत जमिन छ भने पानी ६४ प्रतिशत छ। दक्षिण भारतमा ३५ प्रतिशत जमिन छ भने पानी १९ प्रतिशत मात्र छ । भारतमा भएको पानीको असमान वितरण र अत्याधिक पानीको आवश्यकताले भारतका राज्य-राज्य बीचमा नै ठूलो खिचलो छ । सिंचाईको विकास तर्फ हेर्दा भारतले छैठौं पञ्च वर्षिय योजनाको अन्त्यसम्म ६८ मिलियन हेक्टर जमिन सिचाई गरिसकेको छ । प्रत्येक पञ्च वर्षिय योजनामा भारतले १२ देखि १६ मिलीयन हेक्टर जमिन सिचीत गर्ने योजना बनाउँदै आएको छ । सन् २००५ सम्म भारतको सम्पूर्ण सिंचाईयोग्य जमिन (११३ मिलीयन हेक्टर) सिचाइ गर्ने जुन योजना बनाएको छ त्यसको लागि नेपालको पानी नलिइ संभव नै छैन । भारतले आफ्नो योजना सम्बन्धी दस्तावेजमा "नेपाल स्थित भारतीय नदीहरू" मा बाँधहरू बाँधेर भारतले आफ्नो राष्ट्रको आवश्यकता पूरा गर्ने "Some multi purpose projects comprising impressive Hydro-Power development can also be built in the head reaches of the Indian rivers in Nepal." (CL. vol. 62,1981, Page 170 (IEI) योजना बनाएको छ । यसरी नेपालका सबै भारत तर्फ बहने नदीहरु माथि भारतले कस्तो दृष्टिकोण राखेको छ भन्ने कुरा समेत यसबाट छर्लङ्ग हुन्छ । अर्को तर्फ भारतको समस्यालाई बुझ्दा भारतले अहिलेसम्म मुस्कीलले १८ मिलीयन हेक्टर पानी मात्रै जम्मा गर्ने क्षमता विकास गरेको छ। थप पानी जम्मा गर्न भारतले नेपालको सहयोग लिन आवश्यक छ । अर्थात् नेपालको पानी लिनै पर्ने आवश्यकता छ । भारतले आफ्नो जमिनको सिचाईको व्यवस्थाको लागि पनि भारतको भौगोलिक अवस्थाको कारणले पनि पानी जम्मा गर्नको लागि नेपालको विभिन्न ठाउँहरूमा बाँध बनाई पानी स्टोरेज गर्नु पर्ने आवश्यकता छ ।

नेपालमा भएका करिब ६ हजार नदी नालाहरू अन्ततः गंगा नदीमा गएर मिसिन्छन्। गंगालाई नेपालको तर्फबाट मात्र ४५ प्रतिशत पानी उपलब्ध हुन्छ। हिंउदको मौसममा यो योगदान बढेर ७५ प्रतिशतसम्म पनि पुग्दछ । यसरी हेर्दा गंगाको पानीमा नेपालको योगदान औसतमा आधा भन्दा बढी पुग्न जान्छ ।

भारतको पानीको मागलाई हेर्दा नेपालका नदीहरुको पानी माथिको अधिकार

सुरक्षित गर्न सक्ने हो भने नेपालको जलस्रोतको विकासमा पानीलाई बजार विनीमयको वस्तु (Market Comodity) को रूपमा प्रयोग गर्न सक्ने ठूलो सांवना छ। विश्वमा भएको विज्ञान र प्रविधिको विकासले जल विद्युतको विकल्पको रूपमा थर्मल पावर, मल्टीफ्यूल पावर, विण्डपावर, आणविक र सौर्य उर्जा आदि देखिएका छन् भने सिंचाई र खाने पानी जस्ता उपभोग्य उपयोगिताको लागि पानीको विकल्प छैन। भोलिको विश्वले पानीको संकटको अवस्था सामना गर्नु पर्नेछ। पानीका लागि लडाई हुनेसम्मको अवस्था छ । त्यसकारण नेपालको जलस्रोतको विकासको लागि यस पक्षलाई ध्यान दिन जरूरी छ। पानीलाई बजार विनीमयको वस्तुको रूपमा विकास गर्ने सोंच राख्न जरूरी छ। यो जलस्रोतको विकासको लागि पहिलो पक्ष हो । त्यसको साथै पानीको अभोग्य उपयोगिता अर्थात् विद्युत उत्पादन र बिजुली व्यापारको पक्षलाई पनि उत्तिकै ध्यान दिनु पर्दछ। यो जलस्रोतको विकासको दोस्रो पक्ष हो। यी दुई पक्ष मध्ये खतरा रहित र कम लगानी वा बिना लगानी नै पनि भारतलाई नभै नहुने पानीको व्यापार गरेर मुलुकको अर्थतन्त्रको विकास राष्ट्र र जनतामको सम्वृद्धि र प्रगति गर्ने तर्फ विशेष ध्यान दिनु पर्दछ।

नेपाल एक कृषि प्रधान देश हो। मुलुकको जनसंख्याको अत्याधिक भाग कृषि पेशामा आधारित छ। अत्यधिक संख्यामा रहेका किसानहरूको समस्या नै मुलुकको मुख्य समस्या हो। त्यसकारण मुलुकको जलस्रोतको विकासको सम्वन्धमा सोचिरहँदा हामीले यस पक्षलाई देख्न सक्नु पर्दछ। वर्तमान अवस्थामा जलस्रोतको विकास अनुपभोग्य उपयोगितामा केन्द्रीय हुने कि उपभोग्य उपयोगितामा ? अर्थात् जलस्रोतको विकासको दुई पक्ष-उपभोग्य उपयोगिता र अनुपभोग्य उपयोगिता मध्ये प्राथमिकता केलाई दिने ? मुलुकको अत्यधिक संख्यामा रहेका किसानहरूको सिंचाईको वन्दोवस्त गर्ने पक्षलाई प्राथमिकता दिने कि नदिने भन्ने प्रश्नमा आधारित भएर नै समाधान खोज्न र मुलुकको प्राथमिकताको क्षेत्र किटानी गर्न जरुरी छ।

नेपालमा कम्युनिष्ट पार्टीले स्थापना कालदेखि नै मुलुकलाई कृषि प्रधान देश मान्दै आएको छ। कृषि क्षेत्रको विकास र किसानहरूको समस्या समाधानमा केन्द्रीत हुनुपर्छ भन्ने निष्कर्षका साथ मुलुकको सामाजिक-आर्थिक विकासको दृष्टिकोण अघि सार्दै आएको छ। वर्तमान अवस्थामा पनि मुलुकको मुख्य समस्या भनेको किसानहरूको समस्या नै हो र त्यसको समाधान गर्ने विषयमा नै केन्द्रीत हुनु पर्दछ।

मुलुकको कृषियोग्य जमीनको अत्यधिक भागमा सिंचाइको व्यवस्था गर्न सकिएको छैन। अझसम्म पनि नेपाली किसानहरू आकासे पानीमा निर्भर रहेर खेतीपाती गर्नु पर्ने स्थितिको सामना गरिरहेका छन्। यस तर्फ हाम्रो ध्यान जान जरुरी छ। यसलाई

विश्लेषण गर्दा मुलुकले आफ्नो मुख्य ध्यान कृषि योग्य जमीनमा सिंचाइको व्यवस्था गर्ने तर्फ केन्द्रीत गर्नु पर्दछ भन्ने निष्कर्ष निकाल्न सकिन्छ। यसको आधारमा नै मुलुकको जलस्रोतको विकासको सन्दर्भमा उपभोग्य उपयोगिता अर्थात् मुलुकको कृषि योग्य जमीनमा सिंचाइको वन्दोवस्त गर्ने विषयलाई प्राथमिकता दिन जरुरी छ।

उपरोक्त पक्षलाई दृष्टिगत गर्ने हो भने मुलुकको जलस्रोतको विकासको सन्दर्भमा हामीले मेघा प्रोजेक्ट संचालन गर्ने र विद्युत उत्पादनमा जोड दिइ विजुली व्यापार गर्ने अर्थात् जलस्रोतको अनुपभोग्य उपयोगितालाई होइन मुलुकको अत्यधिक ठूलो संख्यामा रहेका किसानहरूको सिंचाइको समस्या समाधान गरी कृषि उत्पादन वृद्धि गर्ने तर्फ जलस्रोतको उपभोग्य उपयोगितालाई प्राथमिकताका साथ किटानी गर्नु पर्दछ ।

यसरी हेर्दा महाकाली नदीको पानी र यसको उपयोगिताको वाँडफाँडको बारेमा हामीले टनकपुर सन्धिदेखि यता अघि सार्दै आएको दृष्टिकोण "महाकाली नदी साझा हो पानी आधा-आधा हो" भन्ने मान्यता स्थापित गर्नु पर्दथ्यो। त्यसमा नै दृढता पूर्णक उभिनु पर्दथ्यो । महाकाली नदीलाई मूलभूत रूपमा सीमा नदी र महाकाली नदीको पानीको नेपालको आधाहक स्थापित गर्नु पर्दथ्यो। त्यसो गर्न सकिएको भए नै महाकाली नदीको पानी नेपालको लागि प्रयोग गरिने भन्दा वढी भाग भारतलाई वेच्न सकिन्थ्यो। र त्यसवाट मूलकको अर्थतन्त्रको विकासको लागि ठोस ढंगले टेवा दिन सकिन्थ्यो। तर "महाकाली सन्धि" को अनुमोदन जसरी हुन गयो। त्यसले उक्त संभावनालाई अन्त्य गरेको छ। र नेपालले आफ्नो हक गुमाएर भारतको स्वार्थमा नेपालको अधिकारलाई भेटी चढाउने काम हुन गएको छ। मित्रताको नाममा भारतको हितको लागि आफ्नो अधिकारलाई तिलान्जली दिने काम हुन गएको छ।

महाकाली सन्धि र नेकपा (एमाले)

हाम्रो देशमा कम्युनिष्ट पार्टीको स्थापना भएदेखि नै यसले मुलुकको राष्ट्रिय र सार्वभौमिकताको लागि लड्दै आएको छ। राष्ट्रवाद र देशभक्तिको आवाज बुलन्द गर्दै आएको छ। कम्युनिष्ट पार्टीको स्थापनाको लगत्तै पछि भएको सन् १९५० को नेपाल-भारत बीच भएको असमान तथा अपमानजक सन्धि होस् वा गण्डकी र कोशी सन्धिको विषय होस्, सुस्ता र महेशपुरमा भएको भारतीय सीमा अतिक्रमण होस् वा मानेभन्ज्याङमा भएको सीमा अतिक्रमणको विषय होस् या राष्ट्रियहित विपरित भएको टनकपुर सन्धिको विषय होस् नेपाल कम्युनिष्ट पार्टीले सधैंभरी राष्ट्रवाद तथा देशभक्तिपूर्ण भावनाले अभिप्रेरित भएर संघर्ष गर्दै आएको छ। राष्ट्रियताको सवालमा जनतालाई सचेत पार्ने, संगठित गर्ने र राष्ट्रवादी आन्दोलनको अगुवाई गर्ने काम गर्दै आएको छ। त्यसकारण हाम्रो देशमा कम्युनिष्ट आन्दोलन भन्ने वित्तिकै राष्ट्रवादी आन्दोलनको रुपमा कम्युनिष्ट भन्ने वित्तिकै राष्ट्रवादी तथा देशभक्तको रूपमा परिचित हुँदै आएको छ।

उपर्यूक्त सन्दर्भमा राष्ट्रियहित विपरित भएको टनकपुर सन्धिको विषयमा नेकपा (एमाले) ले "राष्ट्रिय जन जागरण अभियान" को रूपमा आम जनसमुदायलाई राष्ट्रवादी भावना जागृत गर्नको लागि देश व्यापी रुपमा "महाकाली बचाउँ" आन्दोलन संचालन गरेको थियो। राष्ट्रिय हितको निम्ति संचालित उक्त संघर्षको क्रममा नेपाल र भारत बीचमा जलस्रोतका सम्बन्धमा विगतमा भएका सन्धि सम्झौताहरू असमान छन्, राष्ट्रियहितको दृष्टिकोणले नेपाल ठगिदै आएको छ, तसर्थ महाकाली नदीमा राष्ट्रियहित र सार्वभौमिकता अकुण्ठित रूपमा ग्यारेण्टी गरिनु पर्दछ भन्ने निष्कर्षका साथ नेपाल-भारत बीच सीमाको रूपमा रहेको महाकाली नदी अन्तर्राष्ट्रिय सीमा नदी हो, यसमा नेपाल र भारतको समान अधिकार छ भन्ने मान्यताकासाथ टनकपुर सन्धिको विरोधमा राष्ट्रव्यापी मात्र होइन प्रवासमा समेत देशभक्त नेपालीहरूले विविध ढंगले आन्दोलनमा उत्रिएका थिए। जसले गर्दा राष्ट्रियहित विपरित गरिएको टनकपुर सन्धि सदनवाट अनुमोदन हुन र वैधानिकता पाउन सकिरहेको थिएन।

(क) पोको समाधानको अवधारणा:

टनकपुर सन्धिको सम्बन्धमा देशभक्त तथा राष्ट्रवादी नेपालीहरूले गरेको आन्दोलन, पूर्व प्र.म. गिरिजाप्रसाद कोइरालाले नेपाली जनतालाई ढाटेको र सार्वभौम-सत्ता सम्पन्न सदनलाई गुमराहमा पारेको विषयमा सर्वोच्च अदालतले गरेको फैसला

र नेपाल अधिराज्यको संविधान- ०४७ अनुसार संसदको संयुक्त बैठकबाट अनुमोदन नभएकोले वैधानिकता नपाएको अवस्थामा शारदा बाँध, टनकपुर बाँध र पंचेश्वर बहुउद्देश्यीय आयोजना समेतको महाकाली नदीको एकिकृत विकास सम्बन्धी जुन अवधारणा अघि सारियो त्यो नै "पोको समाधान" को अवधारणा हो। उक्त अवधारणा नेकपा (एमाले) को सरकारको कालमा तत्कालीन उप प्र.म. तथा नेकपा (एमाले) का महासचिव माधव कुमार नेपालद्वारा अघि सार्ने काम भयो। शारदा बाँधको प्राविधिक आयु समाप्त भएको कारणले त्यसको वैकल्पिक समाधानको रूपमा बनाइएका टनकपुर बाँधलाई वैधानिकता प्रदान गर्ने समस्याको उलझनमा परिरहेको र २० औं वर्ष अघिदेखि भारतीय पक्षबाट पंचायत कालदेखि नै पटक-पटक उठाउँदै आएको पञ्चेश्वर आयोजना समेत मिलाएर उपरोक्त तीनवटै समस्या समाधानको एउटा पोको-महाकाली नदीको एकिकृत विकास सम्बन्धी धारणा भारतीय पक्षको चाहना अनुसार शारदा बाँधको वैकल्पिक समाधान, टनकपुर बाँधको वैधानिकता र पञ्चेश्वरको कार्यान्वयन गर्ने एउटा "पोको समाधान" को रूपमा आएको यो अवधारणाले मूलभूत रूपमा भारतीय स्वार्थ पूर्ति गर्ने हो कि ? नेपालको पूर्ति गर्ने हो ? आदि प्रश्न उठ्नु स्वभाविक थियो र छ।

यो अवधारणा भारतीय स्वार्थ पूर्ति गर्ने ढंगले आएको होस् या नेपालको स्वार्थ पूर्ति गर्ने गरी आएको होस्, भारतबाट अघि सारिएको होस् या भारतीय पक्षबाट रोपण गरिएको होस् वा विशुद्ध रूपमा नेपालको चिन्तनको उपज, यो घटनाको विकाश क्रमले नै देखाउने छ। चाहे जुन रूपबाट जसरी यो अवधारणा अघि सारिएको होस् सन्धि र सन्धि अनुमोदनको प्रकृयाले के देखाएको छ भने यसले ७६ वर्ष पूरानो आयु समाप्त हुन लागेको शारदा बाँधको वैकल्पिक समाधान दिएर अरु ७५ वर्ष आयु लम्याउने काम भएको छ, वैधानिकता प्राप्त गर्न नसकी लट्की रहेको टनकपुर बाँध परियोजनालाई वैधानिकता प्रदान गरेको छ र एउटा नयाँ परियोजना- पञ्चेश्वर कार्यान्वयन गर्न सक्ने (?) ढोका खोलिदिएको छ। सन्धिको अनुमोदनबाट हुन गएको उपरोक्त कामको बारेमा वर्तमान अवस्थामा अलग-अलग दृष्टिकोण-राष्ट्रियहित अनुरुप भएको र राष्ट्रियहित विपरित काम भएको जस्ता दुई विपरित धारणालाई जन्माइ दिएको छ। यसको परिणाम के हुने हो वर्तमानमा अघि आएका तथ्यहरू र भविष्यमा देखिने व्यवहार र इतिहासले टुंगो लगाउने छ।

(ख) माघ १२ को राष्ट्रिय सहमतिः

नेकपा (एमाले) सरकारबाट हटेपछि ने.कां.को नेतृत्वमा राप्रपा, सदभावना समेतको तीन पार्टीको संयुक्त सरकार गठन भयो। देउवाको नेतृत्वमा गठन भएको

त्रिशंकु सरकारले माघ १२, ०५२ मा राष्ट्रियस्तरको मान्यता प्राप्त पार्टीहरुको प्रतिनिधित्व हुने गरी एक संयूक्त वैठकको आयोजना गऱ्यो । त्यसमा ने.कां., राप्रपा र नेकपा (एमाले)का समेतको संयूक्त हस्ताक्षरमा राष्ट्रिय सहमति कायम गरियो । उक्त सहमतिका बुंदाहरू निम्न रहेका छन्:- (हेर्नुहोस् परिशिष्ट -२)

"महाकाली सन्धि" अनुमोदन गराउने पृष्टभूमि तयार गर्ने कामको रूपमा आयोजना गरिएको उक्त संयुक्त वैठकवाट कायम गरिएको "राष्ट्रिय सहमति" मा नेकपा (एमाले) को तर्फबाट महासचिव माधव कुमार नेपाल र स्थायी कमिटिका सदस्य के.पी. ओली स्वयंको उपस्थितिमा आ-आफ्नो हस्ताक्षेर गरेर त्यसलाई सहमति प्रदान गर्ने काम भएको थियो ।

एमाले सरकारको कालमा "प्याकेज डिलीङ" (पोको समाधान)का कुरा उठिर हँदा पार्टी अध्यक्ष मनमोहन अधिकारीले त्यसमा आफू सहमत नभएको कुरा अहिले पनि उठाइ रहनु भएको छ भने त्यसकालमा बसेको केन्द्रीय कमिटीको वैठकहरूमा र २५ औं वैठक अघिसम्म पनि त्यस विषय कुनै छलफल भएको थिएन र स्वभाविक रूपमा त्यसबारेमा कुनै निर्णय भएको पनि थिएन । त्यति महत्वपूर्ण विषयमा पार्टी केन्द्रीय कमिटीमा कुनै छलफल र निर्णय नै नगरि पार्टीका महासचिव एवं स्थायी कमिटीका सदस्य द्वय वरिष्ट नेता कमरेडहरूले आफ्नो सहमति किन र कसरी दिनु भयो । यस वारेमा अहिले आएर झन् टड्कारो रूपमा प्रश्न खडा भएको छ ।

(ग) परराष्ट्रमन्त्री स्तरीय सन्धि र २५ औं वैठकको निर्णय

"महाकाली सन्धि" अनुमोदन गराउने पृष्टभूमि र वातावरण तयार गर्ने शीलशीलामा माघ १२, ०५२ को राष्ट्रिय सहति पछि नै भारतका परराष्ट्रमन्त्री प्रणव मुखर्जीको काठमाडौं भ्रमणको क्रममा दुई देश वीच परराष्ट्र मन्त्रीस्तरमा महाकाली नदीको एकिकृत विकास सम्वन्धी सन्धि भयो । संयोगकै कुरा भनौं सन्धि हुँदा एमालेको माघ १४ गते प्रारम्भ भएको २५ औं वैंठक जारी थियो । माघ १५,०५२ मा दुई देशका परराष्ट्रमन्त्री स्तरमा सन्धिमा हस्ताक्षर हुने कार्यक्रममा नेकपा एमाले का प्रतिनिधिको पनि उपस्थितिको लागि आग्रह भयो । वैठकमा सामान्य छलफल पछि केन्द्रीय कमिटीको चालु वैठकवाट नै के.पी. ओली, झलनाथ खनाल, भरतमोहन अधिकारी र प्रेमसिंह धामी समेत ४ जनालाई उक्त कार्यक्रममा पठाउने काम भयो । वहाँहरू त्यस कार्यक्रम उपस्थित भएर सन्धिको दस्तावेज प्राप्त गर्नुभयो र त्यसको वारेमा केन्द्रीय कमिटीलाई जानकारी गराउनु भयो । सरसर्ती एकसरो सन्धि सम्वन्धी दस्तावेज हेरेको आधारमा जे जानकारी केन्द्रीय कमिटीको वैठकलाई गराउने काम भयो केही सदस्यहरूको प्रतिवाद, असहमती र

विरोधका बावजुद पनि हल्का ढंगले हतार-हतार सन्धि प्रति समर्थन र स्वागत गर्ने काम भयो । त्यसको श्रेय लिनको लागि होडबाजी नै भयो । मुलुकका आम जनसमुदायको कुरा छोडौं पार्टी केन्द्रीय कमिटीका सदस्यहरूसम्मलाई पनि सन्धिको प्रतिलिपी हात परेको थिएन । तसर्थ सन्धिका प्रावधानहरूको बारेमा अध्ययन गर्ने र बुझ्ने कुरा निकै टाढा नै थियो । पार्टी केन्द्रीय कमिटीका सदस्यहरु स्वयंले त्यस सम्बन्धमा अध्ययन गर्न र बुझ्न नपाएको त्यस अवस्थामा पार्टी कार्यकर्ता र सिंगो पार्टी पंक्तिलाई त्यसबारेमा जानकारी गराउन सक्ने स्थिति वस्तुगत यथार्थ भन्दा पर थियो । त्यसैले सिंगो पार्टी पंक्ति र आम जनसमुदायमा सन्धिका प्रावधानहरूमा के छ भनी बुझ्ने एउटा जिज्ञासा थियो भने कतै मुलुक गण्डकी र कोशीमा जस्तै ठगिएको त छैन भन्ने सन्देह पैदा भएको थियो ।

(घ) प्रधानमन्त्री स्तरमा भएको सन्धि र २६ औं बैठकको निर्णय:

"महाकाली सन्धि"को बारेमा आम रूपमा व्याप्त जिज्ञासा कौतुहलता, सन्देह र अविश्वासको वातावरणमा प्र.म. देउवाको दिल्ली भ्रमणको क्रममा माघ २९,०५२ (१२ फरवरी १९९६) मा पूनः उही विषयमा प्रधानमन्त्री स्तरमा सन्धि भयो । त्यसपछि अर्को सन्देश उत्पन्न भयो । कतै काठमाडौंमा गरिएको सन्धि र दिल्लीमा गरिएको सन्धिमा फरक त छैन ? एउटै विषयमा दुई पटक सन्धि किन गरियो ? आदि । यस कुराले पनि सन्धिका प्रावधानहरूको बारेमा अलिक गम्भीर भएर अध्ययन गर्नुपर्छ भन्ने उत्प्रेरणा जाग्न थाल्यो । यस्तो स्थितिमा पार्टी भित्र र बाहिर महाकाली सन्धिको बारेमा राम्रो अध्ययन नगरी कुनै निष्कर्ष निकाल्न हुन्न भन्ने विचार प्रबल बन्न थाल्यो ।

मुलुकमा देखापरेको राजनीतिक तरलता र राजनीतिक समिकरणमा परिवर्तनका संकेतहरू देखापरेको स्थितिमा फागुन २९,०५२ मा नेकपा (एमाले) ले देउवा सरकारको विरुद्धमा पेश गरेको अविश्वासको प्रस्ताव असफल पार्न केही बाह्य शक्तिहरू समेतले सकृय रूपमा खेलेको अवाञ्छित भूमिकाको कारणले पनि पार्टी नेता र कार्यकर्ताहरूले तिव्र प्रतिकृया जनाउनु अस्वभाविक थिएन । यस्तो परिप्रेक्ष्यमा २८ चैत्र, ०५२ मा बसेको केन्द्रीय कमिटीको २६ औं बैठकले महाकाली सन्धिका प्रावधानहरूको बारेमा अध्ययन गर्न क. के.पी. ओलीको संयोजकत्वमा ७ सदस्यीय कार्यदल गठन गऱ्यो र उक्त कार्यदलको रिपोर्ट केन्द्रीय कामिटीमा प्रस्तुत गरी केन्द्रीय कमिटीले नै त्यसको अन्तिम निष्कर्ष निकाल्ने निर्णय गऱ्यो ।

उक्त कार्यदलले करिव ३ महीना लगाएर "महाकाली सन्धि" को बारेमा गहिरो अध्ययन गर्ने, आवश्यक स्थलगत निरीक्षण गर्ने र जलस्रोत मन्त्री ज्यूसँग कतिपय अस्पष्ट

विषयहरू बुझ्न पत्राचार गर्ने काम गऱ्यो । (उक्त अवधिमा भएका पत्राचारहरू वारे हेर्नुहोस् परिशिष्ट -३)

त्यसबीच केन्द्रीय कमिटीको २७ औं वैठकले महाकाली सन्धि सम्बन्धमा कार्यदलले केन्द्रीय कमिटीमा आफ्नो प्रतिवेदन प्रस्तुत गरेपछि नै तत् सम्बन्धमा केन्द्रीय कमिटीले नै निर्णय गर्ने र अझ महाकाली सन्धि अध्ययन कै क्रममा रहेको समेत निर्णय गरियो ।

(ङ) कार्यदलको प्रतिवेदन र २८ औं वैठकको निर्णय:

कार्यदलले महाकाली सन्धिको बारेमा गरेको अध्ययन पछि प्रतिवेदन तयार गर्ने क्रममा कार्यदल भित्रको आन्तरिक बहस तिब्र बन्यो र सर्वसम्मत ढंगले प्रतिवेदन तयार हुन नसक्ने स्थिति सिर्जना भयो । अन्ततः भाद्र १७,०५३ मा कार्यदलले आफ्नो प्रतिवेदन महासचिव कमरेड समक्ष प्रस्तुत गऱ्यो । प्रस्तुत प्रतिवेदन माथि स्थायी कमिटीमा छलफल भयो र स्थायी कमिटीमा पनि सर्वसम्मत हुन सकेन । यस्तो स्थितिमा भाद्र १९,०५३ मा केन्द्रीय कमिटीको २८ औं वैठक वस्यो । वैठकमा प्रतिवेदन टेबुल भएपछि कार्यदल भित्र उत्पन्न भएको विवाद प्रकट भयो । कार्यदलले प्रतिवेदन तयार गरी केन्द्रीय कमिटीमा प्रस्तुत गर्ने सवालमा नै गम्भीर रूपमा पार्टी पद्धति उलंघन भएको कुरा खुल्न गयो । (हेर्नुहोस् १६।५।०५३ मा भएको कार्यदलको वैठकको निर्णय हेर्नुहोस् परिशिष्ट-४)

कम्युनिष्ट पार्टीको संगठनात्मक सिद्धान्त अल्पमत बहुमतको मातहत रहेर चल्ने नै हो । तर यतिवेला चर्को रूपमा पार्टी पद्धतिको कुरा उठाइ पार्टी भित्र र बाहिरको स्थितिलाई ततार्इ रहेका वरिष्ट कमरेडहरूबाट नै गम्भिर रूपमा पार्टी पद्धति उलंघन भयो । अहिले महाकाली सन्धिको चर्को विवादको जड नै कार्यदल भित्र भंग गरिएको पार्टी पद्धति नै हो भन्ने स्पष्ट हुन गएको छ । कार्यदलले आफ्नो प्रतिवेदनमा महाकाली सन्धिका उपलब्धिका १७ बुंदाहरू र सन्धिका सन्दर्भमा सुधारिन पर्ने २६ बुँदाहरू अघि सार्दै "महाकाली नदीको एकिकृत विकास सम्बन्धी सन्धिका सन्दर्भमा प्रस्तुत २६ बुंदे सुझावहरू सन्धि अनुमोदन पूर्व सच्याउनु पर्ने" निष्कर्षको पक्षमा कार्यदलका ४ जनाको बहुमत हुँदा हुँदै अल्पमतमा रहेका तीनजना वरिष्ट नेताहरूले पार्टीको पदीय हैसियतको आधारमा संगठनात्मक पद्धति तोडेर बहुमतलाई अल्पमतको रूपमा मत दर्ज गराउने र अल्पमतले बहुमतको रूपमा प्रतिवेदन प्रस्तुत गर्ने काम गऱ्यो ।

त्यस्तो स्थितिमा पार्टी केन्द्रीय कमिटीले कार्यदलको प्रतिवेदन माथि (हेर्नुहोस् कार्यदलको प्रतिवेदन परिशिष्ट-५) गम्भिर रूपमा ६ दिनसम्म गरेको बहास छलफल पछि "सन्धिमा सुधार गर्नु पर्ने" विषयमा नेपाल तथा भारत दुवै सरकारबाट "लिखित

प्रतिवद्धता प्राप्त गरी सन्धि अनुमोदन गर्ने" सर्वसम्मत निर्णय गरियो । त्यसको साथै उल्लेखित लिखित प्रतिवद्धता प्राप्त गर्न पत्राचार भयो । (हेर्नुहोस् पत्राचार परिशिष्ट-६)

(च) २९ औं वैठकको निर्णय:

केन्द्रीय कमिटीको २८ औं वैठकको निर्णय अनुसार भएको पत्राचारको क्रममा भारतीय राजदुत के.वी. राजनले वर्तमान अवस्थामा सन्धि अनुमोदन गर्ने विषयमा सदनमा छलफल चलिरहेको र नेपालको आन्तरिक मामिला भएकोले सन्धिको सम्वन्धमा कुनै टिप्पणी गर्न नसक्ने आफ्नो असमर्थता जाहेर गर्दै पठाएको पत्र र प्र.म. देउवाद्वारा प्रेषित पत्रले पार्टी केन्द्रीय कमिटीको २८ औं वैठकको निर्णय वमोजिमको प्रतिवद्धता जाहेर गर्न सकेन । त्यस्तो स्थितिमा भाद्र २९, ०५२ मा वसेको केन्द्रीय कमिटीको २९ औं वैठकमा उक्त पत्रलाई आधार वनाएर जान सक्ने कि नसक्ने भन्ने विषयमा विवाद उत्पन्न भयो । सन्धिलाई जस्ताको तस्तै अनुमोदन गर्ने पक्षमा रहेकाहरूलाई कुनै प्रतिवद्धताको खासै आवश्यकता थिएन । त्यसकारण सन्धि अनुमोदनका पक्षधर मध्ये केहीले भारत पक्षवाट प्रेषित पत्रमा सन्धिवारे कुनै टिप्पणी गर्न असमर्थता जाहेर गरेको भए पनि "कुटनीतिक व्यक्तिवाट आउने चिठ्ठी यस्तै हो" भनेर त्यसैलाई आधार वनाएर सन्धि अनुमोदन गराउने पक्षमा वकालत गरे भने केहीले सिधै सन्धि अनुमोदन गरेर जानु पर्छ कुनै किसिमको प्रतिवद्धता प्राप्त गरिरहनु पर्दैन भन्ने ढंगले पनि वकालत गर्न पछाडि परेनन् । तर अर्को पक्षले सन्धिलाई जस्ताको तस्तै पारित गर्न नहुने र कार्यदलले प्रस्तुत गरेको सुधार गर्नु पर्ने आधारभूत विषयमा सुधार, संसोधन विना अनुमोदन गर्न नहुने विषयमा दृढता जाहेर गऱ्यो। यसरी २९ औं वैठकमा भएको वहस छलफलमा मत विभाजित भयो । निर्णयको लागि भोटिङ गर्नुपर्ने स्थिति आयो । भोटिङको क्रममा १ जनाले मत वहिष्कार गर्नुभयो, एक जना तटस्थ रहनुभयो र १३ मतको विरुद्ध २० जनाको वहुमतले सन्धि सुधार र संशोधनको लागि सर्वदलीय समितिमा लैजाने र त्यसमा सत्ता पक्ष सहमत भएन भने सन्धि अनुमोदनको विपक्षमा मतदान गरी सन्धि अनुमोदन कार्य असफल पार्ने निर्णय भयो (हेर्नुहोस् परिशिष्ट- ७)। पार्टीको निर्णय पछि पार्टीको संसदीय दलको वैठक आयोजना गरियो । पार्टीका महासचिव कमरेड माधव कुमार नेपालले २९ औं वैठकको निर्णय जानकारी गराउँदै सर्वदलीय समितिमा लान नसकिएमा सन्धि अनुमोदनको विपक्षमा मत दिएर सन्धि अनुमोदन कार्य असफल पार्ने भनी पार्टी ह्विप समेत जारी गर्नुभयो । सो को जानकारी संसदको संयूक्त वैठकमा पनि पार्टीको तर्फवाट गराउने काम भयो ।

त्यसै बीच संसदीय परम्परा र मर्यादाका विपरित एकजना सांसदको अनुरोधमा नाटकीय ढंगले सदन स्थगित गर्ने काम भयो । त्यसैबीच पार्टीका शीर्षस्थ नेताहरुले सत्तापक्षका नेताहरूसँग गोप्य वार्ता गरी ४ दिनको लागि सदन स्थगित गराउने काम भयो ।

पार्टीको यस निर्णयबाट सन्धि अनुमोदनका पक्षमा रहनु भएका साथीहरू र आक्रोसित हुनुभयो। उक्त निर्णयको ठाडो चुनौति दिदै पार्टी निर्णयको विरुद्धमा सार्वजनिक रूपमा पत्र पत्रिका रेडियो र टी.भी. मा समेत आफ्नो मत जाहेर गर्ने र "जाँड, भांग खाएर हामीले सन्धिको समर्थन गरेका होइनौं" भनेर पार्टी पद्धतिको ठाडो उलंघन गर्ने काम समेत भयो ।

(छ) सन्धि अनुमोदनको निर्णय

भाद्र २९ गतेको संसदको संयूक्त वैठक आश्विन ४ गते दिउँसो २:०० बजे बस्ने गरी स्थगित भएको सभामुखद्वारा घोषणा भयो । वैठक स्थगित रहेको ४ दिन मुलुकको राजनीतिमा महाकाली सन्धि अनुमोदन गराउने पक्षमा विभिन्न कोणबाट अत्यन्त गम्भीर गहिरो साजीसपूर्ण खेल भयो। एमालेका केन्द्रीय सदस्यहरूलाई विभिन्न व्यक्तिहरुबाट आफ्नो मत परिवर्तन गरी सन्धि अनुमोदन गर्ने आग्रह सहित विभिन्न ढंगले विभिन्न कोणबाट फोनका घण्टी बज्न थाले ।

त्यसै बीच हाम्रा पार्टीका नेता कमरेडहरु महाकाली सन्धि अनुमोदन गर्ने समस्या समाधानको लागि भारतीय राजदुतावास र सत्तापक्षका नेताहरूसँग अनौपचारिक भेटवार्ताको क्रममा अघि वढेको देखियो अन्ततः नेपाल तथा भारत सर कारबाट सन्धिमा आवश्यक सुधारको लागि लिखित प्रतिवद्धता प्राप्त भएको हवाला दिदै स्थगित रहेको केन्द्रीय कमिटिको २९ वैठक आश्विन ४ गते विहान ८:०० बजे बस्ने सूचना प्रसारण भयो । उक्त वैठकमा पररा्ष्ट्रमन्त्री लोहनी र भारतीय राजदूत के.वी. राजनको पत्र प्रस्ततु भयो। (हेर्नुहोस् परिशिष्ट-८) पुनः ती पत्रहरू सन्धि सुधारको पक्षमा प्रतिवद्धता हुन सक्दैन र सक्छ भन्ने विषयमा विवाद भयो । सो विवाद सर्व सम्मतीमा हल हुन नसकेपछि भोटिङ भयो । सो भोटिङमा पार्टी अध्यक्षलाई वैठकको जानकारी नदिइएकोले अनुपस्थिति रहनु भयो र वैठकमा पार्टी अध्यक्षलाई बोलाउन केन्द्रीय सदस्यहरुले महासचिव कमरेडलाई आग्रह गर्ने काम पनि भयो । तर पार्टी अध्यक्षलाई वैठकमा उपस्थित गराउने काम भएन। त्यस्तो स्थितिमा वैकल्पिक सदस्यहरूको वरियताक्रम अनुसार वैकल्पिक सदस्यहवाट पार्टी अध्यक्षको सार्वजनिक भैसकेको मतका विरुद्धमा मत प्रयोग गर्ने काम भयो। यस्तो स्थितिमा भएको भोटिङमा

१७ मत सन्धिलाई जस्ताको तस्तै अनुमोदन नगर्ने पक्षमा देखियो र १६ मत अनुमोदनको पक्षमा देखिएको अवस्थामा दुनियामा प्रचलित परम्परा र मान्यता विपरित वैठकको अध्यक्षता गरिरहेका क. महासचिव माधव नेपालले आफ्नो मत सन्धि अनुमोदन गरा-उने पक्षमा जाहेर गर्नु भयो जसले गर्दा मत बराबरी १७-१७ को रूपमा विभाजित भयो ।

तटस्थ रहनु भएका दुवै जनालाई वैठकको हलले आफ्नो मत पक्षमा वा विपक्षमा दिन आग्रह गर्दा गर्दै पनि तटस्थ नै रहेको कारण निर्णयमा पुग्न नसक्ने स्थिति देखियो। त्यस्तो अवस्थामा पूनः त्यही सवालमा गोप्य मतदान गरियो । फेरी पनि अध्यक्षलाई उपस्थित गराउने माग वैठकमा रहँदा रहँदै पनि पार्टी अध्यक्षलाई बोलाइएन । त्यस अवस्थामा भएको गोप्य मतदानमा सन्धि पारित गर्ने पक्षमा १७ मत र विपक्षमा १६ मत पऱ्यो एक मत बदर भयो । फेरी पनि दुवै जना तटस्थ रहे । यसरी कमिटीको संख्या ३६ को बहुमत १९ पनि होइन, वैठकमा मतदान गर्ने अधिकार प्राप्त वैठकमा उपस्थित सदस्यहरू ३५ को बहुमत १८ पनि होइन, अत्यन्त झिनो र प्राविधिक बहुमतको निर्णयमा सन्धि अनुमोदन गर्ने निर्णय भयो ।

महाकाली सन्धि अनुमोदन र निर्णय प्रक्रियामा रहेका त्रुटिहरू

महाकाली सन्धि अनुमोदनको लागि प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)को निर्णायक भूमिका रहेको छ। नेकपा (एमाले)ले सन्धि अनुमोदनको विपक्षमा निर्णय गरेमा सन्धि अनुमोदन नहुने र अनुमोदन गर्ने पक्षमा निर्णय गरेमा मात्र संसदको संयुक्त बैठकबाट अनुमोदन हुने स्थिति रहेको थियो । किनकी संसदको तल्लो सदन- प्रतिनिधि सभाका जम्मा २०५ सदस्यहरू मध्ये हालको अवस्थामा रहेका २०१ सदस्यहरू र माथिल्लो सदन- राष्ट्रिय सभाको ६० जना सदस्यहरू समेत जम्मा २६१ जना मध्ये दुई तिहाई सदस्यबाट सन्धि अनुमोदन गर्न सन्धि अनुमोदनको पक्षमा १७४ सदस्य नभैकन सन्धि अनुमोदन हुने थिएन। तल्लो सदनका ८८ जना र माथिल्लो सदनका १२ जना समेत १०० जनाको संख्या रहेको नेकपा (एमाले)ले सन्धिको विपक्षमा मतदान गर्ने वित्तिकै बाँकी रहेका सम्पूर्ण सांसदहरू सन्धि अनुमोदनको पक्षमा गएको भए पनि १६१ मात्र हुने थियो र सन्धि अनुमोदन हुने थिएन । त्यसैले सन्धि अनुमोदन गर्ने वा नगर्ने निर्णायक भूमिका नेकपा (एमाले)मा अन्तरनिहित रहेको थियो ।

उपरोक्त स्थितिमा "महाकाली सन्धि" अनुमोदनमा त्रुटिहरू रहन गएको देखिन्छ। पहिलो कुरा, नेकपा (एमाले)को सन्धि अनुमोदन गर्ने निर्णय प्रक्रिया हेर्दा केही त्रुटिहरू रहनु गएको देखिन्छ। नेपाल अधिराज्यको संविधान- ०४७ अनुसार पार्टी दर्ता हुँदा पेश गरेको पार्टी विधान- ०४७ को अध्याय-३, धारा-८ को (छ) अनुसार "बैठकले लिने महत्वपूर्ण निर्णयमा सिंगो कमिटी संख्याको कम्तिमा ५१ प्रतिशत पूर्ण सदस्यको सहमति हुनुपर्नेछ" भनि स्पष्ट किटान गरिएको छ। र, त्यसमा वैकल्पिक सदस्यहरूले मतदान गर्न नपाउने प्रावधान समेत स्पष्ट पारिएको छ। हालको पार्टी विधान ०४९ को अध्याय-५, धारा-३८ अनुसार कुनै पनि निर्णय सर्वसम्मत बनाउन "प्रयत्न गर्ने र त्यसो नभएमा बहुमतको विचार"को आधारमा निर्णय गर्ने भन्ने पार्टी विधानको प्रावधानले केन्द्रीय कमिटिको बहुमतद्वारा निर्णय गर्ने भन्ने अर्थ लाग्छ। नेकपा (एमाले)को पाँचौं महाधिवेशनद्वारा निर्वाचित सदस्य संख्या ३५ रहेको थियो । त्यसलाई हेर्दा पनि १८ जनाको बहुमत सन्धि अनुमोदनको पक्षमा नभैकन सन्धि अनुमोदनको निर्णय गर्न नहुने थियो । वर्तमान अवस्थामा ३६ जनाको केन्द्रीय कमिटी र ६ जना वैकल्पिक सदस्यहरू रहेको अवस्था छ। वैकल्पिक सदस्यहरूले मतदान दिने अधिकार नहुने हुनाले ३६ जना नै केन्द्रीय कमिटीको अधिकार सम्पन्न अंग हो । त्यसलाई हेर्दा १९ जनाको बहुमत सन्धि अनुमोदन गर्ने पक्षमा भएमात्र सन्धि अनुमोदन गर्ने निर्णय गर्नुपर्ने हो । तर, त्यस्तो नभई भाद्र २९ गते भएको पार्टी केन्द्रीय कमिटीको २९ औं बैठकले सन्धिलाई

संसदको संयुक्त समितिमा लाने र त्यसो गर्न सत्ता पक्ष राजी नभएमा सन्धिको विपक्षमा मत हाली सन्धि अनुमोदन कार्य असफल पार्ने भन्ने निर्णय भएको थियो। र, त्यस पक्षमा २० जनाको बहुमत रहेको थियो। तर अश्विन ४ गते बसेको २९ औं बैठकले विना कुनै कारण त्यस अघि लिएको निर्णयलाई कर्यान्वयन नगरी पुनः त्यही सवालमा मतदान गरियो र सन्धि अनुमोदनको पक्ष र विपक्षमा १७-१७ बराबर मत विभाजित भयो। र, दुई जना तटस्थ रहे। यस्तो अवस्थामा पार्टी विधानमा उल्लेख नै नभएको गोप्य मतदानको प्रक्रिया अपनाइयो। त्यसरी भएको गोप्य मतदानमा पुनः दुई जना तटस्थ रहे, एक मत बदर हुन गयो। र, १६ मतका विरूद्ध १७ मत देखियो। यस्तो अवस्थामा कमिटीको बहुमत पनि होइन, बैठकमा उपस्थित सदस्य संख्याको बहुमत पनि होइन, प्राविधिक र झिनो बहुमतद्वारा सन्धि अनुमोदन गर्ने निर्णय गरियो। यसलाई हेर्दा मुलुकको प्राकृतिक स्रोतको बाँडफाँड जस्तो महत्वपूर्ण विषयमा संसदको संयुक्त बैठक बस्नुपर्ने र त्यसको बहुमतद्वारा होइन दुई तिहाई बहुमतद्वारा अनुमोदन गर्नुपर्ने संविधानको प्रावधानलाई हेर्दा उक्त विषयको महत्वलाई गम्भीरतापूर्वक लिएर पार्टीको निर्णय दुई तिहाईबाट नभए पनि कम्तिमा कमिटी संख्याको स्पष्ट बहुमत अर्थात् ५१ प्रतिशतको बहुमत हुनु वान्छनीय देखिन्छ। तर यस्तो नभई १६ मत को विरूद्ध १७ मत अर्थात् प्राविधिक रूपमा झिनो बहुमतले त्यति महत्वपूर्ण विषयलाई निर्णय गर्ने जुन प्रक्रिया देखियो सो निर्णय प्रक्रिया हाम्रो पार्टीको परम्परा र पार्टी विधानको भावना अनुसार त्रुटिपूर्ण रहन गएको देखिन्छ।

दोस्रो कुरा, प्रतिनिधि सभा नियमावली र राष्ट्रिय सभाको नियमावली तथा संसदको संयुक्त बैठक र संयुक्त समितिको कार्य संचालन नियमावली- ०४८ को नियम ५ ले संयुक्त बैठकको प्रारम्भ र स्थगनको घोषणा सभामुखले गर्ने छ भन्ने उल्लेख गरिएको छ। र, नियम ७ मा संयुक्त बैठकको कार्यविधि भन्ने शिर्षक राखी प्रतिनिधि सभा नियमावलीमा व्यवस्थित कार्यविधि सभामुखले संयुक्त बैठकमा लागू गर्न सक्ने छ भन्ने उल्लेख गरिएको छ। त्यस्तै प्रतिनिधि सभा नियमावली- ०४८ को नियम ८ को उपनियम २ बमोजिम सभामुखले अन्यथा आदेश दिएमा बाहेक सभाको बैठक दिनको ११ बजे शुरू भै ५ बजे स्थगित हुनेछ भन्ने व्यवस्था छ। यसरी दुवै सदनको संयुक्त बैठक पनि सभामुखले अन्यथा आदेश दिएमा बाहेक दिनको ११ बजे शुरू भै ५ बजे स्थगित गर्ने नियमको व्यवस्था रहेको छ भने सभामुखले सो वा अन्यथा आदेश पनि सो संयुक्त बैठक चलिरहेको अवस्थामा वा दिनको ११ बजेदेखि ५ बजे भित्र आदेश दिनुपर्ने हुन्छ। तर २९/५/०५३ को सदनको संयुक्त बैठकमा सभामुखले ४/६/०५३ दिनको २ बजेसम्म उक्त संयुक्त बैठक स्थगन भएको आदेश दिएको र सो दिनको २

बजेदेखि ५ बजेसम्म नेकपा (एमाले)को संसदीय दलको बैठकको कारणले संयुक्त बैठक प्रारम्भ भएको अवस्था थिएन । यसरी उक्त दिनको ५ बजेसम्म बैठक बस्न नसकेपछि सो दिनको भोलिपल्ट वा ५/६/०५३ को दिनको ११ बजे नभई सो संयुक्त बैठक बस्न नियमअनुसार नमिल्ने र बसे पनि सो संयुक्त बैठकको कार्यवाही स्वत: शून्य अवस्थामा रहने बखतमा सन्धिको धारा १२६(२) र संसदको संयुक्त सदनको कार्य संचालनको नियमावली ०४८ को नियम २० र २१ को प्रयोजनको लागि गरिएको सम्पूर्ण कार्य नै त्रुटिपूर्ण रहेको छ ।

यसरी सन्धि अनुमोदनको लागि निर्णायक भूमिका रहेको नेकपा (एमाले)ले गरेको पार्टी निर्णय प्रक्रिया र मूलुकको इतिहासमा नै पहिलो पटक प्राकृतिक स्रोतको बाँडफाँड गर्ने महत्वपूर्ण विषयमा भएको सन्धिलाई अनुमोदन गर्ने संसदको संयुक्त बैठक प्रक्रिया यी दुवै पक्षलाई हेर्दा महाकाली सन्धि अनुमोदन गर्ने प्रक्रियामा गम्भीर त्रुटी रहन गएको छ ।

निष्कर्ष

"महाकाली सन्धि"को वारेमा मुलुकको राजनीतिक परिदृश्यमा चलेको गम्भीर वहस, विवाद र आपत्तिका वावजूद आखिर आश्वीन ४, २०५३ मा संसदको संयुक्त वैठकले "महाकाली सन्धि" अनुमोदन गरेको छ। नेपालको संसदीय इतिहासमा नै पहिलो पटक मुलुकको सार्वभौमिकता, राष्ट्रियता र प्राकृतिक स्रोतको वाँडफाँड गर्ने विषयसँग सरोकार राख्ने सो सन्धि संसद संचालनको नियम र प्रक्रियालाई समेत ख्याल नगरी त्रुटीपूर्ण ढंगले फैसला गरेको छ। संसदको निर्णय प्रक्रियामा रहेको उक्त त्रुटी सच्याउने कुनै ठाउँ छ कि छैन भनेर राष्ट्रवादी तथा देशभक्त कानूनविदहरुले मुलुकको संविधान, ऐन, कानून तथा अन्तर्राष्ट्रिय कानून नियम र नजीरहरुलाई गम्भीर रुपमा अध्ययन गर्नुपर्ने र सोच्नुपर्ने विषय वनेको छ। राष्ट्रिय हित विपरित रहेको, असमान र नेपाल ठगिएको उक्त महकाली सन्धि अनुमोदन गर्ने संसदको फैसला सच्याउने कुनै संवैधानिक तथा कानूनी उपचारको वाटो निकाल्न सक्छ कि सक्दैन भन्ने विषयमा मुलुकको ध्यान एकपटक सर्वोच्च अदालतमा गएर ठोकिएको छ।

देशभक्तिको गौरवपूर्णगाथा वोकेको नेपालको इतिहासमा राष्ट्रवादी तथा देशभक्तहरुले मुलुकको राष्ट्रियता र सार्वभौमिकताको लडाई लड्दै आएका छन्। र, नेपालका शासकहरुले शक्ति राष्ट्रका सामु झुक्दै आफ्नो शासनसत्ता जोगाउन एकपछि अर्को गर्दै गरेका असमान तथा अपमानजनक सन्धिको विरुद्धमा नेपाली जनतालाई सचेत पार्ने, देशभक्ति र राष्ट्रवादी भावना जगाउने तथा शासकवर्गले गरेको राष्ट्रिय आत्मसमर्पणहरुको विरुद्धमा विभिन्न ढंगले आन्दोलन गर्दै आएका पनि छन्। आफ्नो शासनसत्ता जोगाउन वैदेशिक शक्तिको गुलामी गर्ने र राष्ट्रियहितलाई समर्पण गरेर असमान तथा अपमानजनक सन्धिहरु गर्ने श्रृंखलामा महाकाली सन्धिको अनुमोदनले फेरि एउटा आयाम थपिएको छ।

नेपालमा कम्युनिष्ट पार्टीको स्थापनाकालदेखि नै यसले मुलुकको सार्वभौमिकता र राष्ट्रिय हितहरुको रक्षाको लागि संघर्ष गर्दै आयो। सन् १९५० मा नेपाल-भारत वीच भएको असमान तथा अपमानजनक सन्धि, गण्डकी, कोशी सन्धि, सुस्ता, महेन्द्रपुर र मानेभञ्ज्याङमा भएको सीमा अतिक्रमण तथा राष्ट्रघाती टनकपुर सन्धिको विरुद्धमा संघर्ष गर्दै आम नेपाली जनतालाई राष्ट्रवादी भावना जगाउने अथक प्रयास गर्दै आयो। नेपालको कम्युनिष्ट आन्दोलनको इतिहासमा राष्ट्रियता तथा सार्वभौमिकताको सवालमा यस अघि कहिल्यै विभाजित देखिएन तर यस पटक "महाकाली सन्धि"

अनुमोदन गर्ने निर्णयको सवालमा भने नेपालका वामपन्थी पार्टीहरुका बीच एकरुपता देखिएन । नेकपा एमालेभित्रै पनि यस सवालमा गम्भीर वहस विवाद छेडियो । एउटै विषयमा पटक-पटक फरक-फरक निर्णयहरु गरियो । अन्ततः भिनो र प्राविधिक बहुमतका कारण सन्धि अनुमोदन गर्ने फैसला गर्नपुग्यो । र, नेपालको वामपन्थी आन्दोलनमा राष्ट्रियता र सार्वभौमिकताको गम्भीर विषयसँग सरोकार राख्ने "महाकाली सन्धि" अनुमोदनको सवालमा नेकपा (एमाले) अलग देखिन गयो । नेकपा (एमाले) को उक्त निर्णयले वर्तमान नेतृत्वमा राष्ट्रियताको सवालमा र भारतेली शासकवर्गलाई हेर्ने दृष्टिकोणकै सवालमा गम्भीर खालको दक्षिणपन्थी भड्काव प्रकट भएको आभास देखिन आएको छ । यसबारे अब पार्टीभित्र उपरोक्त सवालमा देखिएको विवाद कसरी अगाडि बढ्ला ? कुन निष्कर्षमा पुग्ला ? सो कुरा भने पार्टीभित्र संचालन हुने विचारधारात्मक संघर्ष र भविष्यको परिणतीले नै देखाउने छ ।

महाकाली सन्धिको बारेमा विभिन्न वामपन्थी पार्टीहरूको प्रतिक्रिया

सन्धिबारे सात वाम पार्टीको संयुक्त-वक्तव्य

यस सन्धिमा टनकपुर सन्धिमा रहेको मूल विवाद नेपालको सार्वभौमिकता, सीमा नदी-त्यसको जल उपयोग तथा त्यसबाट उत्पादित बिजुलीमा नेपालको आधा हक कायम गर्नु पर्नेमा सो परित्याग गरिएको छ ।

टनकपुर परियोजनाको निर्माणमा नेपालको सार्वभौमिकता, सीमा क्षेत्रको अन्तराष्ट्रिय मान्यता र अन्तर्राष्ट्रिय कानून समेत तोडिएको छ, त्यस सम्बन्धी समस्या यथावत छ । यस सन्धिमा परियोजना सीमा नदीमा नै रहेको भन्ने कुरालाई उल्लेख नै नगरी भारतीय भूमिको रूपमा स्वीकार गरिएको छ ।

शारदा ब्यारेज निर्माण गर्दाको अवस्थामा त्यसको निर्माण र सम्भारका लागि नेपालले उपलब्ध गराएको जमिन त्यसको सट्टा सोधभर्ना नपाउँदा नेपालको हुनु पर्नेमा त्यसबारे सन्धिमा कुनै उल्लेखसम्म छैन । सन्धिमा भारतीय पक्षले खेलेको कुटिल र ब्यांसो चाललाई 'ठूलो उपलब्धी' भन्नु र त्यसकोलागि 'राष्ट्रिय सहमति' भएको भन्ने प्रचारहरू सर्वथा भ्रमपूर्ण, धोखा र झुट्टा हो ।

नेमकिपाको वक्तव्य

नेपाल मजदुर किसान पार्टीले १९ गते जारी गरेको वक्तव्यमा भनिएको छ-

महाकाली नदीको एकीकृत विकास सम्बन्धी नेपाल र भारत बीच हालै काठामाण्डौमा सम्पन्न सन्धिलाई नेपाल मजदुर किसान पार्टीले नेपालको सार्वभौमिकता र राष्ट्रिय हित विपरित भएको ठहर गरेको छ । यो सन्धि अनुसार टनकपुर ब्यारेजबाट नेपालले पाउने भनिएको सात करोड यूनिट बिजुली र तीन सय क्यूसेक पानी सीमा नदी तथा आधा पानी र आधा बिजुलीको सिद्धान्तसंग मेल खादैन । टनकपुर ब्यारेजमा नेपालको ५७७ वर्ग मिटर भू-भाग डुवान क्षेत्रमा परेको र सो भू-भागको योगदान अनुसार नेपालले माथि उल्लेखित बिजुली र पानी पाउने उक्त सन्धिको प्रावधानले टनकपुर ब्यारेज सीमा नदीमा निर्माण भएको तथ्यलाई अस्वीकार गरेको छ र आधा पानी र आधा बिजुलीको सीमा नदीको अन्तर्राष्ट्रिय प्रचलन र नेपालको अधिकारकै उल्लंघन र हनन् भएको छ । त्यस्तै उक्त सन्धिमा शारदा ब्यारेज बनाउँदाको नेपालको चार हजार एकड भूमि नेपाललाई नै फिर्ता दिनेबारे समेत कुनै उल्लेख नगर्दा नेपालको सार्वभौमिकता

माथि खुल्ला चोट पुग्न गएको छ। चौध हजार क्यूसेक पानी र १२० देखि १६० मेघावाट बिजुली निस्कने टनकपुर व्यारेजबाट नेपालले सीमा नदीको सिद्धान्त बमोजिम आधा पानी र आधा बिजुली पाउनु पर्ने हाम्रो अडान अथावत् छ। यदि भारतले आधा भन्दा बढी बिजुली र पानी उपयोग गर्छ भने नेपाललाई आधा बिजुली र पानीको महशुल तिर्नु पर्दछ। यी सिद्धान्तलाई परित्याग गरी सम्पन्न गरिएको उक्त सन्धिको हामी तीव्र विरोध गर्दछौं। (श्रमिक साप्ताहिक- २०५२।११।८)

ने.क. लीगको वक्तव्य

नेपाल कम्युनिस्ट लिगका महासचिव का. शम्भुराम श्रेष्ठले जारी गर्नुभएको वक्तव्यमा सन्धिको प्रारुपप्रति बिरोध जनाउनु हुँदै विगतको तुलनामा मात्रात्मक रुपले केही बढी पानी र बिजुली नेपाललाई उपलब्ध भएता पनि यो सन्धि र विगतको सन्धिका बीचमा तात्विक अन्तर नभएको बिचार व्यक्त गर्नु भयो र शारदा ब्यारेज बनेको बेला नेपालको २८९८.५ हेक्टर जग्गा परेकोमा त्यसको सट्टा भर्ना नेपालले पाउनु पर्ने कुरालाई सन्धिमा उपेक्षा भएको आरोप लगाउनु भयो। (कान्तिपुर २०५२/२०/२१)

एकता केन्द्रको वक्तव्य

नेपाल कम्युनिष्ट पार्टी (एकता केन्द्र)ले जारी गरेको वक्तव्यमा टनकपुर समस्याको समाधानको निम्ति समेत भनेर गरिएको सन्धिले पनि देशभक्त नेपालीहरूले यस सम्बन्धमा निरन्तर चलाई आएको संघर्षको सही प्रतिनिधित्व गर्न सकेको छैन र नेपालको न्यायोचित हितको संरक्षण गर्न सकिएको छैन। यस सन्धिले विस्थापित गरेको शारदा बाँधको सम्झौतामा नेपालले शारदा बाँध योजनाको निम्ति भनी दिएको २८९८.५ एकड जमीनको प्रयोग अब नेपालले आफ्नै निर्णय अनुसार गर्न पाउने-बारे पनि स्पष्ट पार्न माग गर्दै सन्धिको विरोध गरिएको छ। (कान्तिपुर -२०५२।१०।२२)

नेकपा (मसाल) को वक्तव्य

नेपाल कम्युनिस्ट पार्टी (मसाल) ले जारी गरेको वक्तव्यमा नेपाल र भारत सरकारका बोच टनकपुर र महाकाली नदीसमेतका विषयमा भएको सन्धिमा भारतले पहिलाका तुलनामा बिजुली, पानीबारे बढी संविधान दिन तथा सिद्धान्ततः उक्त नदी तथा त्यहाँ हुने उत्पादनमा दुवेको समान हक स्वीकार गरेको छ तर एकीकृत महाकाली सम्झौतामा पनि नेपालको राष्ट्रिय हित वा जलसम्पदाबारे भारतसित असमान प्रकारले सौदाबाजीका कैयौं सम्भावनाहरु छन्, यी सबै प्रश्नमा गठबन्धन सरकारले स्पष्ट अडान लिन नसकेको तथा एमालेले पनि भारतपरस्त दृष्टिकोण अपनाएर उक्त

सम्झौताको स्वागत गरेको छ । नेपालको जलसम्पदा तथा राष्ट्रिय हितहरुका पक्षमा जोडदार आवाज उठाउने आवश्यकतामाथि जोड दिदै सन्धिको विरोध गरिएको छ । (कान्तिपुर २०५२।१०।२२)

ने.सा.पा. (मालेमा) को वक्तव्य

नेपाल साम्यवादी पार्टी (मालेमा) ले जारी गरेको वक्तव्यमा टनकपुर सन्धिमा पनि समानता छैन, भारतसित भएका सबै असमान र राष्ट्रिय हित विपरीतका सन्धिहरु खारेज गरी सच्चा समानता, आपसी हित, राष्ट्रिय हित तथा अखण्डताको संरक्षणको आधारमा सन्धिहरु गरिनुपर्छ भन्दै कथित 'सर्वदलीय सहमति' को नाममा गरिएको उक्त कार्यको विरोधमा र असमान सन्धिहरुको खारेजी र मुलुकको स्वाधीनता तथा अखण्डताको संरक्षणको लागि आफ्ना शक्तिहरुलाई एकताबद्ध गरी अघि बढ्न अपील गरिएको छ । (कान्तिपुर - २०५२।१०।२२)

माओवादीको वक्तव्य

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले जारी गरेको वक्तव्यमा टनकपुरको राष्ट्रघातको समस्या भारतले दया गरेर केही पानी र बिजुली थप्ने समस्या होइन, त्यो त नेपालीको अधिकार स्थापित गर्ने समस्या हो । वर्तमान सम्झौताले यस सन्दर्भमा केही पानी र बिजुली थप्नु बाहेक राष्ट्रघातको गुदी.कुरालाई यथावत राखेको छ । पञ्चेश्वर हात पार्ने दाउमा वर्षौंदखि कसरत गर्दै आएको भारतीय शासकवर्गले यो सम्झौता मार्फत आफ्नो त्यो स्वार्थ पूरा गरेको छ । .....कथित राष्ट्रिय सहमति र उपलब्धिको स्याल हुईंया भारतीय विस्तारवादको आशिर्वाद लिएर सत्तामा रहने र पुग्ने नेपाली प्रतिक्रियावादी तत्वहरुको चारित्रिक समानता र जनतालाई भ्रमित पार्ने नियोजित प्रचार मात्र हो भनिएको छ । (मूल्यांकन - २०५२ फागुन)

संयुक्त र मार्क्सवादीको वक्तव्य

नेकपा (संयुक्त) का महासचिव विष्णु बहादुर मानन्धर र नेकपा (मार्क्सवादी) का अध्यक्ष प्रभुनारायण चौधरीले जारी गर्नुभएको संयुक्त वक्तव्यमा सन्धिको स्वागत गर्दै भनिएको छ- जलस्रोतको विकास र उपयोग बारे नेपालको स्पष्ट दृष्टिकोण र नीति निर्माण नभएसम्म यस्ता प्याकेज डिलहरूले समस्याको तत्कालीन समाधान मात्र हुने..... भविष्यका लागि राष्ट्रिय सहमतिको आधारमा जलस्रोत नीति निर्माण गर्नुपर्ने आवश्यकता छ । सन्धिले नेपाली जलस्रोतको विकास र उपयोग गर्ने मार्गमा खडा भएको अवरोध हटेको भनिएको छ । (कान्तिपुर २०५२।१०।१८)

महाकाली सन्धिका बारेमा पार्टी नेता तथा प्रबुद्धहरूको भनाई

वामदेव गौतम (स्थायी समिति सदस्य, नेकपा (एमाले)

संसदको दुई तिहाई बहुमतबाट अनुमोदन भएको महाकाली नदीको एकीकृत विकास सम्बन्धी सन्धि नेपालको राष्ट्रिय हित विपरित र असमानतामा आधारित सन्धि हो । जसरी विगतका कोशी तथा गण्डकी जस्ता असमान सन्धि सम्झौताहरु नेपाल ठगिदै आएको थियो, तयसैगरी यो महाकाली सन्धिबाट पनि भारतद्वारा नेपाल पुनः ठगिन पुगेको छ ।

वास्तवमा नेपालको संसदले यो सन्धि पास गरेर ठूलो ऐतिहासिक भूल र गल्ती गरेको छ । यो सन्धि कुनै पनि हालतमा पास गरिनु हुदैन थियो । यस सन्धिको अनुमोदनबाट नेपालको राष्ट्रियता नै ठूलो नोक्सानी परेको छ ।

संसदभित्रबाट अब यस सन्धिलाई सघाउने स्थिति सकियो, राजनीतिक रुपले यसको विरोध र भण्डाफोर हुदै जाला, तर पार्टीभित्र जुन सिद्धान्तका आधारमा यसलाई अनुमोदन गरिउएको छ त्यो गलत थियो भन्ने आफ्ना विचार र मान्यताहरुलाई भने हामी स्थापित गर्दै जान्छौं ।

सी.पी. मैनाली (स्थायी समिति सदस्य, नेकपा (एमाले)

एमाले सरकारमा रहँदै महाकाली प्याकेज समाधानको कुरा पार्टीका केही नेताहरुले पार्टीमा समेत जानकारी नदिई भारतसंग अगाडि सारेका थिए । महाकाली परियोजनाहरुमा रहेका असमानताहरुलाई तत्-तत् ढंगले बुझ्नु र लगानी-लाभबारे गम्भिर रुपमा कुराहरु उठाउनु पर्थ्यो जुन उठाइएन । भारतले पनि पहिलेदेखि यही कुरा चाहेका थियो । त्यसैले भारतले यो सरकार समक्ष महाकाली प्याकेजको कुरा अगाडि साऱ्यो र एमालेका पनि केही नेताहरुले उत्सुक ढंगले संलग्न हुनुभयो । र उहाँहरुले सिंगो पार्टीलाई संलग्न गराउनु पनि भयो । त्यसको देशव्यापी रुपमा अध्ययन कार्यदल गठन भयो र पहिलाको निर्णय निलम्बन गऱ्यो । मुख्य कुरा पानीको विभाजनको कुरा त्यो कार्यदलले नल्याए पनि केही सुझाव ल्याएको थियो । तर ती कुनै पूरा भएनन् । भारतले केही कुरामा पछि आश्वासन दिएको छ त्यसमा सन्धिसंग सम्बन्धित कुराहरु उल्लेख गरिएको छैन । त्यसैले यो सन्धि विना सुधार नै पार्टीको प्राविधिक बहुमतले निर्णय गऱ्यो पार्टीभित्र राजनीतिक, प्रजातान्त्रिक ढंगले पनि महत्वपूर्ण कुराको निर्णय नभएर पूरै जालसाजी गरेर राष्ट्रहित विपरित यो सन्धि पारित गराउने निर्णय भएको

छ । इतिहासमा एमालेको पनि दोष ठहरिएको छ । र म भन्छु- यो दोषलाई केवल इतिहासमा नथन्क्याई वास्तविक रुपले हामी पार्टी पद्धति अनुसार समीक्षा गर्ने प्रयत्न निरन्तर रुपमा गर्नेछौं ।

प्रेमसिंह धामी

टनकपुरमा पूर्वाधारहरु भारत सरकारले बनाइदिने व्यवस्था गरिएकोले पूर्व-पश्चिम राजमार्गको कोहलपुर-बनवासा खण्ड बनाइदिने वचनवद्धताभन्दा कुनै फरक नहुने कुरा पनि यतिबेला सम्झनै पर्ने भएको छ ।

पंचेश्वरमा समान हक स्वीकार गर्दा पंचेश्वरमा बग्ने पानीको मात्रा ५८२ क्यूमेक्स सरदर देखाइएको छ- सरकारी तथ्याङ्कहरूमा । पंचेश्वरबाट टनकपुरसम्म आइपुग्दा थप खोलाहरूका कारण ७२१ क्यूमेक्स पानी हुने बताइएको छ । पंचेश्वरमा "समानताको हक" कायम गर्ने सन्धिले ५८२ क्यूमेक्सको आधा-आधाको उल्लेख हुन नसक्ने कारणका बारेमा बुझ्न सकिएन । ६६.७० क्यूमेक्स नेपालले पाउने उल्लेख छ र भारतको अग्राधिकार बाहेक बाँकी रहेको १४६ क्यूमेक्समध्ये ७३ क्यूमेक्स मात्र पानी हामीले पाउनेभयौं । यो अंक हेर्दा परराष्ट्रमन्त्री डा. लोहनीले नेपाललाई १३५ क्यूमेक्स पानी भए पुग्छ भन्नुभएको कारण प्रष्ट बुझ्न सकिएन । महाकालीमा नेपालको जलाधार ३० प्रतिशत भएको र ३० प्रतिशत नेपालले पाउने हो भने २१३ क्यूमेक्स पानी त 'समान हक' नभए पानी पनि Equitable Share ले प्राप्त हुनसक्थ्यो । यसरी समान हकका नाममा हामी युक्तिसंगत अधिकारबाट समेत वञ्चित हुन पुगेका छौं ।

प्रचण्ड-

नेपाल कम्युनिष्ट पार्टी माओवादी का महामन्त्री क. प्रचण्डले असोज ५ गते एक वक्तव्य प्रकाशित गरी जनताको भावनाको पूर्ण उपेक्षा गर्दै राष्ट्रघाती महाकाली सन्धि संसदबाट अनुमोदन गरिएकोमा घोर आपत्ति जनाउनु भएको छ ।- "हाम्रो पार्टीले शुरुदेखि नै राष्ट्रघाती महाकाली सन्धिका विरुद्ध जोडदार आवाज उठाउदै आएको थियो र त्यसको खारेजीका लागि तमाम देशभक्त, जनवादी एवम् वामपन्थी शक्ति तथा जन समुदायद्वारा जनआन्दोलनका अनेकौं कार्यक्रमहरू संपन्न पनि भए । परन्तु ती सबको पूर्ण उपेक्षा एवम् अनादार गरी राष्ट्रघाती सन्धिको जुन अनुमोदन गरि यो, पार्टी त्यसको दृढ विरोध र भत्सर्ना गर्दछ ।

डा. बाबुराम भट्टराई

संयुक्त जनमोर्चा नेपालका अध्यक्ष डा. बाबुराम भट्टराईले हालै एक प्रेसविज्ञप्ति जारी गर्दै सुगौली सन्धिपछि महाकाली एकिकृत विकाससम्बन्धी सन्धि संसदको दुवै सदनबाट पारित भएको दिन गत ४ गते इतिहासमा सबैभन्दा कालो दिन भएको कुरा उल्लेख गर्नु भएको छ ।

भक्त बहादुर श्रेक्ष्ठ (संयोजक, राष्ट्रिय जनआन्दोलन संयोजन समिति)-

राष्ट्रघाती महाकाली सन्धिको विरोधमा व्यापक जन दबाब आउँदा आउँदै, चुत्थो कुर्सी स्वार्थको लागि संसदबाट नाटकीय ढंगले जुन अनुमोदन गराउने कार्य भयो, त्यो अनुमोदन गरिएको दिन आश्विन ४ गते रातको ९.४५ को समय नेपालको इतिहासमा कालो कलंकको इतिहास बनेको छ । असमान सन्धिहरूबाट मुक्ति पाउने, राष्ट्रियताको जगेर्ना गर्ने, सार्वभौमिक स्वतन्त्रता कायम गर्ने नेपाली जनताको उच्च मनोभावनालाई यस सन्धिले गहिरो चोट पुऱ्याएको छ । र बारंबार यसरी नै गद्दारीको इतिहास दोहोरिएको छ ।

नरबहादुर कर्माचार्य (प्रवक्ता, एकता केन्द्र) -

नेपालको आवश्यकता नभै भारतको आवश्यकता र हितमा भएको महाकाली सन्धि पूर्णत: गलत छ । त्यसकारण यो सन्धि तुरुन्तै खारेज हुनुपर्दछ । अहिले जुन एमालेले राखेका शर्तहरू भारतबाट पुरा भयो भनिएको छ, त्यो त बकवास मात्र हो । भारतले त सहानुभुतिपूर्वक विचार गर्नेछौं मात्र भनिएको छ । मातृकाले कोशी दिंदा नेपाल र भारत दुवै सरकारको हस्ताक्षरमा नेपाललाई दिने भनेको पानी अझै दिएको छैन, कोहलपुर देखि २२ वटा पुल बनाउने भन्ने संझौता अझै पुरा भएको छैन र हाम्रो अन्तर्राष्ट्रिय अधिकारको कुरा समुन्द्रसम्म जाने सबभन्दा नजिकको बाटो समेत भारतले अझै दिएको छैन भने सहानुभुति प्रकट गरेका भनिएका कुरा के पुरा गर्ला ? सहजै अनुमान गर्न सकिन्छ ।

शम्भुराम श्रेष्ठ (महासचिव, ने.क.लीग)

हाम्रो संसदको दुवै सदनले महाकाली एकीकृत विकास सम्बन्धी सन्धिलाई अनुमोदन गरेर संसदले नेपालको राष्ट्रिय सार्वभौमिकता एवं प्रादेशिक अखण्डताको विरुद्ध काम गरेको छ । हामी त्यो निर्णयको घोर भर्त्सना गर्दै समस्त नेपाली जनतालाई राष्ट्र हितको पक्षमा संघर्ष गर्न आह्वान गर्दछौं ।

मल्ल के. सुन्दर (प्रवक्ता, महाकाली सन्धि प्रतिरोध आन्दोलन)-

लामो समयदेखि अत्यन्त विवादग्रस्त तथा राष्ट्रिय स्तरबाटै तीव्र विरोध भइरहेको महाकाली एकिकृत विकास सन्धि संसदको संयुक्त सदनको ०५३ असोज ४ गते बसेको बैठकद्वारा कथित राष्ट्रिय सहमतिको नाउँमा गरिएको अनुमोदनलाई संपूर्ण नेपालीको भावना र नेपालको विरुद्ध गरिएको एक ठूलो राष्ट्रघात हो भन्ने ठहर हामीले गरेका छौं। संसदद्वारा गरिएको यो अनुमोदन कुनै पनि राष्ट्रभक्त नेपालीको लागि मान्य हुन सक्दैन, त्यसैले यो सन्धिको अविलम्ब खारेजीको माग गर्दछौं। अत्यन्त कपटपूर्ण षड्यन्त्रको बीच सम्पन्न गरिएको मतदानमा प्रमुख प्रतिपक्षी नेकपा एमालेका एकथरि नेताहरू तथा सांसदहरूले समेत यस कार्यमा सहमति जनाउँदै आफूलाई जसरी देशीय र विदेशीय प्रतिक्रियावादीको दलालको पंक्तिमा निर्लज्जातापूर्वक उभ्याइएको छ त्यसले यो देशको राष्ट्रवादी राजनीति विरुद्ध भइरहेको राष्ट्रिय-अन्तर्राष्ट्रिय षडयन्त्रको खतरनाक स्थितिको समेत संकेत गर्दछ। वर्तमान यस राजनैतिक परिवेशले हामी सबैलाई नेपालको राष्ट्रवादी आन्दोलन अझ बढी सशक्तता र प्रतिबद्धतापूर्वक संयुक्त रुपमा अगाडि बढाउन पर्ने आवश्यकताको महशुस गराएको हामी ठान्दछौं।

मंगलसिद्धि मानन्धर, योजना आयोगका पूर्व उपाध्यक्ष-

सच्चिएर र प्रष्ट भएर अनुमोदन हुनुपर्नेमा सन्धि त पारित भई नै हाल्यो। तर महाकालीले देश झिलिमिली पार्छ भनेर विकासको गुलाफी तस्वीर प्रस्तुत गर्ने मन्त्री र प्रतिपक्षी दलका नेताहरूकै कुरा पनि बाझेको छ - कोही १ खरब २० अरब वार्षिक आम्दानी हुन्छ भन्दैछन् र कोही २१ अरब आम्दानी हुन्छ भन्ने विरोधाभासपूर्ण कुरा गर्दैछन्। यो जनतालाई उल्लु बनाउने कुरामात्रै हो। मूल प्रश्न के हो भने यो परियोजना लागू हुने हो भने नेपालले मात्रै १ खरब १० अरब डलर खर्च बेहोर्नुपर्ने हुन्छ। यो पैसा के नेपालको समर्थनको कुरा हो ? को लगानी गर्न आउँछ, कति ब्याजदरमा उसले ऋण दिन्छ, सबै भविष्यकै गर्भमा छ।

फेरि मलाई त पंचेश्वर योजना बल्ला भन्ने नै लाग्दैन। कथंकदाचित कार्यान्वयन नै हुने हो भने पनि त्यसको काम कसले पाउने ? फाइदा कसले लिने ? र यी विषयको निर्णय कसले लिने ? सबै प्रश्न अनुत्तरित छन्। जस्तो कि हाम्रा नेताहरू सन्धिका नपुग कुराहरू डिपिआरमा सच्याउने भन्दै हुनुहुन्छ। तर त्यो डिपिआर पनि भारतकै टाटा कम्पनीले बनाउने हो भने त्यसले कसको हितको पक्षपोषण गर्ला ? हेर्नुस् न, त्यो अरुण तेस्रो थियो नि, त्यो पूर्णतः नेपालकै भूभागमा, नेपालकै निम्ति मात्र प्रयोगमा आउने योजना थियो। त्यसको लगानी कसले गर्ने भन्ने पनि निश्चित थियो र ब्याजदरमा

पनि एक प्रतिशत थियो । ८० करोड डलरको त्यो योजनाका विरोधमा घरि ठूलो छ, धान्न सकिन्न भनेर, घरि पर्यावरण विगार्छ भनेर होहल्ला मच्चाइयो । तर म भन्छु अरुण आएको भए पंचेश्वरको प पनि उच्चरण गर्नु पर्ने थिएन । वास्तवमा त्यसलाई बिथोल्ने र हामीलाई पञ्चेश्वरमा फसाउने सुनियोजित षणयन्त्र थियो जसमा जानी नजानी हामी पनि फस्यौं । अब पनि हामीले धेरै सतर्क हुनु पर्नेछ । हामी कहाँ एउटा परिपाटीको नितान्त अभाव छ त्यो के भने सन्धि गर्नेहरूले त्यसबाट उत्पन्न हुने लाभ हानीको लागि जिम्मेवारी लिने चलन छैन । यदि ल्याउने भनिएको लाभ आएन भने कसले उत्तरदायित्त्व लिने ? को जवाफदेही हुने ? संसार भरी हामी बहादुर भनेर चिनिएका छौं तर दुखको कुरा भने आफ्नो देशका लागि वुद्धि लडाउने काममा हामी बहादुर ठहरिएनौं ।

प्रो. माणिकलाल श्रेष्ठ (वामपन्थी चिन्तक)

महाकाली नदी १८१६ को सुगौली सन्धिअनुसार पनि सीमा नदी होइन । १८६० मा राखिएको बोर्डर पिल्लर पनि महाकाली पारि नै छ, अर्थात् महाकाली नदी नेपालको हो । नेपालको नदीमा आधा लगानी पनि नेपालकै हुने फाइदाचाहिँ भारतले लिने र यो नेपालको होइन भारतकै प्राथमिकताको आयोजना पनि भएकाले गण्डकी र कोशी भन्दा अरु खतरनाक सन्धि हो महाकाली सन्धि । नेपालको जलस्रोतमा भारतले आधिपत्य कायम गर्ने नीति अन्तर्गत गरिएको यो सन्धिले नेपालको अपार जलसम्पदा भारतको पोल्टामा पारेको छ । त्यसैले यस सन्धिप्रति मेरो समर्थन छैन ।

रामेश्वरमान अमात्य (वरिष्ठ इन्जिनियर)

महाकाली सन्धिले नेपालको हक स्थापना गरेको छैन । यो सन्धिले टनकपुरमा नेपालको हकको दावीलाई उल्टै खारेज गरेको छ । आफ्नै हकको पानी उपभोग गर्न पनि नेपालले प्राथमिकता पाउन पर्ने कुरा हास्यास्पद छ । आधा लाग्ने सीमा नदी महाकालीमा हाम्रो हक स्वीकारिएकै छैन । सवै संरचना बनेको अवस्थामा महाकाली नदीको पानी सुख्खा याममा नेपालले १८.३% पाउँछ भने भारतले ७६.३% पाउँछ र ५.४% खोलामा छोडिने देखिन्छ । त्यसैले यो सन्धि नेपालको हितमा छैन ।

दीपक ज्ञवाली (इन्जिनियर)

यो सन्धिको मुख्य दोष के हो भने यो कस्तो परियोजना हो ? यसको आकार प्रकार कस्तो हुन्छ ? यसबाट देशलाई के फाइदा हुन्छ ? त्यो नै स्पष्ट छैन, तर हामी सन्धि अनुमोदन गर्न हतारिसक्यौं । भारत यसलाई दुई हजार मेगावाटको प्रोजेक्ट भन्छ हामी ६४८०

मेघावाटको प्रोजेक्ट भन्दैछौं। उ उसमा २७० मिटरको ड्याम बन्छ भन्दैछ। हामी ३१५ मिटर को विश्वको दोस्रो ठूलो ड्याम बन्ने कुरा गर्दछौं। हामी यो पीक समयमा सबैभन्दा महँगोमा बिजुली बेच्न सकिने परियोजना हो भन्दैछौं। यी सबै कुरा वाहियात हुन्।

डा. सुन्दरमणि दीक्षित (वरिष्ठ चिकित्सक)

पहिलो कुरा महाकाली सन्धि सम्बन्धी विवाद नेपाल र भारतसँगको विवादको रूपमा चित्रित गरेर सन्धि अनुमोदन नगरेको भए अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको विश्वास गुम्थ्यो भनेर भनिदैछ, यो गलत हो। हतारिएर, उत्ताउलो भएर जुन-जुन नेताहरू सन्धि पास गराउन लागि परे अब हाम्रो विवाद उनीहरूसँगको हो। किनभने राजनैतिक तहमा कुनै निश्चित ठोस निष्कर्षमा नपुगिकन, लिखितम रूपमा पक्कापक्की नगरिकन ज्यादै फितलो चिठीको भरमा संसदले पास गरेको छ। सन्धि अनुमोदनपश्चात भारतसँगको हाम्रो सम्बन्ध झन् सुमधुर हुने कुरा नेताहरू गरिरहेका छन्, त्यसको उल्टो परिणाम आउने निश्चित छ, अर्थात् भारतसँगको सम्बन्ध भविष्यमा बिग्रन्छ। किनभने महाकाली नदीलाई सिधै रूपमा Border river मानिएको छैन अधिकांश भनिएको छ। अधिकांश भनिएकोमा बाँकी भाग भारतले दावी गर्‍यो भने के गर्ने ? सीमा विवादको वैज्ञानिक समाधान नभैरहेको परिप्रेक्ष्यमा यस्तो नहोला भन्न सकिने ठाँउ छैन। अर्को कुरा, महाकाली सन्धि गरेर नयाँ आयाम शुरु भएको छ भनिएको छ, त्यो झन् सरासर गलत हो। हामी या हाम्रा भावी सन्तानले भविष्यमा जटिल समस्या भोग्नुपर्ने निश्चित छ। त्यसबाट पर्ने असरको लेखाजोखा गरिएको छैन। त्यो गर्दा स्पष्टिन्छ। त्यसो भएको हुनाले कारण सहित महाकाली सन्धिको बारेमा बोल्ने, सडकमा उत्रने र जनतालाई सुचित पार्नेहरु सबै धन्यवादका पात्र छन्।

दोस्रो कुरा, अनुमोदित महाकाली सन्धिको विरोध गर्नेहरुले गरिरहेका छन्। सक्कली र नक्कली राष्ट्रवादका कुरा पनि उठाइएको छ। समयले त्यो स्पष्ट पार्ने नै छ, नेपाल राष्ट्रको हित वा अहित के भएको छ सन्धिले भन्ने कुरा छलँगिएपछि।

तेस्रो कुरा, सन्धि अनुमोदन गरिसकेपछि अनुमोदन गर्नेहरुले अहिले भारतले हाम्रो भावना बुझ्नुपर्छ भन्न थालेका छन्। सन्धि अनुमोदन गर्नुपूर्व नै जे-जे गर्नु या भन्नुपर्ने हो, त्यो नेपालले सजिलै भन्न सक्ने अधिकार थियो। त्यो अधिकार अर्काको पोल्टामा सुम्पिएर अब भारतको निगाहमा भर पर्नुपर्ने स्थिति जन्मेको छ।

चौथो कुरा, अहिले सबै कुरा DPR मा आएको छ। जनताको विश्वासप्राप्त सार्वभौम संसदले पास गरिसकेपछि अन्तवाट आशा गर्नु निरर्थक हो। DPR निर्माण गर्दा दुवै देशको व्यूरोक्रेट्सहरुको बढ्दा हात हुन्छ। भारती व्यूरोक्रेट्सहरुका अगाडि

नेपाली व्यूरोक्रेट्सहरुले अडान लिएर तर्कमा जित्न सक्लाजस्तो लाग्दैन। यहाँ पनि हामी तल पर्ने स्पष्ट छ। किनकि सार्वभौम संसदबाट जति आफ्नो हितका पक्षमा भारतसँग दावी गर्न सकिन्थ्यो, त्यो अब नहुन पनि सक्छ।

पाँचौ कुरा, संसदबाट अनुमोदनका निम्ति भोट हालेर अब सतर्क हुनुपर्छ भन्नु गोहीले आँशु खसाएको जस्तो हो। यस्ता गर्नेहरुसँग जनताले पाइ-पाइको हिसाब गर्नुपर्छ। सबभन्दा मूल कुरा सन्धि पास गराउन नेपालका नेताहरु हतारिनुपर्ने कारण के हो ? बुझ्न सकिएको छैन। कमसल सामान बेच्न दलालहरु र सामानको मालिक पनि हतारिन्छन्। हाम्रो संसदमा पनि कतै दलाल छ कि ? आशंका गर्ने ठाउँ प्रशस्त छ।

श्याम प्रसाद, पूर्व अध्यक्ष प्रलेस

प्रस्तावित महाकाली सन्धिमा निकै कमी-कमजोरीहरू छन्; ती त्रुटीहरूलाई राम्ररी सच्याएर मात्र अनुमोदन गर्नु पर्दछ भन्ने भनाई एकदम मनासिव थियो। तर तीव्र विरोध हुँदाहुँदै पनि हतारिएर र जनभावनाको विपरीत असमानपूर्ण सन्धि पारित गरिनु अत्यन्त दु:ख लाग्ने कुरा हो। संसदीय औपचारिकता पुरा गर्दैमा गलत कामले राम्रो परिणाम ल्याउन सक्दैन। समानता र पारस्परिक सम्मान तथा पारस्परिक हीतको सिद्धान्तका आधारमा चाँडो नसच्याउने हो भने अहिले गरिएको सन्धिले नेपालको राजनीति र अर्थनीतिका साथै नेपाल-भारत मैत्री सम्बन्धमा पनि निक्कै नराम्रो प्रभाव पार्दै जानेछ। मित्रताको अर्थ आत्मसमर्पण होइन। तसर्थ, सबै देशभक्त व्यक्ति एवं सङ्गठनहरूले आ-आफ्नो अवस्था अनुसार गलत प्रवृत्तिको विरोधमा व्यापकरूपमा एकताबद्ध भई न्यायोचित संघर्षलाई जारी राख्नुपर्छ।

गणेशराज शर्मा (वरिष्ठ अधिवक्ता)

नेपाल, नेपालको संसद, सरकार रप्रमुख दलका नेताहरुलाई साम, दाम, दण्ड, भेद समेतमा पारेरै पनि महाकाली नदीलाई आफ्नो बहुद्देश्यीय प्रयोगका लागि प्राप्त गर्न भारत सफल भयो। भारतको वास्तविक खटन-पटनमा रहने महाकालीबाट नेपालको लागि तोकिए बाहेकका सबै प्रत्यक्ष वा परोक्ष लाभ भारतले सन्धिको वैधानिकताको बलमा हासिल गर्ने पक्का भएपछि भारतका सत्ता संचालनहरुको कानमा पुन: "संगीतका मधुर ध्वनिहरु गुन्जिन" भईरहकै हुनु पर्छ। नेपाली जनताको कानमा भने एक दोस्रोलार्य राष्ट्रघाति भनिएको बाहेक कुनै रमाइलो ध्वनि परिरहेको छैन।

कृष्ण राम खत्री (प्राध्यापक)

मुलुकको कुनै पनि प्राकृतिक सम्पदालाई कुनै अन्य मुलुकसँग जोडेर वा अन्य मुलुकलाई लाभ हुने गरेर आफ्नो मुलुकको सार्वभौमिकताको अक्षुण्णतालाई पनि आँच

आउने गरेर भविष्यको कुनै लाभलाई सोचेर सन्धि गर्नु उचित होइन। मुलकको सशक्त पार्टीको रूपमा रहेको वाम आन्दोलनको मूलधार भन्न रुचाउने एमाले कम्युनिष्ट पार्टीले मुलुकको नदीलाई अरुको हातमा सुम्पनु घोर प्रतिकृयावादीसँग साथ लागेर संसदलाई पनि राष्ट्रको विरोधमा ठड्याउनु झनै उचित होइन।

रामचन्द्र भट्टराई (महासचिव, राष्ट्रिय जनसांस्कृतिक मञ्च)

महाकाली सन्धि नेपाल अधिराज्यको संविधान २०४७ जस्तै न उज्यालो न अँध्यारो प्रात:कालीन झुलुमुलु जस्तो भयो। कोशी र गण्डकी सन्धिभन्दा अपेक्षाकृत मुलुकको हितमा छ तर एमाले पार्टीद्वारा गठित ओली अध्ययनद्वारा प्रस्तुत प्रतिवेदन र भूल त्रुटीहरूलाई सच्याउने आधिकारिक लिखित प्रतिवद्धताविना नै सन्धि अनुमोदन गरिएको छ। त्यसले भोली भारत सरकारसँग कार्यान्वयनका पक्षमा जाँदा नेपालको हक स्थापित गर्न नेपालसँग ती भूल त्रुटीहरू सच्याउने कुनै आधारहरू रहने छैन। आफैले भूल त्रुटीहरूको बिस्कुन सुकाएर त्यसको रेफ र कमा पनि नसच्याई जुन अनुमोदन गर्ने काम भएको छ, त्यसले नेकपा(एमाले) को जन्मकालदेखिको राष्ट्रवादी छविमा धब्बा लागेको छ।

गोविन्द भट्ट अध्यक्ष, प्रलेस

हाल संसदबाट पारित महाकाली एकिकृत विकास परियोजना सन्धि राजनीतिक र आर्थिक दुवै दृष्टिबाट हाम्रो राष्ट्रको समग्र जीवनलाई दूरगामी रूपबाट प्रभावित पार्ने सन्धि भएकोले त्यसप्रति मुलुकभरिका जनतामा गहिरो सरोकार र चिन्ता रहनु एकदमै स्वाभाविक कुरा हो। अहिले त्यसमा रहिरको अस्पष्टता र अपूर्णताहरूबारे जुन असन्तुष्टि र आक्रोस व्यक्त भइरहेका छन् , ती सबैलाई "अब पारित भैसकेको सधिबारे प्रश्न उठाउन हुँदैन। जे भयो भईसक्यो, त्यसलाई चुपचाप स्वीकार गर्नुपर्दछ" भन्ने तर्क, कुतर्क झिक्दै जनतामा पराजयवादी मानसिकता तयार पार्ने र अब यसबारे कुनै प्रश्न नै गर्न नदिने प्रयास सत्ता पक्ष र अन्य सम्बन्धित निहित स्वार्थसमूहबाट हुँदैछ। त्यो खतरनाक संकेत हो। चित्त नबुझेसम्म जनताले बोल्न पाउनै पर्दछ। महाकाली सन्धि खास केही पक्षहरूको स्वार्थका लागि हतारमा पारित गरियो, स्वयं प्रतिपक्ष र अन्य सम्बन्धित विशेषज्ञ तथा व्यापक देशभक्त नेपाली जनसमुदायहरूद्वारा यसमा देखाइएको कमी कमजोरीहरू हटाउने विषयमा कुनै भरपर्दो ग्यारेण्टी प्राप्त भएको छैन। राष्ट्रिय हितका लागि सधै अगाडि सरेर जुझ्दै आएको एकमात्र देशभक्तशक्ति प्रमुख प्रतिपक्षी दल एमालेले पनि आफ्नो वाञ्छनीय भूमिका निर्वाह गर्नेतर्फ चाहिंदो मात्रामा आफ्नो सक्षमता देखाउन

सकेन। हामी फेरि यसपल्ट पनि ठगियौं भन्ने शंका, आशंका र चिन्ता आज जनताको मनमा परेको छ। ती ठीक बेठीक जे भए पनि, त्यसलाई हलुका ढंगबाट त्यसै पन्छाउन मिल्दैन। सत्ता पक्षले यसबाट ठूलो फाइदा उठाएको छ र प्रतिपक्षको हात तल परेको छ। यस विषयमा जनताको चित्त बुझाउन आवश्यक छ। यसपटक जनता त्यसै चुप लागेर सबै कुरा मान्न तयार छैन।

श्याम श्रेष्ठ, प्रधान सम्पादक (मुल्यांकन)

सन्धि पास भइसकेपछि अब हामीले गर्न सक्ने कुरा जम्मा दुईटा छन्- एउटा, सशक्त जनदबाव सिर्जना गरी सन्धिका राष्ट्रघाती प्रावधानहरू कार्यान्वयन गर्न रोक्नु। अर्को, निहित स्वार्थका लागि राष्ट्र सिंगैलाई भडखालोमा लान तयार केही राजनीतिज्ञहरूलाई जनअदालतमा उभिन बाध्य गर्नु र उनीहरूलाई उचित दण्ड दिनु। अन्यथा यो सन्धि लागु हुनगयो भने नेपालको हालत त्यही हुनेछ जुन सोमालियामा भयो। नेपालको बहुमूल्य सम्पत्ति जलसम्पदा र बिजुली कौडीको मोलमा भारतले हत्याउने छ। हामी जुन कुरामा धनी छौं, त्यही कुरामा हामी भिखारी बन्न पुग्नेछौं। र, यो सन्धिका नजीर र अरु नदीको जलसम्पदामा पनि लागू गर्न भारतीय शासकवर्गले मरिहत्ते गर्नेछ। एउटा लडाईंमा हामी हारेका छौं र हाम्रो लडाई अब लामो भएको छ। यो लडाईंमा हामी भारतीय र अन्य मुलुकका जनतासित एक हुन प्रयत्न गर्नुपर्दछ। र, नेपालका सारा देशभक्तहरू एकगठ र सजग हुनुपरेको छ। अहिलेको लडाईंमा हाम्रो हारको प्रमुख कारण नै यो हो कि सन्धिलाई पास गर्न मरिहत्ते गर्नेहरू एकजुट र निकै सजग भए, हामी त्यति एकगठ र सजग हुन सकेनौं।

रामहरि पौडेल, पूर्व उपाध्यक्ष प्रलेस

सन्धि हतारमा पास भयो। ने.क.पा. एमालेको जनकपुरमा भएको राष्ट्रिय परिषदको बैठकले पनि हचुवाको भरमा स्वागत गरेको थियो। एमालेको केन्द्रीय समितिले पनि त्यतिखेर पर्याप्त अभ्यास गरेको थिएन। अहिले पनि हतारिनु आवश्यक थिएन। यति ठूलो राष्ट्रिय सवालमा कुनै एक व्यक्तिले रिस्क लिनु हुँदैनथ्यो।

सन्धिको कार्यान्वयन पक्ष सबल र नेपालको हितको पक्षमा हुन सकेन भने त्यो जुन अर्को दुर्भाग्य हुन जान्छ। त्यस्तो भएमा सन्धि उल्टाउनुपर्ने हुन्छ। यसभन्दा अघि भएका सन्धिहरूको कार्यान्वयनबाट नेपालले लाभ लिन सकेको छैन। अब हामी कति आशावादी हुने ? यसको परिणाम राम्रो होलाजस्तो लाग्दैन। भारतले भाले हुने मौका पायो फेरि यस सन्धिबाट पनि। सन्धि सन्धिकै रुपमा लिनुपर्थ्यो, आश्वासनको रुपमा होइन। भारतले आश्वासनसमेत आफ्नो कारिन्दा मार्फत् दिएको छ। राष्ट्रियताको

कुरामा दलहरूले यसरी गल्ती गऱ्यो भन्दैमा सबै नेपाली जनताले त्यसै गर्छन् भन्ने छैन। पैसा आउँछ भनेर आफ्नो अस्तित्व गुमाउने गरी केही गर्न मिल्दैन।

खगेन्द्र संग्रौला, पूर्व महासचिव, प्रलेस

नेपाली संसदको दुई तिहाई बहुमतले हालै पारित गरेको महाकाली एकिकृत परियोजना सम्बन्धी सन्धि भारतभक्तिको सहारामा कुर्सी जोगाउने वा कुर्सी प्राप्त गर्ने नेपाली शासक वर्गको परम्परागत राष्ट्रघाती खेलको नयाँ कडीमात्र हो। महाकाली नदीको हैसियत किटान नगरी, महाकाली को पानीमा नेपालको हक न्यायोचित तरिकाले स्थापित नगरी, विस्तृत परियोजना प्रस्तावको निर्माण अध्ययनविना नै सत्ता र पक्ष र प्रमुख प्रतिपक्षको एक धारले आँखा चिम्लेर राष्ट्रिय अस्मिता र राष्ट्रिय सम्पदाको जुवा खेले। महाकाली सन्धिबाट पुनः उद्घाटित भएका एउटा अप्रिय तथ्य के हो भने भारतीय शासकवर्गले उत्पीडनकारी ब्रिटिश साम्राज्यवादले छाडेर गएको साना र निम्छाराहरू माथि दमन र यता नेपाली शासक वर्गचाहिं देश र जनताका हित विपरीत विदेशी शक्तिसामू झुकेर आफ्नो शासनसत्ता जोगाउन सुगौली सन्धिदेखिको दास मोवृत्तिको वफादार उत्तराधिकारी रहन छाडेको छैन। विस्मयकारी विडम्बना के छ भने राष्ट्रियताप्रतिको समर्पणभाव नै आफ्नो मूल पहिचान भएको नेकपा एमालेको एक डफ्फाले राणाकालीन दास मनोवृत्तिको कलङ्कित मेस्तामा आफ्नो नाम दर्ता गराई नेपाली कम्युनिस्ट आन्दोलनलाई लज्जित तुल्याएको छ।

डा. रामप्रसाद उप्रेती, सदस्य सचिव, नेपाल स्वास्थ्य अनुसन्धान परिषद

राष्ट्रियताको सवालमा नेपालीहरू सम्वेदनशील छन्। त्यसमा पनि कम्युनिष्टहरू अग्रपंक्तिमा छन् भन्ने कुरा घामजस्तै छलंङ छ। नेकपा एमाले सबैभन्दा राष्ट्रवादी पार्टी हो भन्ने कुरा राष्ट्रियताको सवालमा यसले जहिले पनि उठाएका सशक्त पक्षहरू हेरे हुन्छ। दहो राष्ट्रिय अडान लिएको कारण नेकपा एमालेका तत्कालीन महासचिव मदन भण्डारी तथा संगठन विभाग प्रमुख जीवराज आश्रितको षडयन्त्रमुलक ढंगबाट हत्या गरिएको आशंका गरिएको हो। श्री ५ वीरेन्द्रबाट मदन भण्डारी राष्ट्रवादी व्यक्ति रहेको कुराको उद्गार त्यसै भएको छैन। कीर्तिबाबु वा योगी नरहरिनाथले एमालेलाई राष्ट्रघाती गर्न जति प्रयत्न गरे पनि सूर्यलाई हत्केलाले छेक्ने प्रयत्नभन्दा फरक केही हुनेछैन। चाहे पक्षमा मत हालुन् वा विपक्षमा एमालेका कोही पनि नेता राष्ट्रघाती हुन सक्दैनन्। महाकाली सन्धि पारित गरिने सन्दर्भमा भने नेताहरूबाटै अन्यौल श्रृजना भएको छ। सर्वसम्मत निर्णय भएको भए कसैको टाउको दुख्ने थिएन।

केही समय पर्खिएको भए, अझ बढी होमवर्क गरेको भए, अझ बढी उपलब्धिमूलक हुन्थ्यो भन्ने जनधारणा बन्दै गएको देखिन्छ। समान किसिमले भारतसँग सन्धि गरिनुपर्ने हाम्रो मुलुकको भौगोलिक बाध्यता हो। नेकपा एमाले एउटा जिम्मेवार पार्टी हो। विश्वसनीय र प्रजातान्त्रिक पार्टी पनि हो। भोलि पूर्ण बहुमतको सरकार बनाउने पार्टी भनेको नेकपा एमाले मात्र हो। एकीकृत महाकाली सन्धि एउटा धर्मसंकटको रूपमा एमालेसामु आयो। नेतृत्वले निकास राम्ररी निकाल्नुपर्छ। पार्टी फुटाउन भने कोही नेता लाग्नुहोला जस्तो मलाई लाग्दैन। राष्ट्रवाद एमालेको मूल गहना हो। यसमा कलंक नलागोस्! वरु अब बन्ने अनुगमन समितिमा भारतले प्रतिबद्धता जारी गरेका कुराहरू लागू गराउनेतर्फ सम्पूर्ण नेपालीहरू एकजुट हुनै पर्छ।

कृष्ण प्रसाद पन्त, वरिष्ठ अधिवक्ता

यो सन्धि जसरी भए पास भएको छ, त्यसरी पास गर्न हुदैन्थ्यो। पास गर्ने नहुने सन्धिलाई संसदले पास गरेको छ। मैले पहिले पनि यसको विरोध गरिसकेको छु।

गोपी कृष्ण काफ्ले, सह-प्राध्यापक (नेपाली)

महाकाली सन्धिको अनुमोदन राष्ट्रिय हित विपरित भएको छ। यसले विगतमा भएको कोशी र गण्डकीको सन्धिबाट लागेको चोटमा मलम लगाउनुको सट्टा नुनचूक छर्ने काम गरेको छ। यसरी दुई देशबीचमा भएको असमानतामा आधारित सन्धिले राष्ट्रको गरिमालाई होच्याउने काम गरेको छ। सन्धि पश्चात देशको विकास युद्धस्तरमा हुन्छ र देश झिलिमिली हुन्छ भन्ने अफवाह फैलाएर राष्ट्रका जनताहरूलाई गुमराहमा राख्ने बाहेक त्यसबाट कुनै ठोस उपलब्धी हुने लक्षण देखिन्न। समग्रमा यस किसिमको असमान सन्धिले राष्ट्रियताको जगेर्ना गर्ने, सार्वभौमिक स्वतन्त्रताको रक्षाको लागि जीवन बलिदान गर्न तत्पर हुने बीर सपुतहरूका सन्तानहरूको हृदयमा गहिरो चोट पुगेको छ। जसले गर्दा संसदलाई राष्ट्र बेच्ने काममा प्रयोग गरेर सत्तापक्षको स्वार्थका निम्ति सम्पूर्ण देशवासीको भविष्य र विश्वासमाथि कुठाराघात गरिएको छ र नेपालका केही व्यक्तिहरू भारतको इशारामा चल्छन् भन्ने कुराको पुष्टि भएको छ। राष्ट्रको गरिमामय संसदले पनि भारतको शकुनी चाल बुझ्न नसक्नु सबैभन्दा दुःखको कुरा हो।

लेखकहरूद्वारा सन्धिको विरोध

देशका २२ प्रबुद्ध लेखकहरूले आश्विन ५ गते एक वक्तव्य प्रकाशित गर्दै गत शुक्रवार नेपाली संसदको दुई तिहाई बहुमतद्वारा महाकाली एकिकृत विकास सन्धिलाई अनुमोदन गरिएको घटनाबाट नेपाली राष्ट्रियतामाथि नयाँ कलंक थोपरिएको तथाकथित

विकासको नाममा घृणित कुर्सी स्वार्थका निमित्त राष्ट्रिय सम्पदालार्य बली चढाउको आरोप लगाएका छन् । नेपाली शासकवर्गले गरिआएको राष्ट्रघात, नेपाली जनताका राष्ट्रिय भावनाको कुठाराघात र नेपाली सम्पदा माथिको खेलवाडको दृष्टिवाट हेर्दा यो सुगौली सन्धि पछिको जघन्य अपराध हो, घोर लज्जाजनक तसर्थ निन्दनीय कार्य हो भन्दै उनीहरूले महाकाली नदीको हैशियतको किटानै नगरी, एकिकृत महाकाली परियोजनाको विस्तृत प्रतिवेदाको तयारी र अध्ययन नै नगरी निकृष्ट सत्तास्वार्थका निमित्त भारतीय शासकवर्गप्रति भक्तिभाव देखाउने होडवाजीको हतारका क्रममा देशप्रेमी नेपालीहरूलाई कटवाँसको लाठाले प्रहार गर्दै टियर ग्याँसको विषाक्त वादलमुनि गाँजेर प्रतिक्रिया जनाएका छन् । प्रतिक्रिया जनाउने लेखकहरूमा खगेन्द्र संग्रौला, निनु चापागई, कृष्णसेन इच्छुक, गोविन्द 'वर्तमान, ताराकान्त पाण्डेय, ऋषिराज वराल, आहुति, वलभद्र भारती, रुद्र खरेल,मात्रिका पोखरेल, जगदिशचन्द्र भण्डारी, इश्वरचन्द्र ज्ञवाली, शक्ति लम्साल, गोपिन्द्र पौडेल, इस्माली, पूर्ण इनफादा, पूर्ण विराम, कर्णवहादुर शाही, हरिगोविन्द लुईटेल, पुरुषोत्तम सुवेदी, राजकुमार के.सी. र कमलवहादुर थापा र हेका छन् ।

कोशी, गण्डकी र टनकपुर सन्धिको क्रममा नेपाली कांग्रेस पञ्च राप्रापाको राष्ट्रघात र भारत भक्तिको कीर्तिमान त नेपाली इतिहासमा अमीट कलङ्कका अक्षरले लेखिएकै हो । अहिले आफ्नो दलको नेता र कार्यकर्ताहरूको देशभक्तियुक्त आक्रोस र पवित्र आँसुलाई प्रहरीका वुटमुनि कुल्चाउँदै नेकपा एमालेको दास मनोवृत्तिवाट ग्रस्त नेतृत्व गुटले राष्ट्रघातीको कालो सूचिमा आफ्नो कलङ्कित नाम पनि दर्ता गरेको छ । नेपालको अस्मीता र सम्पदा आँखा चिम्लेर विदेशी मालिकका पाउमा अर्पण गरी नेपाली जनताको भाग्य भविष्यमाथि खेलवाड गर्दै एकिकृत महाकाली अनुमोदन गर्ने नेपाली इतिकासको खलनायकहरूको हामी लेखकहरु घोर भर्त्सना गर्दछौं र साथै समस्त देशभक्त लेखक कलाकारहरूलाई यस राष्ट्रघाती कदम विरुद्ध स्वाभीमानी नेपाली जनतालाई साथ दिन विनम्र अनुरोध गर्दछौं ।

मोहन कुमार श्रेष्ठ वरिष्ठ अधिवक्ता

भारतको अवैधानिक कामलाई वैधानिकता दिने काम वर्तमान महाकाली सन्धिले गरेको छ । महाकाली सन्धि पास गर्नेहरूले जनतालाई डाँटेका छन् । तीन अर्व लगानी गरेर एक अर्वभन्दा वढी नाफा कमाउने कुरा गर्ने गैरजिम्मेवार नेताहरूको अभिव्यक्ति त्यसको ज्वलन्त उदाहरण हो । एकिकृत महाकाली सन्धि गर्नु भनेको साहुका पोल्टामा पैसा फालेर जुवा खेल्नु सरह हो । शान्ति र मैत्रिको आधारमा जलस्रोत विकास हुनुपर्नेमा जलस्रोत विकासको आधारमा शान्ति मैत्री सम्वन्ध कायम हुने उल्टो प्रवृत्ति देखा परेको छ ।

परिशिष्ट

परिशिष्ट-१ (क)

PARTICULARS OF PANCHESHWAR PROJECT AS PER MAHAKALI TREATY

Particulars	Nepal	India	Total
2 Irrigation & Flood Control			
1 Command Area (hectare)	93,000	1,610,000	
2 Annual Average Water Use	118 cumecs	449 cumecs	567 cumecs
3 Total Benefit from Irrigation (Million US $)	1.5	203.4	204.9
4 Total Benefit from Flood Control (Million US $)	0.7	3.0	3.7
5 Cost (Million US $)	213.9	724.5	938.4
6 Percentage of Benefit	1 %	99 %	100 %
7 Percentage of Cost	23 %	77 %	100 %

स्रोत: श्री ४ को सरकार, विद्युत विकास केन्द्र ।

परिशिष्ट-१ (ख)

BENEFIT AND COST OF PANCHESHWAR MULTIPURPOSE PROJECT

	Nepal		India		Total	
	(MUS $)	%	(MUS $)	%		%
1 **Benefit Allocation** (Annual)						
Power (Annual)	313.4	37.5	313.4	37.5	626.7	75.0
Irrigation (Annual)	1.5	0.2	203.4	24.3	204.9	24.6
Flood Control (Annual)	0.7	0.08	3.0	0.36	3.7	0.4
Total Benefit	315.6	37.77	519.8	62.23	835.35	100.0
2 **Cost Allocation**						
Power	848.4	28.4	927.7	31.1	1776.1	59.5
Irrigation & Flood Control	246.6	8.3	960.4	32.2	1207	40.5
Total Cost Sharing.	1,095.0	36.7	1,888.1	63.3	2983.1	100.0

Cost sharing. India – 1888·1 = 63.3%
Nepal – 1095·0 = 36·7%
MUSD 2983·1 = 100%.

स्रोत: श्री ५ को सरकार, विद्युत विकास केन्द्र।

परिशिष्ट-१ (ग)

PRESENT AND FUTURE USE OF WATER AS PER MAHAKALI INTEGRATED TREATY

Average Annual Flow	Nepal (cumecs)	India (cumecs)	Total (cumecs)
1 **As per 1920 Agreement**			
A) Existing Consumptive Use	7.91	248.38	256.29
2 **After Ratification of the Treaty - Pre-Pancheshwar Scenario**			
A) Consumptive Uses	41.0	248.4	289.3
B) Flow for Environmental Conservation			10.0
3 **After Ratification of the Treaty - Post-Pancheshwar Scenario**			
A) Consumptive Uses	41.0	248.4	289.3
B) Flow for Environmental Conservation			10.0
C) Allocation of Remaining Water	213.4	213.4	426.7
Total	254.3	461.7	726.0
	35.52%	64.48%	100.00%
4 Future Irrigation Demand	118.53	448.92	567.45
Surplus/Deficit	135.78	12.81	148.59

स्रोत: श्री ५ को सरकार, विद्युत विकास केन्द्र ।

परिशिष्ट-२

महाकाली नदीको पानीको उपयोगको सम्वन्धमा राष्ट्रिय सहमतिका बुँदाहरु

१ *टनकपुर बाँध परियोजना सम्वन्धमा*

(क) टनकपुर बाँध परियोजनाको पूर्वी तटवन्धको निर्माणको लागि नेपालले उपलव्ध गराएको करिव २.९ हेक्टर जमिनका अतिरिक्त तटवन्धको लागि प्रयोग गर्न दिइएको नौगजा क्षेत्रका साथै जलाशयको लागि नेपालको करिव ९ हेक्टर जमिन प्रयोग भएकोले उक्त बाँधबाट सिंचाईको लागि पानीको उपलव्धता र विद्युत उत्पादन क्षमतामा वृद्धि भएकोले सो बाँधमा नेपालको योगदान रहेको हुँदा त्यसमा नेपालको हक स्थापित गराई सो बापत

१. नेपालले टनकपुर बाँधबाट सिंचाईको विकास हुन सक्ने सिंचित क्षेत्रको अनुपातमा पानी प्राप्त गर्ने प्रावधान राख्ने र हाल प्राप्त हुने भनिएको पानीको परिमाण (१५०) क्यूसेक्स) भन्दा वढी प्राप्त गर्ने तर्फ प्रयास गर्ने।

२. भारतले टनकपुर बाँध परियोजनाबाट उत्पादित गर्ने विद्युत मध्ये नेपालले उपलव्ध गराएको जग्गाबाट विद्युत उत्पादनमा वृद्धि हुन गएकोले सो वृद्धि हुन गएको विद्युतको आधीसम्म विद्युत प्रतिवर्ष, विना मूल्य नेपाललाई उपलव्ध गराउने प्रयत्न गर्ने।

२ *शारदा नहर*

शारदा नहर कुनै कारण प्रयोग हुने स्थितिमा नरहेमा त्यहाँबाट प्राप्त हुने पानी टनकपुर बाँधबाट नै उपलव्ध हुने प्रावधान राख्ने।

३ *दोधारा चाँदनी क्षेत्रको सिंचाई व्यवस्था*

नेपालको दोधारा चाँदनी क्षेत्रलाई सिंचित गर्न भारतलाई शारदा नहरबाट पानी उपलव्ध गराई दिने प्रावधान राख्ने।

४ *पंचेश्वर परियोजना सम्वन्धमा*

उद्गम स्थलदेखि ब्रम्हदेव मण्डीसम्म नेपाल र भारतकावीच सिमा नदी भई महाकाली नदी बग्ने गरेकोले यस क्षेत्रमा यस नदीको पानीको उपयोगमा दुवै राष्ट्रको राष्ट्रिय हितको संरक्षण हुने व्यवस्था गर्ने। यसै तथ्यलाई स्वीकार गरी यस परियोजनालाई देहायको सिद्धान्तको आधारमा सञ्चालन गर्ने:

(क) पंचेश्वर परियोजना कार्यान्वयन गर्दा समान विद्युत क्षमता भएको विद्युत गृह दुवै देशमा स्थापित गर्ने,

(ख) दुवै देशले त्यस्ता विद्युत गृह संचालन गर्ने पानीको परिमाण समान रुपले उपयोग गर्ने व्यवस्था मिलाउने,

(ग) पंचेश्वर परियोजनाको विकासबाट प्राप्त हुने लाभको अनुपातमा खर्च व्यहोर्ने व्यवस्था मिलाउने,

(घ) महाकाली नदी सीमा नदी भई बग्ने को क्षेत्रमा पंचेश्वर लगायत अन्य कुनै परियोजना कार्यान्वयन गर्दा अधिकतम खुद (maximum net benefit) लाभको सिद्धान्तलाई अनुसरण गर्ने,

(ङ) महाकाली नदीको पानी प्रयोग गर्ने गरी भविष्यमा निर्माण गरिने कुनै पनि संरचनाहरुको व्यवस्था गर्दा यिनै माथि उल्लेखित आधारहरुमा सिद्धान्तको रुपमा प्रतिपादित गर्ने.

(च) महाकाली नदीको पानीको प्रयोग गर्दा दुवै देशको एक अर्काको सहमति लिन पर्ने व्यवस्था गर्ने ।

४ अन्य

(क) योजना बनाईदा वा विकास गरिदा नेपालको लागि आवश्यक पर्ने पानीलाई प्राथमिकता दिलाउने.

(ख) योजनाको संचालनबाट नेपाल र भारतका लागि फाइदाको रुपमा सिर्जना हुने सबै सिर्जित फाइदाहरु विद्युत र उर्जा, सिंचाई र बाढी नियन्त्रण आदिको फाइदालाई विश्लेषण गर्ने र फाइदाको अनुपातमा योजनाको लागत दुवै देशले व्यहोर्ने पर्ने ।

परिशिष्ट-३

नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी लेनिनवादी)

महाँकाली नदीको एकिकृत विकास सम्बन्धि सन्धी अध्ययन कार्यदल

२०५३

सम्पर्क कार्यालय : नेकपा (एमाले) संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाण्डौ

सम्पर्क फोन-२२२४०३,
२३१११
२०१९४६
पोष्ट बक्स नं.-१४७१

१५ श्रावण, २०५३

मानर्नीय मन्त्रीज्यू,
जलश्रोत मन्त्रालय, श्री ५ को सरकार
सिंहदरवार, काठमाडौं

महाकाली नदीको एकिकृत विकास सम्वन्धी सन्धी अध्ययन कार्यदल, नेकपा (एमाले) को प्रयोजनका निमित्त त्यस मन्त्रालयवाट प्राप्त सन्दर्भ सामाग्री मध्ये केही सामग्रीहरु पढ्न नसकिने अस्पष्ट फोटोकपी प्राप्त भएको र केही थप सामग्री आवश्यक भएकाले निम्न वमोजिम सन्दर्भ सामाग्री उपलव्ध गराई दिन् हुन अनुरोध गर्दछु ।

<u>विवरण</u>

१. महाकाली नदी सिरानदेखि पुछार सम्म सीमा नक्सा (१:१००,००० वा त्यसभन्दा ठूलो स्केलमा)
२. पंचेश्वर जलाधार क्षेत्रको नक्सा (१:१००,००० वा त्यसभन्दा ठूलो स्केलमा)
३. महाकाली नदीको एकिकृत विकास सम्वन्धी सन्धीको अंग्रेजी, नेपाली र हिन्दी भाषाको अक्षरहरु प्रष्ट पढ्न सकिने प्रतिलिपी (Letter of Exchange सहित)
४. 2nd December 1815 को सन्धी तथा सम्वन्धित कागजातहरुको पढ्न सकिने प्रतिलिपी (Memorandum of Approval सहित)
५. Treaty with Nipal- 1st November 1860 को पढ्न सकिने प्रतिलिपी
६. चन्द्रशेखर पाध्या व्दारा हस्ताक्षरित Sarada River Boundary सम्वन्धी कागजातको पढ्न सकिने प्रतिलिपी ।

धन्यवाद ! सहयोगको अपेक्षा सहित,

के.पी. शर्मा (ओली)
संयोजक

परिशिष्ट-३ (क)

नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी लेनिनवादी)

महाँकाली नदीको एकिकृत विकास सम्बन्धि सन्धी अध्ययन कार्यदल

२०५३

सम्पर्क कार्यालय : नेकपा (एमाले) संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाण्डौ

सम्पर्क फोन-२२२३०१,
२२२१११
२७१९२६
पोष्ट बक्स नं.-१४७१

मिति : २९ श्रावण, २०५३

माननिय जलस्रोत मन्त्री ज्यू,
श्री ५ को सरकार, जलस्रोत मन्त्रालय
सिंह दरवार, काठमाण्डौ ।

महाँकाली नदिको एकिकृत विकास सम्बन्धी सन्धीका बारेमा श्रावण २०, २१ र २२, २०५३ मा भएको छलफलका सन्दर्भमा

माननीय मन्त्री ज्यू ,

महाँकाली नदीको एकिकृत विकास सम्बन्धि सन्धी अनुमोदनका लागि संसदमा दर्ता भै सकेको र नेपालका निमित्त यो सन्धी वर्तमान तथा दीर्घकालिन हिसाबले महत्वपूर्ण रहेकाले यसलाई विभिन्न कोणबाट अध्ययन विश्लेषण गरेर मात्र यसबारे अन्तिम टुङ्गोमा पुग्नु हाम्रोले वाञ्छनिय ठहऱ्याएका छौं । यस कामका लागि नेकपा (एमाले) ले यो अध्ययन कार्यदल गठन गरेको र अध्ययन कार्यदलले विधिवत आफ्नो काम गर्दै रहेको यहाँलाई अवगत नै छ । यसै सिलसिलामा यस अध्ययन कार्यदलको अनुरोधमा श्री ५ को सरकार र यस अध्ययन कार्यदलका बीच श्रावण २०, २१ र २२, २०५३ मा छलफलको आयोजना हुन सक्यो र छलफलमा मा. परराष्ट्र मन्त्री, मा. संचार मन्त्री, मा. जलस्रोत राज्य मन्त्री तथा श्री ५ को सरकारका उच्च पदस्थ अधिकृतहरु सहित माननिय मन्त्री ज्यू स्वयं उपस्थित भइ अध्ययन कार्यदलको तर्फबाट उठाइएका विभिन्न प्रश्न, जिज्ञासा तथा टिप्पणी उपर आफ्नो उत्तर, प्रतिकृया तथा व्याख्या राख्ने दिनु भै सहयोग गर्नु भएकोमा कार्यदलका तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छौं ।

छलफलका क्रममा कार्यदलको तर्फबाट राखिएका विभिन्न प्रश्न, जिज्ञासा तथा आशंकाहरुमा श्री ५ को सरकारको तर्फबाट प्रस्तुत गरिएका उत्तर, प्रतिकृया अथवा व्याख्या मध्ये केही लाई यहाँ उल्लेख्य गरिएको छ । छलफलका समयमा थप विचार र अभिव्यक्तिहरु यथार्थ रुपमा मा. मन्त्री ज्यू बाट प्रकट भएका हुन । यसमा मा. मन्त्री ज्यू बाट थप केही भन्नु पर्ने भए वा सुधार्नु पर्ने भए, सम्बन्धित विषयमा यथासिघ्र निष्कर्षमा पुग्नु पर्ने भएकाले, आजका मितिले ३ दिन भित्र मन्त्री ज्यू को प्रतिकृया हाम्रोलाई प्राप्त हुनेछ भन्ने अपेक्षा गर्दछौं । उक्त अवधि भित्र यसबारे निश्चित प्रतिकृया प्राप्त नभए यहाँ उल्लेख भएका विचार र व्याख्यालाई, जे जस्तो रुपमा छन त्यसै रुपमा, कार्यदलले ग्रहण गर्ने व्यहोरा विनम्रता पूर्वक अवगत गराउँदछौं । यहाँ सन्धीका कतिपय व्यवस्थाले उत्पन्न गरेका विभिन्न अस्पष्टताबारे सरकारी अडान तथा व्याख्यालाई पुन: निश्चित (Reconfirm) गर्न खोजिएको मात्र हो ।

१. महाँकाली नदीको हैसियतका बारेमा :

सन्धीको प्रस्तावनामा उल्लेखित Mahakali River is a boundary river on major stretches between the two countries भन्ने वाक्यांशको अर्थ फरक फरक किसिमले लगाइएको पाइन्छ । माथिको वाक्यंशको एउटा अर्थ, खण्ड खण्ड छुट्याएर, कुनै खण्ड सिमा नदी र कुनै कुनै खण्ड भने सम्पूर्ण रुपमा भारतीय वा नेपाली नदी भन्ने लाग्न सक्छ । यसरी कुनै भारतीय खण्डमा बनेको संरचनाबाट भारतले महाँकाली नदीको सम्पूर्ण पानीको उपयोग गर्ने हक राख्दछ भन्ने थप अर्थ लाग्न सक्ने सम्भावना छ । वास्तवमा उपरोक्त वाक्यांसको सट्टा Mahakali River is basically a boarder river भन्ने वाक्यांसको प्रयोग भैदिएको भए केही खण्डहरुमा नदी पूर्णरुपले भारत तर्फ वा नेपाल तर्फ बगेको अवस्थामा पनि जहाँ सम्म त्यसको पानी उपयोगको हकको सन्दर्भ छ, त्यसमा सिमा नदी हुनुको कारण दुवै मुलुको बराबरीको हक छ, भन्ने अर्थमा व्याख्या हुने थियो ।

यस सन्दर्भमा माथि उल्लेखित पहिलो वाक्यांसको अर्थ वास्तवमा दोस्रो वाक्यांस सरह नै लाग्दछ भन्ने मा. मन्त्री ज्यू को भनाई रहयो । पहिलो र दोस्रो वाक्यांशको अर्थमा केही तात्विक अन्तर छैन र कुनै कारणवश त्यस्तो अन्तर देखिएको खण्डमा पहिलो वाक्यांशको प्रयोग स्पष्ट रुपले दोस्रो वाक्यांशको भावना (Spirit) मा भएको हो - मा. मन्त्री ज्यू का अनुसार सरकार यो अडानमा दृढ छ ।

२. महाँकाली क्षेत्रमा सीमा र अस्पष्टाको सम्बन्धमा :

महाँकाली नदीको उद्गम देखि ब्रम्हदेवमण्डी सम्म यो नदी नै नेपाल-भारत बीचको सीमा भएको तथ्य सन् १८१६ को सुगौलीको सन्धी लगायत अन्य ऐतिहासिक प्रमाणहरुले पुष्टि गरेका छन । यो कुरामा सरकार स्पष्ट रहेको जानकारी मा. मन्त्री ज्यू बाट प्राप्त भयो । ऐतिहासिक रुपले लिम्पिया धुरावाट निस्कने हाल कुटीयांग्दी भनि भारतीय नक्साहरुमा उल्लेख गरिएको नदी नै महाँकाली नदीको मूल उद्गम शाखा हो । तर कतिपय ऐतिहासिक सन्दर्भमा लिपु लेखवाट निस्कने उद्गम शाखालाई पनि महाँकाली नदीको मूल उद्गम शाखा मानिएको देखिन्छ । यसरी ऐतिहासिक घट्नाक्रमले यस ठाउँमा महाँकाली नदीको मुल उद्गम शाखा (भंगालो) कुन हो भन्ने बारे अस्पष्टता र भ्रमपूर्ण स्थिति सृजना गरेका छन् । यस क्षेत्रमा नेपाल-भारत सीमानालाई अझ पूर्व टिंकर भञ्ज्याङ तर्फ ठेल्ने भारतीय पक्षको, सन १९६२ पछिको, प्रयास र दावी प्रति सरकार सचेत भएको कुरा बताउँदै मा. मन्त्री ज्यू ले नेपालको एक इञ्च पनि जमिन गुम्न नदिन सरकार दृढ रहेको कुरा प्रष्ट्याउनु भयो ।

३. सन्धीमा पानीको मात्रा एक पक्षिय रुपले तोकिएको कुरा :

सारदा ब्यारेज र टनकपुर ब्यारेजका सन्दर्भमा महाँकाली नदीबाट नेपालले के कती पानी प्राप्त गर्ने भन्ने कुरा सन्धीमा स्पष्ट तोकिएको छ । तर यसै सन्दर्भमा भारतले भने कती पानी पाउने भन्ने कुरा तोकिएको छैन । सन्धीमा यस्तो व्यवस्थाबाट नदीको सम्पूर्ण अधिकार भारतको रहेको र कुनै ज्ञात अज्ञात खास कारणले तोकिएको पानीको मात्रा नेपालले पाउने भन्ने अर्थ लाग्न सक्छ । साथै यस व्यवस्थाबाट भारतको Existing Consumptive Use कती हो भन्ने स्पष्ट नभएको

देखिन्छ । यस्तो अस्पष्टताले सन्धीका अन्य व्यवस्थाहरुबारे थप अस्पष्टता र भ्रमहरु सृजना गर्न सक्ने हुन जान्छ । यस सन्दर्भमा सरकारका तर्फबाट माननीय मन्त्री ज्यू ले निम्न तथ्यहरु अगाडी सार्नु भएको छ र यसमा सरकार दृढता पूर्वक अडिने बचन वद्धता समेत मा. मन्त्री ज्यू ले प्रकट गर्नु भएको छ ।

- भारतको Existing Consumptive Use को लेखा जोखा २४८. ३८ क्यूमेक्सको हाराहारी हुने छ ।
- नेपालले पञ्चेश्वर पश्चात ४५.०८ क्यूमेक्स बराबरको आफ्नो Existing Consumptive Use बाहेक २११.२९ क्यूमेक्स को हाराहारी पानीमा आफ्नो हक कायम गर्नेछ । जतिसुकै सानो या ठूलो नेपाली क्षेत्र सिंचित हुने कुरा DPR मा देखाइए पनि यो २११.२९ क्यूमेक्सको हाराहारीको पानी माथिको नेपालको हक कुँठित हुने छैन । यस कुराको निश्चितता सरकार प्रदान गर्दछ ।
- उपरोक्त लेनदेनका तथ्यांकहरुबारे संयुक्त रुपमा सहमतीमा पुग्नु पर्ने Detailed Project Report (DPR) पश्चात मात्र एकिन हुन सकिने छ । अत: माथि उल्लेखित अंकहरु थोरै मात्रामा फरक पर्न सक्ने छन र ठूलो मात्रात्मक फरक भने निश्चित रुपले पर्ने छैन ।

४. उपयोग नभएको पानी माथिको दावी :

सन्धी साँटको पत्रचार (Exchange of letters) को दफा ३ को दोस्रो उप दफामा उल्लेख भएको ..... precludes the claim, in any form, by either party on the unutilized portion of the shares of the waters of the Mahakali River of that party ..... (प्रयोग नभएको पानीमा दुवै पक्षले कुनै पनि किसिमले दावी गर्न नपाउने) भन्ने वाक्यांश को दुई व्याख्या हुन सक्ने देखिन्छ । एउटा व्याख्या सन्धीको पञ्चेश्वरको सगानीको सन्दर्भमा सिमित गरेर गर्न सकिन्छ । यसरी व्याख्या गर्दा यो वाक्यांशको अर्थ आफ्नो भागमा पर्ने तर तत्काल उपयोग हुन नसकेको पानीको खण्ड बापत त्यस तत्काल उपयोगिता बिहीन पानीलाई फाइदाको रुपमा हिसाब गरेर त्यसै अनुरुप सगानीको हिसाब निकाल्न नपाइने भन्ने हुन आउँदछ । अर्थात यदि नेपालले सिंचाइको फाइदा ९३ हजार हेक्टरका लागि लिने हुन आउँछ भने, फाइदाको आधारमा सगानी गर्ने सिद्धान्त अनुसार, त्यती बराबरको सगानीको भागिदार हुनु पर्दछ, तर आफ्नो भागमा सिंचाई गरे पछि पनि थप पानी उपलब्ध सक्छ र त्यो उब्रिएको पानी बापत नेपालले थप सगानी गर्नुपर्ने छैन । यसमा भारतले कुनै प्रकारको दावी गर्न पाउने छैन र नेपालले जुनसुकै प्रकारले उक्त उब्रिएको पानी प्रयोग गर्न सक्ने छ । उक्त पानी माथिको नेपालको हक अविच्छिन्न रुपले कायम रहने छ । यो व्याख्या सरकारका तर्फबाट माननीय मन्त्री ज्यू ले गर्नु भएको हो र यसमा सरकार पूर्ण रुपले सन्तुष्ट र दृढ छ ।

यसै सन्दर्भमा अर्को व्याख्याको स्पष्ट गुन्जाएस छ । त्यो नेपालको हितका निमित्त खतरनाक हुन सक्ने व्याख्या अनुसार नेपालले सारदा तथा टनकपुर ब्यारेजबाट पाउने उल्लेखित सन्धीमा तोकिएको पानी र पंचेश्वर पश्चात नेपाल तर्फ सिंचाइका निमित्त आवश्यक ठहर्‍याइएको DPR मा तोकिएको पानीमा मात्र नेपालको हक हुनेछ । यसरी तोकिएको पानीमा प्रयोग पश्चात नदीमा बाँकी रहन गएको पानी माथि नेपालले कुनै प्रकारको दावी गर्न नपाउने भन्ने हुन जान्छ । अर्थात त्यसरी उब्रिएको अथवा प्रयोग नभएको मूल्य अभिवृद्धियुक्त (Value added) पानी बापत भारततर्फ नै

जाने छ र प्रकारान्तरले उक्त पानी भारतले नै उपयोग गर्ने छ । यो सम्भावित व्याख्यालाई सरकारले मानेको छैन र कुनै हालतमा पनि नमान्ने कुरामा मा. मन्त्री ज्यू दृढ हुनुहुन्छ ।

५. संयुक्त सहमतीको DPR बारे :

उल्लेखित संधीका तीन खण्ड मध्ये पहिलो र दोस्रो खण्ड सारदा र टनकपुर ब्यारेजसँग सम्बन्धित छन् र यीनले विगतका तत्सम्बन्धी सम्पूर्ण काम कार्वाहीलाई वैधता प्रदान गर्ने र विगतका त्रुटीहरुलाई सकेसम्म सुधार्ने प्रयास गरेका छन् । जे सुधार्न सायद सम्भव छैन, त्यसलाई स्थाई रुपले विगततर्फ पन्छाउँदै र वर्तमान र भविष्यका निमित्त केही सुगमता ल्याउने प्रयत्न यी खण्डहरुमा भएको छ । तेस्रो खण्ड भनेको पञ्चेश्वर योजना निर्माण सम्बन्धि केही सैद्धान्तिक सहमतीको हो । यो शैद्धान्तिक सहमतीमा नेपालका लागि निश्चित रुपमा केही आकर्षक पक्षहरु छन, भने केही अस्पष्टताहरु पनि छन् । निम्न बुँदाहरुले सन्धीले अगाडी सारेका राम्रा शैद्धान्तिक पक्षलाई प्रतिबिम्बित गर्दछन ।

- Equal entitlement in the utilization of the waters of Mahakali River ..... [Article -3]
- Maximum total net benefit as the basis for project design ..... [Article -3 (1)]
- Cost Avoided Principle as the basis for pricing the energy produced .... [सरकारको तर्फवाट Exchange of letters - 3 (a) को व्यवस्थालाई गरिएको व्याख्याका आधारमा]
- Investment in proportion to the benefits ..... [Article -3 (3)]
- Irrigation benefits (incremental and additional) and flood control benefits to be accounted for... [Exchange of letters - 3 (a) को आधारमा]

सामान्त: यस्ता ठूला योजनाहरुको पहिले DPR निमार्ण हुने र त्यस पछि मात्र सन्धी गर्ने प्रचलन देखिन्छ । तर वर्तमान महाँकाली सन्धीको प्रसँगमा भने पहिले सन्धी गरेर पछि DPR गर्ने व्यवस्था छ । सन्धीका उपरोक्त सहमतीहरुद्वारा यथार्थमा सृजित हुने स्रोत, फाइदा र लगानीको वाँडफाँट को ठिक ठिक लेखा जोखा संयुक्त रुपमा सहमती हुनु पर्ने DPR ले मात्र गर्नेछ । यसरी नेपालको हितलाई आघात नपुऱ्याई स्रोत, फाइदा र लगानी आदिको वाँडफाँट गरिएको DPR मा सहमती कायम गर्न नेपाली पक्षले निकै कडा परिश्रम र बहश (Tough negotiation) गर्नुपर्ने हुन सक्दछ । त्यसपछि तयार हुने संयुक्त DPR लाई पूनः सन्धीको रुपमा सहमती गरी नेपालको सँविधानको धारा १२६ को उपधारा (२) अनुसार अनुमोदन गरिनु पर्दछ कि पर्दैन ? यो महत्वपूर्ण प्रश्नको उत्तरमा उल्लेखित सन्धीका व्यवस्थाहरु मौन देखिन्छन । अत: यस सन्दर्भमा पनि दुई फरक फरक व्याख्या देखा परेका छन् । एउटा व्याख्या अनुसार वर्तमान महाँकाली सन्धीले DPR का तमाम प्रस्तावहरुलाई ओतको (Umbrella) काम गर्ने भएकाले तत्पश्चात दायित्व तथा लाभको वाँडफाँटका लागि दुई सरकारहरुको सहमती भए पुग्ने हुन सक्छ । कुनै थप सन्धी र त्यसको अनुमोदनको जटिल प्रकृयावाट गुज्रनु पर्ने जरुरत नपर्न सक्दछ । वास्तवमा वर्तमान सन्धीको महत्व नै यस निम्ति हुन सक्ने छ कि महाँकाली नदी र खास गरेर पंचेश्वर योजनाका हकमा उल्लेखित सन्धीमा तोकिए वमोजिम वाहेक अन्य कुनै थप सन्धी र त्यसको अनुमोदन गर्नु पर्ने छैन ।

यस सन्दर्भमा वर्तमान सरकारको अडान माथिको सम्भावित व्याख्या भन्दा फरक रहेको वताउँदै मा. मन्त्री ज्यू ले दुवै मुलुकको सहमतीद्वारा तयार हुने भएको DPR का स्रोत, फाइदा र

लगानीको वाँडफाँट संग सम्बन्धित प्रस्तावहरु सन्धीका रुपमा पूनः सहमतीमा पुग्नु पर्दछ र धारा १२६ को उपधारा (२) अनुसार अनुमोदित हुनु आवश्यक छ भन्ने ठहर गर्नुभयो ।

६. भारतलाई विद्युत विक्रिका सन्दर्भमा :

उल्लेखित सन्धीमा A Protion of Nepal's share of energy shall be sold to India. उल्लेख हुनुले नेपाल भारतलाई विद्युत विक्रि गर्न बाध्यात्मक स्थितिमा रहेको तर भारत भने किन्न बाध्य नरहेको अर्थ जनाउन सक्दछ । यो अर्थमा नेपालले भारत सरकार बाहेक अन्य कसैलाई विद्युत विक्रि गर्न नसक्ने स्थिति भविष्यमा उत्पन्न भएमा यसबाट नेपालका निमित्त अहित मात्र हुन सक्दछ । वास्तवमा नेपालले भारत बाहेक अरुलाई विद्युत शक्ति बेच्न नपाउने र भारतबाट उचित मूल्य नपाउने यस किसिमको सम्भावित परिस्थितिको आशंका नेपालमा विद्यमान रही रहेको तथ्य कसैबाट लुकेको छैन । मन्त्री ज्यू का अनुसार सन्धीमा उल्लेखित माथिको वाक्यांशले वास्तवमा नेपालले भारतलाई विद्युत शक्ति विक्रि गर्ने कुरामा आश्वस्त गराउन चाहने भावनालाई बुझाउँदछ । नेपालका लागि भारत विद्युत शक्तिको एउटा भरपर्दो क्रेता हुन सक्ने भएकाले उसलाई आस्वश्त गराउनु आवश्यक समेत भएको मा. मन्त्री ज्यू ले ठहर्याउनु भयो । अतः उपरोक्त वाक्यांशको अन्यथा केही अर्थ लगाउन नहुने सोचाई सरकारको रहेको कुरा मा. मन्त्री ज्यू ले दृढताका साथ बताउनु भयो ।

७. Avoided Cost को सिद्धान्त :

पंचेश्वरबाट उत्पादित उर्जा मध्ये नेपालको भागको एउटा अंश नेपालले भारतलाई बेच्ने भन्ने व्यवस्था सन्धीले गरेको छ । यो उर्जाको मात्रा र मूल्य पछि निर्धारण गरिने भनिएको छ । भारत एकल क्रेता (Monopsonic buyer) भएको अवस्थामा उर्जाको मोल सम्बन्धी केही न केही स्पष्ट व्यवस्था सन्धीमा भए मात्र नेपालको हित माथि चोट नपर्ने कुरामा विश्वस्त हुन सकिने थियो । त्यस्तो केही स्पष्ट व्यवस्था सन्धीमा छैन । यस सन्दर्भमा सन्धी गरिको पश्चात्मा, पंचेश्वर योजनाबाट हुन सक्ने फाइदाको लेखाजोखाको सन्दर्भमा, उर्जाको मूल्य निर्धारणको सिद्धान्तका रुपमा Savings in cost to the beneficiaries as compared with the relevant alternatives भनी उल्लेख गरिएको छ (दफा ३ को पहिलो उप दफा) । तर यो व्यवस्था पंचेश्वरबाट Maximum Net Benefit को हिसाब निकाल्दा मात्र प्रयोग हुने हो वा भारतले नेपालको भागको उर्जा खरिद गर्दा पनि लागू हुने भन्नेमा अस्पष्ट छ । साथै यस व्यवस्थाबाट भारतले relevant alternative का रुपमा कम मूल्यमा उर्जा उत्पादन गर्न सकिने जे विकल्पहरु प्रस्तुत गर्ने छ, त्यसै अनुसार हामीले बिक्रि गर्नु पर्ने उर्जाको मूल्य तोकिन सक्ने सम्भावना पनि रहन सक्दछ । माथि उल्लेखित व्यवस्था नेपालले भारतलाई बेच्ने उर्जाको मूल्य तय गर्दा पनि लागू हुने अवस्थामा समेत यी सम्भावनाको ढोका खुला देखिन्छ । त्यस्तो हुन जाने स्थितिमा पंचेश्वरबाट उत्पादन हुने विशिष्ट महत्वको उर्जा Peak energy को उचित मूल्य नेपालले नपाउने डर हुन्छ । Relevant alternatives को सट्टा सन्धीमा उर्जा विक्रीको सन्दर्भ पारेर, यही प्रष्टसित र स्पष्ट अर्थ लाग्ने, Avoided Cost Principle भन्ने परिभाषित शब्दावली प्रयोग भैदिएको भए उपरोक्त फरक अर्थ लाग्न सक्ने सम्भावना रहँदैनथ्यो । यस सन्दर्भमा मा. मन्त्री ज्यू का भनाइहरु निम्नबमोजिम रहे । Compared with Relevant alternatives भनेको Avoided Cost Principle नै हो र यो बाहेक अर्को अर्थ लगाउने ठाउँ छैन । यसमा सरकारका तर्फबाट मा. मन्त्री ज्यू ले दृढ रहने वचन बद्धता जाहेर गर्नु भएको छ ।

८. लगानीका निमित्त फाइदाको हिसाव :

पंचेश्वर योजना निर्माणका निमित्त फाइदाका आधारमा लगानी गर्ने सिद्धान्त सन्धीले मानेको छ । नेपाली पक्ष र भारतीय पक्षलाई कती कती फाइदा हुन्छ भन्ने कुराको लेखाजोखा संयुक्त DPR ले गर्नेछ । यो लेखाजोखा गर्दा सिंचाई र वाढी नियन्त्रणका सम्पूर्ण फाइदाहरुलाई समावेश गरिने कुरा उल्लेख छ । तर महाँकाली नर्दीको पानी सारदा नहर प्रणालीद्वारा भारतीय क्षेत्रमा प्रवेश गरे पछी लोहिया पावर हाउस मार्फत विद्युत फाइदा पनि भारतले उठाएको छ । पंचेश्वर पश्चात पानीको मात्रा र त्यो वृद्धि भएको पानीको उपलव्धताको समय दुवै वढ्ने हुनाले यो उर्जा उत्पादनमा उल्लेखनीय वृद्धि हुन जानेछ । भारतीय पक्षलाई यो थप फाइदा हुन्छ भन्ने कुरालाई श्री ५ को सरकार स्वीकार्दछ र लोहिया पावर हाउस मार्फत तथा यस्तै अरु सम्भावित थप फाइदाहरुलाई भारतको सम्पूर्ण फाइदाको लेखाजोखामा समावेश गरिनेछ भन्ने कुरामा सरकार दृढ रहेको कुरा मा. मन्त्री ज्यू ले वताउनु भयो ।

९. Power Trade Agreement का वारेमा :

महाँकाली नर्दीको एकिकृत विकास सम्वन्धी सन्धी सँग पत्यक्ष रुपले सम्वन्धित हुन सक्ने सम्भावना रहेको सचिवको स्तरमा १७ फेव्रुअरी १९९६ मा हस्ताक्षर भएको नेपाल-भारत वीचको उर्जा खरिद, विक्रि, उत्पादन, आपूर्ति आदि विषयमा सरकारी, अर्ध सरकारी तथा गैर सरकारी क्षेत्रको भूमिका रहन सक्ने सन्धी वारे पनि उक्त अवसरमा छलफल भयो । यो सन्धी पनि प्राकृतिक स्रोतको वाँडफाँट सँग सम्वन्धित भएकाले यसलाई अनुमोदन गर्ने प्रकृया संविधानको धारा १२६ को उपधारा (२) वमोजिम हुनु पर्ने कुरा व्यक्तिगत विचारका रुपमा मन्त्री ज्यू ले राख्नु भयो । यसवारेमा थप व्याख्या तथा जानकारी न्याय तथा कानून मन्त्रालयसँग छलफल गरेर मात्र दिन सक्ने कुरा मा मन्त्री ज्यू ले वताउनु भयो ।

सहयोगको अपेक्षा सहित धन्यवाद !

.....
के. पी. शर्मा ओली
संयोजक, अध्ययन कार्यदल

जानकारीका निमित्त प्रेषित :

मा. परराष्ट्र मन्त्री डा. प्रकाश चन्द्र लोहनी
परराष्ट्र मन्त्रालय,
मा. सञ्चार मन्त्री चिरञ्जीवी वाग्ले
सञ्चार मन्त्रालय

परिशिष्ट-३ (ख)

श्री ५ को सरकार

मा. पशुपति शम्शेर ज.ब.रा.
जलस्रोत मन्त्री

फोन
निजि सचिवालय { २२७३२३ / २२७३४७
निवास { ४१४०३७ / ४१२३४०

श्री ५ को सरकार
माननीय जलस्रोत मन्त्रीज्यूको
निजी सचिवालय
१०१७

पत्र संख्या :-
च.नं. :४३८

निजि सचिवालय
सिंहदरबार
मिति २०५३।४।२१ ... ...

विषयः–

मा. श्री के.पी. ओलीजी,
संयोजक,
महाकाली नदीको एकिकृत विकास सम्बन्धी अध्ययन गर्न गठित कार्यटोली,
नेपाल कम्युनिष्ट पार्टी (एमाले)
मदननगर, बल्खु ।

महाकाली नदीको एकिकृत विकास गर्ने सम्बन्धको सन्धिमा व्यवस्था भएका केही प्रावधानहरुको बारेमा उठाइएका जिज्ञासाहरुको उत्तर स्थलगत अवलोकनबाट समेत उपलब्ध गराउने सिलसिलमा ने.क.पा. (एमाले) लगायतका मा. सासदहरुको टोली लिई मिति २०५३।४।२९ का दिन म महाकाली अंचल तर्फ प्रस्थान गरेको व्यहोरा तपाईलाई अवगत भएकै हो ।

यसै बीच तपाइले सोही २०५३।४।२९ का दिन मलाई महाकाली सन्धिका सम्बन्धमा पत्र पठाउनु भएको रहेछ । उक्त पत्र म उक्त टोलीसाथ महाकाली अंचलबाट फर्किसकेपछि २०५३।४।३१ मा प्राप्त गरी अध्ययन गर्ने मौका पाएं । तपाईले लेख्नु भएको पत्रको लागि धन्यवाद दिन चाहन्छु ।

२०५३ श्रावण २०, २१ र २२ गते आयोजित छलफल कार्यक्रममा महाकाली नदीको एकिकृत विकास गर्ने सम्बन्धको सन्धिमा तपाईको अध्यक्षतामा गठित नेकपा (एमाले) को टोलीले मौखिक रुपमा उठाएका विभिन्न जिज्ञासा, प्रश्न एवं टिप्पणीहरुको बारेमा विवरणात्मक तथा व्याख्यात्मक रुपमा बृहत मौखिक जानकारी तपाईहरुलाई गराइएको व्यहोरा स्मरण गराउंदछु । उल्लिखित छलफल कार्यक्रमना टोलीको तर्फबाट उठाइएका जिज्ञासा, प्रश्न एवं टिप्पणीहरु र त्यस माथि जलस्रोत मन्त्रालयका तर्फबाट प्रस्तुत व्याख्यात्मक विवरणहरु औपचारिक रुपमा माइन्यूट गर्ने वा संकलन गर्ने मनशाय कुनै पक्षबाट राखिएको थिएन । साथै छलफल कार्यक्रमको कुनै लिखित दस्तावेज वा रेकर्ड राखिएको पनि थिएन र माइन्यूटिङ्ग पनि गरिएन । अतः उक्त सन्धीको बारेमा अझ पनि केही स्पष्ट गरिनु पर्ने प्रश्न वा जिज्ञासाहरु भएमा ती स्पष्ट गरिनु पर्ने विषयहरुको सम्बन्धमा लिखित रुपमा यस मन्त्रालयलाई जानकारी प्राप्त भएमा लिखित रुपमा जवाफ वा स्पष्टीकरण दिइने व्यहोरा जानकारी गराउदछु ।

(पशुपति शम्शेर ज.ब.रा.)
जलश्रोत मन्त्री

परिशिष्ट-३ (ग)

नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी लेनिनवादी)

महाँकाली नदीको एकिकृत विकास सम्बन्धि सन्धी अध्ययन कार्यदल

२०५३

सम्पर्क कार्यालय : नेकपा (एमाले) संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाण्डौ

सपर्क फोन-२२२३०१,
४३१११
२७१६६१
पोष्ट बक्स नं-१४७१

मिति : भाद्र ३, २०५३

मा. मन्त्री ज्यू
जलश्रोत मन्त्रालय
श्री ५ को सरकार
सिंह दरबार, काठमाण्डौ

महाँकाली सन्धीका बारेमा

माननिय मन्त्री ज्यू,

यस कार्यदलले तपाईलाई लेखेको मिति २९ श्रावण, २०५३ को पत्रको सिलसिलामा तपाईले लेख्नु भएको २०५३।४।३१ को पत्र प्राप्त भयो। श्रावण २०, २१, २२ गते आयोजित छलफलको सन्दर्भमा यस अध्ययन कार्यदलका तर्फबाट मौखिक रुपमा उठाइएका जिज्ञासा, प्रश्न र टिप्पणीहरुको बारेमा जलश्रोत मन्त्रालयका तर्फबाट दिइएको जानकारीको उल्लेख यहाँले आफ्नो पत्रमा गर्नु भएको छ। वास्तवमा मन्त्रालयका तर्फबाट मन्त्री ज्यू र मन्त्रालयका उच्च पदस्थ अधिकृतहरुद्वारा प्रस्तुत गरिएको विवरणात्मक तथा व्याख्यात्मक जानकारीका लागि हामी कृतज्ञता व्यक्त गर्न चाहन्छौं। तपाईले आफ्नो पत्रमा चाहनु भए झैं उल्लेखित छलफलमा मन्त्रालयका तर्फबाट प्रस्तुत उत्तर तथा व्याख्याहरुलाई पुनः निश्चित (Reconfirm) गर्नका निमित्त छलफलमा उठेका कतिपय सन्दर्भ र विषयलाई प्रश्नका रुपमा मन्त्रालयको उत्तर व्याख्याका लागि निम्न बमोजिम पठाइएको छ। आशा छ कार्यदलले भाद्र ६, २०५३ सम्ममा यहाँको जवाफ पाउने छ। यहाँ उठाइएका प्रश्न वा सन्दर्भमा यहाँको स्पष्ट, सारगर्भित र छोटो उत्तर या प्रतिकृयाको अपेक्षा हामीले गरेका छौं।

१) महाँकाली नदी Boundary river on major streches between the two countries भन्ने कुराको उल्लेख सन्धीमा हुनुको अर्थ महाँकाली नदी basically a boarder river भने सरह नै लाग्दछ ? यसमा नदीको अलग अलग खण्डको उपयोगिताको सन्दर्भमा कुनै तात्विक अन्तर छैन ?

२) टनकपुर परियोजनाका सम्बन्धमा विभिन्न ढंगले प्रयोग भएको नेपालको जमिनको ठिक ठिक परिमाण कति हो ? र यो जमिनको श्री ५ को सरकारले उठाउनु पर्ने मालपोतका सम्बन्धमा सन्धीले के कस्तो व्यवस्था गरेको छ ?

३) टनकपुर परियोजनाको निर्माणको सिलसिलामा विस्थापित हुन पुगेका नेपाली परिवारहरुको हाल सम्म क्षतीपूर्ति र पुनर्वास बारे केही व्यवस्था भएको देखिदैन। यस क्रममा श्री ५ को सरकारको के सोचाई र कार्यक्रम छ ?

/

४) महाँकलीको मुल उद्गम शाखा कुनलाई मान्नु हुन्छ ?

५) सन् १९६२ पश्चात भारतीय पक्षवाट महाँकालीको उद्गम क्षेत्रमा नेपाल-भारत सीमालाई पूर्व टिकर भञ्ज्याङ्ग तर्फ ठेल्ने प्रयास वारे यहाँको के प्रतिक्रिया छ ?

६) उल्लेखित सन्धीको धारा १, २ र ४ मा महाँकाली नदीवाट नेपालले कति पानी पाउने हो त्यसको उल्लेख छ तर भारतले कति पाउने भन्ने कुराको उल्लेख छैन, किन ?

७) नेपालको वर्तमान पानीको उपभोग्य उपयोग (Existing Consumptive Use) कति हो र भारतको कति हो ?

८) सन्धीको पत्राचारको दफा ३ को दोश्रो दफाको ...precludes the claim, in any form by either party on the unutilized portion of the shares of the waters of the Mahakali River of the party..... भन्ने व्यवस्थाको व्याख्या कसरी गर्नु हुन्छ ?

९) पंचेश्वर निर्माण हुने अवस्थामा तत्पश्चात महाँकाली नदीमा वहन जाने नियन्त्रित पानी (Regulated Flow) माथि नेपालको हक कती हो ? भारतको कती ?

१०) माथि उल्लेखित आफ्नो हिस्साको पानी नेपालले आफ्नो आवश्यकता अनुसार भारतीय पक्षको अंकुश विना जुन कुनै विन्दुवाट लिन पाउने हुन्छ कि हुँदैन ?

११) सयुक्त सहमतीको DPR ले प्रस्तुत गर्ने दायित्व तथा लाभको वाँडफाँटको व्यवस्थालाई सन्धीका रुपमा पुनः अनुमोदन गर्नु पर्छ कि पर्दैन ? पर्दछ भने संविधानको कुन व्यवस्था अनुसार ?

१२) नेपालले भारतलाई विद्युत उर्जा विक्रि गर्नु पर्ने भन्ने सन्धीको व्यवस्थाले यो किनवेचमा नेपाललाई वाध्यात्मक र भारतलाई ऐच्छिक स्थिति सृजना गरेको छैन ?

१३) नेपालले भारतलाई वेच्नु पर्ने भनिएको विद्युत उर्जाको मूल्य निर्धारण सम्वन्धि सिद्धान्त के हो ? र यो सिद्धान्तको व्यवस्था सन्धीमा कहाँ र कसरी गरिएको छ ? के Savings in cost to the beneficiaries as compared with the relevant alternatives भन्ने सन्धीमा भएको उल्लेख यो सन्दर्भमा लागू हुने हो ? र के यसको अर्थ Avoided Cost Principle सरह हुन्छ ?

१४) सन्धीले व्यवस्था गरेको लाभका आधारमा लगानीको सिद्धान्तको कार्यान्वयनका निमित्त भारतीय पक्षको लाभको लेखाजोखा गर्दा सारदा नहरको तल्लो खण्डमा रहेको लोहिया पावर हाउस र यस्तै अन्य फाइदाको हिसाव गरिन्छ कि गरिन्न ?

१५) उल्लेखित सन्धी संग सम्वन्धित हुन जाने फेव्रुअरी १७, १९९६ को Power Trade Agreement को अनुमोदन संविधानको कुन व्यवस्था अन्तर्गत हुनु पर्ने हुन्छ ?

१६) सयुक्त सहमतीको DPR वन्न नसकेमा पचेश्वर योजना उल्लेखित सन्धीको व्यवस्था भित्र निर्माण हुन सम्दैन । यस्तो अवस्थामा यो सन्धीको हैसियत के हुन्छ ? सारदा र टनकपुरका हकमा लागू हुने तर पचेश्वरका हकमा भने अप्रभावी हुने ? अथवा के ?

१७) उल्लेखित सन्धी दुई पटक हस्ताक्षर हुनुको कारण वा रहस्य के हो ?

धन्यवाद ।

के पी शर्मा (ओली)
सयोजक

परिशिष्ट-३ (घ)

श्री ५ को सरकार

जलस्रोत मन्त्रालय

श्री ५ को सरकार
जलस्रोत मन्त्रालय
२०३७

फोन :२२८९२३, २२६७१६, २२
फ्याक्स :+९७७-१-२२
सिंहदरबार, काठमाण्डौं

मिति २०५३।५।६

विषय महाकाली सन्धिका बारेमा ।

मा.श्री के.पी. ओली,
संयोजक
महाकाली नदीको एकीकृत विकास सम्बन्धी सन्धिको
अध्ययन गर्न गठित कार्य टोली,
नेपाल कम्युनिष्ट पार्टी (एमाले)
मदननगर, बल्खु ।

तपाईको मिति २०५३।५।३ को पत्र प्राप्त भयो । पत्रमा महाकाली सन्धिका विषयमा सोधिएका जिज्ञासा एवं प्रश्नहरुको सन्दर्भमा यस अघि पानि मिति श्रावण २०,२१ र२२ मा आयोजित छलफलको क्रममा विवरणात्मक तथा व्याख्यात्मक जानकारी उपलब्ध गराइएको थियो । हाल पुनः उल्लेखित विषयमा तपाईबाट माँगिएको प्रतिक्रिया एवं सोधिएका प्रश्नहरुको उत्तर यसै साथ संलग्न गरी पठाएको छु । आशा छ यहाको आवश्यकता संलग्न उत्तरबाट परिपूर्ति हुने नै छ ।

धन्यवाद ।

(पशुपति शम्शेर ज.ब.रा.)
जलस्रोत मन्त्री

बोधार्थ:

मा. मन्त्री श्री चिरन्जीवी वान्ले,
संचार मन्त्रालय । उत्तर पुस्तिका संलग्न छ ।

मा. मन्त्री श्री अर्जुन नरसिंह के.सी,
स्वास्थ्य मन्त्रालय । उत्तर पुस्तिका संलग्न छ ।

मा. मन्त्री श्री बुद्धिमान तामाङ,
भूमि सुधार तथा व्यवस्था मन्त्रालय । उत्तर पुस्तिका संलग्न छ ।

प्रश्न. १ महाकाली नदी Boundary river on major streches between the two countries भन्ने कुराको उल्लेख सन्धिमा हुनुको अर्थ महाकली नदी basically a border river भने सरह नै लाग्दछ ? यसमा नदीको अलग अलग खण्डको उपयोगिताको सन्दर्भमा कुनै तात्विक अन्तर छैन ?

उत्तर: महाकाली नदी Boundary river on major streches between the two countries भन्ने कुराको उल्लेख सन्धिमा हुनुको अर्थ महाकली नदी basically a border river भने सरह नै हो । सन्धिले समान हक स्थापित गरिसकेको पृष्ठभूमिमा महाकाली नदीलाई major streches मा सीमा नदी भने पनि वा basically a border river भने पनि त्यसको परिणाम (consequence) को प्रश्नमा कुनै अन्तर छैन ।

प्रश्न. २ टनकपुर परियोजनाका सम्बन्धमा विभिन्न ढंगले प्रयोग भएको नेपालको जमिनको ठिक ठिक परिमाण कति हो ? र यो जमिनको श्री ५ को सरकारले उठाउनु पर्ने मालपोतका सम्बन्धमा सन्धिले के कस्तो व्यवस्था गरेको छ ?

उत्तर: टनकपुर बांधको पूर्वी तटबन्धको निर्माणका लागि दुवै देशको दश गजा भूमिको केहि अंशका अतिरिक्त नेपालले आफ्नो तर्फको. करिब २.९ हेक्टर भूमि र जलाशयभित्र पर्ने नेपाल - भारत सीमासम्मको करिब ९ हेक्टर भूमि भारतले प्रयोग गर्ने गरि उपलब्ध गराएको छ । यसरी उपलब्ध गराईएको जमीनमा नेपालको अविच्छिन्न सार्वभौमसत्ता तथा नियन्त्रण रहने र सम्पूर्ण तत्सम्बन्धी अनुषांगिक अधिकार प्रयोग गर्न नेपाल स्वतन्त्र रहने कुरा सन्धिमा स्पष्टरुपमा व्यवस्थित गरिएको छ ।

प्रश्न. ३ टनकपुर परियोजनाको निर्माणको सिलसिलामा विस्थापित हुन पुगेका नेपाली परिवारहरुको हाल सम्म क्षतिपूर्ति र पुर्नवास बारे केही व्यवस्था भएको देखिदैन । यस कममा श्री ५ को सरकारको के सोचाई र. कार्यकम छ ?

उत्तर: टनकपुर परियोजनाको निर्माणको सिलसिलामा कुनै पनि नेपाली परिवारहरु विस्थापित भएको प्रमाण आधिकारिक रुपमा प्राप्त भएको छैन । त्यस्तो कुनै तथ्यपरक प्रमाण पाईएमा श्री ५ को सरकारले आवश्यक व्यवस्थाका लागि कारवाही गर्नेछ ।

प्रश्न. ४ महाकालीको मुल उद्गम शाखा कुनलाई मान्नु हुन्छ ?

उत्तर: महाकाली नदीको मुल उद्गम शाखा काली नदी नै हो ।

प्रश्न. ५ सन् १९६२ पश्चात् भारतीय पक्षवाट महाकालीको उद्गम क्षेत्रमा नेपाल- भारत सिमालाई पूर्व टिंकर भञ्ज्याङ्ग तर्फ ठेल्ने प्रयास वारे यहांको के प्रतिक्रिया छ ?

उत्तर: नेपालको सीमा महाकाली नदी हो त्यसलाई कायम गर्न श्री ५ को सरकार दृढ एव कटिवद्ध छ । काली नदी क्षेत्रमा नेपाल - भारत सयुक्त आयोगवाट सर्भे गरि सीमा तोक्ने विषयमा गत श्रावण २०५२ मा निर्णय गरिएको थियो । सोहि निर्णयानुसार यो कार्यक्रम शुरु गरिने छ ।

प्रश्न ६ उल्लेखित सन्धिको धारा १, २ र ४ मा महाकाली नदीवाट नेपालले कति पानी पाउने हो त्यसको उल्लेख छ तर भारतले कति पाउने भन्ने उल्लेख छैन, किन ?

उत्तर: महाकाली सन्धिको धारा-१ मा नेपालले पाउने पानी ईश्वी सन् १९२० मा भएको शारदा व्यारेज सम्वन्धी समझदारी अनुसार नै तोकिएको हो । सन्धिको धारा-२ मा पनि नेपालले टनकपुर व्यारेजको वाया एफलक्सवण्डको लागि आफ्नो जग्गा उपलब्ध गराए वापत हक स्थापित गरि पानीको परिमाण तोक्न आवश्यक भएको हो । धारा-४ मा दोधारा - चादनी क्षेत्रमा पानीको माग आपुर्ति शारदा नहरवाट नै गर्न उपयुक्त हुने भएकोले सो को परिमाण पनि सन्धिमा उल्लेख गरिएको हो ।

भारतले आफ्नो उपभोग्य उपयोगमा अधिकतम ३२६ क्युमेक (शारदा नहरको अधिकतम क्षमता) सम्म पानी प्रयोग गरेको कुरा आधिकारिक रुपमा लेखी आएको छ । यस्तो पानीको उपभोग महिना महिनामा फरक पर्ने, महाकाली नदीको न्यूनतम औसत वहाव १३६ क्युमेक सम्म हुने र शारदा नहरको अधिकतम क्षमतामा पनि प्रश्न उठि रहेको सन्दर्भमा यी कुराहरुको पूर्ण निक्यौल गरे पछि मात्र मासिक या दैनिक रुपमा भारतले उपभोग गर्न पानीको परिमाण तोक्नु उचित हुने छ । यसका साथै पञ्चेश्वर वाध स्थलमा ५८२ क्युमेक पानीको वहावमा मात्र दुई देशको सहमति भएको छ । तर पञ्चेश्वर भन्दा तल जलाधार क्षेत्रको अनुपातमा

उपलब्ध हुने पानी बारे पनि यकिन गरि सहमति हुन बाँकि रहेको सन्दर्भमा भारतको उपभोग्य उपयोग बारे सन्धिको धारा १२ (४) अनुरुप पञ्चेश्वर आयोजनाको छुट्टै संझौता हुने समयमा यसको टुंगो लगाई सो सम्झौतामा उल्लेख गरिने छ । पञ्चेश्वर आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार पारी दुवै देशको सहमति नभएसम्म भारतले महाकाली नदीबाट पाउने उपभोग्य पानीको परिमाण तोक्दा वास्तविक परिमाण किटान गर्न कठिनाई पर्ने हुंदा भारतले पाउने पानीको परिमाण सन्धिमा नतोकिएको हो ।

प्रश्न. ७ नेपालको वर्तमान पानीको उपभोग्य उपयोग (Existing consumptive use) कति हो र भारतको कति हो ?

उत्तर: महाकाली नदीबाट ईश्वी सन् १९२० को सम्झौता अनुसार नेपालले वार्षिक औसत रुपमा जम्मा ८ क्युमेक पानी पाउने व्यवस्था छ भने हालको महाकाली सन्धि अनुरुप टनकपुरमा थप पानीको व्यवस्था भएकोले पञ्चेश्वर आयोजना निर्माण हुनु अघि नेपालको उपभोग्य उपयोग वार्षिक औसत रुपमा ४१ क्युमेक हुन जानेछ । माथि उत्तर ६ मा उल्लेख भएका कारणहरुले गर्दा भारत तर्फको उपभोग्य उपयोगबारे दुवै पक्षको सहमति भई टुंगो लगाउन बाँकि छ ।

प्रश्न. ८ सन्धिको पत्राचारको दफा ३ को दोश्रो दफाको ... precludes the claim, in any form , by either party on the unutilzed portion of the shares of the waters of the Mahakali River of the party ..... भन्ने व्यवस्थाको व्याख्या कसरी गर्नु हुन्छ ?

उत्तर: सन्धिको व्याख्या गर्दा असल नियत र सन्धिले लिएको भावना तथा उद्देश्यको परिवेशमा सामान्य अर्थबाट गरिनु पर्छ भन्ने सर्वमान्य सिद्धान्त कायम छ । सन्धि मग सम्बद्ध आदान् प्रदान पत्रको दफा ३ को (ख) मा प्रयुक्त "..precludes the claim, in any form , by either party on the unutilzed portion of the shares of the waters of the Mahakali River of the party without affecting the provision of the withdrawal of the respective shares of the waters of the Mahakali River by each party ..." वाक्यांश को व्याख्या सन्धिको धारा ३ को प्रकरण ३ समेतलाई एकै ठाउं मा राखि व्याख्या गर्नु पर्दछ । उक्त वाक्यांशको व्याख्या स्वतन्त्ररुपमा गर्न मिल्दैन । यसरी व्याख्या गर्दा नेपालको हिस्साको पानीमा नेपालको पूर्ण

अधिकार कायम रहन्छ र त्यसलाई कसरी प्रयोग गर्ने भन्ने अधिकार पनि नेपालसंगै सुरक्षित छ ।

प्रश्न. ९ पञ्चेश्वर निर्माण हुने अवस्थामा तत्पश्चात महाकाली नदीमा वढन जाने नियंत्रित पानी (Regulated Flow) माथि नेपालको हक कति हो ? भारतको कति ?

उत्तर: महाकाली सन्धिको धारा-३ मा उल्लेख भए अनुसार पञ्चेश्वर आयोजनाको निर्माण पछि महाकाली नदीमा वढन जाने नियंत्रित पानीमा (Regulated Flow) नेपाल र भारतको आधा - आधा हक लाग्दछ ।

प्रश्न. १० माथि उल्लेखित आफ्नो हिस्साको पानी नेपालले आफ्नो आवश्यकता अनुसार भारतीय पक्षको अंकुश विना जुन कुनै विन्दुवाट लिन पाउने हुन्छ कि हुदैन ?

उत्तर: महाकाली सन्धिको धारा-५ को दफा-२ अनुसार नेपाल वा भारतले आ-आफ्नो भागको पानी टनकपुर ब्यारेजवाट विना अंकुश लिन पाउने र अन्य कुनै परस्पर मन्जुर भएको ठाउवाट समेत लिन पाउने छ । स्मरणीय छ, कुनै पनि पक्षले मनमानी गर्न नपाओस भनेर सन्धिको धारा-९ मा महाकाली आयोगको पनि व्यवस्था गरिएको छ ।

प्रश्न. ११ संयुक्त सहमतिको DPR ले प्रस्तुत गर्ने दायित्व तथा लाभको वांडफांडको व्यवस्थालाई सन्धिका रुपमा पुन: अनुमोदन गरिनु पर्छ कि पर्दैन ? पर्दछ भने संविधानको कुन व्यवस्था अनुसार ?

उत्तर: दुवै पक्षले सहमति जनाउने भनिएको संयुक्त DPR लगायत अन्य आवश्यक विभिन्न कार्यहरुको संयुक्त रुपमा अन्तिम टुंगो लगाईसकेपछि त्यसवाट व्यवस्थित हुने पानीको उपयोग एवं त्यसको वांडफांड र त्यसवाट सिर्जना हुने लाभ र दायित्वका विषयहरुलाई एकत्रित गरि तिनीहरुको समुचित व्यवस्था गर्न पञ्चेश्वर आयोजनाको लागि एउटा पृथक सम्झौता आवश्यक हुन्छ । त्यो सम्झौताले नै वास्तविक रुपमा महाकाली नदीको पानी र त्यसको उपयोगको वांडफांडको प्रसंगलाई व्यवस्थित गर्ने हुनाले पञ्चेश्वर आयोजना सम्वन्धी सन्धि पनि संविधानको धारा १२६ को उपधारा (२) वमोजिम अनुमोदन हुने कुरा स्पष्ट नै छ ।

प्रश्न. १२ नेपालले भारतलाई विद्युत उर्जा बिक्री गर्नु पर्ने भन्ने सन्धिको व्यवस्थाले यो किनबेचमा नेपाललाई बाध्यात्मक र भारतलाई ऐच्छिक स्थिती सृजना गरेको छैन ?

उत्तर: महाकाली सन्धिको धारा-३ को दफा-४ मा नेपालको भागको बिजुलीको केही अंश मात्र भारतलाई बेच्ने कुरा उल्लेख छ, सम्पूर्ण होइन । पञ्चेश्वर आयोजनाबाट प्राप्त हुने नेपालको भागको बिजुली वार्षिक करिब ५ अरब ३० करोड यूनिट हुने छ । यति धेरै बिजुली नेपालले आन्तरिक रुपमा खपत गर्न नसक्ने हुँदा यसको एक अंश भारतलाई बेच्ने भनेर प्रावधान राख्नु नेपालको हितमा छ । तर सन्धिको त्यसै दफामा नेपालले बेच्नु पर्ने बिजुलीको परिमाण एंव मूल्य दुवै पक्षको सहमतिबाट तय हुने उल्लेख भएको हुँदा भारतलाई ऐच्छिक स्थिति सृजना हुँदैन । नेपालले बेच्ने बिजुलीको परिमाण र मोल दुवै पक्षको सहमतिमा तोकिने बाध्यात्मक व्यवस्था दुवै पक्षलाई बराबर लागु हुन्छ । यसका साथै सन्धिमा दुवै पक्षको हस्ताक्षर भएको हुँदा नेपालले बिजुली बेचे पछि भारतले किन्ने बाध्यता स्वत: सिद्ध छ ।

प्रश्न. १३ नेपालले भारतलाई बेच्नु पर्ने भनिएको विद्युत उर्जाको मूल्य निर्धारण सम्बन्धि सिद्धान्त के हो ? र यो सिद्धान्तको व्यवस्था सन्धिमा कहाँ र कसरी गरिएको छ ? के Savings in cost to the beneficiaries as compared with the relevant alternatives भन्ने सन्धिमा भएको उल्लेख यो सन्दर्भमा लागु हुने हो ? र के यसको अर्थ Avoided cost Principle सरह हुन्छ ?

उत्तर विद्युत उर्जाको मूल्य निर्धारण गर्ने cost plus. avoided cost of alternatives. willingness to pay र resources use tax जस्ता विधिहरु अपनाइन्छन् । यी मध्ये महाकाली सन्धि साथ भएको पत्राचारको दफा-३ को पहिलो उपदफामा विद्युत लाभको मूल्याकन गर्न राखिएको शब्दावली Avoided cost of alternatives को सिद्धान्त बाहेक अरु तीन सिद्धान्त संग मेल खाँदैन । अर्थात Savings in cost to the beneficiaries as compared with the relevant alternatives र Avoided cost of alternative principle भन्नु एउटै कुरा हो । अमेरिका र क्यानाडा बीच इश्वी सन् १९५९ मा सम्पन्न भएको कोलम्बिया नदीको सन्धिमा पनि यही प्रयोजनको लागि यस्तै प्रकारको भाषा प्रयोग गरिएको छ । यसै लाभको मूल्याकन भए पछि यसको बाँडफाँडको आधारमा विद्युतको नियांत मूल्य तय गरिनेछ । सन्धिको धारा-१२ को दफा-४ बमोजिम यसको व्यवस्था पञ्चेश्वर आयोजनाबारे हुने छुट्टै सम्झौतामा गरिने छ ।

प्रश्न. १४ सन्धिले व्यवस्था गरेको लाभको आधारमा लगानीको सिद्धान्तको कार्यान्वयनका निमित्त भारतीय पक्षको लाभको लेखा जोखा गर्दा शारदा नहरको तल्लो खण्डमा रहेको लोहिया पावर हाउस र यस्तै अन्य फाइदाको हिसाव गरिन्छ कि गरिदैन ?

उत्तर: महाकाली सन्धिको धारा-३ को दफा-१ मा पञ्चेश्वर आयोजनाको निर्माणवाट उत्पन्न हुने विद्युत, सिंचाई, वाढी नियन्त्रण आदी सम्पुर्ण लाभहरुको मूल्यांकन हुने व्यवस्था छ । तसर्थ पञ्चेश्वर आयोजनाको निर्माण पछि सुख्खायाममा पनि पानीको वहावमा वृद्धि भई त्यसवाट सृजना हुने लाभहरुलाई मूल्यांकन गर्नु पर्ने सिद्धान्त यो सन्धिमा प्रतिपादित भएकोले पञ्चेश्वर आयोजनाको DPR मार्थि टुंगो लगाउने समयमा लोहियाहेड तथा अन्य सम्वन्धित फाइदाहरुको अध्ययन र विश्लेषण गरी कुल लाभमा समावेश गर्ने जिकिर प्रस्तुत गरिने छ ।

प्रश्न. १५ उल्लेखित सन्धि संग सम्वन्धित हुन जाने फेवुअरी १७, १९९६ को Power Trade Agreement को अनुमोदन संविधानको कुन व्यवस्था अन्तर्गत हुनु पर्ने हुन्छ ?

उत्तर: विद्युत शक्तिको व्यापार सम्वन्धी संझौता जुन हाल प्रारम्भिक हस्ताक्षरकै चरणमा मात्र सिमित छ । निकट भविष्यमा अन्तिम रुपमा हस्ताक्षर सम्पन्न भई सके पछि सझौताकै धारा ८ वमोजिम उक्त सझौतालाई संसदवाट अनुमोदन गराउनु पर्ने भन्ने उल्लेख भएको हुदा अनुमोदन गर्ने प्रसग आफैमा स्पष्ट छदैछ । जहासम्म अनुमोदनको कार्यविधिको सम्वन्ध छ त्यो संविधानको धारा १२६ को उपधारा (२) वमोजिम हुने स्पष्ट छ ।

प्रश्न. १६ संयुक्त सहमतीको DPR वन्न नसकेमा पञ्चेश्वर योजना उल्लेखित सन्धिको व्यवस्था भित्र निर्माण हुन सक्दैन । यस्तो अवस्थामा यो सन्धिको हैसियत के हुन्छ ? शारदा र टनकपुरका हकमा लागु हुने तर पञ्चेश्वरको हकमा भने अप्रभावी हुने ? अथवा के ?

उत्तर: सन्धिले स्पष्ट दिशा निर्देश गरी DPR तयार गर्ने आधारभूत सिद्धान्तहरु समेत निश्चित गरिदिइ सकेको पृष्ठभूमिमा यसमा असहमति हुनु सन्धिको कार्यान्वयनको स्वभाविक परिणाम होइन । तथापि त्यस्तो स्थिति वा अवस्था पर्ने आफ्नो खण्डमा शारदा र टनकपुरको व्यवस्था कायम नै भई

त्यसको कार्यान्वयन भैरहने र पंचेश्वरको हकमा भने सन्धि अनुरुप आयोजना कार्यान्वयन नभएसम्म सो विषय संग सम्वन्धित सन्धिको प्रावधान लागु गर्ने तर्फ वार्ता चालु नै राखिनेछ ।

प्रश्न. १७ उल्लेखित सन्धि दुई पटक हस्ताक्षर हुनुको कारण वा रहस्य के हो ?

उत्तर: नेपाल तथा भारतका परराष्ट्रमन्त्रीस्तरमा काठमाडौंमा सन्धिको प्रारम्भिक हस्ताक्षर सम्पन्न भएको हो र सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमणको अवसरमा उक्त सन्धिको अंग्रेजी भाषाका अतिरिक्त नेपाली र हिन्दी रुपान्तरमा समेत कुटनैतिक परम्परा अनुसार हस्ताक्षर सम्पन्न भएको हो । सन्धिलाई वढी महत्व प्रदान गर्न प्रधानमन्त्रीस्तरमा हस्ताक्षर सम्पन्न गरिएको हो ।

परिशिष्ट-३(ङ)

नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी लेनिनवादी)

महाँकाली नदीको एकिकृत विकास सम्बन्धि सन्धी अध्ययन कार्यदल

२०५३

सम्पर्क कार्यालय : नेऊपा (एमाले) संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाण्डौं

सम्पर्क फोन-२२२३०१,
२३५१११
२७१२६
पोष्ट बक्स नं.-१४७१

मिति : ०५३।५।९

माननीय जलश्रोत मन्त्री ज्यू,
जलश्रोत मन्त्रालय
सिंह दरवार, काठमाण्डौ

महाकाली सन्धिका वारेमा

माननीय मन्त्री ज्यू,

यस कार्यदलका तर्फवाट सोधिएका प्रश्नहरुका वारेमा तपाईको मिति ०५३।५।६ को पत्र साथ संलग्न उत्तरहरुका निमित्त धन्यवाद । तपाईले प्रदान गर्नु भएका उत्तर मध्ये केहीले हामीलाई थप अन्यौलमा पारेको र केही उत्तरहरु अधुरा भएको हामीले अनुभव गरेको हुनाले झिंझो नमानी थप व्याख्या उत्तर अथवा प्रतिकृया जनाई सहयोग गरि दिनु हुन विनम्र अनुरोध गर्दछु । हाम्रा थप प्रश्नहरु निम्न वमोजिम छन ।

प्रश्न- ३ को उत्तरका वारेमा :

टनकपुर परियोजनाको निर्माणको सिलसिलामा क्षतिको शिकार हुन पुगेका वा विस्थापित भएका नेपाली परिवारहरुका वारेमा स्थानीय जिल्ला प्रशासन कार्यालय तथा जिल्ला विकास समितिको कार्यालयमा जानकारी उपलब्ध छ । साथै यथार्थमा जनता विस्थापित हुनु परेको कुरा स्थानीय जनतामा जगजाहेर छ । यस्तो अवस्थामा तपाईलाई के प्रमाण आधिकारिक चाहियो ? उपरोक्त तथ्यको प्रकाशमा प्रश्न -३ को उत्तर पुनः दिनु हुन्थ्यो कि ?

प्रश्न- ४ को उत्तरका वारेमा :

हाम्रो प्रश्नको आशय महाकाली नदीको उद्गम शाखा कुन हो ? भन्ने थियो । काली नदी नै उद्गम शाखा हो तर काली नदी चाँही कुन हो र यसको मुहान कहाँ हो ? भन्ने हाम्रो थप प्रश्न हो ।

प्रश्न- ६ को उत्तरका वारेमा :

प्रश्न- ६ को उत्तरमा "पंचेश्वर आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार पारी दुवै देशको सहमति नभए सम्म भारतले महाकाली नदीवाट पाउने उपभोग्य पानीको परिणाम तोक्दा वास्तविक परिणाम किटान गर्न *कठिनाई* पर्ने हुँदा....." उल्लेख गरिएको छ । नेपालका हकमा लागु नहुने भारतका हकमा मात्र लागु हुने यो कठिनाई के हो ? व्याख्या गरि दिनु हुन्छ कि ?

प्रश्न- १३ को उत्तरका बारेमा :

उत्तरमा महाकाली सन्धि साथ भएकाँ पत्रचारको दफा ३ मा उल्लेख गरिएको छ । पत्रचारको यो वाक्यांशको सन्दर्भ पंचेश्वर योजनाको लाभ हिसाव गर्दाको हो- नेपालले भारतलाई वेच्ने भनिएको उर्जाको मूल्य तय गर्दाको होइन । प्रश्न ८ को तपाईले दिनु भएको उत्तरको सन्धिका वाक्यांशहरुको व्याख्या गर्दा स्वतन्त्र ढंगले नगरी सन्दर्भमा राखेर मात्र व्याख्या गरिनु पर्दछ भन्ने भावना अनुसार प्रश्न- १३ को उत्तर मिलेन नी ? प्रश्न- ८ को उत्तरका निमित्त प्रसंगको सिमिततामा हेरिनु मनासिव ठहर्‍याइनु र प्रश्न १३ को परिप्रेक्षमा भने प्रसंगको सिमितता वाहिर निस्कनुलाई मनासिव ठान्नु संगतीपूर्ण हुन्छ र ? तपाईको के भन्नु छ यसमा ?

यथाशिघ्र उत्तर पाउने आशा सहित
धन्यवाद !

.....
के. पी. शर्मा (ओली)
संयोजक

परिशिष्ट-३ (च)

मा. पशुपति शम्शेर ज.ब.रा.
जलस्रोत मन्त्री

श्री ५ को सरकार
माननीय जलस्रोत मन्त्रीज्यूको
निजी सचिवालय
२०६७

फोन
निजि सचिवालय { २२७३२३ / २२७३४७
निवास { ४१४०३७ / ४१२३४०

निजि सचिवालय
सिंहदरबार

पत्र संख्या :-

च.नं. :-२२

मिति ... ...
२०५३।५।११

विषयः- महाकाली सन्धि बारेमा ।

मा. श्री के.पी. शर्मा ओली,
संयोजक,
महाकाली नदीको एकीकृत विकास सम्बन्धी सन्धिको
अध्ययन गर्न गठित कार्यटोली,
नेपाल कम्युनिष्ट पार्टी (एमाले)
मदननगर, बल्खु ।

तपाईको मिति २०५३।५।९ को पत्र साथ थप जिज्ञासाहरु बारे जानकारी भयो । मेरो मिति २०५३।५।६ को पत्रमा पनि सोधिएका जिज्ञासाहरु बारे जानकारी गराएकै थिए । तो समेतलाई मध्यनजर राखी संलग्न थप जिज्ञासाहरुको जवाफ यसै साथ पठाएको छु ।

धन्यवाद ।

(पशुपति शम्शेर ज.ब.रा)
जलश्रोत मंत्री

बोधार्थ

मा. मन्त्री श्री चिरन्जीवी वाग्ले,
संचार मंत्रालय ।
मा. मन्त्री श्री अर्जुन नरसिंह के.सी.,
स्वास्थ मंत्रालय ।
मा. मन्त्री श्री बुद्धिमान तामाङ्ग,
भूमि सुधार तथा व्यवस्था मंत्रालय ।

परिशिष्ट-४

आज २०५६।५।१८ गते नेपाल (सरकार) र
२८।१२।०५ मा बेलीय कमिटीको २ दुङ्गे बाँधकट्टा महाकाली
नदीको एकीकृत विकास सम्बन्धको तोकि कार्यान्वयन गर्ने उद्देश्यले
गठित कार्यदलको संयोजक के. (श्री) प्रसाद ओलीको सभापतित्व
मा बैठक बसी निम्नानुसार निर्णय भयो :—

उपस्थिति

१. क. (श्री) प्रसाद ओली — [signature]
२ क. अर्जुन मोहन अधिकारी — [signature]
३ क. अमल नाथ रेग्मी —
४ क. प्रेम सिंह धामी — [signature]
५. क. हिरण्य लाल श्रेष्ठ — [signature]
६ क. भूपतिराज लुम्साली — [signature]
७ क. रेगराज अधिकारी — [signature]

आमन्त्रित

क. गणेश खनाल [signature]

विषय

१. प्रतिवेदन बारे
२ विविध

निर्णयहरू

१. १. यहाँ तोक गरिएका प्रतिवेदन उपर छलफलपश्चात् जानि गरी
केन्द्रीय कमिटीमा पठाउने निर्णय भयो।

१.२. उक्त प्रतिवेदनको कार्यान्वयनबारे उल्लेखित महाकाली नदी को एकीकृत विकास सम्बन्धी तोकि सदर्भमा प्रस्तुत २ दुवै सुझावहरु तोकि अनुमोदन हुँदै जानुपर्ने भनी केन्द्रीय कमिटी समक्ष सिफारिस गर्ने क. प्रेम सिंह धामी, क. हिरण्य लाल श्रेष्ठ, क. भूपतिराज लुम्साली र क. रेगराज अधिकारीले मत दर्ता गराउनु भयो।

२. १ क गणेश खनालले कार्यदलको कामका विशेष विषय उपर आवश्यक सहयोग उपलब्ध गराई आएकोमा धन्यवाद दिनु भयो।

२. २ कार्यदललाई सुझाव दिई सहयोग पुर्‍याउने सबैलाई धन्यवाद, सहित र छलफललाई यो बैठक धन्यवाद प्रदान गरिएको।

परिशिष्ट-५

महाकाली नदीको एकीकृत विकास सम्बन्धी सन्धि अध्ययन कार्यादलयको प्रतिवेदन

१. परिचयः

यो दस्तावेज हालसालै नेपाल भारतबीच सम्पन्न महाकाली नदीको एकिकृत विकास सम्बन्धी सन्धिको विभिन्न पक्षको अध्ययन गर्ने उद्देश्यले नेपाल कम्यूनिष्ट पार्टी (एमाले)को केन्द्रिय कमिटीको २६ औं बैठकद्वारा चैत्र २८,२०५२ मा गठित अध्ययन कार्यदलको प्रतिवेदन हो । यो प्रतिवेदन कार्यदलका सम्पूर्ण सदस्यहरूको सहमतीको दस्तावेज हो, यसमा कुनै फरक मत छैन ।

उल्लेखित सन्धिका सन्दर्भमा नेपालको तत्कालिन तथा दीर्घकालिन हितलाई लिएर थुप्रै विवाद, वहस र मत मतान्तरहरू देखा परेका छन् । यो मत मतान्तरमा उल्लेखित सन्धि पूर्ण रूपमा राष्ट्रिय हितको प्रतिकूल रहेको ठान्ने, यो सन्धिले नेपालको राष्ट्रिय हितको उच्चतम संरक्षण गरेको ठ्याउने र यो सन्धिमा भएका सकारात्मक पक्षहरूलाई अझ सवल र स्पष्ट बनाउनु पर्ने आवश्यकता देख्ने, प्रमुख तीन स्पष्ट धार देखिएका छन् । यस्तो परिस्थितिमा यो सन्धिका बारेमा राष्ट्रिय हितलाई सर्वोपरी राख्दै र उठेका तमाम सवालहरूलाई विभिन्न कोणबाट अध्ययन विश्लेषण गरी यस सन्धिका बारेमा उपयुक्त तथा स्पष्ट राय निर्माण गर्नु नेकपा (एमाले) का निमित्त वाञ्छनीय भएकाले अध्ययनको प्रकृयाको विधीवत थालनी भएको हो ।

यो प्रतिवेदनलाई ६ परिच्छेदमा विभाजित गरिएको छ । पहिला ३ परिच्छेदहरूमा अध्ययन सम्बन्धी विभिन्न सन्दर्भ र भूमिकाहरूलाई राखिएको छ। चौथो परिच्छेदमा अध्ययनको क्रममा समावेश गरिएका प्रमुख सवालहरू (Issues) लाई राखिएको छ । पाँचौ परिच्छेदमा केही सान्दर्भिक परिवेश बारे चर्चा गर्दै अन्त्यमा परिच्छेद ६ मा अध्ययनको निचोड र सिफारिसलाई उल्लेख गरिएको छ। केही सन्दर्भ सामग्री तथा उल्लेख्य सामग्रीहरूलाई परिशिष्ट (Annex) मा राखिएको छ ।

१.१ अध्ययनको औचित्यः

नेपालको सरकारद्वारा विदेशी मुलुकहरूसँग गरेका सन्धि सम्झौता संवैधानिक प्रकृयाबाट अनुमोदिन भए पछि मात्र नेपालमा लागु हुन सक्ने व्यवस्था छ। सन्धि कस्तो प्रकृतिको हो भन्ने कुरा अनुसार त्यसको अनुमोदनको व्यवस्था पनि फरक फरक रहेको छ । कार्यकारिणी (सरकार) ले सन्धि सम्झौता गर्न सक्ने तर त्यसलाई जाँच पड्ताल

गरेर मात्र लागू हुन दिनका निमित्त नेपालको संविधानको सन्धि सम्झौता अनुमोदनको निश्चित प्रकृया राखेको हो। २०४६ सालको जन आन्दोलन अगाडि सन्धि सम्झौताका बारेमा जनताले छलफल गर्न र संसद मार्फत उक्त सन्धि स्वीकृत वा अस्वीकृत गर्न पाउने अवस्था थिएन। प्रजातन्त्रको प्राप्ति पछि यो हक जनतालाई प्राप्त छ। अत: अनुमोदन अगाडि उल्लेखित सन्धिका बारेमा संसदीय दलहरूले अध्ययन गर्नु र तव मात्र आफ्नो अन्तिम राय तथा अडान अगाडि ल्याउनु उनीहरूको दायित्व कै कुरा पनि हो। नेकपा (एमाले) का निमित्त यो दायित्व पुरा गर्नु अध्ययनको एउटा औचित्य हो।

नेपाल र भारतबीचको जल-सम्वन्ध विभिन्न किसिमले महत्वपूर्ण र संवेदनशील रही आएको तथ्य सबैका सामु छ। एकातिर कोशी, गण्डकी सम्झौतामा नेपाल ठगिएको तथा अर्कोतिर द्विपक्षिय हितको आधारमा नेपाल-भारतबीच जलस्रोत विकासको व्यापक सम्भावना रहेको परिदृष्य समेत छ। यस पृष्ठभूमिमा महाकाली सन्धिको तत्कालिन तथा दीर्घकालिन महत्वलाई हेर्दा यसलाई विभिन्न कोणबाट अध्ययन गरेर राष्ट्रियहितं अभिवृद्धि हुने कुराको ग्यारेन्टीका साथ निश्चित निष्कर्षमा पुग्नु उपयुक्त देखिन्छ। यसै प्रयोजनका निमित्त यो अध्ययन भएको हो।

१.२ अध्ययन तरिका:

सन्धि सम्वन्धी वहस र मत मतान्तरमा उठेका थुप्रै तर्क र दावीहरूका आधार मा समेत यो कार्यदलले अध्ययन विश्लेषण गर्नु पर्ने सवालहरूको पहिचान गऱ्यो। मुलत: यिनै सवालहरूलाई साँगोपाँगो रूपमा बुझ्ने तथा यिनका बारेमा निश्चित निष्कर्ष निकाल्ने प्रयत्न अध्ययनको क्रममा भयो। अध्ययन कार्यदलले उल्लेखित सन्धिको अध्ययन भावावेशमा वगेर होइन अत्यन्त व्यहारिक र अत्यन्त जिम्मेवार भएर गर्ने प्रयत्न गरेको छ। त्यसैगरी सन्धिलाई हेर्ने र केलाउने प्रकृयामा राष्ट्रिय हितलाई सर्वोपरी राख्ने दृष्टिकोण अपनाइएको छ।

अध्ययन कार्यदलले उल्लेखित सन्धिका सन्दर्भमा उठेका सवालहरूको अध्ययन मुलत: अन्तरकृयात्मक तरिकाबाट गऱ्यो। सन्धि साथको पत्राचार र केही सन्दर्भ सामग्रीहरूको गहिरो अध्ययन पश्चात सन्धिका बारेमा विभिन्न खाले मत राख्ने पक्षहरूसँग भेटघाट, छलफल तथा अन्तरकृया अध्ययन कार्यदलले गऱ्यो। अन्तरकृयाका क्रममा सम्बन्धित विषयहरूमा जानकार प्राविधिक, तथा अन्य विषयका विशेषज्ञहरूसँग परामर्श भयो। साथै वुद्धिजीवीहरू तथा राजनीतिक व्यक्तित्वहरू समेतलाई भेटी छलफल गर्ने काम भयो। सरकारी निकायहरूबाट विभिन्न सन्दर्भ सामग्री प्राप्त गनुका साथै अध्ययन कार्यदलले उल्लेखित सन्धिका कतिपय व्यवस्था र अस्पष्टतालाई लिएर जलश्रोत

मन्त्रालय लगायतका श्री ५ को सरकार सम्बन्धित निकायहरूसँग विस्तारमा छलफल गऱ्यो। अन्त्यमा कार्यदलका सदस्यहरू बीचको विश्लेषणात्मक छलफलद्वारा अध्ययनमा उठेका सवालहरूलाई निश्कर्ष तर्फ डोऱ्याउने काम भयो ।

१.३ अध्ययनको सीमाः

केन्द्रीय कमिटीले दिएको निर्णय मुताविक दुई पटक हस्ताक्षरित उक्त सन्धिका बीचमा के कस्ता भिन्नताहरू छन् भन्ने कुरा यो अध्ययनको प्रस्तान विन्दु भए पनि अध्ययनका क्रममा अन्य थुप्रै महत्वपूर्ण पक्षहरू उद्घाटित हुँदै गए । अतः अध्ययन कार्यदलको सीमा क्रमशः फराकिलो हुँदै गयो र यस सन्धि वारे चर्चामा आएका नआएका अन्य सवालहरू समेतलाई अध्ययन भित्र समावेश गरियो ।

अन्तर्राष्ट्रिय कुटनीतिक प्रचलनका विपरित उल्लेखित सन्धि दुई पटक हस्ताक्षरित हुनु र सन्धिले व्यवस्था गरेका कतिपय अस्पष्ट पक्षमा गृहकार्य तथा कुटनीतिक अभ्यासद्वारा स्पष्टता ल्याउने प्रकृया अगाडि बढाउनुको सट्टा सत्ता पक्ष यो सन्धि अनुमोदन गराउन अस्वभाविक हतारोमा उत्रनु एउटा राजनीतिक रहस्यको कुरा भएर आयो । एकातिर यो स्थितिलाई ठीक ठीकसँग बुझ्नु आवश्यक थियो भने अर्कोतिर यसै संसदमा यो सन्धि अनुमोदनका निमित्त प्रस्तुत हुने नै अवस्थामा यस सन्धिका सन्दर्भमा ठोस अन्तिम ठहरमा पुगी हाल्नु पर्ने स्थिति उत्पन्न भयो । अतः अध्ययन कार्यदलका लागि वृहत् विषयहरूसँग सम्बन्धित उल्लेखित सन्धिका वारेको यो अध्ययनमा प्रसस्त समय लगाई हरेक साना भन्दा साना सवालमा समेत गहिरिएर बुझ्ने र विश्लेषण गर्न सम्भव भएन । त्यसैले सूक्ष्म ढंगले साना भन्दा साना सवालहरू समेतलाई विश्लेषण गर्ने काममा यो अध्ययनमा केही कमी रहन गएको हुन सक्ने सम्भावना प्रति कार्यदल सचेत रहेको छ ।

सन्धिले अगाडि सारेका व्यवस्था वा जन्माएका अस्पष्टताहरू थुप्रै प्राविधिक तथा व्यवसायिक विषयहरूसँग समेत सम्वद्ध छन् । वास्तवमा यी सवै पक्षको अध्ययन र विश्लेषण पनि ति विषयहरूका विशेषता अनुरूप विषयगत विशेषज्ञहरूद्वारा हुनु बढी संगतीपूर्ण हुने थियो । यस अर्थमा पनि यो अध्ययनमा केही अपर्याप्तहरू रहन गएका हुन सक्दछन् । सवै खाले सम्बन्धित प्राविधिक तथा विषयगत विषयहरूमा कार्यदलले पूर्णतया मौलिक अध्ययन गरेर सायद साध्य पनि थिएन । अतः कतिपय विषयको विश्लेषण गर्दा र निश्कर्षमा पुग्दा सम्बन्धित विशेषज्ञ र ज्ञाताहरूको रायलाई नै कार्यदलले आधार मान्नु पर्ने अवस्था समेत रहेको तथ्य छ । अतः यस प्रतिवेदनलाई यी सवै सीमाहरूका प्रकाशमा हेरिनु औचित्यपूर्ण हुन्छ ।

सान्दर्भिक पृष्ठभूमिः

नेपालबाट बगेर जाने सम्पूर्ण पानीको झण्डै आधा जसो पानी कोशी र गण्डकीबाट बग्दछ । यी दुबै नदीको पानी प्रयोग गर्दा नेपाल र भारत दुवैको ठूलो हित र फाइदा हुन सक्ने अवस्था प्रकृतिले दिएको छ । तर यी दुबै नदीमा "पारस्पारिक हितका योजना" को नाममा भारतको एकलौटी हितमा तथा नेपाल तर्फका सम्भावनाहरूलाई संकुचित समेत पारेर तर्जुमा गरिएका दुई योजना कार्यान्वयन भै सकेका छन् ।

सन् १९५४ (वि. सं. २०११) मा मातृका प्रसाद कोइरालाको प्रधानमन्त्रीत्व कालमा नेपाल–भारतबीच कोशी सम्झौतामा हस्ताक्षर भयो । यो सन्धि अनुसार नेपाल र भारतको सीमालाई लगभग छुट्टै ब्यारेज बनाइयो र कोशीको ९३.५ प्रतिशत पानी भारतले र ६.५ प्रतिशत पानी नेपालले सिंचाईका निमित्त प्रयोग गर्ने भयो । नगन्य मात्रामा विद्युत लाभ नेपालले पाउने वाहेक खासै उल्लेख योग्य लाभ नेपाललाई यो योजनाबाट केही छैन । एक जमानामा विहारको अभिशाप (Sorrow of Bihar) भनेर चिनिने कोशी नदी कोशी योजना पश्चात् त्यहाँ बाढी नियन्त्रण, सिंचाई र विद्युत उर्जाका फाइदा दिने योजना निर्माण हुनुका कारणले आज विहारको भाग्य भनेर चिनिन्छ । यो बृहत् योजनालाई नेपाल समेतको हित र लाभ अनुरूप तथा भविष्यका सम्भावनाहरूलाई नरित्याइने गरी तर्जुमा गर्न र निर्माण गर्न सकिन्थ्यो । पछि १९६६ मा यो सम्झौतामा केही संशोधन गरियो र कोशी योजनालाई दिएको नेपालको जमीनलाई सँधैका लागिबाट १९९ वर्षका लागि सीमित गरियो र नदीको माथिल्लो खण्डमा पानीको उपयोग गर्ने केही हक नेपालले कायम गऱ्यो । कूल मिलाएर भारतीय पक्षको हितमा नेपालवाट बगेर जाने कोशी नदी भारतले यो सन्धि मार्फत् नेपालवाट प्राप्त गऱ्यो ।

सन् १९५९ (वि.सं. २०१६) मा विश्वेश्वर प्रसाद कोइराला प्रधानमन्त्री भएका वेला गण्डकी सम्झौता भयो र कोशीमा जस्तै ९७ प्रतिशत पानी भारतले र ३ प्रतिशत पानी नेपाल तर्फ प्रयोग हुने गरी गण्डकी योजना तर्जुमा भयो र योजना निर्माण भयो । कोशीमा जस्तै नेपाली पक्षले नगण्य लाभहरू लिएर र भविष्यमा गण्डकीको पानी प्रयोग गर्ने अन्य सम्भावनाहरू समेतलाई सीमित पारी यो नदी पनि गुमायो ।

माथि उल्लेखित कोशी, गण्डकी र महाकालीका वारेमा भारतसँग भएका सन्धिहरू नेपालमा राजनीतिक तरलता उच्च भएका वेला भएका छन् । यी वाहेक कन्काई, बवई आदि जस्ता नदीमा रहेका नेपाल तर्फका जल उपयोगका योजना (सिंचाई तथा अन्य) मा भए नभएका खोचे थापेर विभिन्न किसिमका अड्चन, अत्तो र दावी प्रस्तुत गर्दै भारतले नेपाललाई लगातार अप्ठेरोमा पार्ने गरेको कुरा जग जाहेर छ । सन्धि सहमतिमा व्यवस्था भएका र भारत प्रतिवद्ध भएकै पनि कतिपय विषयमा नेपाल लगातार

ठगिई रहनु, दिने भनेर कवुल गरेको पानी नदिनु, अनावश्यक बेलामा नेपाल-भारत सीमाको आसपासमा भएका बाँध, व्यारेजमा पानी नियन्त्रणको माध्यमबाट डुवान सृजना गरिदिनु आदि समेतको नेपाली पक्ष भुक्तभोगी भएको छ । नेपालको यो अनुभवका कारणले भारतसँगको जल कुटनीतिमा नेपालले अत्यन्त संवेदनशिल भएर हेर्न जरूरी भएको छ ।

यसरी नेपालका दुई प्रमुख नदीहरू प्राप्त गर्न सफल भारतले ८० को दशकमा महाकाली नदीको टनकपुरमा नेपालको सहमति बिना नै १२० मेघावाट क्षमताको जलविद्युत परियोजना निर्माण गऱ्यो । महाकाली मुलत: सीमा नदी भएको र टनकपुर व्यारेज बनेको नदीको खण्डको माथिल्लो तथा तल्लो नदी खण्ड (Upper and lower riparian) मा नेपालको प्रत्यक्ष हक भएको अवस्थामा नेपालको सहमतिलाई उपेक्षा गर्नु वास्तवमा भारतको निमित्त सुहाउने र असल छिमेकीपन अनुरूपको व्यवहार थिएन । यो केवल मिचाहपनको एउटा रूप मात्र थियो । त्यस कुरालाई तत्कालिन पञ्चायती सरकारले जनतालाई सूसुचित गर्ने, मुलुकका राजनीतिक पार्टीहरूलाई परिचालित गर्ने र राष्ट्रिय हित अनुरूप प्रतिवाद गर्ने काम विल्कुलै गर्न सकेन । बहुदलीय व्यवस्थाको स्थापना पश्चात् भएको प्रथम निर्वाचन पछि गठित नेपाली कांग्रेसको सरकारले उक्त समस्यालाई राष्ट्रियहितको यथोचित स्थापना हुने सन्धि गरी समाधान गर्नुको सट्टा समझदारीका नाउँमा उक्त व्यारेजको देव्रे तटवन्ध निर्माण गर्न भारतलाई विना शर्त नेपाली जमीन उपलब्ध गराउने र टनकपुर बाँधको सन्दर्भमा नेपालको हकलाई तिलान्जली दिने काम गऱ्यो । त्यसले गर्दा प्रतिपक्ष तथा आम जनताले सदन र सडकवाट समेत ठूलो प्रतिरोध गर्नुपऱ्यो । त्यसपछि भारतका तत्कालिन प्रधानमन्त्री पि.भि. नरसिंह राव नेपाल आउँदा त्यस सन्धिमा नगन्य रूपमा सुधार गरी राष्ट्रिय विरोधलाई प्राप्त पार्ने कोशिस गरियो । तर सरकारले समझदारी भनी रहेको लिखतलाई सर्वोच्च अदालतले समेत सन्धि नै हो भन्ने फैसला दियो । त्यसपछि नेपाली कांग्रेसको सरकारले संविधानलाई कुल्चदै सन्धि ऐनलाई समेत जबरजस्ती संशोधन गरेर उक्त सन्धिलाई एउटा वोगस कार्यदलको मूल्यांकनका आधारमा साधरण वहुमतबाट नै संसद्वाट अनुमोदन गराउने धृष्टता गऱ्यो । तर प्रतिपक्ष, आम जनता तथा नेपाली कांग्रेस भित्रकै केही देशभक्तहरूको समेत विरोधले गर्दा उक्त सन्धि अनुमोदन हुन सकेन ।

उल्लेखित सन्धिको अध्ययन विश्लेषण गर्दा प्रयोग गरिएका थुप्रै सन्दर्भ सामग्रीहरूलाई अध्ययन गर्ने क्रममा विगतका केही प्रासांगिक मत मतान्तरहरू समेतलाई समावेश गरिएको छ । तिनमा २०४८ मसीरमा नेपाल-भारत वीच भएका सन्धि, सम्झौता र समझदारी सम्वन्धी लिखतहरूको अध्ययन गर्न गठित संसदीय विशेष

समितिमा समितिका केही सदस्यहरूद्वारा प्रस्तुत भिन्न मत र महाकाली नदीको पानीको उपयोगको सम्बन्धमा मुलुकका तीन प्रमुख राजनीतिक दलहरू नेपाल कम्यूनिष्ट पार्टी (एमाले), नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीबीच कायम भएको राष्ट्रिय सहमतीलाई प्रमुख रूपमा लिइएको छ ।

भिन्न मतमा अभिव्यक्त गरिएका "महाकाली नदी मुलत: सीमा नदी" भएको कुरा, टनकपुर जलविद्युत परियोजना साझा नदीमा निर्माण भएको र त्यस वापत नेपालको हक स्थापित हुने, जमीन लेनदेनको सवाल उचित ढंगले समाधान गरिनु पर्ने आदि जस्ता सान्दर्भिक कुराहरूलाई अध्ययन कार्यदलले आफ्नो अध्ययनको सिलसिलामा मनन योग्य ठहऱ्यायो । त्यसैगरी राष्ट्रिय सहमतिमा अभिव्यक्त भावनालाई अध्ययनको क्रममा सुक्ष्म रूपले केलाउने काम भयो । त्यसरी केलाउँदा शारदा र टनकपुर परियोजनासँग सम्बन्धित इतिहासदेखिका जटिलता, अपठेरा र अस्पष्टताहरूलाई सकेसम्म समाधान गर्नु नेपाल-भारतबीचको आपसी हितमा आधारित सम्बन्ध प्रवर्धन गर्नका लागि आवश्यक ठहऱ्याउँदै राष्ट्रिय सहमतिमा उदार मन राखिएको देखिन्छ । यो उदारतालाई भारतले बुझ्ने परिस्थिति निर्माण गर्न र यसलाई कदर गर्दै तदनुरूपको व्यवहार गर्न भारतलाई प्रेरित गर्न वर्तमान सरकार समक्ष देखिएन । उक्त राष्ट्रिय सहमतिले पंचेश्वर परियोजनाका हकमा केही निर्देशक सिद्धान्तहरू अगाडि सारेको छ । यसलाई वर्तमान सरकारले पर्याप्त गृह कार्य गरी उच्चतम राष्ट्रिय हित प्राप्तिका लागि प्रयोग गर्नु पर्ने हुन्थ्यो । तर उल्लेखित सन्धिमा ती निर्देशक सिद्धान्तलाई काँचो रूपमा, छरपष्ट ढंगले र धेरै अस्पष्टता सृजना हुने गरी मात्र राखियो । वास्तवमा ती निर्देशक सिद्धान्तका आधारमा व्यापक गृहकार्य गरेर सन्धिका व्यवस्थाहरूलाई स्पष्ट र पूर्णरूपले अन्यौल रहित बनाउनु पर्दथ्यो । त्यसो हुन नसक्नु सरकारी असक्षमताको ज्वलन्त उदाहरण हो ।

३.० अध्ययनका सवालहरू (Issues):

अध्ययन कार्यदलले तल उल्लेख गरिएका विभिन्न विषयहरूलाई अध्ययन विश्लेषणको विषयका रूपमा लिएर उल्लेखित सन्धिका विभिन्न पक्षहरूलाई केलाउने काम गऱ्यो ।

३.१ महाकाली नदीको हैसियत (Status of the Mahakali River):

महाकाली सन्धिका बारेमा चलिरहेको बहस र मत मतान्तरको एउटा प्रमुख सवाल महाकाली नदीको हैसियत (status) के हो भन्ने रहेको देखिन्छ । विभिन्न तर्क तथा दावीहरूले यस नदीको अवस्थालाई फरक फरक ढंगले लिएको देखिन्छ । मूलत:

महाकाली नदीको अवस्थालाई तीन अलग अलग किसिमले बुझ्ने र त्यसै अनुसार चित्रित गर्दै त्यसको आधारमा विभिन्न खाले तर्क, दावीहरू निर्माण भएका देखिन्छन् ।

(क) नेपाली नदी: महाकाली नदीलाई, पूर्ण रूपले नेपालको स्वामित्व रहेको नदीको रूपमा लिदै त्यसै अनुसारका तर्क तथा दावीहरू पनि एक पक्षबाट प्रस्तुत भैरहेका छन् । महाकाली नदीलाई एकलौटी नेपाली नदीको रूपमा लिनका निमित सन् १८१६ मा भएको सुगौली सन्धिको पाँचौ दफामा उल्लेखित निम्न ।

The Rajah of Nipal renounces for himself, his heirs, and successors, all claim to or connexion with the countries lying to the west of the River Kali, and engages never to have any concern with those countries or the habitants thereor.

वाक्यांसका आधारमा नेपालले महाकाली नदीको पश्चिम तर्फ रहेको जमीनको आफ्नो हक पो छाड्यो, नदी माथिको हक त बाँकी नै छ भन्ने अर्थ लगाइएको छ । यस सन्दर्भमा सन् १८६० मा भएको नेपाल र बृटिस भारतका बीचको प्रत्यावर्तन सन्धिको प्रस्तावना तथा धारा- २ र धारा- ३ मा भएका व्यवस्था अनुसार सुगौलीको सन्धिमा गुमेको भू-भाग मध्ये नेपालको केही जमिन फिर्ता आएको छ । जमिन फिर्ता आउने यो व्यवस्थाको उल्लेखमा

... lowlands lying between the River Kali and the District of Goruckpore... तथा ... between the River Rapti and the District of Goruckpore.....

आदि लेखिएको छ । यी वाक्यांसका आधारमा सुगौलीको सन्धिको माथि उल्लेखित वाक्यांशलाई भै अर्थ लगाउँदा काली र राप्ती दुवै भारतीय नदी मान्नु पर्ने हुन सक्दछ । यस्तै सन्दर्भका ऐतिहासिक दस्तावेजमा कोशी, गण्डकी नदीलाई पनि उल्लेख गराएको पाइन्छ र यस खालको उल्लेखलाई व्याख्या गर्दा एकै किसिमले गर्नु पर्ने हुन्छ । अत: यो महाकाली नदी सम्पूर्ण नेपालको हो भन्ने तर्कलाई मान्ने हो भने कोशी, गण्डकी, राप्ती आदि नदी चाँही भारतका हुन भन्ने व्याख्यालाई नकार्न नमिल्ने देखिन्छ । यसरी महाकाली नदी सम्पूर्ण रूपले नेपालको नदी भन्ने अनुचित तथा भावुक दावीलाई मान्न सकिन्छ ।

(ख) अधिकांश भागमा सीमा नदी (Boarder River on major stretches): उल्लेखित सन्धिमा प्रयोग भएको यो वाक्यांश झट्ट हेर्दा झण्डै "मुलत: सीमा नदी" जस्तै देखिन्छ र कतिपय पक्षले यसलाई मुलत: सीमा नदी सरह नै मानेको पनि पाइन्छ । विशेषगरी वर्तमान सरकारको "अधिकांश भागमा सीमा नदी" भन्नु र "मुलत: सीमा नदी" भन्नु एउटै कुरा हो भन्ने दावी छ । तर अधिकांश भागमा सीमा

नदीको यो चित्रणले महाकाली नदी कुनै खण्डमा पूर्ण रूपले भारतको स्वामित्व को हो र कुनै खण्डमा नेपालको स्वामित्वको हो भन्ने अर्थ राख्न सक्ने हुनाले यसलाई सहज रूपमा लिन मिल्दैन । यसरी नेपाल-भारत वीचको क्षेत्रको यस नदीको अलग अलग भागको अलग अलग हैसियत (status) दर्शाएर अलग अलग पक्षको हक भोगको दावीलाई औचित्यपूर्ण ठहऱ्याउने यो दावी पनि तर्क संगत देखिदैन ।

ग) मूलभूत रूपमा सीमा नदी: महाकाली नदीको अवस्थाका वारेमा कुनै भागमा महाकाली नदी स्वयं सीमाना रहेको र कतै सीमानाको वारीपारी भएर बग्ने अवस्थामा रहेको तथ्यलाई स्वीकार्दै यस नदीलाई "मुलत: सीमा नदी (Basically Boarder River)" मान्ने एउटा विचार देखिन्छ। ऐतिहासिक कालदेखिका घटनाक्रम तथा सीमाको अवस्थालाई हेर्दा र वर्तमान अवस्था, नदीमा रहने पानी माथिको दुवै मुलुकको योगदान समेतलाई विचार गर्दा महाकाली नदीको हैसियत (status) का वारेमा सवै भन्दा यथार्थवादी र सही चित्रण "मुलभूत रूपमा सीमा नदी" ले नै गरेको पाइन्छ ।

२. जमीनको लेनदेन सम्वन्धी सवाल:

महाकाली सन्धिको समाधान गर्नु पर्ने नेपाल-भारतवीचको जमिन लेनदेनको सवाल मुलत: दुई ठाउँसंग सम्वन्धित छ- पहिलो शारदा व्यारेज निर्माणका लागि सन् १९२० मा नेपालले भारतलाई उपलव्ध गराएको जमिन र दोस्रो टनकपुर व्यारेजको एउटा भागका निमित्त प्रयोग भएको नेपालको जमीन ।

१९२० मा नेपालले शारदा व्यारेजका लागि जमिन उपलव्ध गराएपछि १९२९ तिर त्यसको वदलामा ४००० एकड जमिन नेपालले प्राप्त गरेको कुरा ऐतिहासिक दस्तावेजहरूवाट देखिन आउँछ । यस सिलसिलामा शारदा व्यारेजका निमित्त नेपालले उपलव्ध गराएको जमिन, अवधि तोकेर (७० वर्षका लागि ?) भारतलाई दिइएको भन्ने एउटा दावी छ। यो जमीन वापत नेपालले कतै केही जमिन प्राप्त गर्न सकेको छैन भन्ने अर्को दावी पनि रही आएको छ । यी दुवै दावी सत्य नभएको प्रतिदावी सरकारको रहेको पाइन्छ। दुवै दावी र प्रतिदावीका निमित्त पूर्ण रूपले ढुक्क हुन सकिने प्रमाणहरू हालसम्मको स्थितिमा उपलव्ध हुन सकेका छैनन्। जमीन साटासाटको यो सिलसिलामा भारत तर्फ वढी गएको नेपालको ३६.६७ एकड जमीन फिर्ता गर्ने भारतको प्रतिवद्धता रहेको देखिए पनि नेपालले सो जमीन फिर्ता पाएको देखिदैन र यो जमीनको भारतले भोग चलन गरे वापत नेपालले क्षतीपूर्ति पनि पाएको देखिदैन ।

टनकपुर वाँध परियोजनाका निमित्त देव्रे एफल्क्स वण्ड वनाउन नेपालको जमिन प्रयोग भएको छ। जसवाट उक्त परियोजनाको जलाशयको निम्ति नेपालको केही

भू-भाग प्रयोग हुन गएको छ। उल्लेखित सन्धिद्वारा उक्त जमिन ७५ वर्षको समयावधी तोकेर नेपालले भारतलाई प्रयोग गर्न दिएको छ। यस जमिनको स्वामित्व नेपालकै रहने प्रष्ट व्यवस्था सन्धिले गरेको छ। हाल हराएको अवस्थामा रहेको सीमा स्तम्भ ३ र ३ (ए) लाई अंकन गरी सकेपछि देब्रे तटवन्धको नेपाल तर्फ पर्न जाने लम्वाई ५७७ मिटर भन्दा वढी हुन सक्ने हुन्छ। त्यसले व्यारेजमा पानी र विजुली दुबैको वृद्धिमा नेपाल तर्फको योगदान पनि वढ्ने हुन्छ। अत: यस वापत नेपालले थप लाभको दावी गर्नु पर्ने देखिन्छ।

शारदा व्यारेज र टनकपुर व्यारेजका सन्दर्भमा:

शारदा व्यारेज निर्माणको सन्दर्भमा भएका १९२० देखि १९२९ सम्मका पत्राचार, सन्धि तथा अन्य कागजातहरूले सारदा व्यारेज स्थलको नेपालको जमिनको सट्टा ४००० एकड जमिन नेपालले भारतवाट प्राप्त गरेको र त्यसै अनुरूप भारतले सारदा व्यारेज निर्माण गरेको देखिन्छ। त्यसै वखतका सन्धि आदिद्वारा वर्षा याममा (मे १५ देखि अक्टुवर १५ सम्म ४६० क्यूसेकदेखि पछि नेपाल तर्फको सिचाई आवश्यकता वृद्धि भएमा १००० क्यूसेक सम्म) पानी सारदा व्यारेजवाट नेपालले पाउने व्यवस्था भएको पनि देखिन्छ। यसरी शारदा व्यारेजबाट नेपालले प्राप्त गर्ने पानी के का आधारमा पाएको हो ? यसवारे ऐतिहासिक दस्तावेजहरू मौन छन्। महाकाली नदी मूलभूत सीमा नदी भएकाले र त्यसको पानीको उपयोगीताको अधिकार दुवै मुलुकको हुने भएकाले उक्त पानी नेपालले पाएको हो ? महाकाली सीमा नदी भएको कारण बाहेक, उक्त पानी अधिकार स्वरूप नेपालले पाउनु पर्ने अर्को आधार छैन। त्यसकारण महाकाली पानीको उपयोगमा नेपालको अधिकार ऐतिहासिक हिसावले पनि रही आएको कुरा यो तथ्यले संकेत गर्दछन्। इतिहासको यो संकेतलाई समात्नु पर्ने देखिन्छ।

सन् ८० को दशकको शुरूतिर अध्ययन थालिएर जुलाई ७, १९९२ मा टनकपुर व्यारेज निर्माण भई यस परियोजनाले सम्पन्न भई विद्युत् उत्पादन शुरू गऱ्यो। महाकाली नदीमा भारतद्वारा नेपालको सहमती नलिई निर्माण गरिएको यो व्यारेजवाट १२० मेगावाट क्षमतामा विद्युत निकालिन्छ टेलरेशवाट पानी सिधै अथवा सारदा व्यारेज मार्फत सारदा सिंचाई पद्धतिमा लान सकिने प्रवन्ध छ। यो व्यारेजका प्रमुख दुई उद्देश्य देखिन्छन्। पहिलो सारदा व्यारेजको उमेर पूरा भएको वा भत्किएको वा काम नदिएको अवस्थामा सारदाको नहर पद्धतिमा पानी पुऱ्याउने काम गर्नु र दोस्रो १२० मेगावाट क्षमता विद्युत उत्पादन गर्नु। यी दुवै कुरामा टनकपुर व्यारेज सफल छ। स्वभाविक रूपमा भरत यो सफलताको निरन्तरता चाहन्छ। यसप्रकारको फाइदाको निरन्तरता

तब मात्र सम्भव देखिन्छ जब प्राविधिक रूपले टनकपुर व्यारेजको उत्तर तर्फ महाकाली नदीको पानी पूर्व तिर प्रवाहित हुने सम्भावना रहँदैन। यसको ग्यारेन्टी पूर्व तर्फको नेपाली जमिन समेत ओगटेको र नेपाली भूभागलाई छेकेको एफलक्स वण्ड वा गाइड वण्डले गर्दछ। त्यस खास ठाउँमा महाकाली नदीको चरित्र (Morphology), नेपाल-भारत सीमानाको स्थिति र टनकपुर परियोजनासँग सम्बन्धित जोखिमहरू यसप्रकार छन् कि त्यो गाईड वेन्कको वर्तमान अवस्थामा स्थाइत्व नै वास्तवमा टनकपुरको स्थाइत्वको एक खाले ग्यारेन्टी हो। अत: टनकपुर व्यारेजबाट भारतले निरन्तर फाइदा लिई रहन सक्ने कुराको ग्यारेन्टी उक्त गाइड वेन्कको स्थाइत्वका लागि नेपालको राजनीतिक अथवा कुटनीतिक सहमती हो।

उल्लेखित सन्धिले सारदा व्यारेजबाट वर्षायाममा २८.३५ क्यूमेक्स र हिउँदमा ४.२५ क्यूमेक्स पानी नेपालले पाउने व्यवस्था गरेको छ। त्यसैगरी टनकपुर व्यारेजबाट देब्रे एफल्क्स वण्ड नेपाली भू-भागमा परे वापत वर्षायाममा २८.३५ क्यूमेक्स र हिउँदमा ८.५ क्यूमेक्स पानी तथा वार्षिक ७ करोड युनिट विद्युत नेपालले प्राप्त गर्ने व्यवस्था छ। सारदा व्यारेज काम नलाग्ने भएको खण्डमा यस वापतको दायित्व टनकपुर व्यारेजमा सर्ने र टनकपुर व्यारेजका निमित्तको यो व्यवस्था ७५ वर्षका निमित्त हुने कुरा सन्धिमा प्रस्तावित छ। यी दुवै व्यारेजबाट भारतले उपयोग गरी आएको पानीको मात्रा भने उल्लेखित सन्धिमा तोकिएको छैन। यसरी मात्रा नतोकिइनुले भारतको उपभोग्य उपयोग (Consumptive Use) को पानी के कति भन्ने बारे अस्पष्टता सृजना हुन्छ। विभिन्न कारणले र विभिन्न प्रयोजनका निमित्त यो मात्रा तोकिइनु आवश्यक छ।

यसरी उल्लेखित सन्धिमा सारदा र टनकपुर व्यारेज सम्बन्धी भारतका विगत देखिका समान र न्यायेचित भन्न नसकिने काम कार्वाहीलाई केही सुधार्ने प्रयत्न भएको छ। विशेष गरी टनकपुर परियोजना निर्माणको सन्दर्भमा नेपाललाई गरेको उपेक्षा असल छिमेकी सम्बन्ध तथा अन्तर्राष्ट्रिय मर्यादाको ठाडो अपमान र उल्लंघन हो। नेपालका निमित्त भने विगतका त्रुटीहरूलाई सकेसम्म सुधार्ने प्रयत्न गर्नु व्यवहारिक ठहर गर्दै तदनुरूप विभिन्न हितमा आधारित सम्बन्ध विकासका निमित्त केही सुगमता हासिल होला कि भन्ने आशा र विश्वास नेपाली पक्षको रहेको देखिन्छ।

३.४ सीमाको स्पष्ट निर्धारण:

महाकाली नदीका बारेको उल्लेखित सन्धिको सन्दर्भमा अध्ययन विश्लेषण गरिनु पर्ने विषयका रूपमा रहेको एउटा महत्वपूर्ण पक्ष हो नेपालको पश्चिमको सम्पूर्ण

सीमाको स्पष्ट निर्धारण उद्गम स्थलदेखि ब्रम्हदेवमण्डीसम्म महाकाली नदी स्वयं नेपाल-भारत सीमाना रहेको तथ्य सुगौली सन्धि र त्यसपछिका थुप्रै प्रमाणहरूले छर्लङ्ग पारेका छन्। यसमा भारत र नेपाल दुवैको सैद्धान्तिक सहमति समेत रहेको देखिन्छ। तर महाकाली नदीको उद्गम स्थल तर्फ अगाडि बढ्दै जाँदा धेरै वटा शाखा प्रशाखाले यो नदी निर्माण भएको छ। खास गरेर उद्गम क्षत्रेका ३ वटा शाखा मध्ये कुन चाँही महाकाली नदीको मुल शाखा वा महाकाली नदी हो त भन्ने कुरामा भने भारत र नेपालबीच मतभेद रहीआएको देखिन्छ। सुगौली सन्धि र त्यसको केही समयपछिसम्म लिम्पिया धुरा पासबाट पूर्व-दक्षिण भई आउने कुटीयांग्दी समेत भनेर चिनिने नदीलाई महाकाली मानिएका प्रमाण भेटिन्छन्। (सन् १८३६ को नक्सा आदि) पछि क्रमश: लिपु लेकबाट सोझै दक्षिण तर्फ आउने शाखालाई काली नदी (सन् १९०५ तिरको वृटिश रेजिडेन्टको नक्सा आदि) भनिन थालिएको देखिन्छ। त्यसपछि भारतीय पक्षले सन् १९६२ पश्चात् क्रमश: टिङ्कर भञ्ज्याङ्गतिरबाट आउने नाम थाहा नभएको सानो खोल्सीलाई कालीनदी बताउँदै नेपाल-भारत सिमानालाई नेपाल तर्फ ठेल्ने प्रयत्न गरेको देखिन्छ। यसरी महाकालीको सबभन्दा उत्तर खण्डमा नेपाल-भारत सीमाको स्पष्ट निर्धारण भै नसकेको स्थिति छर्लङ्ग छ। सम्पूर्ण सिंगो रूप र त्यससँग सम्बन्धित सीमा निर्धारणको सवालमा स्पष्ट हुनु पर्ने कुरा महाकाली नदको एकिकृत विकास सम्बन्धी सन्धिमा हस्ताक्षर गर्नु अगाडि आवश्यक गृहकार्य नभएको देखिन्छ। अत: सीमा निर्धारण सम्बन्धी यो अस्पष्टता हटाइनु अपरिहार्य छ।

३.५ पानीको बाँडफाँड सम्बन्धी सिद्धान्त:

उल्लेखित सन्धिले महाकाली नदीको पानीको बाँडफाँड वा त्यसपानी माथिको नेपाल-भारतबीचको अधिकारका बारेमा के कस्तो व्यवस्था गरेको छ सो कुरा बुझ्नका लागि यो सन्दर्भलाई दुई भागमा बाँडेर हेर्नु उपयुक्त हुन्छ।

पहिलो भागमा सारदा र टनकपुर ब्यारेज मार्फत अथवा हाललाई पंचेश्वर निर्माण हुन अगाडि गरिने पानीको बाँडफाँट पर्दछ। यी दुई ब्यारेजबाट वर्षामा कुल ५६.७ क्यूमेक्स र हिउँदमा कुल १२.७५ क्यूमेक्स पानी नेपालले महाकालीबाट प्राप्त गर्ने अधिकार सन्धिले दिएको छ। यस बाहेक नेपाल भित्रका दोधारा चाँदनी क्षेत्रको सिंचाईको आवश्यकता पूर्ति गर्न लागि.१० क्यूमेक्स र नदीको वातावरणीय सन्तुलनका लागि १० क्यूमेक्स पानी भारतले छोड्ने थप प्रवन्ध सन्धिमा गरिएको छ। यसरी वर्षामा ७६.७ क्यूमेक्स र हिउँदमा कुल ३२.७५ क्यूमेक्स पानी बाहेक नदीमा बाँकी रहन गएको पानी माथिको हकअधिकार बारेमा सन्धि मौन छ। तर बाँकी रहन गएको सम्पूर्ण

प्रकारान्तरले भारतले एकलौटी रूपमा प्रयोग गर्न सक्ने सम्भावनालाई सन्धिका प्रावधानहरूले रोकेको देखिदैन । सन्धिका कतिपय व्यवस्थाको सुधार वा पूनः व्याख्या गरेर मात्र यो अनपेक्षित स्थितिलाई हटाउन सकिन्छ । अन्यथा महाकाली नदीको पानीको सन्दर्भमा नेपालले माथि उल्लेख गरिएको अधिकारमा चित्त बुझाएर वस्नु पर्ने हुनसक्छ ।

अब दोस्रो भागको चर्चा गरौं । पंचेश्वर निर्माण हुने अवस्थामा सन्धिको धारा-३ मा ..... both the Parties agree that they have equal entitlement in the utilization of the waters of the Mahakali River without Prejudice to their respective existing consumptive use of the waters of the Mahakali River. भन्ने वाक्यांशको उल्लेख हुनुले विद्यमान उपभोग्य उपयोगको पानीलाई प्रतिकूल असर नपारी नदीको पानी माथि दुवै पक्षको वराबरीको हक सिद्धान्तः स्वीकारिएको देखिन्छ । महाकाली नदीको पानीमा नेपाली पक्षको प्राकृतिक योगदान (नेपाली पक्षद्वारा प्रस्तुत DPR अनुसार जलाधारको क्षेत्र १९.७ प्रतिशत र वाँध निर्माण गरेपछि डुवान हुने क्षेत्र ३३.१३ प्रतिशत) को तुलनामा नेपालले पाउने भनिएको पानीको आधा हक वास्तवमा नेपालका लागि आकर्षक प्रस्ताव हो । तर व्यवहारमा यो सिद्धान्त कसरी लागू हुने हो भन्ने कुरा हेरेर मात्र यस व्यवस्था बारे एकिन रूपमा भन्न सकिन्छ ।

विद्यमान उपभोग्य उपयोग (Consumptive use) को हकमा भारत तर्फ प्रयोग भै रहेको पानीको मात्रा निकै ठूलो छ भने नेपाल तर्फ निकै सानो छ । साथै पंचेश्वर योजनामा लगानी गर्नका लागि लाभका आधारमा लगानीको सिद्धान्त अपनाइएको छ । जस अनुसार दुवै मुलुकले लगानीको भागीदार हुनु पर्नेछ । उदाहरणका लागि सिंचाईको फाइदालाई लिएर हेरौं । वर्तमान सरकारका अनुसार नेपाल तर्फ ९३ हजार हेक्टर जमिन महाकालीको पानीद्वारा सिंचित गरिनु आर्थिक तथा प्राविधिक दृष्टिकोणले उपयुक्त देखिने वताइन्छ । यसका लागि वार्षिक सरदर ११८ क्यूमेक्स पानीपर्याप्त मानिएको छ । यसलाई आधार बनाउँदा यो सिंचाई लाभ बरावरको लगानीको भागीदार नेपालले हुनु पर्ने स्पष्ट छ । यो लगानीको भार (Investment load) वार्षिक सरदर ११८ क्यूमेक्स पानीका आधारमा होइन, ९४ हजार हेक्टर सिंचाई लाभका आधारमा हुने हुन्छ । यस अवस्थामा आधा पानीको हकदार नेपाली पक्षको सम्पूर्ण पानीको आधा पानी त नदीमा वाँकी रहन्छ । अब त्यो पानीको उपयोगको अधिकार बारे के हुने ? भन्ने वारेमा सन्धि स्पष्ट छैन । सरकारी व्याख्या अनुसार उक्त उब्रिएको आफ्नो भागको पानी नेपालले आफ्नो इच्छा र आवश्यकता अनुसार जे सुकै प्रयोजनका लागि प्रयोग गर्न सक्दछ । तर सन्धिको साथमा भएको पत्रचारको दफा (३) को उप-दफा (ख) को ..... the treaty precludes the claim, in any form, by either party on the unutilized

portion of the shares of the waters of the Mahakali Rirer..... भन्ने वाक्यांशले माथि व्याख्या गरिएझैं उब्रिएको पानी माथिको नेपालको हकलाई सीमित पार्न सक्ने देखिन्छ। यस्तो सम्भावित व्याख्यासँग सरकार पूर्णतया असहमत रहेको दावी सरकारको रहेपनि भारतीय पक्षबाट यस्तो व्याख्याको बलियो सम्भावना छ। यहाँ ध्यान दिनु पर्ने महत्वपूर्ण पक्ष के पनि छ भने त्यसरी उब्रिएको पानी अहिले जस्तो मूल्य तिर्न नपर्ने प्राकृतिक अवस्थाको पानी होइन। त्यो पानी त पंचेश्वर निर्माण पश्चात् नियन्त्रित तथा बढेको पानी (Regulated and Augmented flow) जो मूल्य अभिवृद्धि युक्त (Value added) पानी हो। अत: यो मूल्य अभिवृद्धि युक्त पानीमा कुनै पनि किसिमले नेपालको दावी रहन नसक्ने हुन गएमा यो पानी बगेर अन्तत: भारत तर्फ नै जाने हो र भारतले नै प्रयोग गर्ने हो। यस्तो स्थिति भने दुर्भाग्यपूर्ण हुनेछ। यसको उपयुक्त निराकरण हुनु वाञ्छनीय छ।

३.६ विद्युत उर्जा बिक्री सम्बन्धी व्यवस्था:

पंचेश्वरबाट उत्पादित विद्युत उर्जा मध्ये नेपालको भागको एक हिस्सा नेपालले भारतलाई बेच्ने भन्ने व्यवस्था उल्लेखित सन्धिले गरेको छ। यो उर्जाको मात्रा र मूल्य पछि निर्धारण गरिने भनिएको छ। यो व्यवस्थालाई सन्धिको धारा ३ चौथो दफामा A portion of Nepal's share of energy shall be sold to India भन्ने वाक्यले जनाइएको छ। यो वाक्यको आशयलाई सकारात्मक ढंगले लिंदा मुख्यत: नेपाल तर्फको विद्युत उर्जा भारतलाई बिक्री गर्ने प्रतिवद्धता जाहेर गर्नु देखिन्छ। तर यसबाट नेपाल भारतलाई विद्युत उर्जा बेच्न वाध्य रहेको तर भारत भने किन्न वाध्य नरहेको समेत अर्थ लाग्न सक्ने देखिन्छ। भारत सरकार मात्र एकल क्रेता (Monopsonic buyer) रहने परिस्थिति प्रति नेपाल प्रतिवद्ध रहनु पर्ने सम्भावना रहेको उपरोक्त अर्थमा नेपालले अरू कसैलाई, यहाँसम्म कि भारतीय निजी क्षेत्रलाई समेत विद्युत उर्जा बेच्न नपाउने वाध्यात्मक स्थितिका रूपमा उपरोक्त सन्दर्भलाई भारतीय पक्षवाट व्याख्या भएमा यसबाट नेपाललाई गम्भिर अहित हुनसक्ने कुरा स्पष्ट छ। यो अवस्था खास गरेर उर्जाको मूल्य लगायत बिक्रीका शर्तहरूमा भारतले नेपाललाई मार्का पार्ने र नेपाल ठगिने अवस्था हुन जान्छ। यस किसिमको नेपाल ठगिन सक्ने सम्भावनाको आशंका नेपालमा विद्यमान रही रहेको तथ्य कसैबाट लुकेको छैन। यस्ता आशंका नेपालमा विद्यमान रहनुमा भारतले नेपालसँग गरेको आजसम्मको व्यवहार नै जिम्मेवार छ। साँचो अर्थमा दुवै मुलुकको हितका कामहरू सम्पन्न गरेर मात्र नेपालमा विद्यमान यो आशंका समाप्त हुन सक्छ।

नेपालले भारतलाई विद्युत उर्जाको बिक्री गर्ने सन्दर्भमा अर्को महत्वपूर्ण पक्ष हो- उर्जाको मूल्य। उल्लेखित सन्धिमा नेपालले भारतलाई बेच्नु पर्ने भनिएको विद्युत उर्जाको मूल्य के हुने भन्नेमा स्पष्ट व्यवस्था छैन। पंचेश्वर योजनाको DPR लाई संयुक्त सहमतिमा अन्तिम रूप दिने सन्दर्भमा खुद उर्जा लाभको लेखाजोखा गर्ने सिद्धान्तका रूपमा ब्खयष्मभम ऋयकत एचप्लअष्उभि लाई सन्धि साथको पत्राचारको ३ (क) मा ..... net power benefits shall be assessed on the basis of, inter alia, savings in Costes to the beneficiaries as compared with the relefvant alternatives available..... भन्ने उल्लेख गरिएको छ। यसमा केही अस्पष्टताहरू छन्।जस्तै एकारित खुद उर्जा लाभको लेखाजोखा गरिने धेरै प्रकारका आधारहरू रहन्छन् भन्ने भाव माथि भएको inter alia भन्ने वाक्यांशले दिन्छ भने अर्कोतिर सान्दर्भिक विकल्पहरूसँग तुलना गरिने कुरामा ती सान्दर्भिक विकल्प के हुन भन्ने कुरा अस्पष्ट छ। यी अस्पष्टताहरू यति गंभिर हुन सक्छन कि सयुक्त सहमतिको DPR तयार गर्दा यसै बुँदामा नेपाल र भारतीय पक्षमा मिल्नै नसक्ने मतभेद हुन सक्ने सम्भावनालाई समेत नकार्न सकिन्न।

माथि उल्लेखित सिद्धान्तलाई नै नेपालद्वारा भारतलाई विक्रीगरिने उर्जाको मूल्य तय गर्दा प्रयोग गरिने सिद्धान्त हो भन्ने सरकारी पक्षको दावी छ। तर उल्लेखित सन्धिमा भएको उपरोक्त व्यवस्थाको सहजरूपले विद्युत उर्जा समेतको मूल्य निर्धारण गर्दा प्रयोग गरिने बढी प्रचलित र स्पष्ट अर्थ लाग्ने Avoided Cost Principle हो भन्ने दावी समेत सरकारी पक्षको छ। वास्तवमै यसो भएका खण्डमा सन्धिको यो व्यवस्था नेपालको हितमा हुन जान्छ। तर उपरोक्त व्यवस्था Avoided Cost Principle नै हो र यसको प्रयोग नेपालले भारतलाई विक्री गर्ने विद्युत उर्जाको मूल्य निर्धारण गर्दा गरिन्छ भन्ने कुरामा भारत समेतको निश्चितता (Assurance) चाहिन्छ, तव मात्र नेपाली पक्षले ढुक्क हुन मिल्दछ। अत: यस खालको निश्चितता प्राप्त गर्नु आवश्यक देखिन्छ।

Avoided Cost Principle अनुसार नेपालको भारतलाई विक्री गरिने भनिएको विद्युत उर्जाको मूल्य निर्धारण हुने अवस्थामा सर्वप्रथम यो उर्जाको उपयोग भारतको विद्युत आपूर्तिको कुन अवस्थाका लागि हुने हो तय गर्नु पर्दछ। जलाशययुक्त जलविद्युत योजना (Reservoir type hydor-power scheme) को तुलनात्मक उपयोगिता (Comparative Advantage) नै यो हो कि यसबाट माग भएकै वखत तुरून्त विद्युत आपूर्ति गर्न सकिन्छ। अर्थात् दैनिक २४ घण्टा मध्ये उच्च विद्युत माग (Peak demand) भएको ५-६ घण्टा विद्युत आपूर्ति गर्न पंचेश्वर जस्तो जलाशययुक्त जलविद्युत योजना सर्वोत्तम हुने गर्दछ। अव यो उच्च विद्युत मागका वेला भारतले

पंचेश्वर नभएको अवस्थामा के कस्ता विकल्प प्रयोग गर्न सक्दछ र यिनबाट उत्पादित विद्युत उर्जाको मूल्य के कति पर्न आउँदछ भन्ने कुरा हेर्नु पर्दछ । यस सन्दर्भमा भारतसँग उपलब्ध विकल्पका रूपमा थर्मल ल्यान्ट वा ग्यास टर्वाइन देखिन्छन् । पंचेश्वरबाट उत्पादन हुन सक्ने विद्युत उर्जाको उत्पादन मूल्य भन्दा यी विकल्पबाट उत्पादन हुन सक्ने विद्युत उर्जाको मूल्य झण्डै दोव्बर या सो भन्दा बढी पर्ने देखिन्छ । अत: यी निकटतम सम्भावनाका विकल्पहरूका निमित्त पर्ने मूल्यसँगको तुलनामा नेपालको पंचेश्वरबाट उत्पादित विद्युत उर्जाका लागि मूल्य निर्धारण गर्न भारत राजी हुनु पर्नेछ। यो सिद्धान्तलाई सामान्य सिद्धान्त (General Principle) का रूपमा भारतले मानेको र यसमा इमान्दार रहेको खण्डमा अन्य जलविद्युत विकासका व्यापक सम्भावनाहरूको युग शुरू हुनका लागि बाटो खुल्न मद्दत पुग्न सक्दछ । यो सन्दर्भमा भारतको इमान्दार र साँचो सहमती हालसम्म प्राप्त हुन नसक्नु नै यथार्थमा नेपाल-भारत बीचको जलस्रोत विकासको एउटा अड्चन भैआएको छ । उल्लेखित सन्धिका व्यवस्थाले यो कुरामा यथेष्ट स्पष्टता ल्याउन सक्नु पर्दछ, दुवै पक्षको विश्वास जित्न सक्नु पर्दछ र नेपाल-भारत बीचको आपसी सहयोग र मित्रतामा कोशे ढुगाको काम गर्न सक्नु पर्दछ तब मात्र यो सन्धि अझ औचित्यपूर्ण हुन्छ ।

३.७ लाभका आधारमा लगानीको सिद्धान्त:

प्रस्तुत सन्धिको सन्दर्भमा चर्चित अर्को एउटा पक्ष हो- लाभका आधारमा लगानीको सिद्धान्तलाई उल्लेखित सन्धिले अवलम्बन गरेको कुरा । यो कुरालाई सन्धिको धारा ३ को तेस्रो दफाले यसरी उल्लेख गरेको छ। "The cost of the project shall be borne by the parties on proportion to the benefits accuring to them." यो व्यवस्थालाई थप व्याख्या गर्दै सन्धिसँगैको पत्राचारले पंचेश्वर योजनाबाट हुन सक्ने लाभको लेखाजोखामा विद्युत उर्जा, सिंचाई र बाढी नियन्त्रणका फाइदाको हिसाब गरिने कुराको व्यवस्था गरेको छ। सन्धिको धारा 'घ' का अन्य व्यवस्था र सँगैको पत्रचारका व्यवस्थाहरू समेतको प्रकाशमा हेर्दा यो लाभका आधारमा लगानीको सिद्धान्त द्विपक्षिय हितका सन्दर्भमा एउटा उपयोगी सिद्धान्त देखिन्छ । यो सिद्धान्तका आधारमा विद्युत उर्जाको लाभ आधा आधा तथा सिंचाई र बढी नियन्त्रणको लाभ यथार्थमा जति जति हुने हो त्यति त्यति नै हिसाब गरी त्यसैको अनुपातमा दुवै पक्षले लगानी गर्ने भन्ने अर्थ लाग्दछ । यो सिद्धान्तलाई व्यवहारमा लागू गर्दा थुप्रै प्रश्नहरू उत्तरित हुनु पर्ने तथा थुप्रै अवस्थाहरू परिभाषित हुनुपर्ने छ । यी प्रश्नहरूलाई संयुक्त प्राविधिक टोलीले कसरी समाधान गर्दछन् र संयुक्त DPR कस्तो बन्नेछ भन्ने कुरामा नै वास्तवमा यो सिद्धान्तको

सम्पूर्ण अर्थ र व्यवहारिकता भर पर्ने छ। उदाहरणका लागि भारत र नेपाल तर्फ कति कति सिंचाई लाभ हुन सक्दछ ? त्यसै गरी दुवै तिर बाढी नियन्त्रणको कति कति लाभ हुन सक्छ ? भन्ने हिसाबमा दुबैपक्ष इमान्दार भएर प्रस्तुत हुन सक्ला ? यी सन्दर्भमा अयथार्थवादी लेखाजोखालाई अगाडि सार्ने काम भारतीय पक्षबाट हुन सक्ने प्रवल सम्भावना देखिन्छ। यसमा नेपाली पक्ष सतर्क रहनु वाञ्छनीय छ। यो सन्दर्भमा आउन सक्ने समस्या समाधान भैसकेपछि विद्युत उर्जा उत्पादन,सिंचाई र बाढी नियन्त्रणका अलग अलग क्षेत्रमा लगानीको भार (investment load) कति कति राख्ने भन्ने सवाल आउँदछ। लाभको यथार्थवादी र इमान्दार लेखाजोखा गर्ने तथा लाभका अलग अलग क्षेत्रमा लगानीको भारत तोक्ने यी दुवै कुरामा साँच्चै इमान्दार भएर र द्विपक्षिय हितलाई आधार वनाएर लाभको आधरमा लगानीको सिद्धान्त लागू हुन सक्यो भने मात्र यो सिद्धान्त स्वागत योग्य र प्रशंसा योग्य हुन जानेछ। अन्यथा यो लाभका आधारमा लगानीको सिद्धान्त नेपाली हितलाई वरालन प्रयुक्त खोक्रा शव्दहरूको जमघट मात्र हुनेछ।

माथि उल्लेखित अस्पष्टतामा स्पष्टता ल्याउने र उपरोक्त प्रश्नहरूको उत्तर दिने काम संयुक्त DPR ले गर्नेछ। भारतसँगको नेपालको जल उपयोग सम्वन्धको विगतलाई हेर्दा यो लाभको आधारमा लगानीको सिद्धान्त यथार्थमा द्विपक्षिय हितका आधारमा लागू हुनेछ र नेपालले यसमा पुनः ठगिनु पर्ने छैन भन्ने कुरामा प्रसस्त आशंका विद्यमान देखिन्छ। यो आशंका निवारण हुनु आवश्यक छ। शुरूमै यी जटिलताहरूलाई ध्यानमा राखि उपरोक्त सिद्धान्तका विकल्पका रूपमा लगानी र लाभलाई आधा आधा गर्ने सिद्धान्त जस्ता लगानीका अन्य सिद्धान्तहरूको तुलनात्मक अध्ययन गरेर मात्र नेपालका निमित्त सवभन्दा वढी राष्ट्रिय हित हुने प्रकारका सिद्धान्त अवलम्वन गरिने कुराको ग्यारेन्टी गर्न सकिन्थ्यो।

अन्य महत्वपूर्ण सन्दर्भहरू:

वर्तमान महाकाली सन्धिलाई मात्र एक्लो राखेर यसलाई पृथक रूपमा हेर्नु र यसका वारेमा कुनै निश्चित निश्कर्षमा पुगिहाल्नु उपयुक्त हुँदैन। यसलाई नेपाल-भारत सम्वन्धको वृहत महत्वको क्यानभासमा राखेर हेर्नु पर्दछ र विशेष गरी नेपाल-भारतवीचको जलस्रोत विकासको परिदृश्यमा यो सन्धिलाई हेर्नु पर्ने हुन्छ।

(क) जलश्रोतमा क्षेत्रीय सहयोग:

जलस्रोत नेपालको एउटा प्रमुख वाँच्ने आधार (Means to Survival) र विकासको भरपर्दो स्रोत हो। यो स्रोतको समुचित विकास र उपयोग भएर मात्र नेपालको

विकासका समस्याहरू समाधान हुँदै जाने सम्भावना बन्दछ । नेपालका करिब ६ हजार जती खोलानालाहरूबाट बगेर जाने वार्षिक सरदर करिब २० अर्ब घनमिटर पानी भारतको गंगा हुँदै बंगलादेश र त्यसपछि बंगालको खाडीमा जान्छ । नेपाल तर्फबाट मात्र जाने पानी गंगामा सरदर बग्ने पानीको लगभग ५२ प्रतिशत रहेको मानिन्छ । यसरी बग्ने पानी महाकाली, कर्णाली बबई, राप्ती, गण्डकी (नारायणी) बागमती, कमला, कोशी, कन्काई र मेची प्रमुख नेपाली नदी समेतको पानी हो । यी नदीबाट वर्ष भरी बगेर जाने सम्पूर्ण पानीको झण्डै तीन चौथाई पानी जुनदेखि सेप्टेम्बरसम्मको चार महिनाको वर्षायाममा जाने गर्दछ । यसरी बाढीको रूपमा जाने पानी खेर जाने मात्र होइन यसले नेपाल तथा भारतमा ठूलो मात्रामा धन जनको क्षती समेत गर्दै आएको छ । यो पानीलाई वर्षामा जम्मा गरेर हिउँदमा आवश्यक सिंचाई र चाहिएको मात्रामा विद्युत उत्पादनका निमित्त प्रयोग गर्न सकेमा नेपाल, उत्तर भारत र बंगलादेशसम्मको उल्लेखनिय हित हुने कुरा स्पष्ट छ । यसै यथार्थमा उभिएर हेर्दा नेपाल-भारतको जल सम्बन्धको भविष्यका सम्भावनालाई सबभन्दा राम्ररी देख्न सकिन्छ । नेपालको जलस्रोत विकासमा क्षेत्रीय दृष्टिकोण अपनाइनु पर्दछ भन्ने आग्रह समेत यसै तथ्यले जन्माएको हो । यस सन्दर्भमा साना तथा मझौला जलस्रोत अपनाइनु पर्दछ भने आग्रह समेत यसै तथ्ये जन्माएको हो । यस सन्दर्भमा साना तथा मझौला जलस्रोत विकास योजनाहरू नेपालले आफै र मुलत: आफ्ना आवश्यकताका लागि विकास गर्नु पर्दछ । सीमा नदीहरूमा दुई देशबीचको समानतामा अधारित सहयोग सम्बन्ध अनुरूप जलस्रोत विकास योजना निर्माण गरिनु पर्दछ । नेपालका ठूला नदीहरूमा दक्षिण एशियाली क्षेत्रीय सहयोगको दृष्टिकोणबाट जलस्रोत विकास योजनाहरू तर्जूमा र निर्माण गरिनु पर्दछ । विशेष गरी बंगलादेश, भुटान, नेपाल, भारत, पाकिस्तान र चीनबीच क्षेत्रीय बिजुली ग्रीडको सम्भावनाको द्वारा खुला राख्नु पर्दछ । यो नै नेपालको राष्ट्रिय हित अनुरूपले चिन्तन हुन सक्दछ । तर खेदका साथ संझना गर्न बाध्य हुनु पर्दछ कि भारतले बृटिश उपनिवेश कालदेखि नै जल सम्पदाको उपयोगमा द्विपक्षीय वा क्षेत्रीय हितको मूल्यमा एक पक्षिय हित साध्ने काम गर्दै आएको छ । सारदा व्यारेजदेखि कोशी, गण्डकी र टनकपुर व्यारेजसम्मका सन्धि र त्यहाँ भएका तमाम व्यवस्थाले यही सत्य प्रतिबिम्बित गर्दछन् । ती असमान सन्धिहरूका व्यवस्थाद्वारा नेपाल ठगिएको कुरा एकातिर जगजाहेर छ भने अर्कातिर तिनै सन्धि सम्झौतामा भएका व्यवस्था अन्तर्गत समेत भारतीय पक्ष इमान्दार हुन नसकेको तथ्य नेपाली भू-भाग सिंचाई गर्न निर्मित नहर पानी चाहिएका बखत चाँही सुख्खा हुनु र पानी नचाहिएको बेला भने बाढी हुने हुनुले बताउँदछन् । यस सन्दर्भमा हालसम्मको अनुभव, अप्ठेरा तथा भविष्यका सम्भावनाको प्रकाशमा उल्लेखित सन्धिलाई हेरेर मात्र यसको अन्तिम ठहर गर्नु बेश हुन्छ ।

सीमा नदी बाहेकका नेपालका नदी नालाहरू माथि समेत वाह्य हक स्थापना गर्ने मनशायबाट अगाडि आएको कथित साझा नदी सिद्धान्तलाई वाम र राष्ट्रवादी शक्तिहरूले अस्वीकार गर्दै आएको तथ्य पनि यहाँनेर स्मरणीय छ ।

ख) कोशी र गण्डकी सन्धिहरूको तुलनामा उल्लेखित सन्धिः

यस दस्तावेजमा अन्यत्र पनि उल्लेख गरिए झैं कोशी र गण्डकीको सन्दर्भमा भएका नेपाल-भारतबीचका असमान सन्धिहरूद्वारा ती नदीबाट हुन सक्ने लाभको मालिक भारत भएको छ । नाम मात्रको लाभ नेपलालाई दिई भारतले फुत्काउन सफल भएको. यी दुई नदीहरुका हकमा भएका सम्झौतामा सुधार हुँदा पनि नेपाल साह्रै नराम्ररी ठगिएको कुरा जग जाहेर छ । यी सन्धिहरूसँग तुलना गर्दा उल्लेखित महाकाली सन्धि तुलनात्मक रूपले नेपालका राष्ट्रिय हित सम्वर्धन गर्न अग्रसर देखिन्छ । सन्धिमा भएका तमाम अस्पष्टता आदिमा भारतकै हात माथि पर्ने अवस्थाको परिकल्पना गर्दा पनि कोशी र गण्डकी सम्झौता भन्दा यो सन्धि धेरै सकारात्मक देखिन्छ । यतिमात्र सकारात्मक भएर नपुग्ने कुरा आफ्नो ठाउँमा छँदैछ ।

ग) उर्जा व्यापार सन्धि (Power Trade Agreement):

१७ फेब्रअरी १९९६ मा सचिव स्तरमा हस्ताक्षरित नेपाल-भारतबीचको उर्जा व्यापार सन्धि उल्लेखित महाकाली सन्धि तथा नेपाल-भारतबीच अथवा हुने अन्य जलस्रोत विकास सम्बन्धी सन्धिसँग प्रत्यक्ष सम्बन्ध राख्ने सन्धि देखिन्छ । यो सन्धिले दुवै मुलुकका कुनै गैर सरकारी, अर्ध सरकारी तथा सरकारी निकायलाई विद्युत उर्जाको व्यापारमा संलगन हुने अवसर प्रदान गर्दछ । यो सन्धि मुलतः निजी क्षेत्रलाई जलशक्ति तथा व्यापारको क्षेत्रमा आकर्षित गर्न गरिएको देखिन्छ । जलस्रोत विकासको कुटनीतिक प्रयासमा जुन कुनै कुरा विविध राजनीतिक कारणले सरकार-सरकारबीच सहमती हुन अप्ठेरो पर्ने हुन्छ, त्यसलाई निजी क्षेत्रको व्यापारिक संलग्नता मार्फत कार्यान्वयन गर्ने गराइने बाटो यो सन्धिले खोल्दछ । यस सन्धिलाई संविधानको धारा १२३ (२) को व्यवस्था अनुरूप अनुमादेन गरिने प्रतिवद्धता सरकारले जाहेर गरेको सन्दर्भमा यो सन्धिको कार्यान्वयनले कुन हदसम्म राष्ट्रिय हित संवर्धन गर्छ या गर्दैन हेर्न आवश्यक देखिन्छ । उल्लेखित महाकाली सन्धिका बारेको अध्ययन मुल्यांकन गर्दा उपरोक्त सन्दर्भलाई पनि ध्यानमा लिइनु वान्छनीय हुन जान्छ ।

सन्धिमा सुधार्नु पर्ने प्राविधिक त्रुटीहरूः

उल्लेखित सन्धिमा भएका व्यवस्थाहरूको अस्पष्टता र त्यसबाट सृजना हुन सक्ने नेपालको हितप्रतिको खतरालाई यो दस्तावेजका विभिन्न शीर्षक उप-शीर्षक

अन्तर्गत उल्लेख गरिएको छ। ती अस्पष्टताबारे सन्धिमा गरिनु यो दस्तावेजका विभिन्न शीर्षक उप-शीर्षक अन्तर्गत उल्लेख गरिएको छ। ती अस्पष्टताबारे सन्धिमा गरिनु पर्ने सुधारका बारेमा विभिन्न खण्डमा चर्चा भै सकेको छ। त्यस बाहेक उल्लेखित सन्धिमा स्वीकार्ने नसकिने गंभीर प्राविधिक त्रुटीहरू हुन गएका छन्। यी प्राविधिक त्रुटीहरूलाई हल्का रूपमा लिएर तयसै छोड्दा सन्धिका कतिपय व्यवस्थाको अन्यथा अर्थ समेत लाग्न सक्ने भएकाले यो सन्धिमा ती त्रुटीहरू रहनु कुनै हालतमा पनि वाञ्छनीय छैन। सन्धिमा भएका प्राविधिक त्रुटीहरू मुलत: दुई किसिमका छन्। पहिलो सन्धिमा उल्लेखित तथ्य र सन्दर्भ नै गलत र दोस्रो सन्धिको नेपाली अनुवादमा फरक अर्थ अथवा अर्थको थपघट भएको।

पहिलो किसिमको त्रुटीको उदाहरण स्वरूप सन्धिको प्रस्तावनाको छैठौं प्याराग्राफमा उल्लेख गरिएको जिमुवाको एफलक्स वण्ड भनिएकोमा उक्त एफलक्स वण्ड जिमुवा भन्ने ठाउँमा नभै ब्रम्हेदवमा छ। यो भौगोलिक तथ्यको त्रुटीलाई स्वीकार्ने मिल्दैन। यस्तै त्रुटी सन्धिको धारा २ को दफा (२) मा पनि भनिएको छ। त्यसैगरी निर्णय र संयुक्त विज्ञप्तिसँग गाँसेर उल्लेख गरिएको छ। जबकी संयुक्त आयोगको उल्लेखित निर्णय र उल्लेखित सयुक्त विज्ञप्तिमा उपरोक्त जलाशयको सन्दर्भ छैन।

दोस्रो किसिमका प्राविधिक त्रुटीका थुप्रै उदाहरणहरू सन्धिमा प्राप्त गर्न सकिन्छ। जस्तै प्रस्तावनाको छैठौं प्याराग्राफको व्मवयप्लप्लन भन्ने शब्दको नेपाली अनुवाद- "समिपवर्ति" भन्ने गरिएको छ। यो ठिक अनुवाद होइन। त्यसै प्याराग्राफमा in a course या भन्ने वाक्यांशलाई नेपाली प्रतिमा समावेश गरिएको छैन, धारा ५ (२) को and/or लाई "वा" म नेपाली अनुवाद गरियो। त्यसैगरी उल्लेखित सन्धिको हिन्दी प्रतिमा सन्धि गर्ने पक्षहरूको नाम समेतमा गंभीर त्रुटी भएको छ। जस्तै नेपाली पक्षलाई "नेपालकै महामहिम नरशेकी सरकार" भनिएको छ। त्यसैगरी अन्तिम भन्दा अगिल्लो प्याराग्राफको अन्तिम वाक्य पुरैलाई नेपाली अनुवादबाट हटाइएको छैन।

उल्लेखित सन्धिलाई सूक्ष्म ढंगले केलाउँदा उपरोक्त प्रकृतिका त्रुटीहरू अझ थप देखिन सक्ने सम्भावना छ। यी त्रुटीहरू मध्ये केही सामान्य प्रकृतिका भए पनि केही चाँही अत्यन्त गंभीर प्रकृतिका छन्। अत: यिनलाई उपयुक्त प्रकृयाद्वारा सुधार्नु आवश्यक छ।

विविध:

उल्लेखित सन्धिको सन्दर्भमा माथि उल्लेख गरिएका वाहेक थप केही सवालहरूका वारेमा पनि ध्यान पुऱ्याउनु आवश्यक छ। तिनलाई वुँदागत रूपमा तल चर्चा गरिएको छ।

भविष्यका सम्भावना:

महाकाली नदी रहेको नेपाल भारत सीमा (नेपाल या भारत या दुवै तर्फ) क्षेत्रमा भविष्यमा हुन सक्ने पानीको आवश्यकता वारे उल्लेखित सन्धि मौन छ। भविष्यमा त्यस क्षेत्रमा औद्योगिक विकास वढ्न सक्दछ । पंचेश्वरवाट हुन सक्ने विद्युत उर्जाको उपलव्धताले यो सम्भावनालाई अझ टड्कारो पारेको छ। यस अवस्थामा उद्योग धन्दा समेतका लागि थप पानीको आवश्यकता पर्न सक्दछ । त्यसैगरी त्यस क्षेत्रमा शहरीकरण बढ्न सक्ने सम्भावना पनि छ। शहर वढेपछि र समृद्धी पनि आउँदै गएपछि पानीको खपत पनि वढ्ने हुन्छ। यस अवस्थाका लागि पनि थप पानीको आवश्यकता पर्दछ। विभिन्न कारणले विस्तार हुने खेती योग्य जमीन र आवादीको सिंचाईका निमित्त थप पानी आवश्यक पर्ने हुन सक्दछ। भविष्यमा यी आवश्यकताको पूर्ति महाकालीवाट गरिनु पर्दा के कस्तो व्यवस्था अपनाइने भन्ने कुरा वारे स्पष्ट व्यवस्था उल्लेखित सन्धिमा हुनु पर्ने थियो। यस सन्दर्भमा कमसेकम केही निर्देशक सिद्धान्त निर्धारित गर्नु वान्छनीय हुन जान्छ।

ख) क्षतीपूर्ति:

महाकाली नदीमा टनकपुर व्यारेजको निर्माणको सिलसिलाम अलग अलग समयमा क्षतीको भागीदार वन्नु परेका वा विस्थापित (Displaced) हुनु परेका लगभग ८० नेपाली परिवारको वारेमा जानकारी कंचनपुर जिल्ला प्रशासन एवं जिल्ला विकास समिति समेतको वाढी पीडितहरूको स्थलगत अध्ययन सम्वन्धित अभिलेखमा पाइन्छ । टनकपुरको सवाललाई समाधान नगर्दा उल्लेखित महाकाली सन्धिमा यो क्षतीपूर्तिको विषयले ठाउँ पाउनु पर्दथ्यो। त्यसैगरी भविष्यमा पंचेश्वर योजना निर्माण हुँदा डुवान हुने क्षेत्रमा वसोवास गर्ने मानिसहरू, जग्गा जमिन र त्यससँग सम्वन्धित क्षतीपूर्ति तथा पुर्नवासको के कस्तो व्यवस्था गरिने भन्ने वारेमा उल्लेखित सन्धिले केही व्यवस्था गरेको छैन । पंचेश्वर योजना कार्यान्वयनका निमित्त आवश्यक नीतिहरूको तर्जुमा उल्लेखित सन्धिले व्यवस्था गरेका सिद्धान्तका आधारमा हुनेछ। विशेष गरी ठूला वाँधका जल परियोजनाहरूका निमित्त क्षतीपूर्ति र पुनर्वासको समस्या अत्यन्त गंभिर र महत्वपूर्ण पक्ष भैआएको वर्तमान सन्दर्भमा यस विषयमा पनि सन्धिकै तहमा केही निक्यौंल हुनु वाञ्छनीय हुने हो। पंचेश्वर योजनावाट प्रभावित हुने क्षेत्र र जनसमुदाय दुई अल अलग मुलुकमा पर्ने सन्दर्भमा यो कुरा विशेष रूपले महत्वपूर्ण छ।

ग) सन्धिको आंशिक कार्यान्वयन:

विशेष गरेर पंचेश्वर योजनाको संयुक्त DPR निर्माण गर्दा सहमतिका आधारमा तय गरिने थुप्रै कुराहरूले उल्लेखित सन्धिका कतिपय व्यवस्था र

अस्पष्टताहरूलाई एकिन साथ प्रतिबिम्बित गर्ने छन् । DPR निर्माणको प्रकृया र अभ्यासमा साँचो अर्थमा द्विपक्षीय हितका आधारमा (नेपाली हितलाई कुण्ठित नपारी) सहमतीमा पुग्न नेपाली पक्षले कडा परिश्रम र वहस् (Tough Negotation) गर्नु पर्ने टड्कारो सम्भावना छँदै छ। वास्तवमा यस सिलसिलामा लामो समयसम्म सहमति कायम नहुन पनि सक्दछ । त्यस्तो अवस्थामा उल्लेखित सन्धिले गरेका व्यवस्थाहरूका आधारमा पंचेश्वर योजना निर्माण नहुन सक्दछ। त्यस परिस्थितिमा उल्लेखित सन्धिको हैसियत के हुने ? यो अहम प्रश्नका बारेमा सबै सम्बन्धित पक्ष स्पष्ट हुनु जरूरी छ । पञ्चेश्वर निर्माण हुन नसक्ने अवस्थामा यो सन्धि सन्धिका रूपमा लंगडो हुन्छ। यो सन्धिद्वारा सारदा र टनकपुर व्यारेजका हकमा भएका व्यवस्थाहरू चाँहि लागू हुने र पचेश्वरको खण्ड अप्रभावी हुने अवस्थाले नेपालको हित अहित के हुन्छ ? अथवा यस अवस्थामा सम्पूर्ण चाँहि लागू हुने र पंचेश्वरको खण्ड अप्रभावी हुने अवस्थाले नेपालको हित अहित के हुन्छ ? अथवा यस अवस्थामा सम्पूर्ण सन्धि नै अप्रभावि हुन्छ ? यो स्थिति वारे सबै सम्वन्धित पक्ष स्पष्ट हुनु जरूरी देखिन्छ ।

घ) उत्तराखण्डको नविनतम सम्भावना:

भारतीय प्रधानमन्त्री हरदन हल्ली डोड्डे गौडा देवे गौडा, गएको १५ अगस्त, भारतीय स्वतन्त्रता दिवसका उपलक्ष्यमा गर्नुभएको सम्वोधनमा उत्तर प्रदेशको उत्तर क्षेत्रमा एक छुट्टै राज्य उत्तराखण्डको निर्माण गर्ने घोषणा गर्नु भएको छ। यसमा महाकाली नदी पश्चिम पट्टिका वर्तमान उत्तर प्रदेशका हिमाञ्चल प्रदेशसम्म फैलिएका लगभग १० वटा जिल्ला रहने छन् । यो राज्यको उदय भएमा पंचेश्वर योजनाको कार्यान्वयन तथा टनकपुर शारदा व्यारेजका व्यवस्था र व्यवस्थापनहरूमा समेत भारतीय पक्ष भित्रै नयाँ जटिलताहरू अथवा नयाँ सम्भावनाहरू थपिन सक्छन्। यस क्षेत्रमा वसोवास गर्ने भारतीय जनताको स्तरवाट पंचेश्वर उच्च वाँध योजनाको जुन विरोध शुरू भएको छ त्यस सन्दर्भमा पनि यो सिलसिला स्मरणीय छ । पचेश्वर योजना नेपाल र भारतको संयुक्त परियोजना हुने भएकाले दुवै मुलुक मध्ये कुनै एक पक्षका कारण उत्पन्न हुने जोखिमको सिकार सम्पूर्ण योजनाले नै हुनु पर्ने छ। साथै उत्तराखण्डका उदयले पंचेश्वर योजनाको लाभको वाँडफाँड आदिमा पहाडी क्षेत्रको प्रतिनिधित्व गर्ने क्षेत्रको भूमिका वढी निर्णायक हुन सक्ने सम्भावना पनि जन्माउँदछ । उत्तराखण्ड उदयको यो नौलो विकास र यसले जन्माउन सम्भावनालई सावधानी पूर्वक केलाउनु वाञ्छनीय छ ।

ङ) नेपालको प्राथमिकता र पंचेश्वर योजना

महाकाली नदीको एकीकृत विकास सम्वन्धी सन्धिका वारेमा चलिरहेका विवादमा रहेको एउटा तर्क हो- पञ्चेश्वर योजना नेपालको प्राथमिकताको योजना होइन

र यसमा गर्नु पर्ने ठूलो लगानीले मुलुकको वृहत् आर्थिक ढाँचा नै खल्बल्याई दिन्छ। नेपालका ठूला जलविकास परियोजनाको प्राथमिकता मुलत: यिनको अध्ययनको अवस्था र निर्माणका निमित्त वित्तिय श्रोतको उपलब्धतामा भर पर्ने गरेको छ। आफ्नो आन्तरिक श्रोतबाट नेपालले हालसम्म उल्लेख योग्य आकारको एउटा पनि जलविद्युत परियोजना सम्पन्न गर्न नसकेकाले जुन जुन परियोजना अध्ययन अनुसन्धानको काम अगाडि बढेको छ र जुन जुनको निर्माणका लागि वित्तिय श्रोत उपलब्ध छ त्यसैले प्रामिकता पाउने गरेको देखिन्छ। प्राथमिकता तय गरेर अध्ययन गर्ने गराउने तथा निर्माणका निमत्ति श्रोतको तर्जुमा गर्ने होइन जे का लागिवित्तिय श्रोत जुट्दछ त्यही प्राथमिकता सूचीमा आउने प्रचलन हाल नेपालमा विद्यमान छ। यस परिदृश्यमा पञ्चेश्वरको एक हदसम्म अध्ययन भै सकेको छ र यसका लागि वित्तिय श्रोत जुटेको खण्डमा यो नै प्राथमिकताको योजना हुन सक्दछ। त्यसमाथि यो योजनाबाट उत्पादित उर्जा भारतलाई विक्रीगरिने भएकाले उर्जाको आन्तरिक उपायोगिताको सन्दर्भ र प्राथमिकता पंचेश्वरका हकमा लागू नहुने देखिन्छ। साथै छिमेकीको प्राथमिकतामा हामी आफूलाई अहित नहुने गरी मिसिइनु र सहयोग पुऱ्याउनु अनुचित कुरा पनि होइन। जहाँसम्म पंचेश्वरका लागि वित्तिय श्रोत जुटाने सवाल छ, नेपालको आन्तरिक विकासका लागि हालसम्म उपलब्ध स्रोतबाट नै पंचेश्वरका लागि पनि वित्तिय श्रोत जुटाउने हो भने यसले मुलुकको वृहत् आर्थिक ढाँचामा अभाव सृजना गर्ने र ढाँचा खलबल्याउने टड्कारो खतरा देखिन्छ। तर अन्य कुनै श्रोत (जस्तै अन्तर्राष्ट्रिय निजी वित्तिय क्षेत्र) मार्फत पंचेश्वरमा लगानी हुने हो भने र त्यो लगानी आर्थिक भारका रूपमा प्रत्यक्ष, अप्रत्यक्ष रूपले मुलुकको वार्षिक आर्थिक व्यवस्थापनमा आई नपर्ने हो भने यस सन्दर्भमा पंचेश्वरमा गरिने लगानीलाई नकारात्मक मान्नु पर्ने अवस्था देखिदैन। कुन श्रोतबाट पञ्चेश्वरमा लगानी गर्ने र त्यसको के कस्तो दायित्व मुलुकको आर्थिक व्यवस्थाले लिनु पर्ने हुन्छ भन्ने कुरा संयुक्त DPR आएपछि मात्र निश्चित संकेत मिल्न सक्ने सम्भावना रहन्छ। अत: यस सिलसिलामा स्पष्टता आउन संयुक्त DPR आउन्जेल पर्खनै पर्ने देखिन्छ।

अपर्याप्त गृहकार्य:

उल्लेखित सन्धि हस्ताक्षर गर्न नेपाली पक्षबाट जुन किसिमले कुटनीतिक हतारो गरियो त्यसको तुलनामा गृहकार्य अपर्याप्त भएका प्रसस्त आधारहरू देखिन्छन। सर्वप्रथम, यसप्रकारको सन्धिका बारेमा कुरा शुरू भएपछि सन्धि हस्ताक्षर हुनु अगाडि दुवै मुलुकका प्राविधिक तथा अधिकृतहरूको तहमा सहमतिहरू निर्माण हुँदै जानु पर्दथ्यो। यसै क्रममा संयुक्त DPR निर्माण तर्फ काम अगाडि बढाउनु पर्दथ्यो। त्यसपछि

मात्र संयुक्त DPR मा भएका दुवै पक्षका दायित्व, लाभ र भूमिकाको बाँडफाँटको व्यवस्था सहितको सन्धिमा हस्ताक्षर हुनु पर्ने थियो । त्यसो भैदिएको भए अस्पष्टताहरू रहने थिएनन् । महाकालीमा भारतको हितको ध्यान नेपालले पुऱ्याए पछि भारतले पनि नेपालको हित पुऱ्याउनु पर्ने हुन्छ । यसका निमित्त यस्ता थुप्रै ठाउँहरू र स्थितिहरू थिए र छन्, जसमा भारतले नेपालको हित हेरी देओस् । यी सब सम्भावनाका बारेमा नेपालले गृहकार्य नै गरेन । उदाहरणका लागि

- १९५० को सन्धिको पुनरावलोकन,
- सीमा नियन्त्रण तथा व्यवस्थापन,
- वैकल्पिक यातायातका निमित्त काकडभिट्टा-फूलबारीको बाटो,
- जल मार्गको सुविधा,
- वैज्ञानिक सीमाङ्कन,
- तराई सिंचाइ लगायत जलस्रोत विकास गर्ने नेपाली योजनामा भारतले अनावश्यक बाधा विरोध गरेको कुरा,

आदि जस्ता जल्दा बल्दा समस्याहरूमा नेपालले भारतको रत्तिभर पनि सद्भाव लिन सकेन । त्यसैगरी भारतले निर्माण गर्ने गरी बार बार सम्झौता गरिएको र प्रतिबद्धता जाहेर गरिएको महेन्द्र राजमार्गको कर्णालीवनवासा खण्ड र त्यस खण्डका पुलहरू हालसम्म पनि निर्माण हुन नसकिरहेको अवस्था अर्को एउटा ज्वलन्त उदाहरण छ ।

विभा र एकीकृत विकास:

पञ्चेश्वर योजना निर्माण भैसकेपछि उक्त योजनाको उच्च बाँध र ठूलो जलाशयका कारण उक्त बाँध भन्दा तलको सम्पूर्ण क्षेत्रका लागि बाँध र जलाशय गंभीर जोखिमका क्षेत्र हुन सक्ने देखिन्छन् । खास गरेर भूकम्पको खतरा उच्च मानिएको यस परियोजना क्षेत्रमा बाँध भत्कन सक्ने र जलाशय फुट्न गै तलतिर (Down stream) को क्षेत्रमा ठूलो क्षति पुऱ्याउन सक्दछ । यस्तो अवस्थाका लागि प्रभावित हुन सक्ने क्षेत्रमा बसोबास गर्ने समुदायहरूको सुरक्षाको ग्यारेन्टी स्वरूप विमाको व्यवस्था गरिनु गराइनु आवश्यक हुन्छ । त्यसैगरी पञ्चेश्वर योजनाको सम्पूर्ण जलाधार क्षेत्रको एकीकृत विकासको लक्ष्य राखी योजना निर्माणको अभिन्न अंगको रूपमा हुनु उपयुक्त देखिन्छ । सम्बन्धित पक्षहरूले यसबारे विचार पुऱ्याउनु आवश्यक छ ।

ङ सन्धिमा भएका व्यवस्थाहरूको अस्पष्टताबारे:

अलग अलग समयका दुई पक्षबीच सन्धि सम्झौता हुँदा उक्त सन्धि

सम्झौतामा रहेका अस्पष्टताहरूबाट बढी क्षमता भएको पक्षले बढी लाभ उठाउने गर्दछ । यो सामान्य सिद्धान्त अन्तर्राष्ट्रिय कुटनीतिक सम्बन्धदेखि लिएर जो कोहीको व्यक्तिगत जीवनको अनुभवले समेत पुष्टि गर्ने तथ्य हो । अत: उल्लेखित सन्धिमा रहन गएका जे जति अस्पष्टताहरू छन् तिनबाट भविष्यमा नेपालले लाभ उठाउने होइन, हानी बेहोर्नु पर्ने सम्भावना ठूलो छ । अत: अस्पष्टतालाई सकेसम्म हटाएर मात्र यो सन्धि प्रति मुलुकको प्रतिवद्धता जनाउनु राष्ट्रिय हित अनुकूल हुन्छ ।

४.० महत्वपूर्ण समसामयिक परिप्रेक्ष्य:

उल्लेखित सन्धिले गरेका व्यवस्थाहरूको प्रत्यक्ष सीमा रेखाभन्दा वाहिर हेर्दा केही यस्ता परिवेशहरू पनि विद्यमान देखिन्छन् जो यो सन्धिका बारेमा अध्ययन विश्लेषण गर्दा सान्दर्भिक हुन जान्छन् । ती परिप्रेक्ष्य समेतमा अध्ययन कार्यदलको ध्यान आकृष्ट भएको छ र ती मध्ये केही प्रमुख अध्ययनको बारेमा यहाँ चर्चा गरिएको छ ।

क) उल्लेखित सन्धिको विरोध:

नेपाल-भारतवीचको जल उपयोग सम्वन्धका सवै जसो चरण राजनीतिक रूपले संवेदनशिलतापूर्ण भैआएका छन् । कोशीमा नेपाल ठगियो यसको विरोध केही राजनीतिक क्षेत्रवाट भयो । त्यसैगरी गण्डकीमा नेपाल ठगियो यसको पनि राजनीतिक पार्टीहरूले प्रसस्त विरोध गरे । २०४८ को टनकपुर सन्धिका सन्दर्भमा नेकपा (एमाले) समेत सबै प्रगतिवादी देशभक्त राजनीतिक पार्टीहरूले विरोध गरे र यो विरोधको लहर जनतालाई व्यापक रूपमा परिचालित गर्ने तहसम्म गयो । फलत: त्यसवेलाको टनकपुर सन्धि असफल भयो । अव अहिले आएर महाकाली नदीको एकीकृत विकास सम्वन्धी सन्धिको विरोध अभियान संगठित रूपमा प्रकट भएको छ । यो अभियानमा दुई वटा पक्ष छन् । त्यस मध्ये एउटा पक्षले उठाएका कतिपय तर्क, दावी र सरोकारहरू मुलत: राष्ट्रिय भावनाबाट ओतप्रोत छन् र राष्ट्रिय हित कुण्ठित नहोउन भन्नका लागि अग्रसर छन् । यस विरोधको सन्दर्भमा उठेका कतिपय दावीहरूलाई कार्यदलले अध्ययन विश्लेषणको आफ्नो एजेण्डामा समेत समावेश गरेको छ ।

यति हुँदा हुँदै पनि यो विरोधको अभियान भित्रको अर्को पक्षमा राष्ट्रिय हित सम्वर्धन गर्ने विशुद्ध भावना मात्र नहुन सक्ने सम्भावना समेत छ । यस सन्दर्भमा ध्यान योग्य कुरा के छ भने कोशी जस्तो राष्ट्रघाती सम्झौता सम्पन्न गर्ने तत्व, गण्डकीमा चुप लागेर बस्ने तत्व, टनकपुर सन्धिलाई राष्ट्रिय हित अनुकूल ठहऱ्याउने तत्व तथा वर्तमान संविधानको धारा १२६ (२) को व्यवस्थालाई अनावश्यक व्यावधान ठान्ने तत्व समेत यो विरोध अभियानको अग्र पंक्तीमा देखिएका छन् । यिनीहरूको महाकाली

विरोधको चर्को स्वर भने बुझ्न नसकिने रहस्य भएको छ । यस परिप्रेक्ष्यमा राजनीतिक हिसाबले उग्र दक्षिणपन्थी र उग्र वामपन्थीको स्वर एउटै हुनु र उल्लेखित सन्धिको विरोधका तर्क, आधार र किसिम एउटै हुनु पनि अनौठो देखिएको छ । यो एउटा संयोग मात्र रहेछ भने यसमा गंभीर भैरहनु जरूरी नहोला । तर वर्तमान संविधानको धारा १२६ (२) लाई निश्कृय बनाई यसलाई प्रकारान्तरले निकम्मा साबित गरी खारेज गर्ने राराउने षडयन्त्रको शिकार यो महाकाली सन्धि विरोध अभियान भएको नहोस् ।

ख) भारतसँगको जल उपयोगितामा साझेदारी:

नेपालको चौतर्फी विकासका लागि उपलब्ध सीमित स्रोत मध्येको एउटा प्रमुख स्रोत जलस्रोत हो । यसको व्यापक उपयोगले मात्र देशको द्रुत विकास सम्भव छ । हाम्रो मुलुकको जल-स्रोतको व्यापक उपयोगमा भारतसँगको विभिन्न खाले साझेदारी तथा आपसी सहयोगको विशिष्ट महत्व छ । यो स्रोतको पूर्ण उपयोगिताका निमित्त साँचो दुई पक्षिय हितमा आधारित भएर भारतसँगको सम्वन्ध नेपालले विस्तार गर्नै पर्दछ ।

तर हालसम्मको अनुभवले के देाएको छ भने जलस्रोत उपयोग सम्वन्धमा नेपाल भारतबाट ठगिइदै आएको छ । यसका थुप्रै उदाहरणहरू छन् । त्यसैले भारतसँगको जलस्रोत सम्वन्धको विस्तारमा नेपालको वर्तमान लक्ष्य के हुन सक्दछ भने इतिहासको नासोका रूपमा आएको असमान अवस्थालाई सकेसम्म चाँडो अन्त्य गर्नु र आगामी समयका निमित्त द्विपक्षिय हित तथा वरावरीमा आधारित सम्वन्धका निमित्त मार्ग प्रसस्त गर्नु । यस कुरामा नेपालमा प्रसस्त सचेतनता र संवेदनशीलता छ । यो स्वाभाविक पनि हो ।

के नेपालले आफ्नो जलस्रोत उपयोगितामा भारतसँगको संलग्नता अनिवार्य छ ? यो एउटा अहम प्रश्न छ । यस प्रश्नमा धेरै कोणबाट र धेरै किसिमले सोच विचार भएको अथवा भै रहेको पाइन्छ । यस सिलसिलामा निम्न कुराहरू प्रासांगिक देखिन्छन् ।

- नेपालमा उपलब्ध जलस्रोतको आकार निकै ठूलो रहेको र त्यसको तुलनामा नेपालको विकासको वर्तमान चरणको आन्तरिक आवश्यकता भने निकै सानो रहेको छ ।
- ठूलो स्केलमा जलस्रोत विकास खास गरेर उर्जा उतपादन गर्नको लागि नेपालको आफ्नो मात्र वित्तिय क्षमताले नपुग्ने तथ्य छ ।
- नेपालमा उपलब्ध जलस्रोतको वार्षिक चक्रको गुण (Annual Cycle Character) सामान्यत: यस्तो छ कि यसले हिउँदमा खडेरी र वर्षामा बाढीको प्रकोप सृजना गरेको छ ।

- खास गरेर उर्जाको सन्दर्भमा जलस्रोत विकासमा आकारको लाभको सिद्धान्त (Economy of Scale) को ठूलो भूमिका रहन्छ। जति ठूलो परियोजना संचालन गर्न सकिन्छ। आर्थिक रूपले त्यो उत्तिनै आकर्षक हुन्छ।

माथिका तथ्यहरू र नेपालको मौलिक अवस्थिति, आर्थिक तथा औद्योगिक अवस्था आदिलाई ध्यानमा राखी विचार गर्दा नेपालले भारतसँग मिलेर आफ्ना सीमा नदी तथा ठूलो नदीको जलस्रोतको विकास गर्ने दृष्टिकोण राख्नु नेपालको राष्ट्रिय हित अनुकूल हुने र त्यसो गरिनु उपयुक्त समेत हुने देखिन्छ। त्यसमा चीन र वंगालादेश समेतलाई संलग्न गराउन सक्ने र क्षेत्रीय हित अनुरूप योजना तर्जुमा गर्न सक्ने हो भने अझ उत्तम हुने देखिन्छ।

तर माथिको द्विपक्षिय अथवा क्षेत्रीय हितको दृष्टिकोणले नेपालको जलस्रोत विकास गर्ने कुराले नेपालको आन्तरिक प्राथमिकतालाई विस्थापित गर्ने होइन, वरू यसले नेपालको आन्तरिक प्राथमिकतालाई सहयोग पुऱ्याउने (Complementary) खाले हुनु पर्दछ।

ग) नेपालमा जलस्रोत विकासको समस्या:

नेपालका आन्तरिक आवश्यकता लागि समेत जलस्रोतको अपेक्षित विकास हुन सकेको छैन। एकातिर जलस्रोतको धनी मानिने मुलुक अर्कोतिर जलस्रोतको विकास अपेक्षित मात्रा र गतीमा हुन नसक्नु वडो विडम्वनापूर्ण भै आएको छ। योजनावद्ध विकासको थालनी भएको पाँचौ दशकमा पुग्दा पनि नेपालको जलस्रोत विकासको यो दशा हुनमा के कारण छ ? नेपालमा जलस्रोत विकासको प्रमुख समस्या के हो ? यी गंभीर रूपले विचारगरिनु पर्ने प्रश्न हुन। यी प्रश्नहरूलाई केलाउँदा प्रमुख समस्याका रूपमा धेरै तथ्यहरू र प्रसंगहरू अगाडि आउँदछन्। तर यी सवैका आधारभूमिमा पंचायती शासन कालमा विकास भएको शासकतर्फ उन्मुख, गैर जिम्मेवार कर्मचारी तन्त्र, भ्रष्ट राजनीतिज्ञहरू र कमिशन तन्त्रको बोलवाला नै देखिन्छ। यी तत्वहरूको निहित स्वार्थ अनुरूप जलस्रोत विकास योजनाहरू अस्वभाविक रूपमा महंगा हुँदै गए। योजनाहरूको प्रत्यक्ष या परोक्ष लाभ कर्मचारी, ठेकेदार, कमिशन तन्त्र र भ्रष्ट राजनीतिज्ञहरूले नै पाए। सस्तो मुल्यमा, दिगो तथा आत्मनिर्भर ढंगले विद्युत उर्जा उत्पादन गरेर तथा सिंचाई योजनाहरू कार्यन्वयन गरेर जलस्रोतको विकासको फललाई व्यापक जनताको तहमा पुग्न दिनुको सट्टा कमिशन र घुसका निमित्त गलत ढंगले योजना तर्जुमा हुने र कार्यान्वयन हुने प्रकृया मौलायो। पञ्चायती व्यवस्थामा यो विकासको एउटा नमूना (Model) कै रूपमा प्रस्तुत हुँदै आयो। वस्तुत: यो पंचायती व्यवस्थामा

यो विकास एउटा महत्वपूर्ण नकारात्मक शिक्षा भएको छ। अन्य कुराहरूका साथमा, यस कुराबाट समेत मुक्ति पाउनु वर्तमान राजनीतिक व्यवस्थाको लक्ष्य हुनु पर्दछ।

अहिले आएर नेपालमा जलविद्युत योजना अथवा सिंचाई योजना यति महंगा भै आएका छन् कि नयाँ नयाँ जलश्रोतका विकासका योजना कार्यान्वयन गर्ने कुरा सोच्न समेत डराउनु पर्ने भैसक्यो। महंगो विद्युत् उर्जाका कारण नेपालमा तमाम उद्योग व्यवसाय कुण्ठित भैरहेको तथ्य सबै सामु छर्लङ्ग छ। यस सन्दर्भमा यो सम्पूर्ण भू-क्षेत्रमा जलस्रोत विकासमा नेपाल सबभन्दा महँगो क्षेत्र भएको छ। विद्युत उर्जा उत्पादन होस् अथवा सिंचाई सुविधा निर्माण होस् अति महंगो बनाइनु नै नेपालको जलस्रोत विकासको सब भन्दा प्रमुख समस्या बनेको छ।

घ) आफ्ना मामलाहरूमा आफै निर्णय गर्ने राष्ट्रको अधिकार:

उल्लेखित महाकाली सन्धिका बारेमा चलिरहेको बहसका दौरानमा यसमा वाह्य जगतको रूची, भनाई र दबावको अर्थ लाग्ने समेतका अभिव्यक्तिहरू सार्वजनिक संचार माध्यममा देखा परे। जसबारे यो कार्यदलको ध्यान स्वाभाविक रूपमा आकृष्ट हुन पुग्यो। कुनै पनि सन्धिको अनुमोदनको आ-आफ्नै मुलुकको संवैधानिक प्रकृया हुन्छ। जसस्रोतको बारे पटक पटक ठगिएको अनुभवको पृष्ठभूमिमा राष्ट्रिय हितको संरक्षण गर्न नेपाल अधिराज्यको संविधानको धारा १२६ (२) को व्यवस्था भएको तथ्य स्पष्ट छ। यस अन्तर्गत अनुमोदनको प्रकृया र त्यसको निर्णय नेपालको निर्णय नेपलको आन्तरिक मामिला हो। यसलाई वाह्य शक्तिहरूले पक्ष वा विपक्षमा प्रभावित गर्न खोज्नु कुटनीतिक मर्यादाको उल्लंघन हुने कुरा सर्वविदित छ। राष्ट्रिय हितको पक्षमा सन्धि स्वीकार गर्ने, देखिएका कमी कमजोरीहरूलाई सुधार गर्ने, राष्ट्रिय हित प्रतिकूल भएमा अस्वीकार गर्ने अवसर अनुमोदन प्रकृयाबाट प्राप्त हुन्छ। यसबारे निर्णायक भूमिका मुलुकको संसद् भित्रका शक्तिहरूले खेल्ने छन्। यस सन्दर्भमा कुनै पनि वाह्य हस्तक्षेप स्वीकार्य हुन सक्दैन। यसबाट जो कोही सम्बन्धित पक्ष दुश्प्रभावित हुनु रत्तिभर आवश्यक छैन।

५.० निचोड/सिफारिस:

उल्लेखित महाकाली सन्धिको अध्ययनको निचोडको रूपमा अध्ययन कार्यदलले अघिल्ला परिच्छेदहरूमा गरिएका चर्चा तथा विश्लेषणको पृष्ठभूमिका आधारमा सन्धिको मूल्यांकन गरी यसका उपलब्धि वा सकारात्मक पक्ष तथा कमी कमजोरीहरू वा नकारात्मक पक्षको निम्न अनुसार पहिचान गरिएको छ। सन्धिका सकारात्मक तथा नकारात्मक पक्षलाई उपयुक्त ढंगबाट लिइयोस् भनी कार्यदल सिफारिस समेत गर्दछ।

सन्धिका उपलब्धिहरू:

विगतका सम्बन्धित सन्धिहरू र वर्तमान महाकाली सन्धिसम्म आइपुग्दा मुलुकले तय गरेको बाटो तथा भविष्यका सम्भावना समेतलाई ध्यानमा राखेर हेर्दा महाकाली नदीको एकिकृत विकास सम्बन्धी सन्धिका निम्न सकारात्मक पक्ष देखिन्छन् ।

१. टनकपुर परियोजनामा नेपालको समेत योगदान रहेको कुरामा द्विपक्षीय सहमति,
२. टनकपुर व्यारेजबाट नेपालले प्राप्त गर्ने पानी विजुली भारतको सदाशयता स्वरूप नभई नेपालको योगदान वापत भएको उल्लेख,
३. टनकपुर बाँधबाट सुख्खायाममा ८.५ क्यूमेक्स (साविक भन्दा ४.२५ क्यूमेक्स बढी), वर्षायाममा २८.३५ क्यूमेक्स (साविक भन्दा २४.०० क्यूमेक्स बढी) पानी नेपालले निरन्तर रूपले पाउने व्यवस्था,
४. नेपाली जमिनको योगदान वापत टनकपुर परियोजनाबाट वार्षिक ७ करोड युनिट विद्युत उर्जा (साविक भन्दा ५ करोड युनिट बढी) नेपालले पाउने,
५. टनकपुर परियोजनामा प्रयोग भएको नेपाली जमिन माथिको सार्वभौमिकताको उपभोगको अधिकार नेपालसँग सुरक्षित रहेको व्यवस्था,
६. टनकपुर परियोजनाका लागि प्रयुक्त नेपाली भू-भाग ७५ वर्षको अवधि तोकेर दिइएको,
७. शारदा व्यारेज काम नलाग्ने अवस्थामा टनकपुर व्यारेजबाटै शारदा व्यारेजबाट पाई आएको पानी नेपालले पाउने,
८. दोधारा चाँदनीका लागि १० क्यूमेक्स पानी शारदा नहरबाट उपलब्ध हुने,
९. शारदा व्यारेजमुनीबाट १० क्यूमेक्स पानी निरन्तर नदीमा छोड्ने व्यवस्था,
१०. पंचेश्वर योजना पश्चात् बढेको आफ्नो हिस्साको पानी टनकपुर या अन्य द्विपक्षीय रूपमा सहमत विन्दुबाट नेपालले लिन सक्ने व्यवस्था,
११. महाकाली नदीको पानीको उपयोगमा नेपालको आवश्यकतालाई प्राथमिकता दिईने,
१२. भविष्यमा वृद्धि हुने पानीका कारण टनकपुर पावर हाउसमा वृद्धि हुन जाने विद्युत उर्जा समेतमा नेपालको हक कायम हुने,
१३. पंचेश्वर योजना निर्माणका लागि लाभका आधारमा लगानीको सिद्धान्त मानिसको,
१४. समानताका आधारमा महाकाली आयोग बनाइने व्यवस्था,
१५. सन्धि संवैधानिक प्रकृया अनुसार अनुमोदन हुनुपर्ने व्यवस्था,

१६. Cost Avoided Principle प्रतिको सहमति (सही ढंगले लागू गरिएको खण्डमा),
१७. महाकाली सम्बन्धी कुनै विवाद उत्पन्न भएमा मध्यस्थताको व्यवस्था

सन्धिका सन्दर्भमा सुधारिनु पर्ने पक्षहरू:

नदीको हैसियत बारे:

- सन्धिमा महाकाली नदी मूलभूत रूपमा सीमा नदी हो भनी किटानी उल्लेख नभएको र त्यसलाई किटान गरिनु पर्ने,
- सन्धिको प्रस्तावनामा शारदा बाँध निर्माण गर्न जग्गा आदान प्रदान भएको र सो बाँधवाट नेपालले मात्र पानी पाइ रहेको कुरा उल्लेख भएकोमा भारतले पनि पानी पाएको कुरा उल्लेख हुनुपर्ने,
- टनकपुर बाँधवाट नेपालले पाउने लाभहरू उक्त योजनामा नेपाली भूमिको प्रयोग भए वापत मात्र नभई उक्त लाभमाथिको हक महाकाली नदी सीमा नदी हुनुको कारण समेतले भएका कुरा उल्लेख हुनुपर्ने,

जमिनको लेन देनबारे:

- शारदा व्यारेजको सन्दर्भमा साटासाट भएको जमिनको प्रसंगमा नेपालको ३६.६७ एकड वढी जमिन भारतमा पर्न गएकोमा त्यसलाई भारतले तुरून्त फिर्ता गर्नु पर्ने,

शारदा व्यारेज, टनकपुर व्यारेज बारे:

- नेपाली भूभागमा रहेको पूर्वी एफलक्स बण्डले नदीलाई परावर्तित गर्ने समेत काम गरेकोले सन्धिमा त्यसलाई महाकाली नदीको नेपालको भंगालोलाई समेत प्रवाह परिवर्तन गर्ने गाइड वेन्कको रूपमा उल्लेख हुनुपर्ने ।
- नेपालले सुख्खा मौसममा दोधारा चाँदनी तथा टनकपुर बाँधका हेडवाट पाउने भनेको पानी ती ठाउँमा आवश्यक पूर्वाधार निर्माण नभएको अवधिसम्म शारदाबाँधको हेडवाट नै लिन पाउने व्यवस्थाको उल्लेख सन्धिमा हुनुपर्ने,
- सन्धिमा शारदा वाँधवाट नेपालले पाउने महाकाली नदीको पानीको मात्रा उल्लेख भए झैं भारतले पाउने पानीको मात्रा पनि उल्लेख हुनुपर्ने,
- नदीमा वातावरणीय सन्तुलन व्यवस्था कायम राख्न छोड्ने भनिएको १० क्यूमेक्स पानी टनकपुर बाँधवाट छोडिनु पर्ने र शारदा बाँध मुनि पनि त्यसको अविछिन्नता कायम राखिनु पर्ने,
- टनकपुर बाँधवाट नेपाललाई वर्षा याम (मे-अक्टोवर) मा २२४ क्यूमेक्स तथा

सुख्खा याम (नोभेम्वर-अप्रिल) मा ४३.५० क्यूमेक्स पानी पाउने र त्यसको लागि आवश्यक हेड रेगुलेटर तथा नेपाल भारत सीमासम्म नहर निर्माण र संचालन गर्ने अधिकार नेपालसँग रहनु पर्ने कुरा सन्धिमा उल्लेख हुनुपर्ने,

- टनकपुरबाट नेपाल तर्फ छोडिने पानीको सिललेवल २४१.५ मीटर राखिने व्यवस्था हुनुपर्ने,

सीमाको निर्धारण बारे:

- महाकालीको उद्गम स्थलदेखि नेपाल-भारत सीमाको झिलमिलासम्मको सिमानालाई वैज्ञानिक ढंगले अन्तिम टुङ्गो लगाई आधिकारिक नक्सा तयार गरी सन्धिसँग उक्त नक्सा संलग्न हुनुपर्ने,
- ब्रम्हदेवदेखि माथि महाकाली नदीकोबीच बीचमा बनेका टापूहरूको सम्बन्धमा सीमा निर्धारण गर्दा नेपाल भारतले संयुक्त रूपमा उपयुक्त निर्णय गर्नु पर्ने।

पानीका बाँडफाँड सम्बन्धी सिद्धान्त बारे:

- दोधारा चाँदनीलाई दिइने पानीको आपूर्ति सन्धि लागू भएको १ वर्ष भित्र गरी सक्नु पर्ने कुरा सन्धिमा उल्लेख हुनुपर्ने,
- सन्धि अन्तर्गत दुवै पक्षको हक स्थापित हुने पानीका सम्बन्धमा दुवै पक्षले आफ्नो अनुकूल समयमा आवश्यक मात्रामा पानी आफै उपयोग गर्ने वा अर्को पक्षलाई मूल्य लिई दिने वा नदी मै प्रवाहित हुन दिई पुन: उपयुक्त समयमा खिंची उपयोग गर्न पाउने हक स्पष्ट कायम रहेको व्यवस्था सन्धिमा उल्लेख हुनुपर्ने,

विद्युतउर्जा बिक्री बारे:

- पंचेश्वरमा उत्पादित नेपालको हिस्साको विद्युत उर्जाको एक भाग नेपालले भार तलाई बेच्ने र भारतले नेपालबाट किन्नु पर्ने कुरा सन्धिमा किटानी उल्लेख हुनुपर्ने र त्यस्तो विद्युतउर्जाको मूल्य तय गर्दा तथा खुद उर्जालाभको लेखाजोखा गर्दा Avoided Cost Principle लाई मान्ने कुरा स्पष्ट उल्लेख सन्धिमा हुनुपर्ने,

लाभका आधारमा लगानीको सिद्धान्त बारे:

- लाभका आधारमा लगानीको लेखाजोखा गर्दा पंचेश्वर निर्माण पश्चात् शारदाको लोहिया पावर हाउस समेतमा वृद्धि हुने विद्युत उर्जाको लाभलाई समावेश गरिनु पर्ने,
- नेपाल र भारतबीचको विद्युत उर्जा सम्बन्धी कारोबार परिवर्त्य विदेशी मुद्रामा हुनुपर्ने,

सन्धिमा भएका प्राविधिक त्रुटी बारे:

- सन्धिमा टनकपुर बाँधको लागि नेपालले उपलब्ध गराएको भूमि जिमुवामा नभई ब्रम्हदेवमा पर्ने हुँदा ब्रम्हदेव मै जग्गा उपलब्ध गराइएको उल्लेख गर्नुपर्ने:
- सन्धिमा भएका तथ्यगत त्रुटीहरूलाई सच्याउनु पर्ने तथा अंग्रेजी, नेपाली र हिन्दी पाठ्यकाबीच भएका भिन्नताहरूलाई हटाई एकरूपता कायम गरिनु पर्ने,

क्षतिपूर्ति, विमा र स्थानिय विकास बारे:

- महाकाली नदीका आसपासका जनताको नौकायन (Navigation) तथा माछा मार्न पाउने अधिकारको व्यवस्था सन्धिमा हुनुपर्ने,
- टनकपुर परियोजनाका सन्दर्भमा क्षति भोग्नु परेका जिमुवाका ७७ परिवारको घर र ५४ विघा जग्गाको क्षतीपूर्ति तथा पंचेश्वर निर्माणका कारण विस्थापित हुनजाने जनताका बारे उपयुक्त क्षतिपूर्तिको व्यवस्था हुनुपर्ने,

विविध:

- पंचेश्वर बहुउद्देश्यीय आयोजनाको संयुक्त बारेको सम्झौतालाई नेपालको संयुक्त ससद्को दुई तिहाई बहुमतद्वारा अनुमोदित गराइनु पर्ने,
- सन्धिको धारा २ को प्रस्तावनामा महाकाली सन्दर्भका पुराना सन्धि सम्झौतालाई "निरन्तरता दिदै" भन्नुको सट्टा "स्मरण गर्दै" भन्ने उल्लेख गरिने पर्ने,
- नेपालको कैलाली तथा कन्चनपुर जिल्लामा महाकालीबाट सिंचाई योग्य जमिनको सर्वेक्षण गरी सिंचाईका लागि आवश्यक हुने पानी पचेश्वर योजनाको संयुक्त DPR मा निर्धारण गरिनु पर्ने,
- महाकाली नदीको संयुक्त आयोगमा नेपालको तर्फबाट जाने सदस्य तोक्दा राष्ट्रिय सहमतिका आधारमा तोकिनु पर्ने,
- दार्चुला जिल्लाको उत्तर पश्चिम क्षेत्रमा भएको भारतिय सैनिक क्याम्प अविलम्ब हटाइनु पर्ने,

परिशिष्ट-६



केन्द्रीय कमिटीको २८ औं बैठकका निर्णयहरू

(केन्द्रीय सदस्यहरूका लागि मात्र)

२०५३ साल भदौ १९ गतेदेखि २४ गतेसम्म पार्टी केन्द्रीय कमिटीको २८ औं बैठक महासचिव कमरेड माधव कुमार नेपालको अध्यक्षतामा बस्यो । पार्टी अध्यक्ष कमरेड मनमोहन अधिकारी तथा स्थायी कमिटीका सदस्य कमरेड तुल्सीलाल अमात्य अस्वस्थताका कारण बैठकमा उपस्थित हुन सक्नु भएन भने कार्यव्यस्तताका कारण कमरेड देवराज घिमिरे पनि बैठकमा उपस्थित हुन सक्नु भएन ।

बैठकमा महाकाली सन्धिका विविध पक्षका बारेमा विस्तृत छलफल गरियो । उपस्थित सबै कमरेडहरूले सन्धिका सन्दर्भमा आफ्नो राय व्यक्त गर्दै निर्णय नेपाल र नेपालीको हीतमा हुनु पर्ने र सुधार्नु पर्ने कुराहरूका बारेमा सरकार र भारतीय पक्षबाट प्रतिबद्धता लिनु पर्ने निष्कर्ष दिनु भयो ।

६ दिनसम्म चलेको छलफलपछि बैठकले सर्वसम्मतीबाट निम्न निर्णय गरेको छ ।

निर्णय

नेपाल भारत बीच सम्पन्न महाकाली एकीकृत विकास सम्बन्धी सन्धीमा सुधार गर्नु पर्ने तथा नेपालको हीतमा आवश्यक ठानिएको निम्नलिखित विषयहरूप्रति श्री ५ को सरकार र भारत सरकारको पक्षबाट आफूसग सम्बन्धित विषयहरुमा लिखित प्रतिबद्धता प्राप्त गरी सो सन्धि अनुमोदन गर्ने निर्णय गरियो ।

१. **सन्धिसंग सम्बन्धित सुधार गर्नु पर्ने विषयहरू :**

(क) नेपाल भारत बीचको पश्चिमोत्तर सीमानालाई निश्चित अवधिभित्र पहिचान र रेखाङ्कन गर्ने ।

(ख) दार्चुला जिल्लाको नेपाली भूभागभित्र रहेको भारतीय सैनिक चौकी अविलम्ब हटाउने ।

(ग) शारदा ब्यारेज निर्माण गर्ने सन्दर्भमा जमीन सङ्गपङ्ग गरिदा नेपाललाई फर्काउन बाँकी रहेको ३६.६७ एकड जग्गा अविलम्ब फर्काउने ।

२. **सन्धि मै सुधार गर्नु पर्ने वा प्रष्ट पार्नु पर्ने विषयहरू :**

(क) महाकाली नदीलाई आधारभूत रुपले सीमा नदी मान्नु पर्ने ।

(ख) पञ्चेश्वर परियोजनामा उत्पादित विद्युतमध्ये नेपालले बेच्न चाहेको विद्युत भारतले किन्नु पर्ने कुरालाई किटान गर्नु पर्ने र भारतले किन्ने बिजुली Cost Avoided Principle का आधारमा मूल्यांकन गरिने कुरालाई प्रष्ट पार्ने ।

(ग) पञ्चेश्वर परियोजनाबाट उत्पादन हुने महाकालीको सम्पूर्ण पानीलाई बराबरी हक लाग्ने, हाम्रो हक लाग्ने पानीमध्ये नेपाललाई आवश्यक पर्ने पानी नेपालले निर्वाध रुपमा प्रयोग गर्न पाउने, भारतले नेपालको तराई क्षेत्रमा आवश्यक पर्ने सिचाईको निम्ति बनाउने परियोजनाहरुमा कतै बाधा विरोध नगर्ने ।

३. **नेपाल-भारत सम्बन्धलाई अझ सुमधुर र विकसित बनाउन गर्नु पर्ने विषयहरू :**

(क) १९५० को सन्धीलाई पुनरावलोकन गर्ने ।

(ख) नेपालका लागि वैकल्पिक पारवाहनका निम्ति भारतले बगलादेशसग नेपालका लागि उपयुक्त ठाउबाट बाटो दिने ।

(ग) नेपाल भारत बीच सम्पन्न हुने पारवाहन सुविधा सन्धिलाई लामो अवधिका लागि गर्ने ।

(घ) नेपालको तराई क्षेत्रमा रहेको सिचाईको आवश्यकतालाई परिपूर्ति गर्न बनाइने योजना-परियोजनाहरुमा भारतले बाधा-विरोध (No objecttion) नगर्ने ।

(ङ) नेपाल भारत बीचको सीमाना अविलम्ब वैज्ञानिक ढगले व्यवस्थित गर्ने ।

(च) नेपाल भारत बीचको सीमानालाई नियमित (Regulation) गर्ने ।

(छ) भुटानी शरणार्थीहरुको समस्या समाधानमा भारतले सहयोग उपलब्ध गराउने ।

(ज) भारतले नेपाललाई समुन्द्रसम्म पुग्ने जलमार्ग दिने ।

केन्द्रीय सचिवालय

परिशिष्ट-६ (क)

भाद्र २५, २०५३

सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवा,
प्रधानमन्त्रीको कार्यालय
सिंहदरवार, काठमाडौं ।

विषयः नेपाल-भारत सम्बन्धलाई अझ सुमधुर विकसित गर्नेबारे ।

महोदय,

नेपाल-भारतवीच सम्पन्न भएको महाकाली नदीको एकिकृत विकास सम्बन्धी सन्धि संसद्वाट अनुमोदन हुने प्रक्रियामा छ र केही विषयहरू आधिकारिक तवरले सार्वजनिक रूपमा प्रष्ट भएपछि सोको अनुमोदन गर्ने सम्बन्धमा नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी-लेलिनवादी)को २८ औं वैठकले सर्वसम्मत निर्णय गरेको छ। तसर्थ नेपाल-भारत सम्बन्धलाई अझ सुमधुर र विकसित गराउन निम्न कार्यहरू गरिनुपर्ने सम्बन्धमा श्री ५ को सरकारका तर्फवाट प्रकट हुनुपर्ने श्री ५ को सरकार स्वयंले तथा भारत सरकारको तर्फवाट प्रकट भारतीय पक्षले श्री ५ को सरकारलाई जानकारी गराएर सार्वजनिक प्रतिवद्धता प्रकट होस् भन्ने आग्रह गर्दै यो पत्र प्रेषित गरिएको छ ।

तपसील

(क) १९५० को सन्धिको पुनरावलोकल गरिनु पर्ने,

(ख) वैकल्पिक पारवहनका निम्ति नेपाललाई उपयुक्त ठाउँबाट बंगलादेशसम्मको वाटो भारतले दिनुपर्ने,

(ग) नेपाल-भारतवीच सम्पन्न हुने पारवहन सुविधा सम्बन्धी सन्धिलाई लामो समयावधिका लागि गर्ने,

(घ) नेपालको आफ्नो सिंचाई तथा अन्य आवश्यकता परिपूर्ति गर्न नेपालको तराई तथा अन्यत्र ठाउँमा निमार्ण गरिने जलश्रोत विकास योजनाहरूमा भारतले आपत्ति (Objection) नगर्ने,

(ङ) भारतले नेपाललाई समुद्रसम्म पुग्ने जलमार्ग दिनुपर्ने,

(च) नेपाल-भारतवीचको सम्पूर्ण सीमाना निश्चित् अवधिभित्र वैज्ञानिक ढंगले रेखांकन र व्यवस्थित गरिनु पर्ने,

(छ) नेपाल-भारत बीचको सीमा र आवगमनलाई नियमित (Regulate) गरिनु पर्ने, र,

(ज) भुटानी शरणार्थीहरूको समस्या समाधानमा भारतले सहयोग उपलब्ध गराउनु पर्ने ।

उपर्युक्त कुराहरूले पारस्परिक सम्मान, समानता र लाभमा आधारित सुमधुर नेपाल-भारत मैत्री सम्वन्धको प्रवर्द्धनमा योगदान पुग्ने तथा आगामी २१ औं शताब्दीमा नयाँ संभावनाका साथ अगाडि बढेर दुईपक्षीय सम्वन्धमा नयाँ आयाम थपिनेछ । यस्तो सकारात्मक उपलब्धिका निमित सम्वन्धित सवै जिम्मेवार पक्षबाट हुने प्रयासको नेपाल र भारत दुवै देशका जनताले प्रसंशा गर्नेछन् भन्ने हामीलाई विश्वास छ ।

भवदीय

माधवकुमार नेपाल

महासचिव

ने.क.पा. (एमाले)

परिशिष्ट-६ (ख)

सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवा,
प्रधानमन्त्रीको कार्यालय
सिंहदरवार, काठमाडौं ।

विषयः महाकाली नदीको एकीकृत विकास सम्बन्धी सन्धिबारे ।

महोदय,

महाकाली नदीको एकीकृत विकास सम्बन्धी सन्धिको सन्दर्भमा नेपाली जनताको माग र धारणा समेतलाई हृदयंगम गर्दै नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी-लेलिनवादी)को २८ औं पूर्ण बैठकले नेपालको हितमा आवश्यक ठानिएका केही विषयहरूमा सम्बद्ध क्षेत्रको लिखित प्रतिवद्धता प्राप्त गरी उक्त सन्धिलाई संसद्बाट अनुमादेन गर्ने सर्वसम्मत निर्णय गरेको छ। यस निर्णयको आशय नेपालको राष्ट्रियहितको संरक्षण र नेपाली जनताको भावनाको कदर गर्नुका साथसाथै छिमेकी मित्रराष्ट्र भारतसँगको मैत्री र सहयोगको सम्बन्धलाई सुमधुर बनाउँदै २१ औं शताब्दीमा नयाँ सकारात्मक संभावनाका साथ प्रवेश गर्नु रहेको छ। यही सदाशयले ओतप्रोत भएर उक्त सन्धिसँग सम्बन्धित तपसीलका केही प्रश्नहरूबारे श्री ५ को सरकारको तर्फबाट प्रकट हुनुपर्ने श्री ५ को सरकार स्वयंले तथा भारत सरकारको तर्फबाट प्रकट हुनुपर्ने भारतीय पक्षबाट श्री ५ को सरकारलाई यथोचित स्पष्टोक्ति र प्रतिवद्धता सावर्जजनिक रूपमा प्रकट होस् भन्ने हाम्रो आग्रह छ ।

तपसील

१. **सन्धिले गरेका व्यवस्थाका बारेमा सुधार वा परिमार्जन गर्नुपर्ने अथवा स्पष्ट पारिनुपर्ने विषयहरूः**

(क) सन्धिमा "महाकाली नदीको अधिकांश भाग सीमानदी" भनिएको कुरालाई भारतीयपक्षले "महाकाली नदी मूलभूत रूपमा सीमानदी" भन्ने तथ्य सरह ठानेको कुरा स्पष्ट हुनुपर्ने,

(ख) पञ्चेश्वर योजनाद्वारा उत्पादित नेपालको हिस्साको एक भाग नेपालले भारतलाई बिक्री गर्ने भनिएको विद्युत उर्जा भारतले किन्ने तथा उक्त विद्युत

उर्जाको मूल्य Avoided Cost Principle को आधारमा तय हुने कुरा भारतीयपक्षबाट स्पष्ट हुनुपर्ने, र,

(ग) पञ्चेश्वर परियोजना पूरा भएपछि सोबाट महाकाली नदीमा प्रवाहित हुने पानीमा दुबै देशको समान हक रहने तथा सन्धिअन्तर्गत दुवै पक्षको पानीमा स्थापित हकअनुरूप नेपालको हिस्साको पानी आफैं उपयोग गर्न, अर्को पक्षलाई स:शुल्क दिन वा नदीमै प्रवाहित हुन दिनसक्ने कुरा भारतीय पक्षले स्पष्ट पार्नुपर्ने र स्वीकार्नु पर्ने,

२. **सन्धिसँग सम्बन्धित सुधार गर्नुपर्ने विषयहरू:**

(क) नेपाल-भारतबीचको समग्र पश्चिम सीमानालाई निश्चित अवधिभित्र वैज्ञानिक रूपमा रेखांकन गर्दै नक्सा तयार गर्ने कुरामा संयुक्त सहमति हुनुपर्ने ।

(ख) महाकाली क्षेत्रको उत्तरी भेगमा नेपाली भूमिमा रहेको भारतीय सैनिक-क्याम्प अविलम्ब हटाउन भारतीयपक्ष तत्पर हुनुपर्ने, र,

(ग) शारदा व्यारेज निर्माण गर्ने सन्दर्भमा सट्टापट्टा गरिंदा नेपाललाई भारतले फिर्ता गर्न बाँकी रहेको ३६, ३७ एकड जग्गा अविलम्ब फर्काउनुपर्ने । नेपाल र नेपाली जनताको हित एवं पारस्परिक सम्मान, समानता र लाभमा आधारित सुमधुर नेपाल-भारत मैत्री सम्बन्धको प्रवर्द्धनलाई ध्यानमा राख्दै महाकाली नदीको एकिकृत विकास सम्बन्धी सन्धिको अनुमोदनको सन्दर्भमा उपर्युक्त कार्यहरू हुनु महत्त्वपूर्ण हुने व्यहोरा हार्दिक अनुरोध गर्दछु । अन्य सम्बद्ध विषयहरू सन्धिको अनुमोदनपश्चात् छलफल गरी निर्णय गर्न सकिने व्यहोरा पनि अनुरोध गर्दछु ।

धन्यावाद !

भवदीय,

माधवकुमार नेपाल

महासचिव

ने.क.पा. (एमाले)

परिशिष्ट-६ (ग)

काठमाडौं, नेपाल

प्रधानमन्त्री

मितिः २०५३/५/२६

माननिय श्री माधव कुमार नेपाल
महासचिव, नेपाल कम्युनिष्ट पार्टी (एमाले) तथा राष्ट्रिय सभामा विपक्षी दलका नेता
नेपाल कम्युनिष्ट पार्टी (एमाले) को केन्द्रीय कार्यालय वल्खु ।

विषयः महाकाली नदीको एकिकृत विकास सम्बन्धी सन्धि र नेपाल-भारतको सम्बन्धबारे ।

महोदय,

उपर्युक्त विषयमा २०५३ साल भाद्र २५ गते लेख्नुभएको दुबै पत्रहरू प्राप्त भए । उक्त पत्रहरूमा श्री ५ को सरकार र भारत सरकारका वीच सम्पन्न महाकाली नदीको एकिकृत विकास सम्बन्धी सन्धिलाई सदनको संयुक्त बैठकबाट अनुमोदन गर्ने सिलसिलामा उक्त सन्धिका कतिपय विषयमा थप स्पष्टताका लागि र नेपाल-भारत सम्बन्धलाई अझ सुमधुर र विकसित गर्ने सम्बन्धमा अभिव्यक्त गर्नुभएका कुराहरूका निमित्त हार्दिक धन्यवाद प्रकट गर्दछु । उक्त पत्रहरूमा पठाउनुभएको विषयहरूमा थप स्पष्टताको लागि देहायका बुँदाहरूमा तपाईको ध्यानाकर्षण गराउन चाहन्छु:

१. क) महाकाली नदीलाई Boundary river on major stretches र basically a border river भन्नुको अर्थ एकै हो । सार परिणाममा केही फरक छैन ।

(ख) नेपालको भागको विद्युतको केही अंश भारतलाई बेच्नुपर्ने सन्धिमा भएको प्रावधानले विद्युतको परिमाण र मूल्यमा दुवैपक्ष सहमत भएको अवस्थामा भारतलाई वाध्यात्मक रूपमा किन्नुपर्ने अवस्था सिर्जना गर्दछ । यो सन्धिमा दुवैपक्षको हस्ताक्षर भएकोले नेपालले विद्युत बेच्ने भनी उल्लेख भएपछि भारतले किन्नैपर्ने भन्ने कुरा स्वत: सिद्ध छ । जलविद्युत वाहेक अन्य वैकल्पिक स्रोतको (जस्तै: थर्मल प्लाण्ट, ग्यास टसवाईन आदि) बाट

उत्पादन गरिने उर्जाको लागतलाई लाभको आधार लिई विद्युतको मूल्य निर्धारण गरिने व्यवस्था नै Avoided Cost को सिद्धान्त हो ।

(ग) पञ्चेश्वरमा बाँध बनेपछि त्यहाँबाट प्राप्तहुने पानीमा सन्धिको प्रावधान बमोजिम दुवैपक्षको बराबर हक लाग्नेछ । महाकाली नदीबाट नेपालले आफूलाई चाहिने पानी प्रयोग गर्नपाउने कुरा सन्धिको धारा ५ को उपधार (१) मा सुनिश्चित गरिएको छ । यही सिद्धान्तलाई नजीर मानेर अन्य सबै नदीनालाबाट नेपालले आफ्नो आवश्यकता अनुसार पानी प्रयोग गर्न सक्नेछ ।

यसका अतिरिक्त नेपाललाई नेपाली नदीनालाको पानी प्रयोग गर्ने पूर्ण हक छ र यो हक प्रयोग गर्न श्री ५ को सरकार कटिबद्ध छ ।

भारतीय संसदीय व्यवस्था एवं जलसंसाधन मन्त्री श्री विद्याचरण शुक्लाको December 993 मा भएको नेपाल भ्रमणको अवसरमा दुवैपक्षका जलस्रोत सचिवहरूद्वारा हस्ताक्षर गरिएको कार्ययोजना (Action Plan) ले देशसँग सरोकार भएका बहुउद्देश्यीय आयोजनाहरूको विस्तृत अध्ययन प्रतिवेदन तयार गर्दा नेपालको पानीको आवश्यकतालाई प्राथमिकता दिने सामान्य सिद्धान्त स्थापित गरेको छ ।

मेरो भारत भ्रमणको अवसरमा निकालिएको संयुक्त विज्ञप्तिमा सुनकोशी-डाइभर्शनको साथै सप्तकोशी उच्चबाँध, सन्धि साथ आदानप्रदान भएको पत्राचारको ३ (ख) मा स्पष्ट उल्लेख भएको छ । प्रस्तुत व्यवस्था अनुरूप नेपालले आफ्नो हिस्साको केही पानीको हक छोडी भारतलाई उपयोग गर्न दिन पनि सक्दछ । तर, यसको लागि सन्धि आवश्यक हुन्छ ।

सन्धिको प्रावधान अनुरूप पञ्चेश्वर आयोजनाको बारेमा विस्तृत अध्ययन प्रतिवेदन (Detailed Project Report) तयार गरिंदा सो आयोजनाको बारेमा यहाँ उल्लेख गरिएका कुराका अतिरिक्त अन्य सान्दर्भिक कुराहरूमा छलफल गर्नुपर्ने भए ती विषयहरू श्री ५ को सरकारले भारतीय पक्षसँग उठाउनेछ ।

(२) (क) र (ख) श्री ५ को सरकार र भारत सरकारबीच आउँदो हिउँदमा संयुक्त सर्वेक्षण टोली महाकाली नदीको उद्गम क्षेत्रतर्फ पठाई सुगौली सन्धिलगायत अनय नक्शा प्रमाणहरूको आधारमा वैज्ञानिक तरिकाले सो क्षेत्रमा सीमा निर्धारण गर्ने निर्णय भइसकेको छ । यसरी निर्धारण हुने नेपाली सिमानाभित्रको भू-भागमा कुनै पनि विदेशी सेना वा प्रहरीलाई राख्न नदिन श्री ५ को सरकार कटिबद्ध छ ।

(ग) शारदा बाँध निर्माणको लागि नेपालले भारतलाई २८९८.५० एकड जमीन उपलब्ध गराउनु पर्नेमा सोभन्दा केही बढी जमीन भारततर्फ पर्न

गएको कुरा भारतले पनि स्वीकार गरेको छ। त्यसरी बढी पर्नगएको जमीन फिर्ता गर्न नेपालले अनुरोध गर्दै आएको छ। नेपाल-भारत संयुक्त प्राविधिक सीमा समितिको आउँदो बैठकमा यो विषय पुनः उठाइने छ ।

(३) (क) र (ख): १९५० को सन्धिलाई उपयुक्तस्तरमा पुनरावलोकन गर्न श्री ५ को सरकार र भारत सरकारबीच सहमति भएको छ । यसका अतिरिक्त नेपाललाई भारतले स्थलमार्गद्वारा बंगलादेशसँग जोड्ने उपयुक्त पारवहन सुविधा दिन पनि मञ्जुर गरिसकेको छ ।

(ग) नेपाल-भारतबीच विद्यमान पारवहन सुविधा उपयोग एवं पारवहन क्षेत्रमा आउने नयाँ संभाव्य प्रविधिहरूको समेत आँकलन गरी पारवहन सन्धिको अवधि किटान गर्नु उपयुक्त हुन्छ ।

(घ) यो सँग सम्बन्धित विषयको जवाफ बुँदा नं. १ (ग) मा उल्लेख भइसकेको छ।

(ङ) व्यापारको प्रयोजनको लागि नेपाललाई भारतले जलमार्ग प्रयोग गर्न दिने अवधारणालाई स्वीकार गरेको छ र यसबारेमा विस्तृत अध्ययन गर्न सहमतिसमेत जनाइसकेको छ ।

(च) नेपाल-भारत सिमाना वैज्ञानिक ढंगले व्यवस्थित गर्ने कार्यका लागि तीनवर्षीय कार्यक्रममा दुवै देशले सहमति जनाई सो कार्यक्रममा अध्ययन गर्न सहमति समेत भइसकेको छ ।

(छ) हाल खुल्ला स्थितिमा रहेका नेपाल-भारत सीमाना नियमित गर्नेबारे हालै नेपालका परराष्ट्रमन्त्रीद्वारा गरिएको भारत भ्रमणको अवसरमा दुई देशबीच सिमाना नियमित गर्ने कुरामा सहमति भएको छ । यसको कार्यान्वयनको लागि चाहिने आवश्यक प्रक्रिया निर्धारण गर्ने क्रममा दुवै सरकारलाई सुझाव दिन चाँडै नै एक संयुक्त कार्यटोली गठन गर्ने सहमति पनि भइसकेको छ ।

(ज) श्री ५ को सरकार भुटानी शरणार्थी समस्याको समाधानको लागि भार तलगायत सबै मित्रराष्ट्रहरूको सहयोग प्राप्त गर्न सक्रिय छ ।

अन्त्यमा राष्ट्रियहितका महत्त्वपूर्ण प्रश्नहरूमा तपाईको पार्टीले देखाएको चासोका साथै यी प्रश्नहरूको बारे हालसम्म श्री ५ को सरकारले लिएका नीति तथा महत्त्वपूर्ण कदमहरूको यहाँहरूको जिज्ञासा पूर्ति गर्ने विश्वास लिएको छु ।

धन्यवाद ।

शेरबहादुर देउवा
प्रधानमन्त्री

परिशिष्ट-६ (घ)

भारतीय राजदूत, नेपाल
AMBASSADOR OF INDIA
KATHMANDU, (NEPAL)

Tel. No. 411425
Telefax No. 420130.

10th September, 1996.

Excellency,

I thank you for Your Excellency's letter of 10th September, 1996, enclosing a list of points received from the CPN (UML) regarding Treaty on Integrated Development of the Mahakali River including Sharada Barrage, Tanakpur Barrage and Pancheshwor Project, as well as some other matters. Your Excellency has kindly transmitted the invitation to me to convey Government of India's observations on these points.

2. Insofar as matters relating to the Mahakali Treaty are concerned, the Parliament of Nepal is currently dealing with the question of ratification of the Treaty. I feel it would be highly inappropriate for us to comment on any aspect since ratification is purely Nepal's internal affair. Hence I trust I would be excused if I express my inability to comment on this section of the list enclosed with Your Excellency's letter.

3. I would also not like to comment on any item relating to Nepal's relations with third countries.

4. We note that the list enclosed with Your Excellency's letter refers to bilateral items including monitoring and control of the border, transit route through Bangladesh and river navigation, among others. On all these questions, both countries have registered progress in recent times. A continuity has been maintained in the bilateral dialogue despite changes of Government both in India and Nepal. The Agreed Statement issued at the end of Your Excellency's visit to New Delhi last month records the current status of discussions in these areas. We are confident that in the months to come, both countries will be able to report continuing progress in achieving mutually satisfactory solutions to these different issues.

5. Insofar as the border between India and Nepal is concerned, all the political parties are aware that there is a joint machinery set up by the two countries which has been working satisfactorily in regard to the border, in accordance with an agreed schedule. All decisions are, as we are all aware, being taken jointly by the two countries in a spirit of friendship and mutual understanding, on the basis of joint surveys and studies of all the relevant data. Obviously, as and when it is conclusively established by the two countries that, on the basis of relevant evidence any territory

should be vacated by either country because it belongs to the other, that territory will be vacated.

6. Let me conclude by emphasising that India is totally committed to developing friendship and cooperation between India and Nepal in a spirit of equal partnership, and sensitivity and understanding for Nepal's point of view and will continue to give full consideration to Nepal's concerns.

Please accept, Excellency, the assurances of my highest consideration.

(K.V. Rajan)

His Excellency Dr. P.C. Lohani,
Minister for Foreign Affairs,
His Majesty's Government of Nepal,
KATHMANDU.

परिशिष्ट-७

नेपाल कम्युनिष्ट पार्टी

(एकीकृत मार्क्सवादी-लेनिनवादी)

केन्द्रीय सचिवालय
भवननगर, बल्खु, कठिमाडौं

पत्र संख्या.....

मिति २०५२ माघ २७ गते

आज बसेको पार्टी केन्द्रीय कमिटीको बैठकले, एकीकृत महाकाली सन्धिलाई संसदको संयुक्त समितिमा लगी थप अध्ययन हलचल पछि मात्र निर्णय प्रक्रियामा लाग्नु पर्ने ठहर गरेको छ।

हाम्रो पार्टीको सदासयतालाई अस्वीकार गरी सरकारले बलजफ्ती आजै मतदानमा लगेमा, उक्त सन्धिलाई अधिवेशनबाट पारित नगर्ने निर्णय गरेको छ।

पार्टी केन्द्रीय कमिटीको यो निर्णयलाई आजै नेकपा (एमाले) संसदीय दल समक्ष प्रस्तुत गरिनेछ। आजै संसद सामु हाम्रो पहिलो निर्णय पनि राखिनेछ। सरकारले हाम्रो अनुरोध अस्वीकार गरेमा नेकपा (एमाले) का सांसदहरुले सन्धी अनुमोदन नगर्ने गरी मतदान गर्नेछन्।

प्रदिप नेपाल

(प्रदिप नेपाल)
केन्द्रीय सचिवालय

परिशिष्ट-८

INDIAN EMBASSY PHONE NO. : 416016

SEP. 19. 1996 7:23PM P 1
PHONE NO. : 411017

भारतीय राजदूत, नेपाल
AMBASSADOR OF INDIA
KATHMANDU, (NEPAL)

Tel. No. 411425
TelefaxNo. 420130

No.KAT/AMB/100/1/96. 19th September, 1996.

Excellency,

I thank you for your letter of 19th September, 1996.

2. We are aware of the queries raised in certain quarters seeking interpretations or clarifications regarding some clauses of the Mahakali Treaty.

3. I would like to confirm that the Government of India would be happy to discuss these and other relevant matters and reach mutually satisfactory understandings on them after ratification of the Treaty, at the time of finalising the Detailed Project Report. The Government of India would reiterate that on these and other bilateral issues, we would continue to give full consideration to Nepal's point of view in a positive spirit.

Please accept, Excellency, the assurances of my highest consideration.

(K.V. Rajan)

His Excellency Dr. P.C. Lohani,
Foreign Minister,
His Majesty's Government of Nepal,
KATHMANDU.



"TREATY"
BETWEEN

HIS MAJESTY'S GOVERNMENT OF NEPAL
AND
THE GOVERNMENT OF INDIA
CONCERNING
THE INTEGRATED DEVELOPMENT OF THE MAHAKALI RIVER
INCLUDING
SARADA BARRAGE, TANAKPUR BARRAGE
AND PANCHESHWAR PROJECT

His Majesty's Government of NEPAL and the Government of INDIA (hereinafter referred to as the "Parties"),

Reaffirming the determination to promote and strengthen their relations of friendship and close neighbourliness for the co-operation in the development of water resources;

Recognizing that the Mahakali River is a boundary river on major stretches between the two countries;

Realizing the desirability to enter into a treaty on the basis of equal partnership to define their obligations and corresponding rights and duties thereto in regard to the waters of the Mahakali River and its utilization;

Noting the Exchange of Letters of 1920 through which both the Parties had entered into an arrangement for the construction of the Sarada Barrage in the Mahakali River, whereby Nepal is to receive some waters from the said Barrage;

२०२७

Recalling the decision taken in the Joint Commission dated 4-5 December, 1991 and the Joint Communique issued during the visit of the Prime Minister of India to Nepal on 21st October, 1992 regarding the Tanakpur Barrage which India has constructed in a course of the Mahakali River with a part of the eastern afflux bund at Jimuwa and the adjoining pondage area of the said Barrage lying in the Nepalese territory;

Noting that both the parties are jointly preparing a Detailed Project Report of the Pancheshwar Multipurpose Project to be implemented in the Mahakali River;

Now, therefore, the Parties hereto hereby have agreed as follows :

Article 1

1. Nepal shall have the right to a supply of 28.35 m^3/s (1000 cusecs) of water from the Sarada Barrage in the wet season (i.e. from 15th May to 15th October) and 4.25 m^3/s (150 cusecs) in the dry season (i.e. from 16th October to 14th May).

2. India shall maintain a flow of not less than 10 m^3/s (350 cusecs) downstream of the Sarada Barrage in the Mahakali River to maintain and preserve the river eco-system.

3. In case the Sarada Barrage becomes non-functional due to any cause:

   (a) Nepal shall have the right to a supply of water as mentioned in Paragraph 1 of this

Article, by using the head regulator(s) mentioned in Paragraph 2 of Article 2 herein. Such a supply of water shall be in addition to the water to be supplied to Nepal pursuant to Paragraph 2 of Article 2.

(b) India shall maintain the river flow pursuant to Paragraph 2 of this Article from the tailrace of the Tanakpur Power Station downstream of the Sarada Barrage.

Article 2

In continuation of the decisions taken in the Joint Commission dated 4-5 December, 1991 and the Joint Communique issued during the visit of the Prime Minister of India to Nepal on 21st October, 1992, both the Parties agree as follows :

1. For the construction of the eastern afflux bund of the Tanakpur Barrage, at Jimuwa and tying it up to the high ground in the Nepalese territory at EL 250 M, Nepal gives its consent to use a piece of land of about 577 metres in length (an area of about 2.9 hectares) of the Nepalese territory at the Jimuwa Village in Mahendranagar Municipal area and a certain portion of the No-Man's Land on either side of the border. The Nepalese land consented to be so used and the land lying on the west of the said land (about 9 hectares) upto the Nepal-India border which forms a part of the pondage area, including the natural resources endowment lying within that area, remains

under the continued sovereignty and control of Nepal and Nepal is free to exercise all attendant rights thereto.

2. In lieu of the eastern afflux bund of the Tanakpur Barrage, at Jimuwa thus constructed, Nepal shall have the right to:

(a) a supply of 28.35 m^3/s (1000 cusecs) of water in the wet season (i.e. from 15th May to 15th October) and 8.50 m^3/s (300 cusecs) in the dry season (i.e. from 16th October to 14th May) from the date of the entry into force of this Treaty. For this purpose and for the purposes of Article 1 herein, India shall construct the head regulator(s) near the left undersluice of the Tanakpur Barrage and also the waterways of the required capacity upto the Nepal-India border. Such head regulator(s) and waterways shall be operated jointly.

(b) a supply of 70 millions kilowatt-hour (unit) of energy on a continuous basis annually, free of cost, from the date of the entry into force of this Treaty. For this purpose, India shall construct a 132 Kv transmission line upto the Nepal-India border from the Tanakpur Power Station (which has, at present, an installed capacity of 120,000

kilowatt generating 448.4 millions kilowatt-hour of energy annually on 90 percent dependable year flow).

3. Following arrangements shall be made at the Tanakpur Barrage at the time of development of any storage project(s) including Pancheshwar Multipurpose Project upstream of the Tanakpur Barrage:

(a) Additional head regulator and the necessary waterways, as required, up to the Nepal-India border shall be constructed to supply additional water to Nepal. Such head regulator and waterways shall be operated jointly.

(b) Nepal shall have additional energy equal to half of the incremental energy generated from the Tanakpur Power Station, on a continuous basis from the date of augmentation of the flow of the Mahakali River and shall bear half of the additional operation cost and, if required, half of the additional capital cost at the Tanakpur Power Station for the generation of such incremental energy.

Article 3

Pancheshwar Multipurpose Project (hereinafter referred to as the "Project") is to be constructed on a stretch of the Mahakali River where it forms the boundary between the two countries and hence both the Parties agree that they have equal entitlement in the utilization of the waters of the Mahakali River without prejudice to their respective existing consumptive uses of the waters of the Mahakali River. Therefore, both the Parties agree to implement the Project in the Mahakali River in accordance with the Detailed Project Report (DPR) being jointly prepared by them. The Project shall be designed and implemented on the basis of the following principles:



1. The Project shall, as would be agreed between the Parties, be designed to produce the maximum total net benefit. All benefits accruing to both the Parties with the development of the Project in the forms of power, irrigation, flood control etc., shall be assessed.

2. The Project shall be implemented or caused to be implemented as an integrated project including power stations of equal capacity on each side of the Mahakali River. The two power stations shall be operated in an integrated manner and the total energy generated shall be shared equally between the Parties.

3. The cost of the Project shall be borne by the Parties in proportion to the benefits accruing to them. Both the Parties shall jointly

endeavour to mobilize the finance required for the implementation of the Project.

4. A portion of Nepal's share of energy shall be sold to India. The quantum of such energy and its price shall be mutually agreed upon between the Parties.

Article 4

India shall supply 10 m^3/s (350 cusecs) of water for the irrigation of Dodhara-Chandani area of Nepalese Territory. The technical and other details will be mutually worked out.

Article 5

1. Water requirements of Nepal shall be given prime consideration in the utilization of the waters of the Mahakali River.

2. Both the Parties shall be entitled to draw their share of waters of the Mahakali River from the Tanakpur Barrage and/or other mutually agreed points as provided for in this Treaty and any subsequent agreement between the Parties.

Article 6

Any project, other than those mentioned herein, to be developed in the Mahakali River, where it is a boundary river, shall be designed and implemented by an agreement between the Parties on the principles established by this Treaty.

Article 7

In order to maintain the flow and level of the waters of the Mahakali River, each Party undertakes not to use or obstruct or divert the waters of the Mahakali River adversely affecting its natural flow and level except by an agreement between the Parties. Provided, however, this shall not preclude the use of the waters of the Mahakali River by the local communities living along both sides of the Mahakali River, not exceeding five (5) percent of the average annual flow at Pancheshwar.

Article 8

This Treaty shall not preclude planning, survey, development and operation of any work on the tributaries of the Mahakali River, to be carried out independently by each Party in its own territory without adversely affecting the provision of Article 7 of this Treaty.

Article 9

1. There shall be a Mahakali River Commission (hereinafter referred to as the "Commission"). The Commission shall be guided by the principles of equality, mutual benefit and no harm to either Party.

2. The Commission shall be composed of equal number of representatives from both the Parties.

3. The functions of the Commission shall, inter alia, include the following:

(a) To seek information on and, if necessary, inspect all structures included in the Treaty and make recommendations to both the Parties to take steps which shall be necessary to implement the provisions of this Treaty.

(b) To make recommendations to both the Parties for the conservation and utilization of the Mahakali River as envisaged and provided for in this Treaty.

(c) To provide expert evaluation of projects and recommendations thereto.

(d) To co-ordinate and monitor plans of actions arising out of the implementation of this Treaty, and

(e) To examine any differences arising between the Parties concerning the interpretation and application of this Treaty.

4. The expenses of the Commission shall be borne equally by both the Parties.

5. As soon as the Commission has been constituted pursuant to Paragraphs 1 and 2 of this Article, it shall draft its rules of procedure which shall be submitted to both the Parties for their concurrence.

6. Both the Parties shall reserve their rights to deal directly with each other on matters which may be in the competence of the Commission.

Article 10

Both the Parties may form project specific joint entity/ies for the development, execution and operation of new projects including Pancheshwar Multipurpose Project in the Mahakali River for their mutual benefit.

Article 11

1. If the Commission fails under Article 9 of this Treaty to recommend its opinion after examining the differences of the Parties within three (3) months of such reference to the Commission or either Party disagrees with the recommendation of the Commission, then a dispute shall be deemed to have been arisen which shall then be submitted to arbitration for decision. In so doing either Party shall give three (3) months prior notice to the other Party.

2. Arbitration shall be conducted by a tribunal composed of three arbitrators. One arbitrator shall be nominated by Nepal, one by India, with neither country to nominate its own national and the third arbitrator shall be appointed jointly, who, as a member of the tribunal, shall preside over such tribunal. In the event that the Parties are unable to agree upon the third arbitrator within ninety (90) days after receipt of a proposal, either

Party may request the Secretary-General of the Permanent Court of Arbitration at The Hague to appoint such arbitrator who shall not be a national of either country.

3. The procedures of the arbitration shall be determined by the arbitration tribunal and the decision of a majority of the arbitrators shall be the decision of the tribunal. The proceedings of the tribunal shall be conducted in English and the decision of such a tribunal shall be in writing. Both the Parties shall accept the decision as final, definitive and binding.

4. Provision for the venue of arbitration, the administrative support of the arbitration tribunal and the remuneration and expenses of its arbitrators shall be as agreed in an exchange of notes between the Parties. Both the Parties may also agree by such exchange of notes on alternative procedures for settling differences arising under this Treaty.


Article 12

1. Following the conclusion of this Treaty, the earlier understanding reached between the Parties concerning the utilization of the waters of the Mahakali River from the Sarada Barrage and the Tanakpur Barrage, which have been incorporated herein, shall be deemed to have been replaced by this Treaty.

2. This Treaty shall be subject to ratification and shall enter into force on the date of exchange of instruments of ratification. It shall remain valid for a period of seventy five (75) years from the date of its entry into force.



3. This Treaty shall be reviewed by both the Parties at ten (10) years interval or earlier as required by either Party and make amendments thereto, if necessary.



Agreements, as required, shall be entered into by the Parties to give effect to the provisions of this Treaty.

IN WITNESS WHEREOF the undersigned being duly authorised thereto by their respective governments have hereto signed this Treaty and affixed thereto their seals in two originals each in Hindi, Nepali and English languages, all the texts being equally authentic. In case of doubt, the English text shall prevail.

Done at New Delhi, India, on the twelfth day of February of the year one thousand nine hundred ninety six.

Sher Bahadur Deuba

(SHER BAHADUR DEUBA)
PRIME MINISTER
HIS MAJESTY'S GOVERNMENT
OF NEPAL

P.V. Narasimha Rao

(P.V. NARASIMHA RAO)
PRIME MINISTER OF INDIA

प्रधान मंत्री
PRIME MINISTER
New Delhi : February 12, 1996

Excellency,

I have the honour to acknowledge the receipt of your letter of today's date which read as follows:

"I have the honour to refer to the Treaty concluded between us concerning the Integrated Development of the Mahakali River including Sarada Barrage, the Tanakpur Barrage and Pancheshwar Project (Treaty). At this juncture, may I also recall for Your Excellency the decisions taken in the Joint Commission dated 4-5 December, 1991 and the Joint Communique issued during your visit to Nepal on 21st October, 1992.

In order to give effect to the desires expressed by our respective Governments, I have the honour to make the following proposals on the basis of the provisions of the said understandings and the said Treaty.

1 The all-weather link road connecting the Tanakpur Barrage to the East-West Highway at Mahendranagar in Nepal shall be completed by India within one (1) year from the date of the entry into force of the Treaty.

2. The supply of 20 millions kilowatt-hour (unit) of energy annually free of cost, to Nepal from the Tanakpur Power Station as indicated in the said Joint Communique from the date of commissioning of the Tanakpur Power Station in July 7, 1992 till the start of the supply of 70 millions kilowatt-hour (unit) of energy annually, free of cost, to Nepal as provided for in the Treaty, shall be reconciled with the energy procured or to be procured by Nepal from India under the existing power exchange arrangement.

3. Regarding Pancheshwar Multipurpose Project (Project), the following principles shall be adopted and arrangements made for finalization of the Detailed Project Report (DPR), completion of negotiation and implementation of the Project:

(a) The DPR shall be finalized by both the countries within six (6) months from the date of the entry into force of the Treaty. For this purpose, necessary data and reports shall be exchanged expeditiously. While assessing the benefits from the Project during the preparation of the DPR, net power benefit shall be assessed on the basis of, inter alia, saving in costs to the beneficiaries as compared with the relevant alternatives available. Irrigation benefit shall be assessed on the basis of incremental and additional benefits due to augmentation of river flow and flood control benefit shall be assessed on the basis of the value of works saved and damages avoided.

(b) It is understood that Paragraph 3 of Article 3 of the Treaty precludes the claim, in any form, by either Party on the unutilized portion of the shares of the waters of the Mahakali River of that Party without affecting the provision of the withdrawal of the respective shares of the waters of the Mahakali River by each Party under this Treaty.

(c) Agreement for the financing and implementation of the Project, including the proposal for the establishment of the Pancheshwar Development Authority shall be negotiated and finalized by both the countries within one (1) year from the finalization of the DPR.

(d) In order to expedite the implementation of the Project, field investigation and detailed design including tender document preparation shall start immediately after the finalization of the DPR and run parallel to the negotiation on agreement for implementation of the Project. For this purpose, a separate financing arrangement for such activities shall be agreed upon by both the countries.

(e) The Project shall be aimed to be completed within eight (8) years from the date of the agreement for its implementation, subject to the provision of the DPR.

I shall be grateful if Your Excellency will kindly confirm that the above correctly sets out the understanding reached between our two Governments. This letter and Your Excellency's reply confirming the understanding will constitute an agreement between our two Governments which also shall come into force on the date of exchange of instruments of ratification between the Parties as set forth in Paragraph 2 of Article 12 of the Treaty.

I have the honour to confirm that the foregoing correctly sets out the understanding reached between our two Governments.

Please accept, Your Excellency, the assurances of my highest consideration.

(P V. Narasimha Rao)

H.E. Mr. Sher Bahadur Deuba
Prime Minister of Nepal
Kathmandu

The Prime Minister

His Majesty's Government
Ministry of Foreign Affairs

KATHMANDU
NEPAL

February 12, 1996

Excellency,

I have the honour to refer to the Treaty concluded between us concerning the Integrated Development of the Mahakali River including Sarada Barrage, the Tanakpur Barrage and Pancheshwar Project (Treaty). At this juncture, may I also recall for Your Excellency the decisions taken in the Joint Commission dated 4-5 December, 1991 and the Joint Communique issued during your visit to Nepal on 21st October, 1992.

In order to give effect to the desires expressed by our respective Governments, I have the honour to make the following proposals on the basis of the provisions of the said understandings and the said Treaty.

1. The all-weather link road connecting the Tanakpur Barrage to the East-West Highway at Mahendranagar in Nepal shall be completed by India within one (1) year from the date of the entry into force of the Treaty.

2. The supply of 20 millions kilowatt-hour of energy annually, free of cost, to Nepal from the Tanakpur Power Station as indicated in the said Joint Communique from the date of commissioning of the Tanakpur Power Station in July, 7 1992 till the start of the supply of 70 millions kilowatt-hour (unit) of energy annually, free of cost, to Nepal as provided for in the Treaty, shall be reconciled with the energy procured or to be procured by Nepal from India under the existing power exchange arrangement.

3. Regarding Pancheshwar Multipurpose Project (Project), the following principles shall be adopted and arrangements made for finalisation of the Detailed Project Report (DPR), completion of negotiation and implementation of the Project.

(a) The DPR shall be finalized by both the countries within six (6) months from the date of the entry into force of the Treaty. For this purpose, necessary data and reports shall be exchanged expeditiously. While assessing the benefits from the Project during the preparation of the DPR, net power benefit shall be assessed on the basis of , inter alia, saving in costs to the beneficiaries as compared with the relevant alternatives available. Irrigation benefit shall be assessed on the basis of incremental and additional benefits due to augmentation of river flow and flood control benefit shall be assessed on the basis of the value of works saved and damages avoided.

(b) It is understood that Paragraph 3 of Article 3 of the Treaty precludes the claim, in any form, by either Party on the unutilized portion of the shares of the waters of the Mahakali River of that Party without affecting the provision of the withdrawal of the respective shares of the water of the Mahakali River by each Party under this Treaty.

(c) Agreement for the financing and implementation of the Project, including the proposal for the establishment of the Pancheshwar Development Authority shall be negotiated and finalized by both the countries within one (1) year from the finalization of the DPR.

(d) In order to expedite the implementation of the Project, field investigation and detailed design including tender document preparation shall start immediately after the finalization of the DPR and run parallel to the negotiation on agreement for implementation of the Project. For this purpose, a separate financing arrangement for such activities shall be agreed upon by both the countries.



(e) The Project shall be aimed to be completed within eight (8) years from the date of the agreement for its implementation, subject to the provision of the DPR.

I shall be grateful if Your Excellency will kindly confirm that the above correctly sets out the understanding reached between our two Governments. This letter and Your Excellency's reply confirming the understanding will constitute an agreement between our two Governments which also shall come into force on the date of exchange of instruments of ratification between the Parties as set forth in Paragraph 2 of Article 12 of the Treaty.

Please accept, Your Excellency, the assurances of my highest consideration.

Sher Bahadur Deuba

(Sher Bahadur Deuba)

H.E. Mr. P.V. Narasimha Rao
Prime Minister of India
New Delhi

प्रधानमन्त्री

नयाँ दिल्ली
माघ २९, २०५२
(फेब्रुअरी १२, १९९६)

महामहिम,

महामहिमको आजको मितिको देहायबमोजिमको पत्र प्राप्त गर्ने सम्मान पाएँ:

"हामीबीच सम्पन्न भएको शारदाबाँध, टनकपुरबाँध र पञ्चेश्वर आयोजना समेत महाकाली नदीको एकीकृत विकाससम्बन्धी सन्धि (सन्धि) उल्लेख गर्ने सम्मान पाएको छु । यस अवसरमा, संयुक्त आयोगले मिति २०४८ साल मडसीर १८-१९ गते तदनुसार ४-५ डिसेम्बर, १९९१ मा लिइएका निर्णयहरू तथा महामहिमको नेपाल भ्रमणको अवसरमा २०४९ साल कार्तिक ५ गते तदनुसार अक्टोबर २१, १९९२ मा जारी गरिएको संयुक्त विज्ञप्ति समेत महामहिमलाई सस्मरण गराउने अनुमति चाहन्छु ।

हाम्रा आ-आफ्ना सरकारका तर्फबाट व्यक्त गरिएका सदिच्छाहरू प्रभावकारी बनाउनको लागि उल्लिखित समझदारी तथा सन्धिका प्रावधानहरूको आधारमा देहायका प्रस्तावहरू राख्ने सम्मान पाएको छु :

१. टनकपुरबाँधलाई पूर्व-पश्चिम राजमार्गसँग महेन्द्रनगर, नेपालमा जोड्ने बाह्रै महीना चल्ने सडक (अल वेदर लिंक रोड) सन्धि लागू भएको मितिले एक वर्षभित्र भारतबाट पूरा गरिनेछ ।

२. उल्लिखित संयुक्त विज्ञप्तिमा औंल्याइएबमोजिम नेपाललाई टनकपुर विद्युत्केन्द्रबाट बर्सेनि नि:शुल्क प्राप्त हुने दुई (२) करोड किलोवाट घण्टा (युनिट) ऊर्जा टनकपुर विद्युत्केन्द्र संचालन भएको मिति २०४९ असार २३ गते तदनुसार ७ जुलाई, १९९२ देखि सन्धिमा व्यवस्था गरिएबमोजिम नेपाललाई बर्सेनि नि:शुल्क सात (७) करोड किलोवाट घण्टा (युनिट) ऊर्जा उपलब्ध गराउने कार्य शुरू नभएसम्मको लागि विद्यमान विद्युत् आदान-प्रदान व्यवस्था अन्तर्गत भारतबाट नेपालले खरीद गरेको वा खरीद गर्ने ऊर्जामा समायोजन गरिनेछ ।

३. पञ्चेश्वर बहुउद्देशीय आयोजना (आयोजना) का सम्बन्धमा, बिस्तृत आयोजना प्रतिवेदन (प्रतिवेदन) लाई अन्तिम रूप दिन, आयोजनाका सम्बन्धमा वार्ता

गर्न तथा आयोजना कार्यान्वयन गर्नका लागि देहायका सिद्धान्तहरू अपनाइने तथा व्यवस्थाहरू गरिनेछ :

(क) सन्धि लागू भएको मितिले छ (६) महिनाभित्र दुवै देशवाट प्रतिवेदनलाई अन्तिम रूप दिइनेछ । यस प्रयोजनको लागि, आवश्यक तथ्याङ्क तथा प्रतिवेदनहरू यथाशीघ्र आदान-प्रदान गरिनेछ । प्रतिवेदन तयार गर्ने क्रममा आयोजनाबाट हुने लाभहरूको मूल्याङ्कन गर्दा, अन्य कुराका अतिरिक्त, सम्बन्धित उपलब्ध विकल्पहरूको तुलनामा लाभ पाउनेहरूलाई यस आयोजनाको कारणवाट लगानीमा हुने बचतका आधारमा खूद विद्युत् लाभको मूल्याङ्कन गरिनेछ । सिचाइ लाभको मूल्याङ्कन नदीप्रवाहको वृद्धिवाट हुने थप तथा अतिरिक्त लाभको आधारमा गरिनेछ र वाढी-नियन्त्रण लाभको मूल्याङ्कन संरचनाहरुको संरक्षण तथा क्षतिहरुको निवारणको आधारमा गरिनेछ ।

(ख) ज्ञातव्य छ कि सन्धिको धारा ३ को प्रकरण ३ ले, यो सन्धि अन्तर्गत प्रत्येक पक्षले महाकाली नदीको पानीको आफ्नो हिस्सा लिन सक्ने प्रावधानलाई प्रभाव नपारी, कुनै पक्षले अर्को पक्षको उपयोग नभएको महाकाली नदीको पानीको हिस्साका सम्वन्धमा कुनै रूपमा पनि दावी गर्न पाउने छैन ।

(ग) प्रतिवेदनलाई अन्तिम रूप दिइएको मितिले एक (१) वर्षभित्र दुवै मुलुकहरूबाट पञ्चेश्वर विकास प्राधिकरणको स्थापना प्रस्ताव समेत आयोजनाको लगानी तथा कार्यान्वयनसम्वन्धी सम्झौताको वार्ता गरी अन्तिम रूप दिइनेछ ।

(घ) आयोजनाको कार्यान्वयनमा तीव्रता ल्याउनको लागि, वोलपत्रलिखतको तैयारी समेत स्थलगत अन्वेषण तथा विस्तृत डिजाइन गर्ने कार्य प्रतिवेदनलाई अन्तिम रूप दिनेवित्तिकै शुरू गरिनेछ र सो कार्य आयोजनाको कार्यान्वयनको लागि सम्झौता गर्न गरिने वार्तासँगसँगै जारी रहनेछ ।

यस प्रयोजनको लागि, त्यस्ता कामकारवाईहरूको निमित्त एक छुट्टै लगानी व्यवस्था दुवै मुलुकहरूबाट मन्जूर गरिनेछ ।

(ङ) प्रतिवेदनका प्रावधानहरूको अधीनमा रही, आयोजनाको कार्यान्वयनको लागि सम्झौता भएको मितिले आठ (८) वर्षभित्र आयोजना सम्पन्न गरिने लक्ष्य राखिनेछ ।

माथि उल्लिखित कुराहरू हाम्रा दुई सरकार बीचमा भएको समझदारी अनुरूप सही छन् भनी महामहिमले पुष्टि गरिदिनुभएमा म आभारी हुने थिएँ । यो

पत्र तथा समझदारी पुष्टि गर्ने महामहिमको जवाफबाट हाम्रा दुई सरकारबीच एक सम्झौता हुनेछ र यो सम्झौता पनि सन्धिको धारा १२ को प्रकरण २ मा उल्लिखित पक्षहरूबीच अनुमोदनका लिखतहरूको आदान-प्रदान भएको मितिदेखि लागू हुनेछ ।"

माथि उल्लिखित कुराहरू हाम्रा दुई सरकारबीच भएको समझदारी अनुरूप सही छन् भनी पुष्टि गर्ने सम्मान पाएको छु ।

महामहिम, मेरो उच्चतम् भावनाका आश्वासनहरूलाई कृपया स्वीकार गर्नुहोस् ।

द. .....

(पी.भी. नरसिम्हा राव

महामहिम श्री शेर बहादुर देउवा
नेपालका प्रधानमन्त्री
काठमाण्डौं ।

सन्धिको नेपाली अनुवाद

श्री ५ को सरकार, नेपाल
तथा
भारत सरकारबीच
सम्पन्न
शारदाबाँध, टनकपुरबाँध तथा पञ्चेश्वर परियोजना समेत
महाकाली नदीको एकीकृत विकास सम्बन्धी
सन्धि

श्री ५ को सरकार, नेपाल तथा भारत सरकार (यसपछि 'पक्षहरू' भनिएको),

जलस्रोतको विकासमा सहयोगको लागि मैत्री तथा घनिष्ठ छिमेकीपनको आपसी सम्बन्ध प्रवर्धन तथा सुदृढ गर्ने प्रतिवद्धता पुन: पुष्टि गर्दै:

महाकाली नदीको अधिकांश भाग दुई मुलुकवीचको सीमानदी भएको कुरा स्वीकार गर्दै,

महाकाली नदीको पानी तथा यसको उपयोग सम्वन्धमा पक्षहरूको दायित्व तथा तदनुरूपका अधिकार एवं कर्तव्यहरूको परिभाषा गर्न समान साझेदारीको आधार मा एक सन्धि सम्पन्न हुनु वाञ्छनीय भएको महसूस गर्दै,

सन् १९२० मा आदान-प्रदान भएका पत्रहरूद्वारा दुवै पक्षहरूले महाकाली नदीमा शारदाबाँधको निर्माणको लागि सम्झौता-व्यवस्था सम्पन्न गरेका र सोही व्यवस्थाअनुसार नेपालले सो वाँधबाट केही पानी प्राप्त गर्ने गरेको कुराको उल्लेख गर्दै,

भारतले महाकाली नदीमा वनाएको टनकपुर वाँधको पूर्वी एफलक्स वन्डको एक अंश नेपाली इलाकाको जिमुवामा रहेको तथा सो वाँधको समीपवर्ती जलाशयको सम्बन्धमा संयुक्त आयोगमा सम्वत् २०४८ साल मंसीर १८-१९, तदनुसार डिसेम्बर ४.-५, १९९१ मा लिइएका निर्णयहरू तथा भारतका प्रधानमन्त्रीको नेपाल भ्रमणका अवसरमा सम्वत् २०४९ साल कार्तिक ५ तदनुसार अक्टोवर २१, १९९२ का दिन जारी गरिएको संयुक्त विज्ञप्तिको संस्मरण गर्दै,

महाकाली नदीमा कार्यान्वयन गरिने पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको विस्तृत आयोजना प्रतिवेदन दुवै पक्षले संयुक्त रूपमा तयार गरिरहेको कुरा उल्लेख गर्दै,

पक्षहरू देहायबमोजिम सहमत भएका छन्:

धारा -१

१. नेपाललाई शारदा बाँधबाट वर्षायाममा (१५ मेदेखि १५ अक्टोबरसम्म) २८.३५ घन-मिटर प्रतिसेकेन्ड (१००० क्यूसेक) तथा सुक्खायाममा (१६ अक्टोबरदेखि १४ मेसम्म) ४.२५ घनमिटर प्रतिसेकेन्ड (१५० क्यूसेक) पानी प्राप्त गर्ने अधिकार हुनेछ ।

२. भारतले नदी-पर्यावरणीय पद्धति (इको-सिस्टम), कायम राख्न तथा संरक्षण गर्न शारदा बाँधभन्दा तल महाकाली नदीमा कम्तीमा १० घनमिटर प्रतिसेकेन्ड (३५० क्यूसेक) पानीको प्रवाह कायम राख्नेछ ।

३. कुनै कारणवाट शारदाबाँध निष्क्रिय भएको अवस्थामा:

(क) नेपाललाई यस सन्धिको धारा २ को प्रकरण २ मा उल्लिखित हेड रेगुलेटरको प्रयोग गरी यस धाराको प्रकरण १ मा उल्लिखित पानी प्राप्त गर्ने अधिकार हुनेछ । यसरी पानी प्राप्त गर्ने अधिकार धारा २ को प्रकरण २ बमोजिम नेपाललाई प्राप्त हुने पानीमा थप हुनेछ ।

(ख) भारतले टनकपुर विद्युत् केन्द्रको टेलरेसबाट शारदा बाँधभन्दा तल यस धाराको प्रकरण २ बमोजिम नदीको प्रवाह कायम राख्नेछ ।

धारा - २

संयुक्त आयोगमा मिति २०४८ साल मडसीर १८-१९ गते तदनुसार डिसेम्बर ४-५, १९९१ मा लिइएका निर्णयहरू तथा भारतका प्रधानमन्त्रीको नेपाल-भ्रमणको अवसरमा २०४९ साल कार्तिक ५ गते तदनुसार अक्टोबर २१, १९९२ मा जारी गरिएको संयुक्त विज्ञप्तिलाई निरन्तरता दिदै दुवै पक्षहरू देहायबमोजिम गर्न सहमत भएका छन्:

१. टनकपुर बाँधको पूर्वी एफलक्स बन्डको निर्माण गर्नको लागि तथा सो बन्ड नेपाली भूमिको इएल २५० मि. उच्च स्थलमा जोड्नको लागि, महेन्द्रनगर

नगरपालिका क्षेत्रस्थित जिमुवा गाउँमा नेपाली इलाकाको करीब ५७७ मिटर लम्बाइ (करीब २:९ हेक्टर क्षेत्र) भूमि तथा सीमाक्षेत्रका दुवैतिरका दशगजा (नो म्यान्स ल्यान्ड) भूमिका केही अंश प्रयोग गर्न दिन नेपालले सहमति दिएको छ। त्यसरी प्रयोग गर्नको लागि सहमति दिइएको नेपाली भूमि तथा सो भूमिको पश्चिमतर्फ रहेको जलाशयभित्र पर्ने नेपाल-भारत सीमासम्मको भूमि (करीब ९ हेक्टर) तथा सो क्षेत्रमा रहेका प्राकृतिक स्रोत-सम्पदाहरू नेपालको अविच्छिन्न सार्वभौमता तथा नियन्त्रणअन्तर्गत रहनेछन् र नेपाल तत्: सम्बन्धी सबै आनुषङ्गिक (एटेन्डेन्ट) अधिकारहरूको प्रयोग गर्न स्वतन्त्र रहनेछ ।

२. जिमुवामा त्यसरी निर्माण गरिएको टनकपुर बाँधको पूर्वी एफलक्स बन्डको बदलामा नेपाललाई देहायको अधिकार हुनेछ :

(क) यो सन्धि लागू भएको मितिदेखि वर्षायाममा (१५ मेदेखि १५ अक्टोबर सम्म) २८.३५ घनमिटर प्रतिसेकेन्ड (१००० क्यूसेक) पानी तथा सुक्खायाममा (१६ अक्टोबरदेखि १४ मेसम्म) ८.५० घनमिटर प्रतिसेकेन्ड (३०० क्यूसेक) पानीको प्राप्ति । यस प्रयोजनको लागि तथा यस सन्धिको धारा १ को प्रयोजनको लागि, टनकपुरबाँधको बायाँ अन्डर स्लुइस, नजीकै हेडरेगुलेटर वा हेडरेगुलेटरहरू तथा नेपाल-भारत सीमासम्म आवश्यक क्षमताका नहरहरू समेत भारतले निर्माण गर्नेछ । त्यस्ता हेडरेगुलेटर वा हेडरेगुलेटरहरू तथा नहरहरूको सञ्चालन संयुक्त रूपमा गरिनेछन् ।

(ख) यो सन्धि लागू भएको मितिदेखि नियमित रूपमा वर्षेनि नि:शुल्क सात करोड किलोवाट घण्टा (युनिट) विद्युत् प्राप्ति । यस प्रयोजनको लागि, भारतले टनकपुर विद्युत् केन्द्र (जसको हाल ९० प्रतिशत निश्चित वार्षिक प्रवाहमा वार्षिक ४४ करोड ८४ लाख किलोवाट घण्टा विद्युत् उत्पादन गर्न सक्ने तथा १ लाख २० हजार किलोवाट जडान क्षमता छ) देखि नेपाल-भारत सीमासम्म १३२ किलोभोल्टको प्रसारण-लाइनको निर्माण गर्नेछ ।

३. टनकपुर बाँधको माथिल्लो भागमा पञ्चेश्वर बहुउद्देश्यीय आयोजना लगायत कुनै जलाशययुक्त आयोजना वा आयोजनाहरूको विकास गर्ने समयमा टनकपुर बाँधमा देहायका व्यवस्थाहरू गरिनेछन्:

(क) नेपाललाई थप पानी उपलब्ध गराउनको लागि नेपाल, भारत-सीमासम्म आवश्यकतानुसार थप हेडरेगुलेटर तथा आवश्यक नहरहरूको निर्माण गरिनेछ। त्यस्ता हेडरेगुलेटर तथा नहरहरूको सञ्चालन संयुक्त रूपमा गरिनेछन्।

(ख) महाकाली नदीको पानीको मात्रामा वृद्धि गरिएको मितिदेखि नेपालले टनकपुर विद्युत् केन्द्रबाट उत्पादन हुने थप विद्युत्को आधा भाग बराबरको थप विद्युत् नियमित रूपमा प्राप्त गर्नेछ, र त्यस्तो थप विद्युत् उत्पादनको लागि टनकपुर विद्युत्केन्द्रको अतिरिक्त सञ्चालन-खर्चको आधा भाग तथा आवश्यक भएमा, थप पूँजी लगानीको आधा हिस्सा व्यहोर्नेछ।

धारा - ३

दुई देशबीचको सीमा बनाउने महाकाली नदीको भागमा पञ्चेश्वर बहुउद्देश्यीय आयोजना (यसपछि 'आयोजना' भनिएको) निर्माण गरिने भएकोले महाकाली नदीको पानीमा आ-आफ्ना विद्यमान उपभोग्य उपयोगमा प्रतिकूल असर नपर्ने गरी महाकाली नदीको पानीको उपयोगमा पक्षहरूको समान हक रहेको कुरामा दुबै पक्ष मन्जुर गर्दछन्। तसर्थ दुबै पक्षबाट संयुक्त रूपमा तयार भइरहेको विस्तृत आयोजना प्रतिवेदन अनुसार महाकाली नदीमा आयोजना कार्यान्वित गर्न दुबै पक्षहरू मन्जूर गर्दछन्। आयोजनाको डिजाइन तथा कार्यान्वयन देहायका सिद्धान्तहरूको आधारमा हुनेछः

१. पक्षहरूबीच सहमति भएअनुरूप अधिकतम कूल खुद लाभ प्राप्त गर्ने उद्देश्यले आयोजनाको डिजाइन गरिनेछ। आयोजनाको विकासबाट विद्युत्, सिंचाइ, बाढी नियन्त्रण आदिका रूपमा दुबै पक्षलाई प्राप्त हुने सम्पूर्ण लाभको मूल्याङ्कन गरिनेछ।

२. महाकाली नदीका दुबै किनारामा समान क्षमताका विद्युत्केन्द्रहरूको निर्माणसमेत प्रस्तुत आयोजनालाई एकीकृत आयोजनाको रूपमा कार्यान्वित गरिने वा गर्न लगाइनेछ। दुबै विद्युत केन्द्रहरूको सञ्चालन एकीकृत तवरमा गरिनेछ र उत्पादन गरिएको कुल विद्युत पक्षहरूबीच बराबर बाँडफाँड गरिनेछ।

३. आयोजनाको लागत पक्षहरूलाई प्राप्त हुने लाभको अनुपातमा पक्षहरूबाट बेहोरिनेछ। दुबै पक्षले आयोजना कार्यान्वयनको लागि आवश्यक रकमको परिचालन गर्न संयुक्त रूपले प्रयास गर्नेछन्।

४. नेपालको भागको विद्युत्को केही हिस्सा भारतलाई बिक्री गरिनेछ । त्यस्तो विद्युत्को परिमाण तथा सोको मूल्य पक्षहरूबीच परस्पर मन्जूर भएबमोजिम हुनेछ ।

धारा- ४

नेपाली इलाकाको दोधारा-चाँदनी क्षेत्रको सिंचाइको लागि भारतले १० घनमिटर प्रतिसेकेन्ड (३५० क्यूसेक) पानी उपलब्ध गराउनेछ। तत् सम्बन्धी प्राविधिक तथा अन्य विस्तृत कुराहरू एक आपसमा तय गरिनेछ ।

धारा - ५

१. महाकाली नदीको पानीको उपयोगमा नेपालको पानीको आवश्यकतालाई प्राथमिकता दिइनेछ ।

२. दुबै पक्षले यो सन्धि तथा पक्षहरूबीच यसपछि हुने कुनै सम्झौतामा व्यवस्था भए-बमोजिम महाकाली नदीको पानीको आ-आफ्नो हिस्सा टनकपुर बाँध वा परस्परमा मन्जूर गरिएका अन्य स्थानबाट लिन पाउनेछन् ।

धारा - ६

यस सम्झौतामा उल्लेख भएका आयोजना बाहेक, सीमानदी रहेको भागको महाकाली नदीमा विकास गरिने कुनै पनि आयोजनाको डिजाइन एवं कार्यान्वयन यस सन्धिद्वारा स्थापित सिद्धान्तहरूअनुसार पक्षहरूबीच सम्पन्न सम्झौतावमोजिम गरिनेछन् ।

धारा - ७

महाकाली नदीको पानीको प्रवाह र सतहलाई कायम राख्नको लागि पक्षहरूबीच हुने सम्झौतावमोजिम बाहेक प्रत्येक पक्षले महाकाली नदीको प्राकृतिक प्रवाह तथा सतहमा प्रतिकूल प्रभाव पर्ने गरी यसको पानीको उपयोग नगर्ने वा नरोक्ने वा अन्यत्र नपठाउने दायित्व लिएको छ । तर यस व्यवस्थाले महाकाली नदीका दुबै किनारा छेउमा बसोवस गर्ने स्थानीय समुदायले पञ्चेश्वरमा औसत वार्षिक प्रवाहको पाँच (५) प्रतिशतमा नबढ्ने गरी महाकाली नदीको पानीको उपयोग गर्न बाधा पुऱ्याउने छैन ।

धारा - ८

यस सन्धिको धारा ७ को प्रावधानमा प्रतिकूल असर नपार्ने गरी महाकाली नदीका सहायक नदीहरूमा प्रत्येक पक्षले आफ्नो इलाकामा एक्लैले कुनै कार्यको योजना, सर्वेक्षण, विकास तथा सञ्चालन गर्न यस सन्धिले बाधा पुऱ्याउने छैन ।

धारा - ९

१. महाकाली नदी आयोग (यसपछि 'आयोग' भनिएको) रहनेछ । आयोग समानता, पंरस्पर लाभ तथा कुनै पक्षलाई हानि नपुऱ्याउने सिद्धान्तबाट मार्गदर्शित हुनेछ ।

२. आयोगको गठन दुबै पक्षका समान सख्याका प्रतिनिधिहरूबाट हुनेछ ।

३. आयोगका कार्यहरू, अन्य कुराको अतिरिक्त, देहायका हुनेछन्:

(क) सन्धिद्वारा व्यवस्था गरिएका सम्पूर्ण संरचनाहरूको सम्बन्धमा जानकारी लिने र आवश्यक भएमा निरीक्षण गर्ने तथा सन्धिका प्रावधानहरू कार्यान्वित गर्न आवश्यक हुने कदमहरू चाल्न दुवै पक्षहरूलाई सिफारिश गर्ने,

(ख) यस सन्धिमा उल्लेख गरिए तथा व्यवस्था भए बमोजिम महाकाली नदीको संरक्षण तथा उपयोगको लागि दुवै पक्षलाई सिफारिश गर्ने,

(ग) आयोजनाको दक्ष मूल्याङ्कन गर्ने तथा सोको सिफारिश गर्ने,

(घ) यस सन्धिको कार्यान्वयनबाट उत्पन्न हुने कार्ययोजनाहरूको समन्वयन तथा अनुगमन गर्ने, र

(ङ) यस सन्धिको व्याख्या तथा कार्यान्वयन सम्बन्धमा पक्षहरूबीच उत्पन्न हुने कुनै पनि मतभिन्नताको छानवीन गर्ने ।

४. आयोगको खर्च समान रूपले दुवै पक्षबाट व्यहोरिनेछ ।

५. यस धाराका प्रकरण १ र २ अनुसार आयोगको गठन हुने वित्तिकै, आयोगले आफ्नो कार्यविधि- नियमावलीको तर्जुमा गर्नेछ र सो नियमावली पक्षहरू समक्ष सहमतिको लागि पेश गर्नेछ ।

६. आयोगको क्षेत्राधिकार रहेका विषयहरूमा सोझै एक-अर्कासँग सम्पर्क राखी समाधान गर्ने आ-आफ्नो अधिकारलाई दुवै पक्षहरूले सुरक्षित राख्नेछन् ।

धारा - १०

महाकाली नदीमा दुवै पक्षको परस्पर लाभको लागि पञ्चेश्वर बहुउद्देश्यीय आयोजना लगायत नयाँ आयोजनाहरूको विकास, कार्यान्वयन तथा सञ्चालनको लागि दुवै पक्षहरूले आयोजनापेक्ष संयुक्त निकाय वा निकायहरू गठन गर्न सक्नेछन् ।

धारा- ११

१. आयोगले पक्षहरूबीचको मतभिन्नतावारे, यसलाई सुम्पिएको तीन महिनाभित्र छानविन गरी यस सन्धिको धारा ९ अनुसार आफ्नो राय सिफारिश गर्न नसकेमा वा आयोगको सिफारिशसित कुनै पक्ष असहमत भएमा विवाद उत्पन्न भएको मानिनेछ र त्यसपछि त्यस्तो विवाद मध्यस्थसमक्ष निर्णयार्थ पेश गरिनेछ । यसो गर्दा कुनै पनि पक्षले अर्को पक्षलाई तीन (३) महीनाको पूर्वसूचना दिनुपर्नेछ ।

२. मध्यस्थता तीन मध्यस्थहरूबाट गठन भएको न्यायाधिकरणबाट गरिनेछ । एक मध्यस्थलाई नेपालले र एक मध्यस्थलाई भारतले मनोनित गर्नेछन् । तर कुनै पनि मुलुकले आ-आफ्ना नागरिकहरूलाई मनोनित गर्नेछैन । तेस्रो मध्यस्थ संयुक्त रूपमा दुवै पक्षबाट नियुक्त हुनेछ, जसले न्यायाधिकरणको सदस्यको हैसियतले न्यायाधिकरणको अध्यक्षता गर्नेछ । तेस्रो मध्यस्थ नियुक्त गर्ने सम्बन्धमा प्रस्ताव प्राप्त भएको नब्बे (९०) दिनभित्र पक्षहरू तेस्रो मध्यस्थउपर सहमत हुन नसकेको अवस्थामा, हेगस्थित मध्यस्थता सम्बन्धी स्थायी अदालतका महासचिव समक्ष कुनै पनि पक्षले त्यस्तो मध्यस्थ नियुक्तिको लागि अनुरोध गर्न सक्नेछ र त्यसरी मध्यस्थ नियुक्त हुने व्यक्ति यी दुई मुलुकको नागरिक हुनेछैन ।

३. मध्यस्थताको कार्यविधि मध्यस्थता सम्बन्धी न्यायाधिकरणले निर्धारण गर्नेछ र बहुसंख्यक मध्यस्थहरूको निर्णय न्यायाधिकरणको फैसला हुनेछ । मध्यस्थता सम्बन्धी न्यायाधिकरणको काम-कारवाई अंग्रेजीभाषामा गरिनेछ र त्यस्तो न्यायाधिकरणको फैसला लिखित रूपमा हुनेछ । दुवै पक्षले यस फैसलालाई अन्तिम, निर्णायक तथा बन्धनकारी फैसलाको रूपमा स्वीकार गर्नेछन् ।

४. मध्यस्थताको स्थान, मध्यस्थता सम्बन्धी, न्यायाधिकरणको प्रशासनिक सहयोग तथा मध्यस्थहरूको पारिश्रमिक र खर्चसम्बन्धी व्यवस्थाहरू पक्षहरूबीच आदान-प्रदान हुने पत्रद्वारा सहमति भए बमोजिम हुनेछ । दुवै पक्षहरू त्यसरी आदान-प्रदान हुने पत्रबाट यस सन्धि अन्तर्गत उत्पन्न हुने मतभिन्नताको समाधानको लागि वैकल्पिक कार्यविधि मन्जूर गर्न पनि सक्नेछन् ।

धारा - १२

१. यो सन्धि सम्पन्न भएपछि, शारदा बाँध तथा टनकपुर बाँधबाट महाकाली नदीको पानीको उपयोग गर्ने सम्बन्धमा पक्षहरूबीच यसअघि भएका समझदारीहरू जो यस सन्धिमा समाविष्ट छन्, त्यस्ता समझदारीहरू यस सन्धिबाट विस्थापित भएका मानिनेछन् ।

२. यस सन्धिको अनुमोदन गर्नुपर्नेछ र अनुमोदनका लिखतहरू आदान-प्रदान भएको मितिदेखि यो लागू हुनेछ । यो सन्धि लागू भएको मितिले पचहत्तर (७५) वर्षको अवधिको लागि बहाल रहनेछ ।

३. यो सन्धि दुवै पक्षबाट दश (१०) वर्षको अन्तरालमा वा कुनै पक्षले चाहेको अवस्थामा सोभन्दा अगाडि नै पुनरावलोकन गरिनेछ र आवश्यक भएमा, पक्षहरूले सन्धिमा संशोधन गर्न सक्नेछ । पक्षहरूका आ-आफ्ना अधिकारप्राप्त प्रतिनिधिहरूले यस सन्धिका अंग्रेजी, नेपाली र हिन्दी भाषाका दुई दुई सक्कल प्रतिहरूमा सबै प्रतिहरू समान रूपले प्रमाणिक हुने गरी हस्ताक्षर गरी आ-आफ्ना निशानाछाप लगाएका छन् ।

४. यस सन्धिका प्रावधानहरू कार्यान्वित गर्न पक्षहरूबाट आवश्यक भएबमोजिम सम्झौता गरिनेछ ।

यसको प्रमाणस्वरूप, पक्षहरूका आ-आफ्ना अधिकारप्राप्त प्रतिनिधिहरूले यस सन्धिका अंग्रेजी, नेपाली, हिन्दी भाषाका दुई दुई सक्कल प्रतिहरूमा, सबै प्रतिहरू समान रूपले प्रामाणित हुने गरी हस्ताक्षर गरी आ-आफ्ना निशानाछाप लगाएका छन् ।

संवत २०५२ माघ २९ गते तदनुसार १९९६ फेब्रुअरी १२ तारिखका दिन नयाँ दिल्ली भारतमा सम्पन्न गरियो ।

.....	.....
(शेरबहादुर देउवा)	(पि.भि. नरसिंह राव)
प्रधानमन्त्री	प्रधानमन्त्री
श्री ५ को सरकार, नेपाल	भारत सरकार

हिन्दी भाषामा अनुदित सन्धि

महाकाली नदी, शारदा बैराज, टनकपुर बैराज और पंचेश्वर परियोजनाका एकिकृत विकास करने के सम्बन्ध में नेपाल के महामहिम नरेश की सरकार और भारत सरकार के बीच सन्धि

नेपाल के महामहिम नरेश की सरकार (जिन्हें इसमें इसके बाद "पक्ष" कहा गया हैं)

जल संसाधनों के विकास में सहयोग के लिए अपने मैत्री तथा निकट प्रतिवेशी संबधोको संवर्धित करने और मजवुत वनाने के निश्चय की पुन दृष्टि करते हुए,

इस बात को स्वीकार करते हुए कि महाकाली नदी दोनों देशो के बीच बहुत दूर तक फैली हुई सीमा-नदी हे,

महाकाली नदी के जल और इसके समुपयोजन के संबंध में अपनी-अपनी बाध्यताओं और तदनुरूप अधिकारो तथा कर्त्तव्यो को परिभाषित करने के लिए समान भागीदारी के आधार पर एक सन्धि सम्पन्न करने की इच्छा को स्वीकार करते हुए,

१९२० मे हुए पत्रो के उस आदान-प्रदान पर गौर करते हुए जिनके माध्यम से दोनो पक्ष महाकाली नदी पर शारदा बैराज के निर्माण के संबंध में एक व्यवस्था पर सहमत हुए थे जिसके तहत नेपाल को उक्त बैराज से कुछ जस प्राप्त करना हे,

टनकपुर बैराज, जिसका निर्माण महाकाली नदी पर भारत ने किया है जिसका एक भाग जिमूवा में पृथ्वी प्रवाह बंध और नेपाली प्रदेश के अन्तर्गत आने-वाले बंध का जलाशय क्षेत्र हे, के संबंध में संयुक्त आयोग की ४-५ दिसम्बर, १९९१ को हुई बैठक में लिए गए निर्णय तथा २१ अक्तूबर, १९९२ को प्रधानमंत्री की नेपाल यात्रा के दौरान जारी संयुक्त विज्ञप्ति का स्मरण करते हुए,

इस बात पर गौर करते हुए कि दोनों पक्ष संयुक्त रूप से पंचेश्वर बहुउद्देशीय परियोजना की एक विस्तृत परियोजना रिपोर्ट तैयार कर रहे हें जिसे महाकाली नदी पर क्रियान्वित किया जाएगा,

अतएव, अब, दोनो पक्ष एतद् द्वारा नीचे लिखे अनुसार सहमत हें

अनुच्छेद- एक

१. नेपाल शारदा बैराज से वर्षा ऋतु (अर्थात् १५ मई से १५ अक्तूवर तक) २८.३५ मी/से. (१००० क्यूसेक) और शुष्क मौसम (१६ अक्तूवर से १४ मई तक) ४.२५ मी./सें (१५० क्यूसेक्स) जल की आपूर्ति का अधिकारी होगा।

२. भारत महाकाली नदी पर शारदा बैराज के अधोप्रवाह की गति को एक विंदु पर वनाए रखेगा कि वह १० मी./से. (३५० क्यूसेक्स) से कम न हो ताकि नदी की पारिस्थितिकीय-व्यवस्था को बनाए रखा जा सके।

३. यदि किसी कारणवश शारदा बैराज क्रियाशील नहीं रहता है तो:
(क) नेपाल को यह अधिकार होगा कि वह यहाँ अनुच्छेद २ के पंरा २ में उल्लिखित मुख्य रेगुलेटर (रेगुलेटरों) का इस्तेमाल करके इस अनुच्छेद के पैरा में उल्लिखित जल की आपूर्ति कर ले। जल की यह आपूर्ति नेपाल को की जाने वाली अनुच्छेद २ के पैरा २ में उल्लिखित जलं-आपूर्ति के अतिरिक्त होगी।
(ख) भारत शारदा बैराज के अनुप्रवाह टकपुर विद्युत केन्द्र से नदी के प्रवाह को इस अनुच्छेद के पैरा २ के अनुसार कायम रखेगा।

अनुच्छेद- दो

४-५ दिसम्वर, १९९१ के संयुक्त आयोग और २१ अक्तूवर, १९९२ को भारत के प्रधानमन्त्री की नेपाल यात्रा के दौरान जारी संयुक्त विज्ञप्ति में लिए गए निर्णयों के अनुक्रम में दोनों पक्ष नीचे लिखे अनुसार सहमत हुए हें।

१. जिमुवा में टनकपुर बैराज के पूर्वी प्रवाह बंध के निर्माण करने और उसे नेपाली प्रदेश में ई एल २५० मी पर जोडने के लिए अपने प्रदेश में महेन्द्र नगर नगर पालिका क्षेत्र में जिमुवा गाँव में करीव ५७७ मीटर लम्बी (करीव २.९ हेक्टेयर क्षेत्रफल) जमीन का टुकडा तथा सीमा पर दोनों ओर नो मैनंस लैण्ड का कुछ भाग प्रयोग़ करने के लिए नेपाल ने अपनी सहमति दी है। इस प्रकार जिस भूमि का उपयोग करने के लिए नेपाल ने सहमति दी है, वह भूमि, और उस भूमि के पश्चिम में नेपाल-भारत सीमा तक की भूमि (करीव ९ हेक्टेयर), जो तालाव का एक भाग हे तथा उस क्षेत्र में मौजूद प्राकृतिक संसाधन सम्पदा पर नेपाल की संप्रभुता तथा नियंत्रण वना रहेगा और नेपाल उस पर सभी परिचारी अधिकारों का प्रयोग करने के लिए स्वतंत्र है।

२. जिमु पर इस प्रकार से निर्मित टनकपुर बैराज के पूर्वी प्रवाह के बंध के एवज में नेपाल को निम्नलिखित का अधिकार होगा:

(क) इस सन्धि के प्रवर्तन की तारीख से वरसाती मौसम (अर्थात् १५ मई से १५ अक्तूबर तक) के दौरान २८.३५ मीसें (३०० क्यूसेक्स) जल की आपूर्ति। इस प्रयोजन के लिए तथा इसके अनुच्छेद- एक के प्रयोजन के लिए भारत टनकपुर वैराज के दक्षिणी जल प्रवाह के निकट प्रमुख रेग्यूलेटर (रों) और नेपाल-भारत सीमा तह अपेक्षित क्षमता की नहरों का निर्माण करेगा। दोनों देश इन प्रमुख रेग्यूलेटरों ओर नहरों को संयुक्त रूप से परिचालित करेंगे।

(ख) इस सन्धि के प्रवर्तन की तारीख मे वार्षिक आधार पर ७० मिलियन किलोवाट-घण्टा (यूनिट) विजली की नि:शुल्क आपूर्ति। इस प्रयोजन के लिए भारत टनकपुर विद्युत स्टेशन (इस समय जिसकी संस्थापित क्षमता १,२०,००० किलोवाट हे और ९० प्रतिशत वार्षिक प्रवाह पर ४४८.४ मिलियन किलोवाट-घण्टा विधुत वार्षिक उत्पादन कर रहा हे) से नेपाल-भारत सीमा तक १३२ किलोवाट ट्रांसमिशन लाईन का निर्माण करेगा।

३. टनकपुर बैराज पर भण्डारण की किसी परियोजना (ओं) और टनकपुर वैराज की पंचेश्वर वहुउद्देशीय परियोजना प्रवाह के निर्माण के समय निम्नलिखत प्रवंध किए जाएंगे:

(क) नेपाल को अतिरिक्त जल की आपूर्ति के लिए नेपाल-भारत सीमा तक यथा अपेक्षित अतिरिक्त प्रमुख रेग्यूलेटर्स और आवश्यक नहरों का निर्माण किया जाएगा। ये मुख्य रेग्यूलेटर तथा नहरें संयुक्त रूप से परिचालित की जाएंगी।

(ख) महाकाली नदी के प्रवाह में सवर्धन की तारीख से नियमित आधार पर नेपाल को टनकपुर विद्युत स्टेशन सें उत्पन्न हुई सवर्धित ऊर्जा के आधे भाग के वरावर अतिरिक्त ऊर्जा मिलेगी और नेपाल अतिरिक्त परिचालन लागत का आधा भाग वहन करेगा और यदि आवश्यक हुआ तो वह इस संवर्धित ऊर्जा के उत्पादन के लिए टनकपुर विद्युत स्टेशन पर आधी अतिरिक्त पूंजीगत लागत भी वहन करेगा।

अनुच्छेद-तीन

पंचेश्वर वहुउद्देशीय परियोजना (जिसे इसमें इसके वाद 'परियोजना' कहा गया हें) का निर्माण महाकाली नदी पर उस जगह किया जाएगा जहाँ वह दोनों देशों के वीच सीमा का रूप लेती हे और इस प्रकार दोनों पक्ष इस वात पर सहमत हुए हें कि दोनों पक्षों द्वारा महाकाली नदी के जल के वर्तमान उपयोग की प्रतिकूल रूप सें प्रभावित किए विना महाकाली नदी के जल के उपयोग के संवंध में दोनों पक्षों द्वारा महाकाली नदी के जल के वर्तमान उपयोग को प्रतिकूल रूप से प्रभावित किए विना

महाकाली नदी के जल के उपयोग के संबंध में दोनों पक्षों की बराबर की हकदारी होगी। इस प्रकार दोनों पक्षों ने उनके द्वारा संयुक्त रूप से तैयार की जा रही विस्तृत परियोजना रिपोर्ट के अनुसार महाकाली नदी परियोजना को क्रियान्वित करने के लिए सहमति व्यक्त की है। इस परियोजना का डिजाइन तथा उसका क्रियान्वयन निम्नलिखित सिद्धांतों के आधार पर किया जाएगा:

१. इस परियोजना को दोनों पक्षों के बीच होनें वाली सहमति से इस तरह डिजाइन किया जाएगा ताकि उससे अधिक से अधिक समग्र निवल लाभ मिल सके। इस परियोजना के विकास के परिणामत: दोनों पक्षों को बिजुली, सिंचाई बाढ नियंत्रण आदि के रूप में मिलने वाले लाभों का आकलन किया जाएगा।

२. इस परियोजना को एकऐसी एकिकृत परियोजना के रूप में क्रियान्वित किया जाएगा अथवा क्रियान्वित कराया जाएगा जिसमें महाकाली नदी के दोनों ओर बराबर-बराबर क्षमता वाले बिजलीघर होंगे दोनों परियोजनाओं का परिचालन एकीकृत तरिके से किया जाएगा और उत्पन्न कुल ऊर्जा का बटवारा दोनों पक्षों के बीच समान रूप से होगा।

३. दोनों पक्ष परियोजना की लागत उन्हें होने वाले लाभों के अनुपात में बहन करेंगे। दोनों पक्ष इस परियोजना के क्रियान्वयन के लिए अपेक्षित वित्त व्यवस्था करने हेतु संयुक्त रूप से प्रयास करेंगे।

४. नेपाल के हिस्से की ऊर्जा का एक भाग भारत को बेचा जाएगा। इस ऊर्जा की मात्रा और उसका मूल्य दोनों पक्ष परस्पर सहमति से तय करेंगे।

अनुच्छेद- चार

भारत नेपाली प्रदेश के दोधारा-चाँदनी इलाके की सिंचाई के लिए १० मिलियन घन मीटर प्रति सें. (३५० क्यूसेक) जल की आपूर्ति करेंगा।

अनुच्छेद-पाँच

१. महाकाली नदी के जल के उपयोग के संदर्भ में नेपाल की जरूरतों को प्रमुखता की जाएगी।

२. दोनों पक्षों को यह अधिकार होगा कि वे इस संधि तथा दोनों के बीच किसी परवर्ती करार के अनुसार टनकपुर बैराज और/अथवा परस्पर तय अन्य स्थलों सें महाकाली नदी से अपने हिस्से का जल ले सकते हैं।

अनुच्छेद- छह

यहाँ उल्लिखित परियोजन: से भिन्न अन्य परियोजना, जो महाकाली नदी के उस स्थान पर विकसित की जानी हो, जहाँ यह नदी सीमा के रूप में हो, इस करार द्वारा संस्थापित सिद्धान्तों के आधार पर दोनों पक्षों की सहमति से डिजाइन की जाएगी और कार्यान्वित की जाएगी ।

अनुच्छेद- सात

दोनों पक्ष इस बात का वचन लेते हैं कि दोनों में से कोई भी पक्ष दोनों पक्षों के बीच सहमति के सिवाय महाकाली नदी के प्राकृतिक प्रवाह और स्तर को प्रतिकूल रूप से प्रभावित करते हुए उसके जल का प्रयोग नहीं करेगा अथवा उसके जल के प्रवाह में बाधा नहीं डालेगा अथवा उसका अपवर्तन नहीं करेगा । परन्तु यह सन्धि महाकाली नदी के दोनों और बसे स्थानीय समुदायों को इस नदी के जल का उपयोग करने से नहीं रोकेगी जो पंचेश्वर के औसतन वार्षिक प्रवाह के पाँच (५) प्रतिशत से अधिक न हो ।

अनुच्छेद- आठ

यह संधि किसी भी पक्ष को अपनी प्रादेशिक सीमा के भीतर स्वतंत्र रूप से महाकाली नदी की सहायक नदियों में कार्यान्वित किए जाने वाले ऐसे किसी कार्य की आयोजना करने, सर्वेक्षण करने, विकास करने तथा प्रचालन करने से नहीं रोकेगी जो इस संधि के अनुच्छेद- सात के प्रावधानों को प्रभावित नहीं करती हो ।

अनुच्छेद-नौ

१. एक महाकाली नदी आयोग होगा (जिसे इसमें इसके बाद "आयोग" कहा गया है) । यह आयोग समानता, पारस्परिक लाभ और दोनों में से किसी भी पक्ष को क्षति न पहुँचाने के सिद्धान्तों से निर्देशित होगा ।

२. इस आयोग में दोनों पक्षों के बराबर-बराबर प्रतिनिधि होंगे ।

३. इस आयोग के कार्य अन्य बातों के साथ-साथ निम्नलिखित होंगे:

(क) इस संधि में शामिल ढाँचों के संबंध में सूचना मंगाना तथा, यदि आवश्यक हो तो उन सभी का निरीक्षण करना और ऐसे उपाय करने के लिए दोनों पक्षों को सिफारिशें देना जो इस संधि के प्रावधानों का कार्यान्वित करने के लिए आवश्यक होंगे ।

(ख) यस संधि में विचारित तथा इसके प्रावधान के अनुसार महाकाली नदी के संरक्षण और उसके उपयोग के लिए दोनों पक्षों को सिफारिशें करना ।

(ग)परियोजनाओं का विशेषज्ञता की दृष्टि से मूल्यांकन कराना तथा उसके बारे में सिफारिसें देना ।

(घ) इस संधि के कार्यान्वयन से उत्पन्न कार्य योजनाओं का समन्वय और मोनिटर करना-और

(ङ)इस संधि की व्याख्या तथा इसे लागू करने के संबंध में दोनों पक्षों के बीच उत्पन्न किसी प्रकार के मतभेदों की जाँच करना ।

४. इस आयोग के खर्च दोनों पक्ष बराबर-बराबर वहन करेंगे ।

५. इस अनुच्छेद के पेराग्राफ । और २ के अनुसरण में जैसे ही आयोग का गठन हो जाता है तो वह क्रियाविधि नियामों का प्रारूप तैयार करेंगा जिसे दोनों को उनकी सहमति के लिए भेजा जाएगा ।

७. आयोग की क्षमता के भीतर आने वाले मामलों पर प्रत्यक्ष रूप से कार्रवाई करने के लिए दोनों पक्षों को अधिकार होगा ।

अनुच्छेद-दस

दोनों पक्ष अपने पारस्परिक लाभ के उद्देश्य से नयी परियोजनाओं जिनमें महाकाली नदी पर पंचेश्वर बहुउद्देशीय पयिोजना भी शामिल है, के विकास, निष्पादन तथा परिचालन के लिए परियोजना विशेष संयुक्त निकाय/निकायों का गठन करेंगे ।

अनुच्छेद-ग्यारह

१. इस संधि के अनुच्छेद- नौ के तहत यदि आयोग दोनों पक्षों के मतभेदों की ऐसे मतभेद आयोग को सोंपने के तीन (३) महीने के भीतर जाँच करने के वाद अपनी राय की सिफारिश करने में असमर्थ रहता है अथवा दोनों में से कोई भी पक्ष आयोग की पक्ष आयोग की सिफारिश से असहमति व्यक्त करता है तो ऐसा समझा जाएगा कि विवाद पैदा हो गया है और इस स्थिति में उन्हें निर्णय के लिए विवाचन के समक्ष पेश किया जाएगा । ऐसा करने के लिए दोनों में से प्रत्येक पक्ष एक-दूसरे को तीन (३) महीने की पेशगी सूचना देंगें ।

२. निर्वाचन एक ऐसे अधिकरण द्वारा किया जाएगा जिसमें तीन विवाचक होंगे । नेपाल और भारत एक-एक विवाचक नामित करेगें, लेकिन दोनों मे से कोही भी देश अपना राष्ट्रिय नामित नही गरेका तथा तीसरा विवाचक संयुक्त रूप से नियुक्त किया जाएगा, जो अधिकरण के सदस्य के रूप में, ऐसे अधिकरण की अध्यक्षता करेगा । उस स्थिति में जबकि दोनों पक्ष प्रस्ताव प्राप्त होने के पश्चात् नब्बे (

९०) दिन के अन्दर तीसरे विवाचक की नियुक्ति पर सहमत न हो, दोनों में से कोई भी पक्ष, हेग स्थित स्थायी विवाचन न्यायालय के महासचिव को ऐसे विवाचक की नियुक्ति करने, जो दोनों में से किसी भी देश का राष्ट्रिय नहीं होना चाहिए, का अनुरोध कर सकतें हैं ।

३. विवाचक की क्रियाविधियां विवाचक अधिकरण द्वारा निर्धारित की जाएंगी और विवाचकों के बहुमत का निर्णय अधिकरण का निर्णय माना जाएगा । इस अधिकरण की कार्यवाही अंग्रेजी में संचालित की जाएगी तथा ऐसे अधिकरण के निर्णय लिखित रूप में दिए जाएगे । दोनों पक्ष इस निर्णय को अंतिम, निर्णायक और बाध्यकारी रूप में स्वीकार करेंगे ।

४. विवाचन के स्थान, विवाचन अधिकरण की प्रशासनिक सहायता तथा उसके विवाचकों के पारितोषण एवं खर्चो के लिए प्रावधान इस प्रकार होंगे जैसाकि दोनों पक्षों के बीच पत्रों के आदान-प्रदान से सहमति हो । दोनों पक्ष इस संधि के तहत उठने वाले मतभेदों के समाधान के लिए वैकल्पिक क्रियाविधियों के संबंध में ऐसे पत्रों के आदान-प्रदान के जारिए सहमति भी दे सकते हैं ।

अनुच्छेद- बारह

१. इस संधि के सम्पन्न होने के पश्चात्, शारदा बैराज और टनकपुर बैराज से महाकाली नदी के जल के उपयोग के संबंध में दोनों पक्षों के मध्य हुई पूर्ववर्ती सहमति, जिसें इसमें, शामिल कर लिया गया है, के बारे में यह समझा जाएगा कि उसका स्थान इस संधि ने ले लिया है ।

२. यह संधि अनुसमर्थन के अध्यधीन होगी और अनुमसर्थन दस्तावेजों के आदान-प्रदान की तारीख सें प्रभावी हो जाएगी । यह संधि लागू होने की तारीख से पचहत्तर (७५) वर्षा की अवधि बैंध रहेगी

३. इस संधि की समीक्षा दस-दस (१०) वर्ष की अवधि के वाद अथवा उससे पूर्व यदि दोनों में से कोई पक्ष ऐसा चाहता हो, दोनों पक्षों द्वारा की जाएगी और आवश्यकतानुसार उसमें संशोधन किए जा सकते है ।

४. इस संधि के प्रावधानों को प्रभावी रूप देने के लिए पक्षों द्वारा आवश्यकतानुसार करार सम्पन्न किए जाएंगे ।

जिसके साक्ष्य स्वरूप अपनी-अपनी सरकारों द्वारा इस पर हस्ताक्षर करने के लिए विधिवत रूप से प्राधिकृत अधोहस्ताक्षरियों ने नेपाली, हिन्दी और अंग्रेजी भाषाओं

में सम्पन्न इस संधि के दो-दो मूल पाठों पर हस्ताक्षर किए हैं और अपनी-अपनी मोहर लगाई है, ये सभी पाठ समान रूप से प्रामाणिक हैं। शंका की स्थिति में अंग्रेजी पाठ सर्वोपरि होगा।

यह संधि दिल्ली, भारत में ईसवी सन् एक हजार नौ सो छियानवें के फरवरी मास के वारहवें दिन सम्पन्न की गई।

(शेर बहादुर देउवा)
प्रधानमंत्री
नेपाल के महामहिम
नरेश की सरकार

(पी.वी. नरसिंह राव)
प्रधानमंत्री
भारत

महाकाली सन्धि अनुमोदनवारे संयुक्त वक्तव्य

सिंगो देशकै ध्यान आकर्षित गर्ने गरी भएका वहस, विवाद र एक पछि अर्को निर्णय पश्चात् यही आश्विन ४ गते नेकपा (एमाले) केन्द्रीय कमिटीको झिनो र प्राविधिक बहुमतले सन्धिलाई अनुमोदन गर्न गरेको निर्णयको कारण ससंदले नेपाल-भारतबीच सम्पन्न "महाकाली नदीको एकीकृत विकास सम्बन्धी सन्धि" लाई अनुमोदन गऱ्यो ।

चन्द्र शम्शेरको पालामा सन् १९२० मा भएको शारदा बाँध परियोजनामा नेपाल ठगियो । टनकपुर बाँध नेपालको भू-भाग च्यापेर नेपालको सहमति विना नै निर्माण गरियो । तिनीहरुमा महाकाली नदीको पानीमा नेपालको हक कायम भएन । त्यसैले त्यसलाई राष्ट्रघात भनियो । उक्त राष्ट्रघातको विरोधमा भएका आन्दोलनमा दुई दर्जन नेपालीहरु शहीद भए, सयौं घाइते भए र हजारौं जेल परे । सो आन्दोलनको नेतृत्व गरिरहनु भएका हाम्रा पार्टीका तत्कालिन महासचिव जननेता मदन भण्डारी र नेता जीवराज आश्रितको जीप दुर्घटनामा रहस्यपूर्ण ढंगले मृत्यु समेत भयो । हामी यस घडीमा उहाँहरुले देखाउनु भएको देशभक्तिको बाटो अनुशरण गर्ने प्रतिज्ञा गर्दछौं ।

शारदा बाँध र टनकपुर बाँध परियोजनाहरुमा नेपाल ठगिएको हुनाले पञ्चेश्वर परियोजना समेत सलग्न गरिएको "महाकाली नदीको एकीकृत विकास सम्बन्धी सन्धि" मा विगतका असमानता सच्याउने र यस परियोजनाद्वारा महाकाली नदीको पानीमा नेपालले आफ्नो लगानीको आधारमा आधा हिस्सा प्राप्त गर्ने विषयमा सजग रहेको नेपाली जनमत, पार्टीको यस निर्णयको विरोधमा तत्काल उत्रियो । पार्टी निर्णयलाई पालना गर्नुपर्ने अनुशासनात्मक वाध्यता हुँदाहुँदै पनि पार्टीका अधिकांश सांसदहरु यस निर्णयको विरोधमा देखिनुभयो । राष्ट्रिय हितलाई गम्भीर रुपमा क्षतिगर्ने यस सन्धिलाई अनुमोदन गर्ने संयुक्त अधिवेशनको मतदानलाई हामी लगायत पार्टीका २६ जना सांसदहरुले राष्ट्रिय हित रक्षाको निम्ति सचेतन रुपमा बहिष्कार र २ जनाले विपक्षमा मतदान समेत गर्ने काम भयो ।

मतदान बहिष्कार पछि यस विषयमा देशभरि चर्चा भैरहेको छ । यसबारे कौतुहल, जिज्ञासा र अन्यौल समेत बढिरहेका छन् । किन यो बहिष्कार ? यस पछि के ? के नेकपा (एमाले)मा विभाजन आउने हो ? यस्ता प्रश्नहरु उभिएका छन् । तिनीहरुका उत्तरमा केही बोल्नु हामी आवश्यक ठानिरहेका छौं । त्यतिमात्रै होइन, हामी हाम्रो बहिष्कारद्वारा उत्साही र आशावादी बनेका प्रगतिशील, देशभक्त, प्रजातन्त्रप्रेमी र परिवर्तनकामी नेपाली जनता समक्ष राष्ट्रिय सार्वभौमिकता, स्वतन्त्रता र जनताका हितहरुको रक्षार्थ चलाइने सघर्षमा हाम्रो सक्रिय एवं जुझारू सहभागिता रहिरहने दृढता पनि व्यक्त गर्न चाहन्छौं ।

वर्तमान रुप र चरित्रको यस महाकाली सन्धिमा नेकपा (एमाले)को वर्तमान सलग्नता पार्टीको नेतृत्वदायी अगले संस्थागत ढंगबाट काम नगर्ने गम्भीर त्रुटीबाट नै विकसित भएको हो । यसलाई सच्याउनु अत्यावश्यक भएको हामी महशुश गर्दछौं ।

वर्तमान सन्धिवाट महाकाली नदीको पानीमा हाम्रो समान हक स्थापित भएको छैन । अर्कोतिर हामी हाम्रो भागको अतिरिक्त पानी भारतलाई सित्तैमा दिन वाध्य पारिएका छौं । हामीले उपभोग गर्ने पानीको अनुपातमा भारतको तुलनामा हामीले वढी लगानी गर्नुपर्ने वाध्यता छ । पञ्चेश्वरवाट पैदा भएको विद्युतको मूल्य निर्धारण गर्ने सिद्धान्त र त्यसको वजारको वारेमा पनि सन्धिले कुनै सुनिश्चितता दिएको छैन । यस्ता

महत्वपूर्ण विषयहरुका साथ-साथै सन्धिमा महाकाली नदीको हैसियतलाई मूलत: सिमा नदीको रुपमा स्वीकार गरिएको छैन । मूलत: यिनै कारणले यस सन्धिलाई नेपालको राष्ट्रिय हित विपरित बनाएको छ ।

यस सन्धिलाई सुधार गर्दै नेपालको राष्ट्रिय हित अनुरुप बनाएर अनुमोदन गर्ने पक्षमा पार्टीको केन्द्रीय कमिटीले लामो छलफलपछि यही भाद्र २९ गते निर्णय गऱ्यो । दुवै देशले आजसम्म उपभोग गरिरहेको पानीको मात्रा घट्न नदिई महाकाली नदीको सम्पूर्ण पानीलाई आधा-आधा गर्ने, आफ्नो भागको पानीमा हरेकको आफ्नो पूर्ण अधिकार स्थापित गर्ने, महाकाली नदीलाई मूलत: सिमा नदीको रुपमा स्वीकार गर्ने र उत्पादित विद्युतको मूल्य र बजार सु-निश्चित गर्ने जस्ता सुधार गरेमा यो सन्धि न्यूनतम रुपमा अनुमोदन योग्य बन्ने थियो । तर नेपालस्थित भारतीय राजदूतसँग नेपाल सरकार एवं प्रतिपक्षका जिम्मेवार प्रतिनिधिहरु बिच भएको वार्ता र वहाँको पत्र एवं सार्वजनिक अभिव्यक्तिहरुबाट उपरोक्त न्यूनतम सुधार सम्बन्धी प्रतिवद्धता त के कुनै भरपर्दो राजनीतिक आश्वासन समेत प्राप्त भएन ।

माथि भनिएका न्यूनतम सुधार पनि नगरिएको अवस्थामा यस सन्धिलाई अनुमोदन गरी राष्ट्रिय हित विरुद्ध उभिनु हाम्रो आदर्श, नैतिकता एवं प्रतिवद्धता विपरित हुने भएकोले हामी मतदान बहिष्कार गर्न वा विपक्षमा उभिन वाध्य हुनुपऱ्यो । नेपालको कम्युनिष्ट आन्दोलनले उठाउदै आएको देशभक्तिको झण्डालाई झुक्न नदिने कर्तव्यले हामीहरुलाई यस काम प्रति प्रेरित गऱ्यो । हामी हाम्रो पार्टीभित्र प्रवेश गर्न थालेका राष्ट्रिय स्वतन्त्रता एवं राष्ट्रिय हित विपरित प्रवृति विरोधी पार्टी पंक्तिको होशियारी र संघर्षलाई सशक्त र विजयी बनाउन सबैमा अपील गर्दछौं ।

मतदान बहिष्कारपछि पार्टी पंक्तिमा उत्पन्न अन्यौलको परिप्रेक्ष्यमा हामी भन्न चाहन्छौं: पार्टीभित्र उत्पन्न वर्तमान समस्यालाई पार्टी प्रकृयाद्वारा समाधान गर्दै पार्टीको देशभक्तिपूर्ण सजगता र पार्टी एकतालाई सुदृढ बनाऔं ! पार्टीलाई सामाजिक एवं राष्ट्रिय मुक्तिको निम्ति कटिवद्ध देशभक्त शक्तिमा विकास गरौं । र सार्वभौमिकता, स्वतन्त्रता, समानता, स्वाभिमान र जनपक्षीय दृष्टिकोणकासाथ छिमेकी देशहरुसंग असल मितेरी सम्बन्धलाई अघि बढाऔं ।

१. सहाना प्रधान - सदस्य, स्थायी कमिटी, नेकपा (एमाले) एवं सासंद

२. वामदेव गौतम - सदस्य, स्थायी कमिटी, नेकपा (एमाले) एवं सासंद

३. चन्द्र प्रकाश मैनाली - सदस्य, स्थायी कमिटी, नेकपा (एमाले) एवं सासंद

४. राधाकृष्ण मैनाली - सदस्य, स्थायी कमिटी, नेकपा (एमाले) एवं सासंद

५. त्रिलोचन ढकाल - सदस्य, केन्द्रिय कमिटी, नेकपा (एमाले) एवं सासंद

६. केशवलाल श्रेष्ठ - सदस्य, केन्द्रिय कमिटी, नेकपा (एमाले) एवं सासंद


७. सिद्धिलाल सिंह - सदस्य, केन्द्रिय कमिटी, नेकपा (एमाले) एवं सासंद

८. हिरण्यलाल श्रेष्ठ - वैकल्पिक सदस्य, केन्द्रिय कमिटी, नेकपा (एमाले) एवं सासंद

९. कमल कोइराला - सभापति, केन्द्रिय सल्लाहकार कमिटी, नेकपा (एमाले) एवं सासंद

१०. हेमराज राई - वैकल्पिक सदस्य, केन्द्रिय कमिटी, नेकपा (एमाले) एवं सासंद

असोज ८, ०५३ 966



स्रोत. श्री ५ को सरकार, विद्युत विकास केन्द्र ।

र्ग विषयहरुका साथ-साथै सन्धिमा म
। छैन । मूलत: यिनै कारणले यस स

स सन्धिलाई सुधार गर्दै नेपालको
ले लामो छलफलपछि यही भाद्र
ो मात्रा घट्न नदिई महाकाली
को आफ्नो पूर्ण अधिकार स्थापित
दित विद्युतको मूल्य र बजार सु-
बन्ने थियो । तर नेपालस्थित भा
भएको वार्ता र वहाँको पत्र
वद्धता त के कुनै भरपर्दो राजनी

माथि भनिएका न्यूनतम सुधा
रुद्ध उभिनु हाम्रो आदर्श, नैतिक
पक्षमा उभिन वाध्य हुनुपर्‍यो
ुक्न नदिने कर्तव्यले हामीहरुला
राष्ट्रिय स्वतन्त्रता एवं राष्ट्रिय
विजयी बनाउन सबैमा अपील

मतदान बहिष्कारपछि प
उत्पन्न वर्तमान समस्यालाई
सुदृढ बनाऔं । पार्टीलाई सा
सार्वभौमिकता, स्वतन्त्रता,
मितेरी सम्बन्धलाई अघि ब

१. सहाना प्रधान
२. बामदेव गौतम
३. चन्द्र प्रकाश मैनाली
४. राधाकृष्ण मैनाली
५. त्रिलोचन ढकाल
६. केशवलाल श्रेष्
७. सिद्धिलाल सिं
८. हिरण्यलाल
९. कमल कोइर
१०. हेमराज रा


असोज प

लगेको मिति	फर्कांउने मिति	लगेको मिति	फर्कांउने मिति



Parliament Secretariat Library
7212

2855



Ne Accession No. 2858

Class No. 333.9

Book No. Sh84m

Year 1996

Author Shrestha, Kesablal

Title Mahakali Sandhi Ra

Parliament Secretariat Library, Singha Durbar Kathmandu, Nepal.